अर्थनीति



सेजन स्मारिका २०७३

विकासमैत्री राजनीति

"COKE" and "COCA-COLA" are the registered trademarks of The Coca-Cola Company. Contains no fruits. Contains added flavours.

BAJAJ MOTORCYCLES

RISE ABOVE THE REST. LEAVE THE RACE BEHIND.
ITS TIME TO FEEL LIKE GOD.

AVENGER

★ ★ ★

ICONIC STYLE & DESIGN
Timeless Avenger style. Divine icons are here to stay.

LONG WHEELBASE
The perfect cruiser, posture every time you hit the road. Enjoy the cruise.

WIDE REAR TYRE
A Stable ride, no matter what the terrain is. For God is everywhere

AVENGER INSIGNIA
A brand new logo for a whole identity. Dawn of a new clan.

DTS-I ENGINE
A powerful 220/150cc DTS-i engine with twin spark plugs to add more power to your rides.

LOW SLUNG SEATING
The best seat on the road. For the most comfortable long distance rides.

DIGITAL METER
Style that chooses to be precise. Because guesswork is for humans.

OIL COOLED
Keeps your 220cc engine cool even when you cruise for long. After all roads can be unending.

CRUISE 220
RS. 3,01,900/-

STREET 220
RS. 2,91,900/-

STREET 150
RS. 2,57,900/-

www.facebook.com/hhbajaj

HH SOLE DISTRIBUTOR FOR NEPAL: Hansraj Hulaschand & Co. Pvt. Ltd, Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np

Dabur
डाबर
च्यवनप्राश
घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी
' बास्तवमा म सानो हुँदादेखि नै मेरो मुमाले मलाई डाबर च्यवनप्राश खुवाउनुहुन्थ्यो। आजसम्म पनि म हरदम fit र स्वस्थ रहन डाबर च्यवनप्राश regularly खाँदैछु। '
सित्तैमा
आकर्षक चम्चा
1 kg प्याकको साथमा
Dabur
Chyawanprash
3 TIMES MORE Immunity
FREE
जाडोको मौसम, अर्थात् शरीरमा चिसो अनि रुघा, खोकी लाग्ने समय। यस्तो बेलामा तपाईलाई चाहिन्छ - डाबर च्यवनप्राश जसको ४७ आयुर्वेदिक तत्वले तपाईको आन्तरिक शक्ति बढाई रोग र चिसोसँग लड्ने क्षमता ३ गुणा बढाउँछ।
डाबर च्यवनप्राश - घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी।

विषयसूची

विकासका लागि राजनीति • *गोकर्ण अवस्थी* ५

विकासमा "ब्रेक थ्रु" गर्न कठोर राष्ट्रिय नीति चाहिन्छ • *कृष्णबहादुर महरा* ९

विकासमा राजनीतिक पर्खाल • *गगनकुमार थापा* १५

औद्योगिक क्षेत्रबाट दिगो आर्थिक वृद्धि • *नवीन्द्रराज जोशी* १९

योजना आयोग र राजनीति • *मीनबहादुर श्रेष्ठ* २१

बदलिँदो नेपाल र आर्थिक विकास • *सुरेन्द्र पाण्डे* २४

राजनीतिक नेतृत्वमा दीर्घकालीन सोचको अभाव • *डा. रामशरण महत* २९

बजेटमा यसकारण राजनीति गर्नु हुँदैन • *वर्षमान पुन* ३४

विकासमैत्री राजनीतिलाई द्वन्द्व व्यवस्थापन • *डा. देवेन्द्रराज पाण्डे* ३७

पुँजी वृद्धि र पूर्वाधारमा वित्तीय क्षेत्रको लगानी • *डा चिरञ्जीवी नेपाल* ४१

अपारदर्शी चन्दाले राज्यसंयन्त्र बेचिइसक्यो • *सूर्यनाथ उपाध्याय* ४५

समकालीन परिस्थिति र केन्द्रीय बैंकको स्वायत्तता • *दीपेन्द्रबहादुर क्षेत्री* ५२

निजी क्षेत्रप्रति उदासीन राजनीति • *पशुपति मुरारका* ५७

पत्रकारिता: कति राजनीतिक, कति व्यावसायिक ? • *प्रतीक प्रधान* ६१

कर्मचारीतन्त्रमा राजनीति • *हरिबहादुर थापा* ६४

उद्योग, ट्रेड युनियन र उत्पादन • *शेखर गोल्छा* ६८

विकासे राजनीतिको बहस • *झलक सुवेदी* ७२

लगानीका लागि शान्ति र स्थायित्व • *वीरेन्द्रबहादुर बस्नेत* ७५

अलबिदा सञ्जय ! • *विजय घिमिरे* ७८

२०७३ मंसिर १५
नोभेम्बर ३०, २०१६

नेपाल आर्थिक पत्रकार समाज
(सेजन) द्वारा
१९ औं वार्षिकोत्सवका
अवसरमा प्रकाशित

सम्पादक
मुकुल हुमागाईं

सह-सम्पादक
सुशील भट्टराई

भाषा सम्पादन
सुशील भट्टराई
भेषराज पोखरेल

व्यवस्थापन
सुवास पौडेल
राजन पौडेल

स्केच
रवीन साय्मी

तस्बिर संयोजन
द्वारिका काफ्ले

सचिवालय
नेपाल आर्थिक पत्रकार समाज
(सेजन)
अनामनगर, काठमाण्डौ
फोन नं. : ४२४२५६७
इमेल : nepal.sejon@gmail.com
वेबसाइट : www.sejonnepal.org.np

प्रकाशित प्रति: ५०००

सज्जा तथा प्रिन्टिङ : क्रिएटिभ प्रेस प्रा.लि.
हाँडीगाउँ- ५, काठमाडौं, ४४२९०५३/५४
creativeever.press@gmail.com

सम्पादकीय

विकासमैत्री राजनीति

लामो संक्रमणकालबाट गुज्रिरहेको अहिलेको नेपालमा राजनीतिक दलहरूको प्राथमिकताको सूचीमा आर्थिक विकासको मुद्दा त्यतिमाथि छैनभन्दा अत्युक्ति नहोला ।

२०६२/६३ को जनआन्दोलन र त्यसका उपलब्धि संस्थागत गर्नु अर्थात् गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समावेशी राजनीतिलाई कार्यान्वयनमा लैजानु राजनीतिक दलको प्रमुख प्राथमिकता हो । र, हुनुपर्छ नै । संविधान संशोधनको पछिल्लो रस्साकसीबीच संविधान कार्यान्वयनका लक्ष्यलाई पछ्याउँदै मुलुकको राजनीतिलाई स्थायित्वतिर लैजानु दलहरूको प्रमुख जिम्मेवारी नै हो ।

त्यसपछि भने आर्थिक-सामाजिक विकासका मुद्दा नै हुन्, दल र तिनका नेतृत्वको मुख्य दायित्व । पछिल्लो दस वर्ष, मुलतः २०६२/६३ को राजनीतिक परिवर्तनपछि आमनागरिकले राखेको समुन्नत नेपालको चाहनालाई दलहरूले उपेक्षा गर्न मिल्दैन । दुई छिमेकी विश्वकै शक्तिशाली राष्ट्रका रूपमा विश्व मानचित्रमा आइसक्दा नेपाललाई न्यून आर्थिक वृद्धिको चक्रमा कहिलेसम्म हिँडाइराख्ने ? कहिलेसम्म युवा जनशक्तिलाई विदेशिन बाध्य बनाएर विप्रेषणमा रमाइरहने ? राजनीतिक दलले यी प्रश्नको उत्तर खोज्नैपर्छ ।

पछिल्ला दुई दशकमा सामाजिक विकासका परिसूचकमा केही सकारात्मक परिणाम देखिए पनि जनसंख्याको ठूलो हिस्सा गरिबीको दुष्चक्रबाट माथि उठ्न सकेको छैन । नेपालको वैदेशिक व्यापार घाटा फराकिलो हुँदै छ, आर्थिक अवसर र रोजगारीका लागि विदेशिनेको संख्या बढिरहेकै छ । नेपालको आर्थिक समृद्धिको यात्रा किन सुस्त छ ? यसमा कसको दोष ? नेपालको आर्थिक विकासको गति सुस्त हुनुमा राजनीतिक दलको नेतृत्व राम्रो नभएर हो या आर्थिक विकासको मुद्दा दलको प्राथमिकतामै नपरेर हो, यसको कारण पहिल्याउने काम राजनीतिक दल र तिनका नेतृत्वले नै गर्नुपर्छ । संक्रमणकालको पछिल्लो १० वर्षको अनुभवले के देखाउँछ भने हाम्रो राजनीति विकासमैत्री भएन, छैन । उदाहरणका लागि केही वर्षयता जलविद्युत आयोजना तथा प्रसारण लाइन निर्माणमा देखिएका बाधा अवरोध मुलतः स्थानीय वा राजनीतिक समस्या थिए तर त्यसको समाधानमा स्थानीय दल वा नेतृत्व जिम्मेवार हुन सकेन, जुन हुनुपर्थ्यो । दस वर्षयता पटक-पटक दलकै स्वार्थ बाझिँदा वार्षिक बजेट प्रस्तुतिमा अवरोधका घटना, रणनीतिक महत्वका र मुलुकलाई दीर्घकालीन फाइदा पुऱ्याउने आयोजनाबारेमा दलबीच रहेको मतभिन्नताले यही इंगित गर्छ ।

काठमाडौं तराई फास्ट ट्र्याक, मध्यपहाडी राजमार्ग, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, नेपाल-चीन रेल मार्ग र केही ठूला जलविद्युत आयोजनाजस्ता रणनीतिक महत्वका र मुलुकलाई दीर्घकालीन फाइदा पुऱ्याउने आयोजनाबारे दलबीच एकमत नहुँदा ती कार्यान्वयनको चरणमै प्रवेश गर्न सकिरहेका छैनन् । दीर्घकालीन महत्वका आयोजना कार्यान्वयनले ठूलो रोजगारीका अवसर मुलुकभित्रै सिर्जना गर्थ्यो । यसले एकातिर उत्पादनशील युवालाई विदेशिनबाट रोक्ने थियो भने अर्कोतिर स्थानीय अर्थतन्त्रका साथै समग्र अर्थतन्त्रमा सकारात्मक असर प्रभाव पार्थ्यो । नेपालले सन् २०२२ सम्म अतिकम विकसित मुलुकको अवस्थाबाट विकासोन्मुख मुलुकको अवस्थामा पुऱ्याउने र २०३० सम्म मध्यम विकसित मुलुकमा पुऱ्याउने सोच अघि बढाएको छ । यसका लागि पनि राजनीतिलाई ठिक अवस्थामा ल्याउनैपर्छ । राजनीति ठिक नहुँदाको

> संक्रमणकालको पछिल्लो १० वर्षको अनुभवले के देखाउँछ भने हाम्रो राजनीति विकासमैत्री भएन, छैन । उदाहरणका लागि केही वर्षयता जलविद्युत आयोजना तथा प्रसारण लाइन निर्माणमा देखिएका बाधा अवरोध मुलतः स्थानीय वा राजनीतिक समस्या थिए तर त्यसको समाधानमा स्थानीय दल वा नेतृत्व जिम्मेवार हुन सकेन, जुन हुनुपर्थ्यो ।

बेथितिका ज्वलन्त उदाहरण हो मुलुकको स्वास्थ्य र शिक्षा क्षेत्र । नेता, व्यापारी र कर्मचारीतन्त्रबीचको स्वार्थले मेडिकल शिक्षाको अति व्यावसायीकरण हुँदा आमनेपालीको पहुँचभन्दा पर सर्दै गएको छ, एमबिबिएस, एमडीलगायत अध्ययन । एकाध नेताबाट कसैले सशक्त आवाज उठाएनन् संसदमा यसबारेमा ।

बरु, डा. गोविन्द केसीको निरन्तरको खबरदारीले स्वास्थ्य-शिक्षा क्षेत्रको नियमनका लागि शक्तिशाली संयन्त्रसम्म बन्यो, तर यो प्रभावकारी हुने/नहुने मुलतः राजनीतिक नेतृत्वमै भर पर्छ । दलले गर्नैपर्ने अर्को काम हो, आफ्ना आर्थिक स्रोतको पारदर्शिता । राजनीतिक दल र तिनका चन्दादाता, मुलतः व्यवसायीबीच दोहोरो आपसी स्वार्थले राज्यका नीति/नियममा प्रभाव पार्छन्, पारेका छन् । नेपाललाई वैदेशिक लगानीको आकर्षक गन्तव्य बनाउने हो भने अब विधिको शासनको पक्षमा उभिनै पर्छ दलहरू । पछिल्लो समयमा फैलिँदै गरेको नेता, व्यापारी र कर्मचारीतन्त्रबीचको स्वार्थको गठबन्धन र माफियाकरणको अन्त्य नगरेसम्म ठूला र राम्रा वैदेशिक लगानी शायदै भित्रिएला ।

त्यसैले अर्थनीतिको यस वार्षिक अंकमा हामीले विकासमैत्री राजनीतिको विषयलाई बहसको विषय बनाउने जमर्को गरेका हौं । पूर्वअर्थमन्त्री, योजनाविदका लेखले पनि राजनीति विकासमैत्री हुनैपर्ने आवश्यकता औंल्याएका छन् । आशा गरौं, संविधान कार्यान्वयनको चरणबाट मुलुक राजनीतिक स्थायित्वतर्फ लाग्दै गर्दा आर्थिक-सामाजिक विकास, हाम्रा दलको पहिलो प्राथमिकता बन्न सकुन् ।

विकासका लागि राजनीति

● गोकर्ण अवस्थी

मुख्यतः राजनीतिक दल, नेता र घटनाक्रम अर्थतन्त्र उकास्नेभन्दा पनि थिच्ने खालका छन् । राजनीतिक स्वार्थपूर्तिका लागि हुने वन्द, वारम्वारको सरकार परिवर्तन, भ्रष्टाचारको संरक्षण, विचौलिया नेताको विगविगी आदि कारणले अर्थतन्त्र धराशयी बन्दै गएको छ ।

हाम्रो अर्थतन्त्रको आकार २२ खर्व ४९ अर्व अर्थात् रुपैयाँ साढे २० अर्व अमेरिकी डलरवरावर पुगेको छ । प्रत्यक्ष सरोकार नभए पनि यदि यसलाई हामीले चलाउने ह्वाट्स एप वा लिंक्डइनको मूल्यसँग तुलना गर्ने हो भने अचम्म लाग्न सक्छ । सन् २०१४ मा ह्वाट्स एप १९ अर्व डलरमा विक्यो भने यसै वर्ष लिंक्डइन २६ अर्व डलरमा ।

मोवाइल एप्लिकेसनको मूल्यवरावरको अर्थतन्त्रमा २ करोड ८० लाख भन्दा वढी सर्वसाधारणले गुजारा चलाउनुपर्दा गरिवी स्वाभाविक हो । सानो अर्थतन्त्रमा रोजगारीका अवसर नहुँदा ठूलो वा उदीयमान अर्थतन्त्रले दिने रोजगारी उपयोग गर्न युवा विदेशिएका छन् । जुन धेरै दिगो हुनसक्नेमा आशंका वढ्न थालेको छ । यता अर्थतन्त्र र रोजगारी वढाउने विषयमा पर्याप्त ध्यान दिइएको छैन । मुख्यतः राजनीतिक दल, नेता र घटनाक्रम अर्थतन्त्र उकास्नेभन्दा पनि थिच्ने खालका छन् ।

राजनीतिक स्वार्थपूर्तिका लागि हुने वन्द, वारम्वारको सरकार परिवर्तन, भ्रष्टाचारको संरक्षण, विचौलिया नेताको विगविगी आदि कारणले अर्थतन्त्र धराशयी वन्दै गएका प्रशस्त उदाहरण छन् ।

१३ महिना सरकारको आयु

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको यो सरकार प्रजातन्त्र पुनर्स्थापनायताको २३औं हो । प्रजातन्त्र पुनर्स्थापनाका २६ वर्षमा एउटा सरकारको औसत आयु १३ महिना देखिन्छ । तर, यो सरकारको म्याद नौ महिनाको भनेर पहिल्यै तोकिएको छ । सरकार यसरी धमाधम परिवर्तन हुँदा यसको अर्थतन्त्रमा सिधा प्रभाव परेको छ । यी २६ वर्षमा ६ पटकमात्रै आर्थिक वृद्धि दर ५ प्रतिशत नाघेको छ ।

यस अवधिमा अर्थतन्त्रमा सवैभन्दा ठूलो प्रभाव राजनीतिले नै पारेको देखिन्छ । यस अवधिमा राजनीतिक स्थायित्व भएको वा हुने आशा गरेर निर्वाचन भएका वर्षमा उच्च आर्थिक वृद्धि भएको छ । निर्वाचनमा हुने खर्च र स्थायित्व हुने विश्वासमा निजी क्षेत्रले लगानी वढाउने हुँदा यी वर्षमा वढी वृद्धि हुने गरेको देखिन्छ ।

प्रजातन्त्र पुनर्स्थापना भएकै आर्थिक वर्ष २०४७/४८ मा ६ दशमलव ३ प्रतिशत वृद्धि भएको थियो । हालसम्मकै सवैभन्दा वढी आर्थिक वृद्धि भने आव २०५०/५१ मा भएको थियो । उक्त वर्ष ७ दशमलव ६ प्रतिशतको वृद्धि भएको थियो । मुलुकमा उदारीकरण सुरु गरेको श्रेयसमेत जाने २०४८ मा निवार्चित कांग्रेसको वहुमत सरकारको तेस्रो तथा अन्तिम वर्ष थियो । स्थिर सरकारसँगै उदारीकरणको प्रभावस्वरूप उक्त वृद्धि हासिल भएको थियो । २०५१ मै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नै पार्टीको समर्थन जुटाउन नसकेपछि संसद भंग गरेर निर्वाचन घोषणा गरेका थिए ।

२०५१ तीन कारणले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण छ । पहिलो, उक्त वर्ष हालसम्मकै उच्च दर ७ दशमलव ६ प्रतिशतले आर्थिक वृद्धि हासिल भयो ।

दोस्रो, तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले ल्याएको वजेटमा समावेश भएको 'आफ्नो गाउँ आफैं वनाउँ' कार्यक्रम र सामाजिक सुरक्षा भत्ताले गाउसम्म प्रत्यक्ष रूपमा सरकारको उपस्थिति हुन सक्यो । तेस्रो, त्यही वर्ष ठूलो दल कांग्रेसमा देखिएको आन्तरिक कलहले वहुमतको सरकार छँदाछँदै तत्कालीन प्रधानमन्त्री कोइरालाले मध्यावधि निर्वाचन गराए । जसलाई ठूलो दुर्भाग्यका रूपमा हेर्ने धेरै छन् । विशेष गरी भर्खर गति लिन थालेको अर्थतन्त्रका खराव दिन पनि त्यहींवाट सुरु भए ।

२०४८ मा जननिर्वाचित सरकारले उदारीकरणलाई आत्मसात गरेको थियो । 'लाइसेन्स' राज अन्त्य भएर सवैलाई सजिलै व्यापार गर्ने अवसर दिइयो । जसको फलस्वरूप, वित्तीय क्षेत्र, हवाई सेवा, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्यलगायत अधिकांश सरकारी एकाधिकार रहेका व्यवसायमा आमनेपालीले अवसर पाए । त्यसै वर्षदेखि थालिएको सुधारको प्रतिफल ३ वर्षपछि देखिएको थियो । विस्तारै सरकारी आम्दानी वढेकैले विपन्न वर्गसम्म पैसा पुऱ्याउने साहस एमाले सरकारले गर्न सकेको थियो ।

छँदा खाँदाको सरकार छाडेर मध्यावधिमा होमिएको कांग्रेस दोस्रो ठूलो दल वन्यो । एमाले पनि वहुमत नभएकाले ९ महिनाभन्दा वढी सरकार टिकाउन सकेन । यही वीचमा कांग्रेसजस्तै एमालेमा पनि कलहको विजारोपण भयो । त्योभन्दा दुर्भाग्यपूर्ण घटना माओवादीले हतियार उठाए । माओवादीको सशस्त्र द्वन्द्वमा १७ हजारले ज्यान गुमाए । सँगसँगै विकासको जग पनि भत्कियो ।

२०४७ देखि माओवादी द्वन्द्व सुरु हुनुपूर्व औसत ५ दशमलव १८ प्रतिशतले विस्तार भइरहेको अर्थतन्त्रमा त्यसपछि ब्रेक लाग्यो । द्वन्द्वका क्रममा लगानी वढ्न सकेन भने उत्पादनका साधनमा माओवादीको कब्जा समेत रह्यो । द्वन्द्व जारी रहेको ११ वर्षमा

अर्थतन्त्रको विस्तार औसत ३ दशमलव ६ प्रतिशतका दरले मात्रै भयो ।

गाउँमा विकासका कार्यक्रम लान नसकिने भएपछि साना र टुक्रे कार्यक्रमले प्रश्रय पाए । मानव विकासमा लगानी गर्नुपर्छ भन्ने नयाँ अवधारणा आयो । गरिवीलाई द्वन्द्वको कारण मान्दै २०५८ मा ल्याइएको दसौं योजनालाई गरिवी निवारण रणनीतिपत्र (पिआरएसपी) पनि भनियो । तर, यसले नतिजा दिन सकेन । माओवादी द्वन्द्व चरममै भएका वेला एमाले र कांग्रेस दुवै औपचारिक रूपमा टुक्रिए ।

पहिलो पटक विकासभन्दा साधारण खर्च वढी भएको वजेटको प्रस्तुति पनि प्रधानमन्त्रीसमेत रहेका शेरवहादुर देउवाले गर्नु कलहको परिणाम हो । पार्टी फुटेपछि वाहिरिएका अर्थमन्त्री रहेका रामशरण महतले राजीनामा दिएपछि देउवा आफैंले वजेट सार्वजनिक गरेका थिए । समग्रमा, राजनीतिमा किचलो वढ्दै गयो, अर्थतन्त्र ओरालो झर्दै गयो । राजनीतिक किचलोको प्रभाव उद्योग-व्यवसाय सवैतिर पऱ्यो र परिरहेकै छ ।

राजीतिक स्थिरता हुने अपेक्षा गरिएका वर्षमा अर्थतन्त्रमा केही सकारात्मक असर देखिएको छ । यो साढे दुई दशकमा २०५१ पछि सवैभन्दा वढी दरले अर्थतन्त्रको विस्तार २०५६/५७ मा भयो । उक्त आर्थिक वर्षको वृद्धि दर ६.१ प्रतिशत थियो । कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुने नारासहित २०५६ को चुनावमा गएको कांग्रेसले वहुमत प्राप्त गरेको थियो । माओवादी द्वन्द्वले आक्रान्त निजी क्षेत्र र सर्वसाधारणले स्थायी सरकारले निकास दिने अपेक्षा गरेका थिए । तर, त्यसलगत्तै भट्टराई वाहिरिए र कोइराला फेरि प्रधानमन्त्री भए ।

माओवादी द्वन्द्व चरममा पुग्यो । २०५८/५९ मा २०३६ सालयताकै न्यून शून्य दशमलव १२ प्रतिशतले मात्र आर्थिक विस्तार भयो । राजाको प्रत्यक्ष शासनकालभरि ४ प्रतिशतभन्दा कम दरले अर्थतन्त्र विस्तार भयो । अर्थतन्त्रलाई केही राहत पुग्न फेरि अर्को निर्वाचन नै कुर्नपऱ्यो । २०६४/६५ मा पहिलो संविधानसभाको निर्वाचन भएको वर्ष ५ दशमलव ८ प्रतिशतको वृद्धि भयो । निर्वाचनपछि स्थिर सरकार वन्ने आकांक्षाले लगानीकर्ता र सर्वसाधारणको विश्वास वढेकाले उक्त वृद्धि सम्भव भएको विश्लेषण छ । यतिवेला पनि कोइराला नै प्रधानमन्त्री थिए । तर, आर्थिक वर्ष २०६५/६६ को वजेट समयमा आउन नसक्ने भयो । त्यसैले अन्तरिम संविधान संशोधन गरी धारा ९६ 'क' को व्यवस्था गरियो । जसमा वजेट आउन नसकेको अवस्थामा अघिल्लो आर्थिक वर्षको वास्तविक खर्चको एकतिहाइ खर्च गर्न पाउने अधिकार दियो । साथै पुरानै दरमा राजस्व उठाउने पाउने व्यवस्था पनि थियो ।

आधुनिक अर्थतन्त्रका लागि २०५९ साल सबैभन्दा निराशाजनक वर्ष रह्यो किनभने यस वर्षको बजेटमा पहिलो पटक विकास खर्चलाई साधारणले उछिन्यो ।

वजेटमाथिको राजनीति

आधुनिक अर्थतन्त्रका लागि २०५९ साल सवैभन्दा निराशाजनक वर्ष रह्यो किनभने यस वर्षको वजेटमा पहिलो पटक विकास खर्चलाई साधारणले उछिन्यो । द्वन्द्वले जर्जर भएको अर्थतन्त्रको नतिजास्वरूप यस वर्ष २०३६ यता कै न्यून आर्थिक वृद्धि भयो । प्रारम्भिक तथ्यांकमा शून्य दशमलव ३ प्रतिशत ऋणात्मक नै रहेको वृद्धि दरलाई पछि संशोधित तथ्यांकले शून्य दशमलव ८ प्रतिशतले वढेको देखाइयो ।

२०४७ को वजेटमा विकास खर्च साधारणको तुलनामा दोव्वरभन्दा वढी थियो । त्यतिवेलाको वजेटमा ७ अर्व साधारण र १६ अर्व विकास वजेट विनियोजित थियो । २०४८ मा निर्वाचन खर्च हुँदा पनि ६२ प्रतिशत विकास वजेट थियो । तर, २०५९ मा आइपुग्दा विकास खर्च ३८ प्रतिशतमा झऱ्यो । अझ २०६१ मा आइपुग्दा साधारण खर्च विकासको दोव्वर छेउछाउ पुगिसकेको थियो । दलीय स्वार्थ कायमै रहेजस्तो सुकै राजनीतिक परिवर्तन भए पनि सर्वसाधारणको जीविकामा कुनै सुधार नहुने दृष्टान्त गणतन्त्रपछिको अर्थतन्त्र हो । ठूलो अपेक्षासाथ युवाको संलग्नतामा भएको २०६२/६३ को आन्दोलनपछि मात्रै करिव ३४ लाख श्रमशक्ति काम खोज्दै विदेशिएको छ । गणतन्त्रपछि पनि मुलुकमा विकासले गति लिन



नसक्नुको सम्पूर्ण दोष राजनीतिक दल र तिनलाई हाँक्ने नेतालाई दिए फरक पर्दैन। वजेटलाई राजनीतिक स्वार्थपूर्तिको माध्यम वनाउँदा गणतन्त्रयता पनि आर्थिक वृद्धि दर द्वन्द्वग्रस्त समयको जस्तै रह्यो। २०६३ यताको औसत आर्थिक वृद्धि दर औसत ४ प्रतिशतको हाराहारीमा छ।

वि.सं. २०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादी ठूलो पार्टी बनेपछि उसले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपतिको पद नदिनु मुलुकको राजनीति र अर्थतन्त्रका लागि पनि त्यत्तिकै दुर्भाग्यपूर्ण वन्यो। २०६४ चैतमा भएको निर्वाचनमा माओवादी ठूलो दल वने पनि राष्ट्रपतिमा कुरो नमिल्दा असारसम्म नयाँ सरकार वन्न सकेन। अनि अन्तरिम संविधानको धारा ९६ 'क' भन्ने नयाँ उपधारा थपियो। जसमा अघिल्लो आर्थिक वर्षको वास्तविक खर्चको एक तिहाइ खर्च गर्न मिल्ने भन्ने कहीँ नभएको व्यवस्था ल्याइयो। महतले नै त्यतिखेर पनि अर्थ मन्त्रालय सम्हालेका थिए। उनले यही धारामा टेकेर असारमा एक तिहाइ खर्च गर्न मिल्ने वजेट ल्याए। उक्त व्यवस्थामा राजस्वका दर हेरफेर नहुने हुँदा करको व्यवस्था पुरानै वर्षको रह्यो।

पछि पुष्पकमल दाहाल प्रधानमन्त्री भएपछि उनको मन्त्रीमण्डलका अर्थमन्त्री बाबुराम भट्टराईले असोज ३ मा पूरा बजेट ल्याए। उनले राजस्व उल्लेख्य बढाए पनि राजनीतिक स्वार्थका लागि भत्काएको वित्तीय अनुशासनको परिणाम अझै भोग्नुपरिरहेको छ। त्यसपछि राजनीतिक स्वार्थपूर्तिका लागि बजेट रोक्ने र त्यसलाई छल्न धारा ९६ 'क' को सहारा लिने शिलशिला नै सुरु भयो। नेपाली सेनाका तत्कालीन प्रधानसेनापति रूक्मांगत कटवाल काण्डमा दाहालले राजीनामा दिएपछि बनेको माधव नेपाल सरकारमा सुरेन्द्र पाण्डे अर्थमन्त्री बने। दाहाल सरकारको पालामा ७ प्रतिशत वृद्धिको अपेक्षा राखिए पनि अर्थतन्त्र ३ दशमलव ९ प्रतिशतले मात्रै विस्तार भयो।

नयाँ अर्थमन्त्री बनेका पाण्डेले असारमा पूरै बजेट ल्याउन पाए पनि पारित भने मंसिर दोस्रो सातामात्रै भयो।

दुईजना सभासद राखेर माओवादीले विरोधकाबीच सांकेतिक रूपमा मात्रै बजेट पारित हुन दियो। बजेटमा राजनीतिक किचलो कायमै रह्यो। सोही वर्ष मे दिवसका दिनदेखि थालिएको आमहडताल उद्यमी-व्यवसायीको पहलमा तोडिनु राजनीतिले काम गर्न नदिने प्रवृत्तिको विरोध थियो। तर, खेलबाड अझै रोकिएन। आ.व.२०६६/६७ मा आर्थिक वृद्धि दर झन् ३ दशमलव ५ प्रतिशतमात्रै रह्यो।

अर्को वर्षको बजेट त असारमा मन्त्री पाण्डेले ल्याउनै सकेनन्। उनले पनि धारा ९६ 'क' ले नै काम चलाए। मंसिर ४ मा संसदबाट बजेट पारित गराउन खोज्दा माओवादी सभासदको कुटाइ नै खाए। त्यही दिन संसद भंग गरेर भोलिपल्ट अध्यादेशबाट बजेट पारित गरियो। त्यसलगत्तै झलनाथ खनालको पालामा अर्थमन्त्री बनेका भरतमोहन अधिकारीलाई अर्थ मन्त्रालय बाहिर बजेट बनाएको आरोप लाग्यो। योलगायत नक्कली भ्याट बिल प्रकरणमा समेत किचलो बढेपछि तत्कालीन अर्थसचिव रामेश्वर खनालले राजिनामा दिए। सुरुमा असार ३० मा बजेट सार्वजनिक हुन कार्यक्रम रहे पनि राजनीतिक सहमति नहुँदा भोलिपल्टमात्रै आ.व.२०६७/६८ को बजेट अर्थमन्त्रीले पढेर सुनाए। त्यो नै सबैको सहमतिमा असारमै पूर्णबजेट आएको गणतन्त्र स्थापनायताको पहिलो अवसर थियो। तर, उनले बजेट कार्यान्वयन भने गर्न पाएनन्। त्यसपछि आएका अर्थमन्त्री वर्षमान पुनले पुरानैले काम चलाए। उक्त वर्ष आर्थिक वृद्धि दर ४ दशमलव ८ प्रतिशत रह्यो। फेरि असार आयो। पुनले नयाँ बजेट ल्याउन खोजे तर सकेनन्। फेरि ९६ 'क' कै सहारा लिइयो। मंसिरमा अध्यादेशबाटै अर्को एक तिहाइ रकम खर्च गर्ने गरी नयाँखाले बजेट आयो। चैतमा चुनावी सरकारका अर्थमन्त्री शंकर कोइरालाले बजेट ल्याए। बजेट निर्माणको इतिहासमा तीन पटक बजेट आएको त्यो पहिलो घटना थियो।

नयाँ संविधानमा जेठ १५ गते बजेट ल्याउने भनेर मिति नै तोकिए पनि माओवादी र कांग्रेसले यस पटक पनि राजनीति गरि छाडे। विष्णु पौडेलले जेठ १५ मा बजेट ल्याए। असार २५ मा विनियोजन विधेयक पारित भयो। तर आर्थिक, राष्ट्र ऋण र जमानत विधेयक पारित हुन सकेन। सत्ता पाएपछि माओवादी र कांग्रेसले एमाले समेतको सहयोगमा दुई महिनापछि आश्रित विधेयक पारित गराए।

रेमिटेन्सकै भर

केही वर्षअघि विश्व व्यापार संगठन (डब्लुटिओ) ले गरेको अध्ययनअनुसार नेपालमा सेवा क्षेत्रले १५ र उद्योगले ६ प्रतिशतलाई मात्रै रोजगारी दिएको छ। बाँकीको आश्रय कृषि नै हो। करिब ४ प्रतिशत युवा पूर्णरूपमा बेरोजगार छन्। वैदेशिक रोजगार नभएको भए पूर्णबेरोजगारको संख्या कम्तिमा ३५ लाख हुन्थ्यो किनभने औपचारिक रूपमै ३० लाख युवा काम खोज्न मलेसिया र खाडी मुलुक गएका छन्। वैदेशिक रोजगारीको अवसर नभएको भए सायद द्वन्द्वको रूप नै फेरिन सक्थ्यो होला। वार्षिक करिब पौने पाँच लाख युवा शक्ति श्रम बजारमा प्रवेश गर्छन्। जसमध्ये ४ लाखलाई विदेशीले नै रोजगारी दिएका छन्। वैदेशिक रोजगारी बाध्यता र अवसर दुबै बनिसकेको छ। दैनिक करिब १ अर्ब ९० करोडका दरले रेमिटेन्स आइरहेको छ। यो औपचारिक तथ्यांक हो। यसको करिब ४० प्रतिशत हुन्डिबाट आइरहेको अनुमान छ। यतिधेरै रेमिटेन्स आएकाले मुलुक टाट पल्टिनबाट जोगिएको हो। नत्र दैनिक करिब २ अर्ब रुपैयाँको व्यापार घाटा थेग्ने कुनै साधन हुँदैनथ्यो। कूल गार्हस्थ उत्पादनसँग तुलना गर्दा रेमिटेन्सको हिस्सा करिब ३० प्रतिशत हुन आउँछ।

नयाँ संविधान र कार्यान्वयन

धेरै कसरतपछि संविधान आएको छ। तर, गत वर्ष संविधान आएलगत्तै मधेसमा सुरु भएको आन्दोलन र त्यसपछिको भारतीय नाकाबन्दीले अर्थतन्त्रमा १५ वर्षयताकै ठूलो धक्का लाग्यो। आर्थिक वृद्धि दर शून्य दशमलव ७७ प्रतिशतमा झऱ्यो। यो २०५८ यताकै न्यून वृद्धि दर हो। अझै पनि कार्यान्वयनको सुनिश्चितता भइसकेको छैन। राजनीतिक दल आ- आफ्नै अडानमा आन्दोलनको तयारी गरिरहेका छन्। यसको प्रत्यक्ष र नकारात्मक प्रभाव मुलुकको अर्थतन्त्रमा पर्नेछ। राष्ट्र बैंकको अध्ययनअनुसार एक दिनको बन्दले अर्थतन्त्रमा १ अर्ब ८० करोडको क्षति हुने देखाएको छ। अनिश्चितताले लगानी बाहिरिन्छ। लगानी नहुँदा उत्पादन हुँदैन। उत्पादन नहुँदा रोजगारी सिर्जना हुँदैन। त्यसैले अबका केही वर्ष फेरि गरिबीमै बिल्नुपर्ने खतराको संघारमा पुगेका छौं।

नत्र त ठूलो युवा पुस्ता, स्रोत, भारत र चीनको बजारजस्ता तुलनात्मक लाभ हेर्दा विकासका लागि ठूलै सकस गर्नुपर्ने बाध्यता होइन। राजनीतिमात्रै विकासमैत्री हुने हो भने अर्थतन्त्र निक्कै अवसर सिर्जना गर्न सक्षम छ।

(अवस्थी सेजनका अध्यक्ष हुन्।)

बृज सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.

प्रमुख कार्यालय: अलरिया रोड, बीरगंज-४४३००, नेपाल, फोन: ०४६-५१-५२०२२४, ५२०२०४ फ्याक्स: ०४६-५१-५२०२०६, ५२०६८०,
ईमेल: bcip@wlink.com.np, bcip.2006@gmail.com फ्याक्टरी: जोगवा, रुपन्देही जिल्ला, लुम्बिनी अञ्चल, नेपाल, फोन: ०४६-७१-५२१५७०, ५२०२०६,
फ्याक्टरी : ०४६-७१-४१२०४२,४१२०४०, ४१२०५२ फ्याक्स: ०४६-७१-५२७०२८, ४१२०५१ (फ्याक्टरी), ईमेल: brijcementnp@yahoo.com, info@brijcement.com
काठमाडौं कार्यालय: घर नं : २४२, पश्चिमे तल्ला, सिद्धार्थ कम्प्लेक्स, तीनधारा रोड - ४४६००, पो. बक्स. १२३४८, कमलादी, काठमाडौं, फोन: ०४६-१-४४३२०२,
फ्याक्स: ०४६-१-४४२०३१, ईमेल: bcip@kediaorganisation.com, वेब: www.kediaorgainsation.com, www.brijcement.com

Like us on Brij Cement Industries (P) LTD.

विकासमा "ब्रेक थ्रु" गर्न कठोर राष्ट्रिय नीति चाहिन्छ

● कृष्णबहादुर महरा

विकासको मोडलको विषयमा राष्ट्रिय योजना अयोग र मन्त्रालयसँग छलफल गर्नुपर्ने आवश्यकता छ । यो देशको निम्ति नयाँ अवधारणा राष्ट्रिय योजना आयोगले नै सोच्नुपर्छ । यो राजनीतिक विषय पनि हो । यस विषयमा राजनीतिक पार्टीहरूलाई पनि सहमतिमा ल्याउनुपर्छ । यस ढंगले छलफल बहस हो भन्ने मेरो सुझाव हो ।

हामी अहिले अतिकम विकसित मुलुकको रूपमा परिभाषित छौं । हामी विकासोन्मुख मुलुकमा जान चाहान्छौं । हाम्रो प्रतिव्यक्ति आय वार्षिक ७ सय अमेरिकी डलर छ । यसलाई हामी १ हजारभन्दा बढी बनाउन चाहन्छौं । त्यसका लागि विकास नै प्रमुख विषय हो तर हाम्रो विकासको मोडल उपयुक्त छैन । विकासका लागि परिचालन हुने पुँजी छरिएको छ । थोरै पैसाको धेरै योजना बन्ने गरेका छन् । यो विकास मोडल होइन । मेरो विचारमा विकासको मोडल थोरै काम गर्ने, बढी पुँजी लगाउने हो, मात्रामा भन्दा गुणमा ध्यान दिने । यसले विकासको मोडल अन्त सर्दै जान्छ ।

जस्तै एउटा उदाहरण- बाटो बनाउनुपर्ने आवश्यकता छ । त्यसो भए यो वर्ष बाटो निर्माणको काममात्रै गरौं न । विद्यालयका लागि, जलविद्युतका लागि अर्को वर्ष काम गरौंला । अर्को वर्ष ऊर्जामा मात्रै लगानी गरौं । अर्को वर्ष पर्यटनमा गरौं । यस्तो भयो भने विकास बजेट एकै ठाउँमा देखिन्छ । देखिने बजेट हुन्छ । देखिने विकास हुन्छ । मैले मन्त्रालयका साथीहरू र अन्य मन्त्रालयका मन्त्री तथा सचिवहरूसंग यसरी नै कुराकानी गरिरहेको छु । हाम्रो विकासको मोडल परम्परागत छ । यो प्रक्रिया चलेको धेरै भयो ।

हाम्रोमा विकास माग गर्ने साथीहरूले एउटै गाउँमा १५/२० वटा बाटोको प्रस्ताव ल्याउनुहुन्छ । यसले विकास त होला, तर पुँजी छरियो । विकास त होला तर गुणस्तरिय विकास भएन नि । त्यसकारण देखिने विकास हुँदैन । विकासको मोडलको विषयमा राष्ट्रिय योजना अयोग र मन्त्रालयसँग छलफल गर्नुपर्ने आवश्यकता छ । यो देशको निम्ति नयाँ अवधारणा राष्ट्रिय योजना आयोगले नै सोच्नुपर्छ । यो राजनीतिक विषय पनि हो । यस विषयमा राजनीतिक पार्टीहरूलाई पनि सहमतिमा ल्याउनुपर्छ । यस ढंगले छलफल बहस हो भन्ने मेरो सुझाव हो ।

विगतको मोडल भनेको छरिएको बजेट भयो । नियन्त्रित बजेट पनि भएन । सरकारको नियन्त्रणमा भएन । अनियन्त्रित र अराजक ढंगले काम भएपछि परिणाम देखिएन । हाम्रोमा अर्को समस्या दातृ निकायसँगको समन्वयमा पनि छ । एकद्वार निकायबाट विकास गर्न सकिएन । सरकारले एकद्वार निकायबाट विकास गराउनुपर्छ । एकद्वार नहुँदा समस्या भइरहेको छ ।

अन्तर सरकारी निकायबीचमा पनि समन्वयको अभाव छ । सडककै कुरा गरौं । कुनै बाटो सडक विभागले बनाउँछ । कुनै सडक स्थानीय निकायले । कृषि सडक भनेर कृषि विकास मन्त्रालयले पनि बनाउँछ । भनेपछि एउटै कामको लागि तीनवटा निकायले बनाउने भए । यो कारणले पनि कतिपय सडकमा तीनवटै निकायले काम गर्छन् । दोहोरोपन भएको छ । एउटै निकाय वा एकद्वारबाट गर्ने हो भने त यो समस्या हुने थिएन नि ।

छलफल गरेर नीतिगत रूपमा निर्णयमा पुग्नु छ । राष्ट्रिय योजना आयोगसँग पनि छलफल गरिरहेका छौं । यो कामको प्रमुख जिम्मेवारी योजना आयोगको हो ।

देश कस्तो बनाउने भन्ने प्रमुख भिजन नै राष्ट्रिय योजना आयोगले बनाउने हो । त्यो भिजनअनुसारका कार्यक्रममा मात्रै बजेट खर्च गर्न उसले स्वीकृति दिनुपर्छ । त्यो कार्यक्रमलाई अर्थ मन्त्रालयले बजेट दिने हो तर यो व्यवस्थाअनुसार चलेको छैन । अब हामीले व्यवस्थापिका संसदबाट पास भइसकेका योजना फेरि मन्त्रालय वा योजना आयोगबाट अख्तियारी दिने स्वीकृति लिने झन्झटबाट मुक्त हुनुपर्छ । यो सुधार गर्नुपर्ने विषय हो । यो सुधार गर्ने विषयमा हामीले सोचिरहेका छौं । अर्को राष्ट्रिय भिजनको आवश्यकता छ ।

स्थानीयको माग अर्को आवश्यकता हो । अन्तरविरोध छ तर भिजन माथिबाटै बन्नुपर्छ । त्यो भिजन तल्लो तहको मागअनुसार नै बन्ने हो भने अन्तरविरोध हुँदैन । जनताको भावना वितरित भयो भने समस्या हुन्छ । विकासको अन्तराष्ट्रिय मोडल पनि यही हो । हाम्रो देशमा यस्तो अवधारणा लागू भएको छैन । योजना आयोगले त्रिवर्षीय, पञ्चवर्षीय योजना बनाएको देखिन्छ तर यो अन्तराष्ट्रिय अभ्यासअनुसारको गरेको देखिँदैन । कार्यक्रमको चाप धेरै हुन्छ, स्वाभाविक पनि हो । चाप भए पनि माथिको योजनाअनुसारको बजेटिङ गर्ने र काम गर्ने नै सही हो । हाम्रो सन्दर्भमा पछिल्लो पुनर्निर्माणको काम आइलागेको छ । यो पनि विकासकै एक अभिन्न अंग हो । हामीले सोचेको पुनर्निर्माणलाई नयाँ निर्माणसँग जोड्ने भन्ने हो ।

पुनर्निर्माण भूकम्पले प्रभावित क्षेत्रमा गर्नुपर्ने आवश्यकता देखिएको छ तर हामीले विकासमा सुधार गर्नु नै छ । त्यसैले पुनर्निर्माण गर्दा देशकै मोडलको रूपमा अघि बढाउनुपर्छ । पुनर्निर्माण नै नवनिर्माणको प्रस्थान विन्दु बनोस् भन्ने हो ।

नयाँ नेपाल निर्माणको प्रस्थान विन्दु होस् भन्ने अवधारणाअनुसार भयो भने त्यो अन्त पनि सर्दै जान्छ । अहिले भूकम्प प्रभावित क्षेत्रमा मात्रै काम हुने हो । त्यही मोडल अन्त पनि सार्दै लैजानुपर्छ ।

नेपालमा उत्पादित अन्तर्राष्ट्रिय गुणस्तरको

SEPTIDINE

Povidone Iodine Solution 10% & 5% ,
Gargle 1% (100ml) & Ointment 5% (15g)

सेप्टिडीन

50ml,100ml,
1000ml,
गार्गल र मल्हममा
उपलब्ध छ ।

चोटपटक, काटेको तथा
घाउ-खटिराको उपचारमा
अत्यन्त प्रभावकारी
एन्टिसेप्टिक औषधि



SEPTIDINE

The Power to HEAL

Deurali-Janta Pharmaceuticals Pvt. Ltd.
GPO Box 4239, 355 Hattisar Road, Kamalpokhari, Kathmandu, Nepal
Tel: 4435167/68/69 E-mail: djpl@wlink.com.np
Website: www.deuralijanta.com

"गुणस्तरीय उत्पादन हाम्रो पहिचान, समृद्ध नेपाल हाम्रो अभियान"

25th Anniversary
Celebrating Silver Jubilee Year - 2016

उदाहरणका लागि बस्ती । थुप्रै बस्ती ध्वस्त भएका छन् । एकीकृत वस्ती निर्माण गर्ने यो मौका हो । छरिएका वस्ती एकै ठाउँ राख्ने यो अवसर हो । पहिले-पहिले डाक्टर हर्क गुरुङले ल्याएको योजनाअनुसारका काम गर्न सकिन्छ ।

एकीकृत गरेपछि खानेपानी, विद्यालय, स्वास्थ्य चौकी एकै ठाउँ राख्न पाइन्छ । कम खर्चले विकास बढी गर्न सकिन्छ । यो अवधारणा विकास गर्न पुनर्निर्माण प्राधिकरणलाई अधिकार छ तर काम भइरहेको मैले देखेको छैन । पुनर्निर्माणको काम पनि अवधारणा बनाउँदा बनाउँदै दुई वर्ष बितिसक्यो । नीति बनाएपछि त्यसको कार्यान्वयन कर्मचारीले गर्ने हो तर मैले काम भएको देखेको छैन । तै पनि कर्मचारीले कामै गर्दैनन् भन्ने दोष म दिन्नँ । अवधारणाअनुसार काम गर्ने हो उनीहरूले । समस्या के हो भने पुरानो ढर्राको सट्टा नयाँ ढंगले काम गरेको देखिन्नँ । नयाँ ढंगले काम गर्नुपर्यो नि । समग्र कर्मचारीतन्त्र नियम कानुनको परिधिभित्र मात्रै रहने प्रणालीमा गए । विकास भनेको कहिँबाट भत्किएपछि मात्रै बन्छ । नभत्किइकन नयाँ बन्दैन । भत्केपछि नयाँ सुरुवात हुन्छ । पुरानो घर नभत्किएसम्म नयाँ बन्दैन । टालटुल गर्ने काममात्रै हुन्छ ।

विकास गर्न कठोर भएर राष्ट्रिय नीति लागू गर्नुपर्‍यो । कठोर हुँदा जनताले अहिले बुझ्दैनन्, पछि बुझ्छन् । अहिले हरेकको घर-घरमा बिजुली चाहिएको छ तर हरेकलाई आश्वासन दिएर त हुँदैन ।

मैले कर्मचारी साथीहरूलाई भन्ने गरेको छु । एउटा टनेल भत्कन लागेको छ । त्यो टनेल भत्काउन मान्नुहुन्न । भत्काएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लाग्छ भन्ने उहाँहरूको मान्यता छ । अनि त्यसैलाई टालटुल गर्यो बस्यो भएको छ । समस्या राजनीतिक व्यक्तित्वमा पनि छ । राजनीतिक व्यक्तित्व सस्तो लोकप्रियताका लागि हिँडिरहेका हुन्छन् । जनताका कुरा सुन्ने, घर-घर जाने भोट ल्याउने । सस्तो लोकप्रियतामा लाग्नु भएन । विकास गर्न कठोर भएर राष्ट्रिय नीति लागू गर्नुपर्यो । कठोर हुँदा जनताले अहिले बुझ्दैनन्, पछि बुझ्छन् । अहिले हरेकको घर-घरमा बिजुली चाहिएको छ तर हरेकलाई आश्वासन दिएर त हुँदैन । हरेक ठाउँमा बनाउँदै हिँडेर त हुँदैन । त्यसकारण यो समस्या समाधानका लागि नेताहरूमा राष्ट्रिय चिन्तन आउनुपर्यो तर नेताहरू राष्ट्रिय चिन्तनबाट कतै न कतै तल झरिहाल्छन् । जनताको भावनाबाट मुक्त हुने

भन्ने त हैन तर आफ्नो क्षेत्रमा सीमित भइदिने समस्या छ । यो समस्याले नीतिमाथि हस्तक्षेप भइरहेको छ । नीति बनाउन खोज्यो, यस्तो समस्या आइहाल्छ । त्यसकारण नेताहरूमा राष्ट्रिय चेतना आउनुपर्‍यो । कर्मचारीहरू एउटा विन्दुमा भत्किन-भत्काउन तयार हुनुपर्‍यो । त्यसो हुँदा नयाँ नेपाल बन्छ तर यो निकै गाह्रो देखिएको छ । जस्तो, म त माओवादीबाट आएको हो । हामी माओवादी १० वर्षे युद्ध पार गरेर आएका हौं । नियम-कानुन, संविधानमा युद्ध गर्ने भनेर कहिँ लेखिएको छ ? तर हामीले अवज्ञा गर्‍यौं । पुरानो संविधान अवज्ञा गरेपछि न बल्ल नयाँ संविधान आयो । अवज्ञा यतिसम्म गरियो कि लडाइँमा गइयो । मर्ने-मार्नेसम्म गरियो । रगत बग्यो । त्यसकारण यो परिवर्तन सम्भव भयो ।

त्यसकारण परिवर्तन संस्थागत हुनका निम्ति परिवर्तनको सोचसहितको आत्मवल हुनुपर्‍यो । हैन भने त फर्किहाल्छ नि । त्यसकारण विकासमा पनि त्यही हो । भइरहेका परम्परा पछ्यायो भने विकास अघि बढ्दैन । विकासको कुरा त हामीले बीसौं वर्षदेखि गर्दै आएका छौं नि तर विकास भएको त छैन । त्यसकारण विकासको मोडलमा, पैसा खर्च गर्ने सवालमा, बजेटिङ गर्ने सवालमा हाम्रा परम्परागत सोच छन् । देशले ब्रेक थ्रु खोजिरहेको छ । हामीले नै काम गर्न सकिरहेका छैनौं । धेरै अवरोध छन् । नियमितजस्तो मात्रै भइरहेका छन् । ठूलो साहसको आवश्यकता छ ।

यो त हालका समस्याका विषय भए । हाल भइरहेको विकासमा ठूलो चुनौति सरकारको पुँजीगत खर्च हुन नसक्नु हो । यो अर्थ मन्त्रालयका लागि मात्रै नभएर मुलुकका लागि ठूलो चुनौतिका रूपमा देखा परेको छ । मैले अर्थमन्त्रीको रूपमा पद सम्हालेपछि यसलाई नै ठूलो चुनौतिका रूपमा लिएँ । गत वर्ष र यो वर्षको विकास बजेटको खर्च नहुनुका समस्या फरक छन् । गत वर्ष भुइँचालोले पनि प्रभावित पार्‍यो । नाकाबन्दी पनि भयो । यो वर्ष त्यस्तो समस्या छैन । मैले साथीहरूसँग छलफल गरी यो वर्ष पुँजीगत खर्च बढाउनुपर्छ भनेर निर्देशन पनि दिएको छु । विकासे मन्त्रालयलाई बोलाएर समीक्षा बैठक पनि गरिरहेको छु तर अहिले रिजल्ट देखिएको छैन । प्रथम चौमासिकसम्ममा आइपुग्दा योजनाहरूमा खर्च भएको छैन । यो स्वभाविक पनि हो । दोस्रो चौमासिकमा देखिएला खर्च बढेको । बढ्छ भन्ने नै छ तर काम गर्ने परम्परा पुरानै तरिकाको छ । यसका पछाडी प्रक्रियामा पनि समस्या छ । सुधार गर्नुपर्छ । त्यसकारण प्रक्रियामा पनि सुधार ल्याउने हो ।

त्यस्तै विकासको मोडलमा पनि सुधार गर्नुपर्ने छ । विकासलाई एकीकृत गर्ने, बजेटिङ पनि गर्ने र अनुगमनमा कडाइ गर्ने हो भने पुँजीगत खर्च स्वाट्टै बढेर जाने छ । एउटा काम गर्ने र प्रभावकारी अनुगमन गर्ने हो भने समस्या हुँदैन । हामीले सुधार गर्न खोजेको पनि अहिलेको प्रक्रिया र विधिभित्र नै हो तर हालको विधि र प्रक्रियाभन्दा बाहिर गएर छलफल गर्ने हो कि भन्ने पनि छलफल गरिरहेका छौं । अन्तर्राष्ट्रिय विधि र प्रक्रिया पनि हेरिरहेका छौं । हामी आगामी वर्षको बजेटको तयारीमा पनि जुट्न थालेका छौं ।

आगामी वर्षको बजेट अहिलेको विधि र प्रक्रियाभित्र रहेर सुधार गरेर ल्याउने छौं तर सुधार मैलेमात्रै गरेर हुँदैन । सबैको साथ चाहिन्छ । यो राजनीतिक विषय हो । राजनीतिक समझदारी चाहिन्छ । अर्को राष्ट्रिय योजना आयोग सिंगो योजना सोच्ने निकाय हो । उसले पनि नयाँ अवधारणा लिनुपर्ने हुन्छ । अर्थ मन्त्रालयको काम बजेटिङ गर्ने हो । म व्यक्तिगत रूपमा नयाँ अवधारणामा जाओस् भन्ने चाहन्छु । सबैको साझा धारणा चाहिन्छ । मेरो तर्फबाट पूर्ण कोशिश हुनेछ ।

(महरा उपप्रधान तथा अर्थमन्त्री हुन् ।)

GET IT ON Google play
Download on the App Store

www.globalimebank.com
Toll Free no. 1-660-012-1314

नेपालकै Smart Mobile
पहिलो Banking app

GlobalSmart

SIMPLE.SAFE.SMART.

अब आफ्नो मोबाइलबाटै गर्नुहोस्
सुरक्षित बैंकिङ कारोबार र बन्नुहोस् स्मार्ट।

Smart बनौं

Keep your transactions secure
Inter-bank fund transfer

Keep control of your credits
Immediate credit card enquiry and payment

Never miss payment deadlines
Auto schedule payment

Access anytime, anywhere
Wi-Fi/GPRS/SMS mode

Enjoy more personal time
Make utility payments from anywhere

Keep track of your transactions
Instant bank notifications

Stay updated
Get all your account information instantly

Always find your way
Easy guide to all our Branch/ATM/Merchants

Track your GICL account
Instant access to Demat statement

Global IME Bank
The Bank For All

Registered office
P.O.Box No. 19327, IME Complex, Panipokhari, Kathmandu
Ph: 0977-1-4002507/08, Fax: 0977-1-4441502

www.facebook.com/globalime
www.twitter.com/globalime_bank

Gharipatan (nearby Airport), Pokhara 061-466652, 9851054404
info@jalmahalpokhara.com | facebook.com/jalmahalpokhara

विकासमा राजनीतिक पर्खाल

● गगनकुमार थापा

विकास निर्माण होस् वा अन्यका राजनीतिक समस्या उठान र समाधानको केन्द्र संसद हो । जुनसुकै विकासे आयोजना निर्माण गर्दा संसदमा हरेक राजनीतिक पार्टीबीच सहमति हुनुपर्छ । बुझाइमा एकरूपता र साझा धारणा बन्न सक्नुपर्छ ।

विकास निर्माण र राजनीति एकआपसमा जोडिएका हुन्छन् । राजनीतिक नेतृत्वले नै विकासलाई तीव्रता दिएको हुन्छ । यो संसारको साझा धारणा हो तर राजनीतिक महत्वाकांक्षा तथा स्वार्थका कारण पूर्वाधार आयोजना निर्माणमा समस्या उत्पन्न हुन्छन् । आधार भूतरूपमा राजनीतिक दल विकास विरोधी हुँदैनन् । उनीहरूका हरेक गतिविधि विकाससँग जोडिएका हुन्छन् । केन्द्र वा स्थानीय तहसम्म त्यही सपना, आशा र वास्तविकताको आधार खडा गरेका हुन्छन् । पेशागत राजनीतिक धर्म पनि यही हो । जनतामा जगाएको आशा र विश्वास परिणाममा देखिन त्यहीअनुसारको काम गर्नुपर्छ । परिणाम देखिएपछि मात्रै नेता वा नेतृत्वमाथि विश्वास गर्ने वातावरण बन्छ । यो हरेक राजनीतिक दलले गर्नुपर्ने साझा मुद्दा हो ।

दलका नेताले आफ्नो निर्वाचन र अन्य क्षेत्रमा हुने विकासका गतिविधिमा फरक धारणा तथा क्रियाकलाप गर्ने परिपाटी छ । अन्य क्षेत्रमा बिनाअवरोध विकास होस् भन्ने चाहना राख्ने तर आफ्नो क्षेत्रमा त्यही काम हुँदा स्थानीय समस्या समातेर राजनीति गर्ने गरेका छन् । समस्या खडा गरेर राजनीतिक स्वार्थ पूर्ति गर्न खोज्ने राजनीतिक मानसिकतामा परिवर्तन आएको छैन । जुनसुकै दलका नेता तथा कार्यकर्ताले गरे पनि यस्तो गतिविधि मान्य हुन सक्दैन । जायज हुँदैन । विकास चाहने र निर्वाचन क्षेत्र बलियो बनाउन चाहने नेतृत्वले विकास निर्माण पछाडि राखेर राजनीतिलाई प्राथमिकता दिनु पनि विरोध हो ।

स्थानीय नेतृत्वले पूर्वाधारका जुनसुकै आयोजना निर्माणमा अग्रसरता देखायो भने समस्या सहज समाधान गर्न सकिन्छ । आयोजना निर्माण क्रममा स्थानीयको घर र जग्गा पर्छ । उसका जीवनयापनका विषय हुन्छन् । यी सबै पक्षको निकास त्यही नेतृत्वले दिन सक्छ । आयोजनाबाट मिचिने जग्गामा जग्गाधनीको भावनात्मक सम्बन्ध जोडिएको हुन्छ । पीडितको त्यही भावनामा नेता तथा कार्यकर्ताले अवरोधको राजनीति गर्ने गरेका हुन्छन् । यही अवरोधको राजनीतिबाट अतिरिक्त आम्दानी गर्ने नियत राख्छन् । निर्माण पूरा नहुँदासम्म निरन्तर आर्थिक दोहन गर्ने राजनीतिक शैली हाबी हुनु दुर्भाग्य हो । यसको निकासका लागि पनि सरकारले नीति नियम प्रष्ट बनाउन जरुरी छ । यसो हुँदा स्थानीय दल आफैं जिम्मेवार हुन्छन् र

विरोध गर्ने शैलीबाट पछि हट्छन् । जग्गा मिचिने सर्वसाधारण वा जग्गाधनीलाई पनि बुझाउन सजिलो हुन्छ । आयोजना विकासकर्ताले पनि समस्या समाधानको छोटो बाटो समातेका हुन्छन् । स्थानीय राजनीतिक दल वा नेता खुसी बनाएर काम लिन खोज्ने परिपाटी छ । राजनीतिका नाममा चन्दा उठाउने, धम्क्याउने समूह त्यतिकै लागेको हुन्छ । विकासकर्ताले तिनलाई समेत पालेको हुन्छ । यो समस्याको निकास होइन । जटिलता निम्त्याउने माध्यम हो । एक व्यक्ति वा समूह खुसी हुनासाथ विरोध गर्ने अर्को समूह जन्मिन्छ । आयोजना प्रवर्द्धकले स्थानीय जनजीवन, वन, वातावरण, जग्गालगायत समस्या समाधान गर्ने योजना तय गरेको हुन्छ । यी विषयमा उसले स्थानीय दल वा नेतृत्वलाई बढी जिम्मेवार बनाउनुपर्छ । समस्या समाधान गर्ने अगुवाइको जिम्मा उसलाई दिँदा दलको नेताले त्यहाँ आफ्नो अग्रसरता वा नेतृत्वको अनुभूति गर्छ । समस्याको गाँठो फुकाएर काम अघि बढाउन यसले मुख्य भूमिका खेल्न सक्छ ।

राजनीतिक दलले एक चरणमा पुऱ्याइसकेको काम कर्मचारीले रोक्ने गरेका छन् । एक मन्त्रालय वा निकायबाट अर्को निकायमा फाइल पुग्नै महिनौं लाग्छ ।

जलविद्युत आयोजना तथा प्रसारण लाइन निर्माणमा स्थानीय वा राजनीतिक समस्या बढी देखिन्छ । प्रसारण लाइन निर्माणमा त यो समस्या भयावह हुँदै गएको छ । जग्गा अधिग्रहण, त्यसको मूल्य निर्धारण र मुआब्जा वितरणमा ठूलो समस्या छ । यही कारणले दर्जनौं प्रसारण लाइन समयमा पूरा भएका छैनन् । उत्पादित बिजुली प्रणालीमा आउन सकेको छैन । परिणाम, मुलुकले ऊर्जा संकट सामना गर्नु परेको छ । स्थानीय निकाय वा समुदायभन्दा बढी राज्य र राज्यका निकायमै समस्या छ । सरकार वा निजी क्षेत्र जोसुकैले निर्माण गर्ने आयोजनामा सुरुदेखि वन, भूमिसुधार तथा वातावरण मन्त्रालय र यसमातहतका निकायलाई संलग्न गराउने नीति बनाउनुपर्छ । यसो हुँदा तत्तत्का समस्या समाधान गर्न सजिलो हुन्छ । पछिल्लो समय सरोकारवाला मन्त्रालय पनि यसमा सकारात्मक देखिन्छन् ।

निजी क्षेत्र वा सरकार जोसुकै होस् जसले आयोजना निर्माण गर्न वनको जग्गा लिन्छ उसले सट्टाभर्ना दिनुपर्ने नियम छ । यसबाट मुक्त हुन लिनुपर्ने जग्गा र काट्नुपर्ने रुखबराबरको रकम वन सम्पदा कोषमा जम्मा गरिदिने प्रणाली बस्नुपर्छ । संसदको कृषि तथा जलस्रोत समितिले यो विषयलाई पटक-पटक उठाउँदै आएको हो । वन तथा वातावरण मन्त्रालय यसमा सहमत छन् । यत्ति हो अब सरकारले त्यसको प्रभावकारी नियम बनाइदिनुपर्‍यो । कोषमा रकम जम्मा भएपछि अधिग्रहण भएको वनक्षेत्र बराबरको जग्गा र रुख रोप्ने जिम्मा त्यही निकायले गर्छ । जलविद्युत वा प्रसारण लाइन निर्माण जिम्मा लिएको व्यक्ति वा निकायको समस्या समाधान हुन्छ र उसले निर्माणमा मात्र ध्यान पुऱ्याउन सक्छ । एकल निकायबाट समस्या समाधान भएपछि फाइल बोकेर दस ठाउँ जाने अवस्था सिर्जना हुँदैन । जलविद्युत वा प्रसारण लाइन आयोजना निर्माण क्रममा कानुनी वा कागजी प्रक्रिया पूरा गर्नै २६/२७ वटा निकाय धाउनुपर्छ । यो प्रक्रिया पूरा गर्नै महिनौं लाग्छ । केन्द्रीय तहमा जति व्यक्तिसँग भेट्न वा परामर्श गर्न खोजिन्छ त्यति नै समस्या लम्बिँदै जान्छ । काम ढिलो हुन्छ । राज्यले राखेको लक्ष्य पूरा हुँदैन । यसर्थ, कानुन र सरकारी प्रक्रियाबाहेक अनावश्यक व्यक्ति वा निकायसँग परामर्श नै गर्न हुँदैन । वन, भूमिसुधार, वातावरण मन्त्रालय वा यसमातहतका काम तत्तत्का निकायले एकल 'डेस्क' बाट गर्ने प्रणाली बस्नुपर्छ । यसो हुँदा समयमै काम हुने परिपाटी बस्छ तर तिनै निकायले एउटा आयोजनाको फाइल महिनौं रोकिदिन्छन् । यही कारण एउटा सामान्य जलविद्युत आयोजना वा प्रसारण लाइन वर्षौंसम्म बन्न सक्दैन ।

जलविद्युत उत्पादनको एक शताब्दी पूरा हुँदासम्म एकै खालका समस्या दोहोरिइनुमा निकास खोज्न सरकार, सरकारी निकाय र सरोकारवाला पक्ष जिम्मेवार नभएको पुष्टि हुन्छ । विद्युत क्षेत्रका समस्या समाधान गर्दै आयोजना निर्माणलाई सजिलो बनाउन विद्युत ऐन र विद्युत नियमन आयोगको मस्यौदा बन्यो तर डेढ दशक हुँदासम्म यसले अन्तिम रूप लिन सकेको छैन । यो विद्युतको कुरामात्र भयो । अन्य धेरै क्षेत्रमा यस्ता नीति, नियम र कानुन निर्माण गर्नुपर्ने छ तर त्यो समयसापेक्ष अघि बढ्न सकेको छैन । राजनीतिक दलको यसमा जति जिम्मेवारी छ त्यति नै कर्मचारीतन्त्र पनि छ ।

राजनीतिक दलले एक चरणमा पुऱ्याइसकेको काम कर्मचारीले रोक्ने गरेका छन् । एक मन्त्रालय वा निकायबाट अर्को निकायमा फाइल पुग्नै महिनौं लाग्छ । संसदीय समितिले दसौं पटकसम्म ऐन, नियमको मस्यौदा माग्दा कर्मचारीले ल्याउँदैनन् । कहिले समय

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

बहालधनीहरू करको दायरामा आउने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्व दाखिला गरेपछी मात्र बांकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।

घर, बंगला, पसल, कम्लेक्स, डिपाटएमेन्टल स्टोर्स, अपार्टमेन्ट,जमीन, मेशिनरी औजार लगाउतका सम्पत्ति भाडामा लगाई बहाल आय आर्जन गरिरहेका व्यक्तिहरुलाई आन्तरिक राजस्व कार्यलयहरु तथा करदाता सेवा कार्यलयहरुले बहालकर व्यवस्थापनका विषयमा सहजिकरण गरिरहेका छन् । बहाल योग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरुले बहाल आय बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन र आफ्नो आर्जनको वैधता पुष्टि गर्ने अवसर समेत ग्रहण गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सापेक्ष नभएको त कहिले मन्त्री तथा सचिव परिवर्तन हुँदा यस्तो काम रोकिने गरेको छ । यो निर्माणमा देखिएको केन्द्रीय समस्या हो । काम गर्ने कर्मचारीको शैलीमा परिवर्तन नुहँदासम्म राजनीतिमा मात्र सुधार भएर विकास निर्माणमा देखिएका समस्या निर्मूल हुनै सक्दैन ।

विकास निर्माण होस् वा अन्यका राजनीतिक समस्या उठान र समाधानको केन्द्र संसद हो । जुनसुकै विकासे आयोजना निर्माण गर्दा संसदमा हरेक राजनीतिक पार्टीबीच सहमति हुनुपर्छ । बुझाइमा एकरूपता र साझा धारणा बन्न सक्नुपर्छ । त्यहाँ कर्मचारीतन्त्रको सहयोग उतिकै जरुरी छ । संसदमा साझा धारणा बन्न सकेन भने क्षेत्र र स्थानीय तहमा बन्दैन । संसद तथा संसदीय समितिमा साझा मुद्दा बन्यो भने अधिकांश समस्याको निकास त्यही हुन्छ । आयोजना निर्माणकर्ताले स्थानीय तहमा त्यहाँको अगुवाइ गर्ने दलसँग अपारदर्शी सम्बन्ध राख्न राख्ने गरेको देखिन्छ । यो गर्नु हुँदैन । यसो गर्दा केन्द्रीय तहमा भएको सहमतिले काम गर्दैन । काम छिटो गराउने नाममा सिमित व्यक्ति वा समूहलाई नजिक राख्ने प्रणाली अन्त्य गर्नुपर्छ । यस्तो गर्ने विकासकर्तालाई दण्डित गर्ने कानुन बन्नुपर्छ ।

विकासका काममा अधिकांश समस्या जग्गासँग जोडिएको हुन्छ । केन्द्रबाटै सरकारले जग्गाप्राप्ति सम्बन्धी ऐन स्पष्ट बनाउनुपर्छ । तोकिएको समयमा जग्गा नपाए वा प्रक्रिया पूरा गरेर काम नभए मुद्दा हाल्ने र त्यहीअनुसार कारबाही गर्ने प्रणाली बस्यो भने समस्या हुँदैन । कुनै केन्द्रीय नेताले जग्गाबारे तल्लो तहसम्म पुगेर अवरोध गर्न सक्दैन । हाम्रा नीति नियम तथा कानुन स्पष्ट नभएकाले पनि साना विषयले ठूलो समस्या निम्त्याउने गरेको हो । उल्लेखित आवश्यक सबै कानुनमा भएका जटिलता फुकाइयो भने स्थानीय समस्या स्वतः समाधान हुन्छ ।

विकासका हरेक योजना तथा कार्यक्रम कार्यान्वयनमा हुने अवरोधको निकास खोज्न केन्द्रीय राजनीतिक नेतृत्वले साझा धारणा बनाउनुपर्छ । स्थानीय नेता तथा कार्यकर्तालाई एक खालको ‘ह्वीप’ जारी गर्ने हैसियत दलले बनाउनुपर्छ । केन्द्रले जारी गरेको ह्वीप आधारमा पनि आयोजनास्थलमा देखिने समस्या समाधान गर्न सजिलो हुन्छ । योसँगै स्थानीय तहमा हुने गैरराजनीतिक अवरोधको निकासमा सरकारको भूमिका बिर्सिन हुँदैन । अन्य निकायले सहयोग गर्दागर्दै सरकारको बलियो उपस्थिति हुन सकेन भने समस्या जहाँको त्यहीँ रहन्छ ।

विकास निर्माणका सवालमा जुनसुकै पार्टी भए पनि राजनीतिक लाभ कहाँ कसरी पाइन्छ भन्नेमा दल केन्द्रित हुन्छन् । जुन क्षेत्रमा विकासका काम गर्न खोजिएको हो, त्यहाँ सुरुदेखि नै सरोकारवाला पक्षसँग छलफल तथा परामर्श गर्न जरुरी छ । राजनीतिक लाभ लिनेभन्दा दलका नेता तथा नेतृत्वलाई जिम्मेवार बनाउनुपर्छ । स्थानीय अगुवा र दलको नेतृत्व गर्ने व्यक्तिलाई मैले पहल गर्दा काम भयो भन्ने अनुभूति दिलाउन सक्नुपर्छ ।

जलविद्युत, सडक, खानेपानी वा अन्य जुनसुकै होस् ती काम मेरो कारणले बनेको हो भन्ने बनाउनुपर्‍यो । यसो हुँदा राजनीतिक जमिन बलियो बनाउन पनि दलको अगुवाइ गर्नेले समस्या समाधानमा भूमिका खेल्छन् र निर्माण प्रक्रिया सजिलो हुन्छ । यो प्रक्रिया अपनाउँदा विकास निर्माणमा एक जिल्ला वा निर्वाचन क्षेत्र र अर्को क्षेत्रमा प्रतिस्पर्धा हुन्छ । हरेक जिल्ला, क्षेत्र र केन्द्रमा विकास निर्माणको प्रतिस्पर्धाको परिणामले राष्ट्रिय अर्थतन्त्रको आकार बढाउँदै लैजान्छ । फलतः सिंगो मुलुक विकासको लिकमा अघि बढ्छ ।

(थापा स्वास्थ्य मन्त्री हुन् ।)

BEST REMITTANCE COMPANY 2016

NEPAL BEST PRACTICES AWARD

FROST & SULLIVAN

बढेको छ हौसला

आईएमई अब देशकै "सर्वोत्कृष्ट रेमिटेन्स कम्पनी"

अन्तराष्ट्रिय ख्याति कमाएको परामर्शदाता कम्पनी फ्रस्ट एण्ड सलिभनद्वारा नेपाल बेस्ट प्राक्टिसेस् अवार्ड अन्तर्गत **"बेस्ट रेमिटेन्स कम्पनी"** प्रदान गरिएकोमा हामी निकै उत्साहित छौं र यहाँहरूलाई अझै वृहत सेवा तथा अनुभवहरू परकने हौसला पाएका छौं। यस सुखद अवसरमा हामी देश तथा विदेशमा रहनुभएका सेवाग्राही, कर्मठ कर्मचारी, साझेदार संस्था, नेपाल राष्ट्र बैंक तथा अन्य नियमन निकाय, संघारकर्मी साथीहरू तथा शुभेच्छुक सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

IME
International Money Express

IME Complex
Panipokhari, Kathmandu
P.O. Box: 19797, Nepal

+977 1 4430600
+977 1 4425800

facebook.com/imeremit
info@imeremit.com.np
www.imeremit.com.np

imeमा गरौं
Toll Free
16600 151515

औद्योगिक क्षेत्रबाट दिगो आर्थिक वृद्धि

● नवीन्द्रराज जोशी

औद्योगिक विकासको दीगो र भरपर्दो आधारशीला हो– उद्यमशीलता विकास । बढीभन्दा बढी उद्यमीवर्गको सिर्जना । हामीकहाँ उद्यमशील जनसंख्यामा क्रमशः वृद्धि हुँदै गइरहेको छ, वैदेशिक रोजगारीबाट फर्केकाको सीप र पुँजी लगानीले पछिल्ला वर्ष उद्यमशील समुदाय खडा हुँदै गइरहेको छ ।

पछिल्लो डेढ दशक नेपालको औद्योगिक विकासका लागि प्रतिकूल समय रह्यो। सशस्त्र द्वन्द्व, अस्थिर राजनीति, विद्युत आपूर्तिमा अनियमितता तथा श्रम समस्यालगायत कारण देशभित्र औद्योगिक वातावरण बिग्रँदै गयो र फलतः हामी वस्तु तथा सेवा उपभोगका लागि आयातमा आश्रित र युवा शक्ति निर्यात गर्ने अवस्थामा आइपुग्यौं। अहिले हामीले अर्थतन्त्रलाई जुन तौरतरिकाले चलाएका छौं, त्यो दीगो हुन सक्दैन। त्यसकारण अब हामीले दीगो औद्योगिक विकासको जग राख्न ढिला गर्नु हुँदैन। औद्योगीकरणबिना दीगो आर्थिक वृद्धिको कल्पना गर्न पनि सकिँदैन भने हामीले यति छिट्टै अन-औद्योगीकरण (डिइन्डस्ट्रियलाइजेसन) मा जाने भन्ने कल्पना पनि गर्न सक्दैनौं। हामीले कल्पना गरेको उच्च आर्थिक वृद्धिको दीगोपनाका लागि सोच्ने हो भने देशभित्र रोजगारी सिर्जनासहितका उत्पादन विकास कार्यक्रम, उद्यम तथा व्यवसायको विकास जरुरी छ।

जनसांख्यिक लाभका हिसाबले पनि हामीसँग काम गर्ने उमेर समूहको जनसंख्याको हिस्सा ठूलो छ, यस्तो अवसर सधैं रहिरहँदैन र यही अवसरलाई सदुपयोग गर्दै हामीले औद्योगिक विकासलाई गति दिन केही जमर्को गरेका छौं। अहिले अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान पाँच प्रतिशतभन्दा कम छ। औद्योगिक क्षेत्रको अर्थतन्त्रमा योगदान क्रमशः विस्तार गर्ने सोचबाट निर्देशित भएर सरकारले केही महत्वपूर्ण कार्यक्रम अघि बढाएको छ।

औद्योगीकरण किन ?

हामी सबैले आत्मसात गरेको तथ्य के हो भने औद्योगीकरण गरिबी निवारण, रोजगारी सिर्जना, समावेशी आर्थिक विकास, समन्यायिक विकास तथा साझा समृद्धिको संवाहक हो। अल्पविकसित देशबाट विकासशील राष्ट्रमा परिणत हुने हाम्रो परिकल्पनाअनुसार हामीले द्रुत गतिमा दीगो औद्योगीकरणबाट देशको सामाजिक तथा आर्थिक जीवनमा रूपान्तरण ल्याउने चाहना राखेका छौं। अर्थतन्त्रमा रहेक आन्तरिक तथा वाह्य जोखिमलाई कम गर्न, लगानीको वातावरण निर्माण गर्न केही संरचनागत सुधार जरुरी हुन्छ।

औद्योगिक विकासका लागि प्रारम्भिक सर्त देशमा ऊर्जा पूर्वाधारको विकास, मानवस्रोत विकास, आधुनिक प्रविधिको प्रयोगलगायत हुन्। निश्चय पनि हामीसँग प्रशस्त सम्भावना छन् तर अहं प्रश्न ती सम्भावनाको दोहन कसरी गर्ने भन्ने हो। संविधानसभाबाट गत वर्ष जारी भएको संविधान जनताको प्रजातान्त्रिक अधिकार तथा मानवअधिकारलाई सुनिश्चित गर्नुका साथै समावेशी तथा सामाजिक सामञ्जस्यता स्थापना गर्नेतर्फ मुखरित छ। संविधान जारीपछि अब आममानिस अर्थतन्त्रमा तीव्र छलाङको अपेक्षा गरिरहेका छन्, जुन देशमा तीव्र औद्योगीकरणबाट मात्र सम्भव छ। दीगो औद्योगीकरणका लागि अब हामीले उन्नत प्रविधिको प्रयोग, वस्तुको प्रतिस्पर्धी उत्पादन तथा उत्पादकत्व विकास, प्रदूषण नियन्त्रण, प्रभावकारी उत्पादन विधि अवलम्बन गर्दै हरित आर्थिक वृद्धिलाई सहयोग गर्नुपर्ने छ। हाम्रो देशबाट झन्डै ४० लाख युवाशक्ति कामको खोजीमा बाहिरिएका छन्, हामीले आफ्नै देशभित्र रोजगारीका अवसर सिर्जना गर्न सकेको खण्डमा वैदेशिक रोजगारमा रहेको त्यो ठूलो समूहलाई देशभित्र कामका अवसर सिर्जना गर्न सक्छौं यसका लागि हामीलाई लगानीको खाँचो छ।

लगानी वातावरण निर्माण

एक त हाम्रो अर्थतन्त्रको आधार नै सानो छ। २२ अर्ब ४९ करोड रुपैयाँको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा सरकारले चालु आर्थिक वर्ष २०७३/७४ मा ६.५ प्रतिशतको वृद्धिको लक्ष्य गरेको छ। अर्थतन्त्रको आधार नै सानो रहेकाले हामीले यो तहको आर्थिक वृद्धि निरन्तर कम्तिमा एक दशकसम्म हासिल गर्दै जान सक्यौं भने देशले अहिलेको अल्पविकसित काँचुली फेर्न सक्छ। आर्थिक विस्तारका लागि लगानी अपरिहार्य सर्त हो। लगानी सार्वजनिक र निजी दुवै आयाम महत्वपूर्ण छ। सार्वजनिक लगानीबाट सरकारले पूर्वाधार निर्माण गर्छ, त्यो जगमा निजी क्षेत्रले व्यवसाय विस्तारको सम्भावना देख्छ र निजी क्षेत्रको लगानी (स्वदेशी तथा विदेशी लगानी) आकर्षित हुन्छ।

निजी क्षेत्रको लगानी भन्ने बित्तिकै त्यसले लगानीको सुरक्षा र उचित प्रतिफल खोज्छ। लगानीको वातावरण निर्माण गर्ने भनेको त्यही निजी क्षेत्रको लगानीलाई सुरक्षा तथा प्रतिफलको प्रत्याभूति दिने हो। सरकारले निर्माण गर्ने पूर्वाधार आयोजना कुनै श्रम सघन प्रकृतिका छन् भने कुनै पुँजी सघन प्रकृतिका छन्। यस्ता पूर्वाधार आयोजनाको विकासका लागि सरकारसँग स्रोतसाधन अपुग भएको खण्डमा स्वदेशी तथा विदेशी पुँजीको उपयोग गर्न हामीसँग सार्वजनिक–निजी साझेदारी (पिपिपी), निर्माण, सञ्चालन तथा हस्तान्तरण (बुट) लगायत विभिन्न मोडल विकास गरेका छौं।

हामीले एकसाथ पूर्वाधार र औद्योगिक/व्यवसाय दुवैतर्फ लगानी बढाएर देशभित्रै रोजगारीको अवसर सिर्जना गर्दै द्रुत आर्थिक विकासतर्फ अघि बढ्न अब धेरै ढिला गर्नु हुँदैन। विगतको दुई दशकमा नेपाल राजनीतिक अस्थिरता, आन्तरिक द्वन्द्व र संक्रमणमा रुमल्लिरहँदा हाम्रै दाँजोमा रहेका अर्थतन्त्रले हामीलाई उछिनेर धेरै प्रगति गरिसकेका छन्। विश्व अर्थतन्त्रका उदीयमान शक्तिका रूपमा हाम्रा छिमेकी चीन र भारत उदाउँदै छन्। चीन र भारतको आर्थिक विकासबाट लाभ लिन नेपालले ठोस पहल गर्न सकेको छैन। लगानीको वातावरण सुधार सरकारको प्राथमिक एजेन्डा हो।

यसका लागि उद्योग मन्त्रालयबाट केही पहल सुरु भएका छन् ।

कानुनी र प्रशासनिक सुधारबाहेक सरकारले उत्पादन लागत वृद्धि गराउने र लगानीलाई निरुत्साहित गरिरहेका अन्य केही आयामलाई पनि ध्यान दिनुका साथै उचित हस्तक्षेप गर्नुपर्ने हुन्छ ।

(क) कानूनी सुधार

सरकारले मूलतः नीतिगत तहमा हस्तक्षेप गरी लगानीका अवरोधलाई हटाउने हो । लामो समय संसदबाट अनुमोदन हुन बाँकी रहेका केही लगानीमैत्री कानुन अनुमोदन भएका छन्, केही संशोधनका क्रममा छन् । विशेष आर्थिक क्षेत्र ऐन, औद्योगिक व्यवसाय ऐन अनुमोदन भइसकेका छन् भने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा कम्पनी ऐन संशोधनको क्रममा छ । बौद्धिक सम्पत्ति सम्बन्धी नीति तयार हुँदैछ र यसका आधारमा ऐन तयार गरिने छ । कानुन निर्माणका क्रममा सरोकारवालासँग परामर्श गरी लगानीलाई आकर्षित गर्ने, लगानीकर्तालाई सहजीकरण गर्ने प्रावधान समावेश गरेका छौं । उद्योग मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विधेयकमात्र होइन, समग्र उद्योग क्षेत्रसँग सरोकार राख्ने श्रम विधेयक, एन्टिडम्पिङ विधेयकलगायत पनि चाँडै नै संसदमा पेस गर्न सरोकारवाला मन्त्रालयसँग आवश्यक समन्वय गरिरहेका छौं । उद्योग र लगानीकर्तालाई एउटा कानुनमार्फत् दिइएको सुविधा अर्को कानुनसँग बाझिने छन् भने ती कानुनमा पनि सुधार गरी सामञ्जस्यता ल्याउनुपर्ने हुन्छ ।

(ख) प्रशासनिक सुधार

कानुनी सुधारसँगै त्यसको चुस्त कार्यान्वयन तथा सेवा प्रवाह गर्ने प्रशासनयन्त्रको सुधार अपरिहार्य हुन्छ । उद्योग मन्त्रालयले जारी गरेको उद्योग क्षेत्र सुधार कार्ययोजनाले उद्योग मन्त्रालय र मातहतका निकायको प्रशासनिक सुधारलाई लक्ष्य गरेको छ । उद्योग विभागमा लगानीकर्ताका लागि एकद्वार सेवा (सिंगल विन्डो सर्भिस) को व्यवस्था गर्न लागेका छौं जसमा लगानी स्वीकृति गर्नेदेखि कम्पनी दर्ता, बौद्धिक सम्पत्ति दर्तालगायत सम्पूर्ण सेवा एकै ठाउँबाट प्रदान गर्ने व्यवस्था हुनेछ । विशेष आर्थिक क्षेत्रमा पनि सिंगल विन्डो सर्भिसको व्यवस्था छ । प्रशासनिक तहमा भएका झन्झट सुन्ने एक सशक्त गुनासो सुनुवाइ इकाई स्थापनाको कार्य पनि अघि बढेको छ । उद्योग मन्त्रालयले उद्योग क्षेत्र (उत्पादनमूलक उद्योग, पर्यटन उद्योग, कृषि प्रशोधन उद्योग या अन्य) सँग सम्वन्धित सम्पूर्ण समस्या सुन्ने, त्यसको समाधानका लागि सरोकारवाला मन्त्रालय तथा अन्य निकायसँग समन्वय गरिदिने नेतृत्वदायी भूमिकामा आफूलाई प्रस्तुत गर्न खोजिरहेको छ ।

(ग) वाह्य क्षेत्र सुधार

कानुनी र प्रशासनिक सुधारबाहेक सरकारले उत्पादन लागत वृद्धि गराउने र लगानीलाई निरुत्साहित गरिरहेका अन्य केही आयामलाई पनि ध्यान दिनुका साथै उचित हस्तक्षेप गर्नुपर्ने हुन्छ । हामीले उद्योगधन्दा सञ्चालनका लागि कच्चा वस्तु अन्य मुलुकबाट आयात गर्छौं । यसका लागि हाम्रो ढुवानी लागत उच्च छ । पारवहन मार्गमा हुने अवरोधमात्र होइन, भन्सारमा हुने ढिलाई, अनेकन अवरोध यससँग सम्बन्धित छन् भने देशभित्रै पनि ढुवानीको लागत उच्च छ । देशभित्रै ढुवानी लागत उच्च हुनुमा हाम्रा कमजोर सडक पूर्वाधार जिम्मेवार छन् । सडक पूर्वाधारको सुधारबिना हामीले देशभित्रको ढुवानी लागत कम गर्न सक्दैनौं । उद्योगका लागि छुट्टै क्षेत्र विकास गर्ने सोचले भने मूर्तरूप लिएको छ । विशेष आर्थिक क्षेत्र ऐनले सरकारले मात्र होइन, सार्वजनिक–निजी साझेदारी तथा निजी क्षेत्र र विदेशी लगानीमा विशेष आर्थिक क्षेत्र विकास गर्न बाटो खुलेको छ ।

त्यस्तै सरकारले पनि संघीय संरचनालाई मध्यनजर गर्दै प्रस्तावित सातै प्रदेशमा औद्योगिक क्षेत्र विकास गर्ने काम अघि बढाइसकेको छ । अर्कोतर्फ अनुकूल श्रम सम्बन्ध त्यत्तिकै प्रधान विषय छ, ट्रेड युनियनलाई देशको औद्योगिक विकासमा जिम्मेवार बनाउनुपर्ने छ । ऊर्जाको नियमित आपूर्ति औद्योगिक क्षेत्रको जीवनआधार (लाइफलाइन) हो ॥ क्रमशः अब यो वातावरण पनि निर्माण हुँदै गएको छ । त्यसैगरी अधिकांश उद्योगी कर्जाको महँगो ब्याजदर उत्पादन लागत वृद्धि हुनुको प्रमुख कारण ठान्छन् । यसमा सरकारले नेपाल राष्ट्र बैंकमार्फत् पुनर्कर्जा सुविधा या अन्य कुनै उपायबाट हस्तक्षेप गरेर उत्पादनमूलक उद्योगलाई औचित्यपूर्ण ब्याजदरमा कर्जाको व्यवस्था गर्न पनि अपरिहार्य छ ।

उद्यमशीलता विकास नै समस्याको निकास

औद्योगिक विकासको दीगो र भरपर्दो आधारशीला हो– उद्यमशीलता विकास । बढीभन्दा बढी उद्यमीवर्गको सिर्जना । हामीकहाँ उद्यमशील जनसंख्यामा क्रमशः वृद्धि हुँदै गइरहेको छ, वैदेशिक रोजगारीबाट फर्केकाको सीप र पुँजी लगानीले पछिल्ला वर्ष उद्यमशील समुदाय खडा हुँदै गइरहेको छ । तर, उद्यमशीलता विकासका क्षेत्रमा धेरै काम गर्न बाँकी छ । बेरोजगारी र गरिबीजस्ता भीमकाय समस्या समाधान गर्ने यो नै उपयुक्त माध्यम हो । उद्यमशीलता विकासका लागि सरकारले विशेष कार्यक्रम सञ्चालन गर्न लागेको छ । यसका लागि गाउँ–गाउँमा प्रशिक्षक (मेन्टर) परिचालन गरी इच्छुक युवाशक्तिलाई उद्यमशीलता सम्बन्धी तालिम प्रदान गर्ने र उनीहरूलाई उद्यम सञ्चालनका लागि आवश्यक बीउ पुँजी (सीड मनि) उपलब्ध गराउन सरकार तत्पर छ ।

हामीकहाँ रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाको सहयोगमा गाउँ–गाउँमा उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसरी स्थापना भएका घरेलु, साना तथा मझौला उद्योगलाई देशका ठूला उद्योगसँग मूल्य शृंखलामा समावेश गराई यस्ता उद्यमको दीगोपना सुनिश्चित गर्न जरुरी हुन्छ । बढीभन्दा बढी उद्यमशील वर्गको सिर्जनाले देशमा साना, मझौला उद्योगधन्दाको विस्तार हुन्छ र यसले समग्र अर्थतन्त्रको विस्तारमा मद्दत पुग्ने छ ।

(जोशी उद्योग मन्त्री हुन्)

योजना आयोग र राजनीति

● मीनबहादुर श्रेष्ठ

राजनीतिक स्थायित्व भएर प्रधानमन्त्रीले पाँच वर्ष सरकार चलाएमा उपाध्यक्ष पनि पाँच नै वर्ष बस्न सक्छ । हालको सन्दर्भमा भने जुन दल मिलेर सरकार बनेको छ तिनीहरूले नै रोजेर सदस्य बनाउँदा सहयात्राकै स्पिरिटअनुसार योजना बन्छन् ।

मुलतः आवधिक योजना भनेको राजनीतिक दस्तावेज हो । त्यसर्थ योजना आयोग राजनीतिभन्दा बाहिर हुनुपर्छ भन्नु मलाई उपयुक्त लाग्दैन । देश राजनीतिक अस्थिरता हुँदा योजना आयोगलाई राजनीतिक रण गरिने सम्भावना रहेकाले हामी राजनीति हुनहुन्न भन्ने मान्यता राख्छौं । तर, तथ्य के हो भने नेपालमा अन्य देशमा जस्तो योजना निर्माणमै धेरै राजनीतिकरण भएको देखिँदैन ।

नेपालमा २०१३ सालदेखि हालसम्म राजनीतिकरणकै कारण एउटै पनि आवधिक योजना अकस्मात परिवर्तन भएको पाइएको छैन जबकि छिमेकी भारतमा यस्तो भएको इतिहास छ ।

भारतमा पाँचौं योजना लागू हुँदै गर्दा भएको सरकार परिवर्तनपछि नयाँ योजना बनाइएको इतिहास छ । मोरारजी देसाइको नेतृत्वमा आएको नयाँ सरकारले चलिरहेको पाँचौ योजनाको स्वामित्व लिएन, सो योजना पूरा नहुँदै नयाँ योजना ल्यायो । यसरी भारतमा छैठौं योजनाको घोषणा समयभन्दा छिटो भयो । देसाइको सरकारपछि आएको कांग्रेसको नयाँ सरकारले फेरि नयाँ योजना ल्यायो । भारतमा यस किसिमको राजनीतिकरण भएको देखिन्छ, तर नेपालमा भने त्यस्तो खालको राजनीतिकरण भएको देखिँदैन ।

पछिल्लो एक दशकयाता नेपालमा पाँच वर्षे आवधिक योजना साटो तीन वर्षे योजनामात्र आइरहेको छ । २०६२/६३ को जनआन्दोलनको उपलब्धी संस्थागत भएपछि देशमा राजनीतिक स्थिरता हुन्छ अनि दीर्घकालीन योजना ल्याउने भनेर संक्रमणकालीन समयका लागि अन्तरिम योजना ल्याउने अभ्यास सुरु गरिएको हो ।

त्यसकारण समग्रमा भन्नुपर्दा योजना राजनीतिक दस्तावेज भएकाले राजनीतिभन्दा बाहिर रहेर यो बन्दैन । तर, छिटोछिटो राजनीतिक परिवर्तन भएजस्तै योजना परिवर्तन हुनुहुन्न भन्ने मान्यताका साथ अघि बढ्न जरुरी छ । नेपालमा हालसम्म एउटा सरकारले योजना बनाउने अनि अर्को सरकारले त्यसलाई परिवर्तन गर्ने भएको छैन । पञ्चायत व्यवस्थाको कुरा छोडौं, बहुदलीय व्यवस्था आइसकेपछि पनि विपक्षी दल र जनसाधारणलाई पनि योजना निर्माणमा सहभागी गराउने परिपाटी बसेको कारण सरकार फेरिएपिच्छे योजना फेरिने प्रचलन नरहेको हो । हामीकहाँ विकास परिषदको मोडल छ जहाँ सबै राजनीतिक दललगायत अन्य सरोकारवालाको प्रतिनिधित्व हुन्छ ।

अर्कोतिर, राजनीतिक दलको फरक-फरक दर्शन भए पनि सरकारको नेतृत्व गर्ने कुनै पनि दलले आफ्नो सरकार बनाएपछि बजार अर्थतन्त्रलाई छाडेको छैन । नेपालमा समाजवादी र पुँजीवादी दर्शन दुवैमा विश्वास राख्ने दल छन् तर कसैले पनि दर्शनअनुसारको अर्थव्यवस्था नै हुनुपर्छ भनेका छैनन् । कम्युनिस्ट पार्टीजस्तै एमाले र माओवादीले बजार अर्थतन्त्र छाडेका छैनन् । नेपाली कांग्रेसलाई पुँजीवादी पार्टी भनिए पनि उसले विपीको समाजवादी नीति पनि छाडिसकेको छैन । हामीलाई दाताले पनि बारम्बार प्रश्न गर्छन् कि नेपालमा राजनीतिक अस्थिरता छ, यस्तो स्थितिमा कसरी काम हुन्छ

भनेर । मेरो उत्तर के रहने गरेको छ भने राजनीतिक अस्थिरता भए पनि स्थिति सुधारोन्मुख छ । अब पहिलाको भन्दा दल अनुशासित भएका छन् । यदि चुनाव भएमा अहिलेभन्दा स्थिर सरकार आउला भन्न त सकिन्छ । हामीले राजनीतिक पद्दति नै यस्तो रोज्यौं जसमा एकपटक चुनाव भएपछि पाँच वर्ष चलाउन सक्ने ग्यारेन्टी रहेन । यो पद्दतिमा संयुक्त सरकार बनेर पाँच वर्ष चल्नसक्ने सम्भावना पनि छ । जनताको दबाबका बीच दलमा पनि अस्थिरता ल्याउनु हुन्न भन्ने महसुस भएको छ । जे होस् हामी कहाँ राजनीतिक अस्थिरता भए पनि आवधिक योजनामा स्थायित्व रहेका कारण योजना र कार्यक्रममा स्थायित्व कायम गर्न सकेका छौं । त्यसकारण पनि योजना आयोग गैरराजनीतिक हुनुपर्छ भन्ने लाग्दैन । योजना आयोगको उपाध्यक्षमा परिवर्तन हुँदैमा योजनामा परिवर्तन भएको छैन ।

गोविन्दराज पोखरेल हुन् वा युवराज खतिवडा हुन् वा मीनबहादुर श्रेष्ठ, योजना त उही रहेको छ । योजनामा राजनीतिक भिजन र मिसन रहन्छ र यो तारन्तार परिवर्तन भएन भने राजनीतिक अस्थिरताले धेरै असर गर्दैन । अर्कोतिर राजनीतिक अस्थिरताको असर योजनाको लक्ष्य राख्न निर्धारित गर्नमा पनि हुँदैन । एउटा आवधिक योजनाले ४-५ वर्षमा आर्थिक वृद्धि कति हासिल गर्ने, गरिबी कति घटाउने, साक्षरता कति बढाउने, लैंगिक समानता, खानेपानी तथा अन्य पूर्वाधारको लक्ष्य कति राख्ने निर्धारण गर्छ । यस्ता लक्ष्य तय गर्नमा कसैले राजनीति गर्नुपर्ने आधार छैन । विकास र आर्थिक वृद्धिको विषयमा दल धेरै भए पनि लक्ष्यको विषयमा भने दुईमत कमै हुन्छ । यहाँ धेरै दल किन भए भने उनीहरूको लक्ष्य हासिल गर्ने बाटो फरक-फरक छन् ।

क्षेत्रीय सन्तुलनको कुरा योजनाको दस्तावेजमा पहिला पनि थिए र हालसम्म पनि क्षेत्रीय सन्तुलन हुन सकेको छैन । विगतका योजनामा विभिन्न जात र समुदायबीच असमानता हटाउने कुरा खासै हुन्थेन । पछिल्लो चरणमा यी कुरा हाल्न थालिएको छ । यी सबै कुरामा दलबीच समझदारी नै छ । तर, राजनीति चाहिँ परियोजना छान्नमा हुनसक्छ । दलले आ-आफ्ना पकेट क्षेत्रमा यो वा त्यो कार्यक्रम लैजाउँ भनेर बहस हुनसक्छ । वार्षिक बनाउने कार्यक्रममा केही परिवर्तन हुनसक्छ । कतिपय ठूला परियोजनालाई जुन सरकार आए पनि अघि बढाइएको छ । जस्तो कि बाबुराम भट्टराईले नेतृत्व गरेको सरकारले घोषणा गरेको राष्ट्रिय गौरवका आयोजना त्यसपछिका सरकारले पनि निरन्तरता दिएका छन् । तर, कार्यान्वयनमा भने राजनीतिकरण भएका छ । जस्तो, हाम्रो प्रशासनतन्त्रमा राजनीतिक प्रभावका कारण कार्यान्वयनमा समस्या देखिन्छ । सरकारले बजेट घोषणा गरेपछि परियोजना बनाउने जिम्मा ठेकेदार वा गैरसरकारी संस्था वा सामुदायिक संस्थालाई दिइन्छ । प्रशासनतन्त्रमा पूर्णरूपमा परिवर्तन गर्न जरुरी छ । यो अदक्ष छ अनि यसमा काम पन्छाउने प्रवृत्ति छ । यो राजनीतिकरणका कारण भएको हो । युनियनको दबदबा एउटा कारण हो । सुविधा पाउनका लागि राम्रो काम गर्न पर्दैन बरू कुनै युनियनको फेर समाते पुग्ने भो । युनियनलाई दलको ढाडस हुन्छ ।

राजनीतिक क्षेत्रमा आश्रित रहिरहने अनि यहाँ उपाध्यक्षको मात्र स्थायित्व रहने भन्ने हो भने काम गर्न धेरै गाह्रो हुन्छ ।

नयाँ चुनौति लिएर अघि बढौं नयाँ ढंगले काम गरौं भन्ने मानसिकता छैन । कसलाई कहाँ पठाउने भनेर निर्णय तालुकवालाले गर्दैन बरू युनियनले गर्छ । त्यसैले कार्यान्वयनमा राजनीतिकरणको प्रत्यक्ष वा अप्रत्यक्ष असर देखिएको छ ।

नेपालमा सरकार परिवर्तनपिच्छे योजना आयोगको नेतृत्व पनि परिवर्तन हुने गरेको छ । तर, सरकार फेरिएपिच्छे योजना आयोगमा पदाधिकारी परिवर्तन हुनुपर्छ/पर्दैन भन्ने विषयमा दुईथरि मत रहेका छन् । मेरो विचारमा सरकार फेरिएपछि योजना आयोगमा फेरबदल हुनु नै राम्रो हुन्छ । अहिलेको राजनीतिक परिस्थितिमा योजना आयोगको उपाध्यक्षले पाँच वर्ष काम गर्न पाउनुपर्छ भन्ने धारणासँग सहमत छैन ।

राजनीतिक क्षेत्रमा आश्रित रहिरहने अनि यहाँ उपाध्यक्षको मात्र स्थायित्व रहने भन्ने हो भने काम गर्न धेरै गाह्रो हुन्छ । अघिल्लो सरकारले नियुक्त गरेको उपाध्यक्ष अर्को सरकारको बेलामा पनि रहँदा अध्यक्ष प्रधानमन्त्री र उपाध्यक्षबीच सामञ्जस्यता नरहन सक्छ । यसले गर्दा काम गर्न गाह्रो हुन्छ । कतिपय बेला हामीले सामञ्जस्यता नमिल्दा बैठक नै नभएको पनि देखेका छौं । जति नै सक्षम उपाध्यक्ष भए पनि सामञ्जस्यता भएन भने काम गर्न गाह्रो हुन्छ । त्यसकारण देशमा राजनीतिक स्थिरतासँगै योजना आयोगका पदाधिकारीको स्थायित्व हुनु राम्रो हो । योजना आयोगमा हुने परिवर्तनलाई सरकार फेरिने बित्तिकै हुने मन्त्रीहरूको परिवर्तनसँग तुलना गर्दा हुन्छ । अन्य संस्था र योजना आयोगबीचमा फरक के हो भने यसको उपाध्यक्ष क्याबिनेट बैठकमा भाग लिनुपर्छ भन्ने मान्यता पनि छ । उपाध्यक्षको दर्जा पनि क्याबिनेट मन्त्रीसरहकै बनाइएको छ ।

योजना आयोगको उपाध्यक्ष सरकारको आर्थिक र विकास मुद्दामा सल्लाहकार पनि हो । उपाध्यक्ष परिवर्तन हुँदैमा योजना परिवर्तन नहुने भएकाले अहिलेकै प्रणाली राम्रो हो । राजनीतिक स्थायित्व भएर प्रधानमन्त्रीले पाँच वर्ष सरकार चलाएमा उपाध्यक्ष पनि पाँच नै वर्ष बस्न सक्छ । हालको सन्दर्भमा भने जुन दल मिलेर सरकार बनेको छ तिनीहरूले नै रोजेर सदस्य बनाउँदा सहयात्राकै स्पिरिटअनुसार योजना बन्छन् । उनीहरूको आर्थिक र विकास मोडलको प्रतिनिधित्व हुनु राम्रो पक्ष हो । नराम्रो पक्ष के हो भने दलले आफैंले चाहेका व्यक्ति पठाउँदा दक्ष र सक्षम व्यक्ति पठाउँछन् कि पठाउँदैनन् भन्ने हो । सबै बेलामा ज्ञाता नै पठाएको स्थिति छैन । सक्षम व्यक्ति नहुँदा योजना आयोगको छविमा असर परेको पनि देखिएको छ । कहिलेकाहिँ उपाध्यक्ष र अरू एक-दुईजनाको कारण सबै राम्रो भएको पनि देखिएको छ । त्यसकारण दलले राम्रो मान्छे छानेमा राम्रै हुन्छ । राम्राको ठाउँमा हाम्रा मान्छे पठाएको स्थितिमा टिम कमजोर हुने अवस्था देखिएको छ ।

(श्रेष्ठ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष हुन् ।)

CG

वाह वाह

जति Tasty त्यति नै Healthy

बदलिँदो नेपाल र आर्थिक विकास

● सुरेन्द्र पाण्डे

देश शान्तिपूर्ण अवस्थाबाट अगाडि बढेको भए अहिलेसम्म हाम्रो देशको बजेटको आकार र समग्र आर्थिक अवस्था यसभन्दा उल्लेख्य रूपमा ठूलो हुने थियो । अहिलेकै गतिमा आर्थिक विकास भए पनि ठूलो आकारको बजेट र सोहीअनुरूप राजस्व परिचालनको सम्भावना छ । नेपालले सन् २०२२ सम्म अतिकम विकसित राष्ट्रको अवस्थाबाट विकासोन्मुख मुलुकको अवस्थामा पुऱ्याउने र २०३० सम्म मध्यम विकसित देशमा पुऱ्याउने सोच अघि बढाएको छ ।

२०६२/६३ को राजनीतिक परिवर्तन पश्चात देशमा गणतन्त्रको स्थापना र नयाँ संविधान निर्माण भएको छ। संविधानले जनताका आधारभूत मौलिक अधिकारलाई सुनिश्चित गरेको छ। लोकतान्त्रिक शासन पद्धतिलाई अपरिवर्तनीय, तर जनइच्छा र समयको आवश्यकता अनुरूप परिमार्जित हुँदै जाने पद्धतिलाई अंगिकार गरेको छ। अबका पिढीले राजनीतिकि अधिकारका लागिभन्दा पनि आर्थिक समृद्धिका लागि विचार, सिद्धान्तको प्रतिपादन गर्नुपर्ने र त्यसलाई कार्यान्वयन गर्न पहलकदमी लिन जरुरी छ। नेपाललाई हालको अतिकम विकसित राज्यको स्तरबाट माथि उठाई विकासशील र समृद्ध राज्यको स्तरमा रूपान्तरण गर्नुपर्दछ। केही दशक यता एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशले ठूलो आर्थिक फड्को मारेका छन्।

तिनीहरूले आ-आफ्नै विशेषतालाई ध्यानमा राखी विकासका मोडल र प्राथमिकता निर्धारित गरेका छन्। हाम्रो देशको भौगोलिक स्थिति विश्वमै विशिष्ट खालको छ। न्यून राष्ट्रिय उत्पादन र जटिल पहाडी भूबनोटका कारण कमजोर पूर्वाधार सञ्जाल रहेको छ। यस अवस्थामा देशका सबै भागमा उत्पादन वृद्धि एवं पूर्वाधार विस्तारको आवश्यकता छ। तर, ती सबै काम गर्न एकै पटक सम्भव छैन र त्यसको निम्ति वित्तीय स्रोतको समेत अभाव छ। दक्षिण कोरियाले आर्थिक विकासको प्रारम्भिक अवस्थामा सोल-बुसान हाइवे र बुसान निर्माण गर्न साधन केन्द्रित गऱ्यो। केही क्षेत्र र व्यक्तिलाई पहिले धनी बनाउने अवधारणाका आधारमा केही योजनामात्र सुरू गरे र त्यसपछि क्रमशः देशव्यापी पूर्वाधार निर्माणलाई विस्तार गर्दै गए। यस्तै अनुभव जापान, चीन, मलेसिया लगायतको छ। हामीले पनि त्यस अनुभवलाई ध्यान दिँदै केही प्रमुख योजना छनौट गरी त्यसको निर्माणमा संलग्न हुनुपर्दछ।

आर्थिक क्षेत्रमा नपालको बदलिँदो स्वरूप

अहिले नेपालको आर्थिक स्थिति कमजोर छ। प्रतिव्यक्ति आय केवल ७ सय ५० अमेरिकी डलरको हाराहारीमा छ। कूल गार्हस्थ उत्पादन (जिडिपी) २२ खर्ब ४८ अर्ब रहेको छ। नेपालको जनसंख्या र भूगोलको आकारको हिसाबले यो ज्यादै न्यून हो। व्यापार घाटा दिनहुँ बढ्दो छ र ७ खर्बभन्दा ज्यादा व्यापार घाटा पुगेको छ। रोजगारी अभावमा युवाशक्ति विदेश पलायन भएको छ। उपरोक्त अवस्थाले देशको सामान्य चित्रण गर्दछ। तर, केही दशकयता बजेटको आकार, राजस्व असुलीको अवस्था र समग्र वित्तीय विस्तारको अवस्थालाई हेर्दा नेपालको भविष्यप्रति भने आशावादी बन्ने अवस्था सिर्जना भएको छ। सन् २००० भन्दा यता नेपालको बजेट १ सय अर्बबाट १ हजार ४९ अर्बमा पुगेको छ। राजस्व संकलन ५५ अर्बबाट ४ सय ८२ अर्ब पुगेको छ। देश शान्तिपूर्ण अवस्थाबाट अगाडि बढेको भए अहिलेसम्म हाम्रो देशको बजेटको आकार र समग्र आर्थिक अवस्था यसभन्दा उल्लेख्य रूपमा ठूलो हुने थियो। अहिलेकै गतिमा आर्थिक विकास भए पनि ठूलो आकारको बजेट र सोहीअनुरूप राजस्व परिचालनको सम्भावना छ। नेपालले सन् २०२२ सम्म अतिकम विकसित राष्ट्रको अवस्थाबाट विकासोन्मुख मुलुकको अवस्थामा पुऱ्याउने र २०३० सम्म मध्यम विकसित देशमा पुऱ्याउने सोच अघि बढाएको छ।

आर्थिक विकासको प्राथमिकता निर्धारण

सामान्यतया अहिले अर्थ प्रशासनले राजस्व वृद्धिलाई आफ्नो प्राथमिकता र सफलता ठान्ने गरेको पाइन्छ। समग्र अर्थतन्त्रलाई माथि उचाल्न राजस्व वृद्धि हुनुपर्दछ र त्यसले मात्र देशको खर्च गर्ने क्षमता वृद्धि हुन्छ। अहिले नेपालको राजस्वका मुख्य स्रोत मूल्य अभिवृद्धि कर, आयकर, भन्सार र अन्तःशुल्क रहेका छन्। आयकर बाहेकका अन्य कर मुलतः आयातमा आधारित रहेको छ। हाम्रा स्वदेशी उत्पादन वृद्धि खुम्चिने तर आयात निरन्तर बढ्दै जाने अवस्थाले व्यापार घाटा निरन्तर बढिरहेको छ। स्वदेशी श्रमलाई प्रयोग गरी स्वदेशी वस्तु उत्पादन गरी निर्यात हुन सकेको र त्यसबाट राजस्व वृद्धि हुन सकेको अवस्था हुन्थ्यो भने त्यो निश्चय नै मुलुकको लागि शुभ हुने थियो। तर, त्यसको विपरीत श्रम शक्ति बाहिरिने र विदेशमा नेपाली कामदारले कमाएको आय (रेमिटेन्स) बाट विदेशमा उत्पादित वस्तुको आयात र उपभोगमा हुने विस्तारले अर्थतन्त्रलाई भविष्यमा झन्-झन् नकारात्मक दिशामा धकेल्दै लग्ने छ। अहिले हाम्रो मुख्य जोड के हुने ? राजस्व वृद्धि वा रोजगार सिर्जना र आर्थिक वृद्धिमा जोड दिने ? मेरो विचारमा अहिले राजस्व केन्द्रितभन्दा रोजगारी र आर्थिक वृद्धि केन्द्रित आर्थिक नीति आवश्यक छ किनकि रोजगारी अभावमा अहिले झन्डै ३० लाख नेपाली श्रमिक विदेश पलायन भएको अवस्था छ र दिनहुँ ठूलो संख्यामा विदेश जानेको लर्को देखिन्छ। यस अवस्थाको अन्त्य गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने लक्ष्य राखेर तदनुरूपको आर्थिक नीति अघि बढाउनुपर्छ। त्यसका निम्ति बजेटमा उल्लेखित कार्यक्रमहरूको कार्यान्वयन र ठोस नतिजा केन्द्रित तुल्याउन निम्न प्रकारको नीति र कार्यक्रम अघि सार्नु आवश्यक छ।

१) कृषि क्षेत्रको नीति

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले महत्वपूर्ण स्थान ओगटेको छ। नेपालको कूल गार्हस्थ उत्पादनको एक तिहाइ हिस्सा कृषिको रहेको छ। सानो लगानी र छोटो समयमा आर्थिक वृद्धि र रोजगारी सिर्जना

गर्नसक्ने एक प्रमुख क्षेत्र कृषि हो । तर, नेपालमा अझैसम्म पनि बजार मुखीभन्दा गुजारामुखी कृषि व्यवस्था रहेको छ जसले गर्दा किसानले कृषि उत्पादनबाट आर्थिक विकास गर्ने र उनीहरूको जीवनस्तर वृद्धि गर्न सकेका छैनन् । यहाँ मैले केही उदाहरण दिन चाहन्छु ।

केही वर्ष पहिले गुल्मीका किसानले कफीको रूख काटे । त्यही समयमा जुम्लाका किसानले स्याउको बोट काटे । त्यसको कारण के थियो भने गुल्मीमा बजारको आवश्यकताअनुसारको परिमाणमा कफी उत्पादन नहुने र न्यून उत्पादनलाई बजारमा ल्याउँदा त्यसको मूल्य बढी भई बजारमा नबिक्ने भएको थियो । जुम्लामा स्याउलाई बजारसम्म ढुवानी गर्न बाटोको अभाव थियो । हवाईजहाजबाट बजारसम्म लग्दा स्याउको भाउ महँगो पर्दथ्यो । त्यसकारण कृषि उत्पादन बढाउन र बजार विस्तार गर्नका लागि आवश्यकताअनुसार उत्पादन वृद्धि गर्ने, कृषि उद्योगको स्थापना गर्ने सडक, बिजुलीजस्ता पूर्वाधारको विकास र विस्तार गर्नु आवश्यक छ । नेपालमा मानिसहरूको बस्ती र कृषि क्षेत्र अव्यवस्थित र छरिएको छ । जसले गर्दा कृषिका लागि चाहिने पूर्वाधारमा लगानी र विस्तार गर्न चुनौति छन् । ती चुनौतिलाई हटाउनका लागि जमिनलाई उपयोगको आधारमा वर्गीकरण गर्नुपर्छ । जमिनलाई कृषि, आवासीय, औद्योगिक, व्यवसायिक, वन, सार्वजनिकलगायतमा वर्गीकरण गर्नुपर्छ र कृषि क्षेत्रलाई अन्य उपयोग गर्न नपाउने, बाँझो राख्न नपाउने र बजार मुखी ठूलो उत्पादन गर्नका लागि उत्पादन गर्ने वस्तुको विशिष्टिकरण गर्नु आवश्यक छ । यसनिम्ति पूर्वी पहाडका ताम्लेजुङ, पाँचथर, ईलाम, संखुवासभा, तेह्रथुम, धनकुटालाई चिया र अलैंची, सिराहा, सप्तरी आँप, धनुषा, महोत्तरीमा माछा, काभ्रे, धादिङमा तरकारी, चितवन, गैंडाकोटमा कुखुरा, गुल्मी, अर्घाखाँची, पाल्पामा कफी, मुस्ताङ, जुम्लामा स्याउ र जडीबुटी, बाँके, बर्दिया, कैलाली, कन्चनपुरमा धानजस्ता उत्पादनलाई केन्द्रित गर्नुपर्छ । कृषि क्षेत्रलाई प्रोत्साहित, व्यवस्थित, व्यावसायिक, विस्तार र गुणस्तरीय बनाउन सरकारले नीति, नियम, कानुन, अनुदान, पूर्वाधार निर्माण आदिको व्यवस्था गर्नुपर्दछ ।

२) पर्यटन क्षेत्रको विकास

पर्यटन नेपालको अर्थतन्त्रलाई माथि उठाउने र रोजगारी सिर्जना गर्ने महत्वपूर्ण क्षेत्र हो । पर्यटन क्षेत्रको विकास सरकारको भन्दा पनि निजी क्षेत्रको प्रयासमा भएको देखिन्छ । यस क्षेत्रमा सरकारको ध्यान जानुपर्दछ । सरकारले पर्यटन क्षेत्रको विकासको लागि निश्चित स्थान तोक्नुपर्दछ । ती क्षेत्रमा पर्यटन विकासका लागि बाटोजस्तो ठूलो पूर्वाधार, सुलभ ऋणको व्यवस्था, आवश्यकताअनुसार निश्चित अवधिका लागि कर सहुलियतको व्यवस्था, आवश्यक जमिन आदिको व्यवस्था गर्नुपर्दछ ।

३) जलविद्युत विकास

नेपालमा ऊर्जा विकासको क्षेत्रमा जलविद्युत, सौर्य, वायु ऊर्जा, गोबर ग्यास, कोइला आदि रहेका छन् । यीमध्ये मुख्य स्रोत जलविद्युत हो । प्राकृतिक हिसाबले यसको उत्पादनको प्रचुर सम्भावना रहेको छ । तर, सरकारी नीति, सम्वन्धित निकायकै बीच समन्वय अभाव, सिलसिलाबद्ध निर्णय प्रक्रियामा समस्या, झन्झटिला प्रक्रिया, मौलिंदै गएको भ्रष्टाचार, लाइसेन्स प्रदान गर्ने, विद्युत खरिद गर्ने, तोकिएको समयमा ट्रान्समिसन लाइन निर्माण गर्ने, पुँजी र स्रोत जुटाउन सहयोग गर्ने वा अनुकूल नीति निर्माण गर्ने, जमिनको अधिग्रहण र मुआब्जा निर्धारणमा सहजता प्रदान गरिदिने, स्थानीय स्तरबाट आउने अनावश्यक माग, दबाब, अवरोध हटाउन सघाउने, सरकारी क्षेत्र र ऋण प्रवाह गर्ने क्षेत्रले समयमै बिनाझन्झट निर्णय गर्नेजस्ता समस्याका कारण नेपालले अपेक्षित मात्रामा विद्युत उत्पादन गर्न सकेको छैन । यसको समाधान आवश्यक छ ।

नेपालमा भन्ने चलन छ- 'झोलामा खोला' । यसको अर्थ के हो भने मानिसहरू लाइसेन्स लिने र सम्झौताअनुसार निर्माण नगर्ने बरू नाफामा लाइसेन्स एकबाट अनेक थरिलाई बेच्ने । यी प्रवृत्ति तथा माथिका तमाम समस्या समाधान गर्न सरकारले कठोरतापूर्वक कदम चाल्नुपर्दछ । तब

नेपाल विद्युत उत्पादन गर्ने प्रचुर सम्भावना भएको मुलुकमा गनिन सक्ने छ ।

४) पूर्वाधार निर्माण

पूर्वाधार निर्माणले आर्थिक गतिविधिलाई विस्तारित गर्ने, आर्थिक वृद्धिमाथि उठ्ने र रोजगारीलाई विस्तार गर्ने छ । यो महत्वलाई ध्यानमा राखेर नेपालले रेल तथा हवाई सेवालाई पनि बढाउनेतर्फ जोड दिनुपर्छ । यदि नेपालले पाँचवटा राम्रो स्तरका हाइवे र १० वटा मझौला तथा ठूला सहर निर्माण गर्न सके लाखौं मानिस रोजगार हुन सक्नेछन् । पूर्व-पश्चिम राजमार्ग एक नमुना हो जहाँ दायाँ-बायाँ लाखौं होटल, पसल, उद्योगधन्दाको स्थापना भई कैयौं लाख मानिसले रोजगारी पाएका छन् । काठमाडौं-रक्सौल र काठमाडौं-रसुवागढी द्रुतमार्ग र रेलमार्ग तथा मध्यपहाडी मार्ग, हुलाकी मार्ग छिट्टै निर्माण गर्न सकेमा त्यसले आर्थिक विकास र रोजगारी वृद्धि गर्नसक्ने छ । यसले नेपाली श्रम शक्ति विदेश पलायन हुने हालको समस्यालाई धेरै हदसम्म रोक्ने छ ।

जबसम्म देशमा व्यावसायिक क्षेत्रको प्रगति हुँदैन, जनतामा सीप र दक्षता वृद्धि गरी उद्यमशिलतातर्फ लगाउन सकिँदैन, तबसम्म अर्थतन्त्रको जग फराकिलो बन्न सक्दैन ।

५) शिक्षा र अनुसन्धान

नेपालको शिक्षा क्षेत्र कमजोर र विश्व प्रतिस्पर्धाको हिसाबले धेरै पछाडि रहेको छ । प्राविधिक शिक्षा, खोज र अनुसन्धानको क्षेत्रमा नेपाल झन् पछि छ । एसियाली विकास बैंकको एक अध्ययनमा सन् २०१० मा भारतीय विश्वविद्यालयले ३० लाख स्नातक उत्पादन गरे, जसमा ५ लाख इन्जिनियर थिए । तर, अन्तर्राष्ट्रिय स्तरको दक्ष जनशक्ति भने केवल दई प्रतिशतमात्र थियो । उक्त अध्ययनमा चीनका २४ प्रतिशत, अमेरिकाका ६८ प्रतिशत र दक्षिण कोरियाका ९६ प्रतिशत विश्वविद्यालयका स्नातक अन्तर्राष्ट्रिय स्तरका दक्ष जनशक्ति छन् भनिएको छ ।

नेपालको उच्च शिक्षामा कला, व्यवस्थापन र विज्ञानतर्फ अध्ययन गर्नेको संख्या कूल विद्यार्थी संख्याको ८५ प्रतिशत र १५ प्रतिशत प्राविधिक क्षेत्रको रहेको छ । रोजगारी प्राप्त गर्नेको अवस्था हेर्दा साधारण शिक्षाका करिब २० प्रतिशतमात्र रोजगार छन् भने प्राविधिकतर्फका ९० प्रतिशतभन्दा बढी रोजगार छन् । देशको उद्योगधन्दा, उत्पादन र व्यवसाय विस्तारका लागि प्राविधिक जनशक्ति उत्पादन गर्नु आवश्यक छ । दक्षिण कोरियाको एउटा अनुभव छ, त्यहाँ सन् ६० ताका कूल विद्यार्थीमध्ये ९९.४ प्रतिशत साधारणतर्फ र ०.६ प्रतिशतमात्र प्राविधिकतर्फ अध्ययन गर्दथे ।

तर, दक्षिण कोरियाले औद्योगीकरणमा जोड दिँदै दक्ष जनशक्ति निर्माणका लागि प्राविधिक जनशक्ति निर्माणमा जोड दिन थाल्यो । जसका कारण सन् ८० सम्ममा साधारण र प्राविधिक जनशक्तिको अनुपात १:१ अर्थात बराबरी हुन पुग्यो । यसले सन् ६० मा झन्डै ६० डलर प्रतिव्यक्ति आय भएको दक्षिण कोरिया आज झन्डै ३० हजार डलरको सेरोफेरोमा उक्लेको छ । यो अनुभवलाई आत्मसात गर्ने हो भने नेपालले आर्थिक र रोजगारी वृद्धिका लागि साधारणतर्फ भन्दा प्राविधिक शिक्षामा लगानी बढाउने, खोज र अनुसन्धालाई जोड दिने नीति लिनुपर्दछ ।

www.machbank.com

*for limited period only

Simplify the payment for any purchase with the convenient MBL Credit Card with just a swipe of the card and get rid of bulky cash.
Shopping, traveling, payments at restaurants, hospitals, movie halls are all now easier.
MBL Credit Cards are acceptable anywhere, anytime and are handy in every situation in Nepal and India.

सबल, उत्कृष्ट एवं विस्तारित

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

६) उद्यमशिलताको विकास

अठारौं शताब्दीको नेपालको एकीकरणपूर्व नै काठमाडौं उपत्यकामा विभिन्न किसिमका शील्प र दस्तकारीको विकास भइसकेको थियो। त्यसबेला विभिन्न स्थानमा परम्परागत प्रविधिद्वारा फलाम, तामाका खानीको खोज र त्यसबाट कच्चा धातु निकाली विभिन्न प्रकारका भाँडाकुँडा निर्माण गर्ने गरिन्थ्यो। ती वस्तु स्थानीय उपयोगबाहेक तिब्बतसम्म निर्यात गर्ने गरिन्थ्यो। देशको एकीकरण पश्चात पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाका नेवार समुदायका व्यापारीलाई देशका विभिन्न सहर, गौंडा र बजार केन्द्रमा गई व्यापार सञ्चालन गर्न उत्प्रेरित गरे। तर, उनले पनि साना दस्तकारीलाई थप विकास गर्नेतर्फ ध्यान दिएनन्। राणा शासकले त त्यसको विपरीत विदेशी तयारी सामानको आयात खासगरी ब्रिटिस इस्ट इन्डिया कम्पनी र पछिल्लो समय भारतीय तयारी सामानको आयातलाई आमन्त्रण र स्वागत गरे। जसको फलस्वरूप प्रारम्भिक स्वरूपमा रहेका त्यस्ता साना उद्योग पनि धाराशयी भए। राणाशाहीको सामाप्ती पश्चात औलो उल्मूलनका कारण तराईमा व्यापक बसाइसराई भयो। पहाडमा कठिन भौगोलिक अवस्थिति र सीमित उत्पादनशील जमिनका कारण सहज र फराकिलो मैदानी भागमा खेतीयोग्य जमिनको खोजीमा बसाइसराई केन्द्रित भयो। 'कृषिको विकल्प' सहज ढंगको 'कृषि' खोज्ने कुरा मात्रात्मक हिसाबले प्रगतिशील कुरा भए पनि त्यसले ठूलो फड्को मार्न सक्ने अवस्था रहँदैनथ्यो। जसरी युरोपियन नाविक वा भारतका फारसी, सिन्धी वा मारवाडी समुदायले कृषिको विकल्पमा कृषि नरोजी व्यवसायको खोजीतर्फ अग्रसर भई ठूलो आर्थिक फड्को मारे। उनीहरू कृषियोग्य जमिनकै खोजीमा यताउता भौंतारिएका भए आर्थिक हिसाबले विश्व परिदृश्यमा देखा पर्न सक्दैनथे। सोही खालको परिणाम हाम्रो बसाइसराईले दिन सकेन।

हाम्रो देशका नेवार समुदाय सहर र बजार केन्द्रमा बस्दै व्यापारको खोजीमा लाग्ने गरेको भए पनि अन्य समुदाय मूलरूपमा खेती र जागीरमा केन्द्रित हुँदै आए। जसको फलस्वरूप व्यवसायको विकास र औद्योगिकरणतर्फको यात्रा ज्यादै पछाडि पऱ्यो। अब राज्यले कृषिमा सीमित हुने वा जागीरमात्र खोज्ने र व्यवसायतर्फ लाग्दा जोखिम हुन्छ भनेर डराउने प्रवृत्तिलाई निरुत्साहित गर्दै व्यवसायतर्फ लाग्न उत्प्रेरित गर्नुपर्छ। विभिन्न हिसाबले त्यसका लागि सहयोग गर्ने नीति अघि सार्नुपर्दछ। म अर्काको व्यवसाय वा सरकारी जागीरको खोजीमा मात्र लाग्दिन बरू आफैं व्यवसाय सुरू गरी अरूलाई समेत रोजगारी दिन्छु भन्ने अठोट सिर्जना गर्न राज्यले जोड दिनुपर्दछ। व्यवसायमा सरिक हुँदा आइलाग्ने व्यवधान हटाउन सरकार र राजनीतिक दलले विशेष ध्यान दिनुपर्दछ। तबमात्र मुलुकले छोटो समयमा ठूलो आर्थिक फड्को मार्न सक्ने छ।

अन्त्यमा, सरकारका नीति, प्राथमिकता र बजेट आर्थिक विकासका ठोस लक्ष्य र उपलब्धी हासिल गर्ने उद्देश्यका साथ निश्चित हुनुपर्दछ। तर, आजसम्म निश्चित समयभित्र निश्चित स्तरमा पुग्नेभन्दा वर्तमानको खर्च धान्ने मानसिकतामा सीमित भएर काम गर्ने परिपाटीले निरन्तरता पाएको छ। अहिलेको राजस्व परिचालन केवल साधारण खर्च धान्नमा मात्र सीमित छ। गत आर्थिक वर्ष २०७२।७३ मा ४ खर्ब ८२ अर्ब राजस्व उठेकोमा त्यसले केवल साधारण खर्चमात्र धान्न सकेको थियो। यस वर्षको बजेटमा राजस्व संकलन ५ खर्ब ६५ अर्ब राजस्व संकलनको लक्ष्य राखिए पनि साधारण खर्च धान्न ५२ अर्ब अपुग हुने अवस्था छ। यस प्रकारको अवस्था कायम रहे देशले समृद्धिको दिशा पक्रन सक्दैन। जबसम्म देशमा व्यावसायिक क्षेत्रको प्रगति हुँदैन, जनतामा सीप र दक्षता वृद्धि गरी उद्यमशिलतातर्फ लगाउन सकिँदैन, तबसम्म अर्थतन्त्रको जग फराकिलो बन्न सक्दैन। आगामी दिनमा सिंगो मुलुकको ध्यान त्यसतर्फ सोझ्याउनु आवश्यक छ। सार्वजनिक पदमा जाने प्रधानमन्त्री, मन्त्री, सांसददेखि सबै सरकारी निकाय र व्यक्तिले गम्भीरतापूर्वक यस विषयलाई मनन गर्नुपर्दछ।

(पाण्डे पूर्वअर्थमन्त्री हुन्।)

२४ घण्टा पावर
४८ महिना ढुक्क

१००+
डिलर नेपाल भरि

*सर्तहरु लागू हुनेछन् ** कम्पनीले आउनुपर्ने अवस्थामा मात्र आवश्यक

अत्याधुनिक अमेरिकन टेक्नोलोजिको

LUMINOUS

जिन्दगीमा सँधै उज्यालो

amtrade नेपालको लागि एक मात्र आधिकारिक बिक्रेता

राजनीतिक नेतृत्वमा दीर्घकालीन सोच अभाव

● डा. रामशरण महत

पछिल्लो समयमा राजनीतिक नेतृत्वको गुणात्मकतामा ठूलो ह्रास आएको छ । चुक्यौं कहाँ भने, राजनीतिक नेतृत्वमा दीर्घकालीन सोचाइ भएन । २००७ सालको क्रान्तिको नेतृत्व हेरौं न, समाज धेरै पछाडि थियो, राजनीतिक नेतृत्व धेरै जागरूक थिए । अहिले समाज धेरै अगाडि गइसक्यो, नेताहरू पछाडी छन् । अहिलेको राजनीतिक नेतृत्व सस्तो नारा दिएर मुलतः सत्ताका लागि अल्पकालीन स्वार्थमा रूमल्लिरहेको छ ।

जनआन्दोलन-१ पछिको नेपाली कांग्रेसको सरकार सही अर्थमा विकासमैत्री थियो जसले आमूल आर्थिक सुधारका कार्यक्रम अगाडि सारेको थियो । आर्थिक सुधारका कार्यक्रमको सकारात्मक परिणाम पनि आए । नेपालको आर्थिक वृद्धि दर उच्च रह्यो । निर्यात बढ्यो साथसाथै सरकारको राजस्व पनि बढ्यो ।

अन्य दलको तुलनामा नेपाली कांग्रेस बढी विकासमैत्री नै हो । नेपाली कांग्रेस जहिले-जहिले सत्तामा गयो, हामीले मुलुकको दीर्घकालीन हितमा निर्णय गरेका छौं । कांग्रेसको समयमा जुन-जुन निर्णय लिइएको छ, त्यसले मुलुकको दीर्घकालीन स्वार्थलाई मद्दत गरेको छ । उदाहरणकै लागि अर्थ मन्त्रालयमा हामी हुँदा कर सुधारका पक्षमा लिएको नीतिकै प्रतिफल हो, अहिले राजस्व परिचालनमा देखिएको सफलता । कूल गार्हस्थ उत्पादन (जिडिपी) को २०/२१ प्रतिशत राजस्व परिचालन दक्षिण एसियाकै कुनै पनि मुलुकमा छैन ।

आर्थिक सुधारअन्तर्गत सेवा क्षेत्र, बैंकिङ क्षेत्र, हवाई क्षेत्रलगायत निजी क्षेत्रलाई खुला गर्ने निर्णयले यी सबै क्षेत्रको विस्तार गऱ्यो नै, समग्र अर्थतन्त्रमै सकारात्मक प्रभाव पाऱ्यो । आर्थिक सुधारकै प्रतिफल हो, सशस्त्र द्वन्द्वका बाबजुद पनि नेपालको अर्थतन्त्रलाई हामीले राम्रैसँग सम्हाल्न सक्यौं ।

कर प्रशासनमा गरिएको सुधारले राजस्व परिचालनमा अत्यन्त सकारात्मक प्रभाव पाऱ्यो । पछिल्लो २५ वर्षमा वार्षिक राजस्व १२ अर्बबाट अहिले झन्डै ६ खर्बको राजस्व उठ्छ । हामीले मूल्य अभिवृद्धि कर (भ्याट), आयकर, भन्सारमा गरेको सुधारका साथै आर्थिक सुधारका कार्यक्रमले निजी क्षेत्रको विस्तारका कारण यो सम्भव भयो ।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले पूर्वाञ्चलमा स्वास्थ्य सेवामा आमूल परिवर्तन ल्यायो । भरतपुरमा बिपी कोइराला क्यान्सर अस्पताल, उच्च माध्यमिक शिक्षा कार्यक्रमलगायत मुलुकको दीर्घकालीन हितका कार्यक्रम/आयोजना नेपाली कांग्रेसकै पहलमा भएका हुन् ।

कालीगण्डकी झन्डै-झन्डै रद्द भइसकेको थियो, हामीले नै अगाडि बढाएको हो । समुदायको अगुवाइमा अघि बढाइएको काठमाडौं विश्वविद्यालय ले अन्तर्राष्ट्रिय पहिचान पाएको छ ।

राजस्वमा आएको गुणात्मक वृद्धिकै कारण नेपाल सरकारले सामाजिक क्षेत्रमा बढीभन्दा बढी लगानी गर्न सफल भएको हो । सामाजिक क्षेत्रमा नेपालले हासिल गरेको उपलब्धी अन्तर्राष्ट्रिय स्तरमै चर्चा पायो । स्वास्थ्य, शिक्षा, ग्रामीण विकासमा भएका कामले नेपाल संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (युएनडिपी) को मानव विकास प्रतिवेदनमा टप टेन पर्फमरका रूपमा रह्यो । नेपालीको औसत आयु ५४ वर्षबाट ७० वर्ष पुग्यो, सडक र सञ्चारको पूर्वाधारमा गुणात्मक परिवर्तन भएको छ ।

दुर्भाग्यवश अन्य दलहरू सत्तामा आउँदा अल्पकालीन स्वार्थलाई मात्र हेरे । जम्मा भएको पैसा बाँड्ने वितरणमुखी राजनीतिमात्र गरे । अझ मुलुक राजनीतिक अस्थिरतामा जाँदा अल्पकालीन हित हेरिन थालियो ।

शान्ति प्रक्रिया सुरु भएपछि राजनीतिक स्थायित्व हुन्छ भन्ने अपेक्षा थियो । तर, त्यो हुन सकेन । लामो संक्रमणकाल, राजनीतिक अस्थिरता र वर्ष/वर्ष दिनमै सरकार परिवर्तन हुन थाले । त्यसको प्रत्यक्ष प्रभाव पऱ्यो, सरकारको प्रभावकारितामा र त्यसले सुशासन (गभर्नेन्स) धेरै कमजोर भयो । नेपालको सबैभन्दा ठूलो समस्या अहिले सुशासनमा आएको ह्रास नै हो । यसले सबैभन्दा नराम्रो प्रभाव मुलुकको विकास प्रक्रियामा पाऱ्यो ।

सरकारको नीति कार्यक्रमको कार्यान्वयन कर्मचारीतन्त्रले गर्ने हो । तर, कर्मचारीतन्त्रमा अब दक्षता (कम्पिटेन्स) को केही अर्थ रहेन । बारम्बारको सरकार परिवर्तनसँगै हुने गरेको कर्मचारीको सरुवाले कर्मचारीतन्त्रमा स्थायित्व नै रहेन । स्थिति यस्तो छ कि एउटा कर्मचारी दुई वर्ष पनि महत्वपूर्ण जिम्मेवारीमा बसेको हुँदैन । कर्मचारीतन्त्रमा भएको अत्यधिक राजनीतिकरणले कुनै निश्चित सरकारी पदका लागी कर्मचारीको पृष्ठभूमि, अनुभव र दक्षताको कुनै अर्थ नै रहेन ।

विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठानमा हेर्नुस्, जस्तो मानिस त्यसको नेतृत्वमा हुनुपर्थ्यो, त्यो हुन सकेको छैन । दलगत स्वार्थले राम्रोभन्दा हाम्रो मान्छे नियुक्त हुन थाल्यो ।

जबसम्म राष्ट्रिय योजना आयोगको उपल्लो तहमा विज्ञहरू ल्याउने प्रतिबद्धता राजनीतिक नेतृत्वबाट हुँदैन, योजना आयोगमात्रैको पुनर्संरचनाले केही हुँदैन । मुलतः योजना आयोगमा रहेका मानिसको विशेषज्ञता नै हो, आयोगलाई प्रभावकारी बनाउने । अहिले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले काम किन गर्न सकेन भने त्यसका लागि आवश्यक विशेषज्ञता/अनुभव त्यसको नेतृत्वसँग छैन । आफ्नो मान्छे ल्याउँदा पुनर्निर्माण प्राधिकरण प्रभावकारी हुन सकेन । प्रत्येक मुलुकमा योजना आयोगमा विशिष्ट विशेषज्ञता हासिल गरेका व्यक्तित्वहरू ल्याइन्छ । म योजना आयोगको उपाध्यक्ष हुँदा त्यसै गरिएको थियो । तर, यो अभ्यास अहिले देखिँदैन ।

पछिल्लो समयमा राजनीतिक नेतृत्वको गुणात्मकतामा ठूलो ह्रास आएको छ । चुक्यौं कहाँ भने राजनीतिक नेतृत्वमा दीर्घकालीन सोचाइ भएन । २००७ सालको क्रान्तिको नेतृत्व हेरौं न, समाज धेरै पछाडि थियो, राजनीतिक नेतृत्व धेरै जागरुक थिए । अहिले समाज धेरै अगाडि गइसक्यो, नेताहरू पछाडि छन् । अहिलेको राजनीतिक नेतृत्व सस्तो नारा दिएर मुलतः सत्ताका लागि अल्पकालीन स्वार्थमा रुमल्लिरहेको छ ।

विकास कार्यक्रम सरकार बदलेपिच्छे बदलिने होइन । त्यो त

आवधिक योजनाअन्तर्गत रहेर ल्याइने योजना हुन् नि। सरकार आउने बित्तिकै नयाँ कार्यक्रम र नयाँ नीति भनिन्छ, जसको कुनै अर्थ छैन।

मेलम्ची खानेपानी आयोजना होस् या काठमाडौं-तराई फास्ट ट्र्याक, यी सबै दीर्घकालीन महत्वका परियोजनाहरू नेपाली कांग्रेसको सरकारका पालामा सुरू गरिएका थिए। अहिले तयारी केही छैन, खाली हल्लामात्र छ। जस्तो कि केपी ओलीको सरकारले केही महत्व राख्ने आयोजनाको कुरा त गऱ्यो, तर कुनै पूर्वतयारी बिना नै। हावाबाट बिजुली त आउँछ, तर तयारी त गर्नुपऱ्यो नि।

पुष्पकमल दाहालको सरकारलाई देशको हितका लागि, कसरी दीर्घकालीन हितका लागि अर्थव्यवस्थालाई अगाडि बढाउने भन्ने मतलब छैन। विकास गतिविधिको कार्यान्वयन कसरी चाँडो गराउने, विकास निर्माणको काम कसरी चाँडो गराउने, लगानी कसरी बढाउने, सडक शान्त कसरी गराउनेतर्फ चासो छैन। काठमाडौं-तराई फास्ट ट्र्याकको कुरा गरौं न। सुशील कोइराला, केपी ओलीदेखि अहिलेको सरकार यो आयोजना कसलाई दिने भन्ने मै रुमल्लियो। चुरो कुरो विदेशीलाई दिने कि स्वदेशीलाई दिने भन्ने होइन, कसले चाँडो गर्न सक्छ र राष्ट्रहितमा गर्न सक्छ भन्ने हो। नेपालीको पुँजी लगाउन सकिन्छ, तर नेपालीले नै बनाउनुपर्छ भन्ने होइन। फास्ट ट्र्याकको सन्दर्भमा अन्तर राष्ट्रिय टेन्डर गरिसकेपछि त्यसलाई लजिकल एन्डमा पुऱ्याउनुपऱ्यो।

अहिलेको आवश्यकता हो, दीर्घकालीन सोच र सामर्थ्य भएको राजनीतिक नेतृत्व र सक्षम र गम्भीर कर्मचारीतन्त्र। कर्मचारीतन्त्रको पूर्णरूपमा अराजनीतिकरण अपरिहार्य छ।

त्यसैले मुद्दा स्वदेशीले बनाउने कि विदेशीले बनाउने भन्ने भन्दा पनि कसले मुलुकको वृहत्तर हितमा बनाउँछ भन्ने हुनुपऱ्यो। सुशासनमा ह्रास आउँदा पछिल्लो समयमा सरकारी आयोजना/टेन्डरमा कमिसन एजेन्ट र माफिया हावी भएको सुनिन्छ। यो हुन नदिन सरकार सक्रिय हुनुपऱ्यो, बलियो हुनुपऱ्यो। पोखरा विमानस्थलको कुरा गरौं, अर्थ मन्त्रालयले सशक्तरूपमा उभिएकाले निर्माण लागतलाई उल्लेख्य झार्न सकिएको थियो। निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत सांसदलाई पैसा दिइएकोमा आलोचना भयो। मेरो विचारमा स्थानीय निकायमा निर्वाचित प्रतिनिधि नभएको अहिलेको परिप्रेक्ष्यमा खुद्रे विकास कार्यक्रममा सांसदको संलग्नता ठिकै हो किनकि उनीहरू प्रत्यक्ष निर्वाचित हुन्। तर, सस्तो लोकप्रियताका लागि सो रकमलाई बढाउँदै जानु ठिक होइन, विशेष गरी कार्यान्वयन क्षमतामा सुधार नआएको सन्दर्भमा। अनुभव र उपयोगिताको आधारमा बढाउँदै जान सकिन्छ। अहिले गाविस, जिविसलाई पनि पैसा दोब्बर गरिएको छ, जुन आफैंमा नराम्रो होइन। तर, कार्यान्वयन कसरी भएको छ, पैसा कहाँ गएको छ, लेखाजोखा कसैले पनि गरेको छैन, धेरै चुहावट भएको छ। अहिलेको आवश्यकता हो, दीर्घकालीन सोच र सामर्थ्य भएको राजनीतिक नेतृत्व र सक्षम र गम्भीर कर्मचारीतन्त्र। कर्मचारीतन्त्रको पूर्णरूपमा अराजनीतिकरण अपरिहार्य छ।

(महत पुर्वअर्थमन्त्री हुन्।)

सन्राइज
सुरक्षित घरकर्जा
कर्जा, बीमा तथा बोनस

प्यारो लाग्छ आफ्नो घर,
प्यारो लाग्छ आफ्नो परिवार

विशेषताहरूः
- ऋणीको सावधिक जीवन बीमा।
- बीमा अवधि समाप्ति पछि एकमुष्ट बोनस भुक्तानी गरिने।
- रू. ५ लाख देखि १ करोडसम्मको कर्जा।
- १० देखि २० वर्ष सम्मको कर्जा अवधि।

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
www.sunrisebank.com.np
Like us at / sunrise bank limited
YOU & US
Together We Can Build

Standard Chartered

Here for generations
Here for good

You have spent a lifetime building wealth. Now you want future generations to understand the responsibilities that come with it. One bank is here for you.

sc.com/hereforgood

NIBL KARMACHARI BACHAT KHATA

Give your employees a **reason to rejoice**

* Conditions Apply

www.nibl.com.np

नेपाल इन्भेष्टमेण्ट बैंक लि.

NEPAL INVESTMENT BANK LTD.

Truly a Nepali Bank

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

Durbar Marg, P.O. Box: 3412, Kathmandu, Nepal
Telephone: (977-1) 4242530 Fax: (977-1) 4226349, 4228927
E-mail: info@nibl.com.np

ICRA [Nepal]A

The Banker

यदि तपाई धितोपत्र (सेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्र बजारमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तुस्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस् । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेड(नेप्से)मा सूचीकृत धितोपत्रमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्नसक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद सेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरु, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरु (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पुंजीकोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदी), धितोपत्रको मूल्य प्रबृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरुको अध्ययन गर्नुहोस् । यस्ता सूचना तथा गतिविधिहरु निरन्तररुपमा नेप्सेको वेबसाईट **(www.nepalstock.com),** सम्बन्धित कम्पनीको वेबसाइट तथा विभिन्न आर्थिक पत्रपत्रिकाहरुमा प्रकाशित हुने गरेको छ । साथै कम्पनीसंग सम्बन्धित उद्योग/क्षेत्रको समेत अवस्थाको अध्ययन गर्नुहोस् ।
- धितोपत्र बजारलाई आधुनिकीकरण गर्ने क्रममा मिति २०७२ माघदेखि धितोपत्रहरुको दोश्रो बजारको कारोवार, नामसारी तथा राफसाफ पूर्ण अभौतिकरुपमा **(Full Demat)** मात्र हुने भएको र प्राथमिक बजारमा सार्वजनिकरुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा काठमाडौं उपत्यका भित्र २०७३ श्रावणदेखि र अन्य स्थानमा २०७३ माघदेखि हितग्राही खाता **(Demat Account)** अनिवार्य गरिएको हुंदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी तोकिएको ढाँचाको ग्राहक परिचय विवरण **(KYC Form)** अनिवार्यरुपमा भरी हितग्राही खाता **(Demat Account)** खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनितिक स्थितिको प्रत्यक्ष प्रभाव पर्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्र कारोवार गर्दा रकमको लेनदेन गर्दा बैंकमार्फत मात्र गर्नुहोस् । धितोपत्र करोवार वापत धितोपत्र दलालले लिने शुल्क सम्बन्धमा धितोपत्र व्यवसायी नियमावली हेरी जानकारी राख्नुहोस् ।
- लगानी विविधिकरणले (Investment Diversification) लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुऱ्याउने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरुको साथै नेपाल धितोपत्र वोर्ड(वोर्ड)ले गरेका व्यवस्थाहरुबारे जानकारी राख्नुहोस् । धितोपत्र सम्बन्धी ऐन नियमहरु बोर्डको वेबसाइट **(sebon.gov.np)** तथा वोर्डको सम्बन्धित प्रकाशन मार्फत समेत हेर्न सक्नु हुनेछ ।
- प्राथमिक बजारमा सार्वजनिक रुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र, विवरणपत्र अध्ययन गरी कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (*नेट वर्थ, नाफा नोक्सान स्थिति आदि*), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता महत्वपूर्ण कुराहरुको विश्लेषण गर्नुहोस् ।
- धितोपत्रको प्राथमिक बजारमा लगानी गर्नु अघि उक्त धितोपत्र, बोर्डमा दर्ता भए नभएको तथा दोश्रो बजारमा लगानी गर्दा नेप्सेमा सूचीकृत भए नभएको बारेमा जानकारी राख्नुहोस् । साथै नेपाल स्टक एक्सचेन्जबाट सूचिकरण खारेजी भएका तथा सूचीकृत नभएका पब्लिक लिमिटेड कम्पनीहरुको धितोपत्रहरु ओटिसी (OTC) बजारबाट कारोवार गर्न सकिने व्यबस्था भएको हुंदा सो वारे जानकारी राख्नुहोस् ।
- धितोपत्रको दोश्रो बजारमा कारेवार गर्दा वोर्डबाट इजाजत प्राप्त र नेप्सेको सदस्यता लिएको धितोपत्र दलाल व्यवसायी मार्फतमात्र गर्नुहोस् ।
- पुंजीबजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरुले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि वोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा वीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस ।
- धितोपत्रमा लगानी सम्बन्धी कुनै जिज्ञासा वा गुनासाहरु भए सम्बन्धित धितोपत्र व्यवसायी, निष्काशनकर्ता तथा सूचिकृत कम्पनी, सिडिएससी, नेप्से वा बोर्डमा सम्पर्क राख्नुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, जावलाखेल, ललितपुर
फोनः ०१-५५४१०५७, फ्याक्सः ०१-५५४१०५८, टोल फ्रि.नं. १६६०-०१-४४४३३
वेबसाइटः sebon.gov.np, ईमेल ठेगानाः support@sebon.gov.np

बजेटमा यसकारण राजनीति गर्नु हुँदैन

● वर्षमान पुन

जनताका अगाडि पाँच वर्ष शासनको प्रतिबद्धता गरिरहँदा स्वाभाविक रूपले आर्थिक, राजनीतिक र सामाजिक आकांक्षालाई दलहरूले आफ्ना कार्यक्रमका रूपमा प्रस्तुत गर्छन् । जसको कार्यक्रम मन पर्छ, त्यही राजनीतिक दललाई मतदान गरेर शासनको अधिकार दिइन्छ । यसरी हेर्दा हरेक वर्षको बजेटमा जनताले दिएको म्यान्डेटअनुसारकै आर्थिक नीतिलाई नै समावेश गरेर प्रस्तुत गर्ने हो ।

किन हुन्छ राजनीति ?

बजेट भनेको राजनीतिक आर्थिक दस्तावेज हो । लोकतन्त्रमा जनता सार्वभौम हुन्छ । लोकतन्त्र भनेको जनताको शासन हो तर जनताले दिनदिनै शासन गर्न त सक्दैन । त्यसो भएकाले आफ्ना प्रतिनिधिमार्फत् शासन गर्ने व्यवस्था हो यो । जसलाई हामी आवधिक निर्वाचनमार्फत् जनताको शासनका रूपमा मान्ने गरेका छौं । हाम्रो शासन व्यवस्थाका दुईवटा व्यवस्था छ । यसमा प्रत्यक्ष निर्वाचित अर्थात धेरै मत ल्याउनेले जित्नेमात्रै नभई समावेशी र सहभागितामूलक शासन व्यवस्था हामीले अंगालेका छौं ।

जनताका अगाडि पाँच वर्ष शासनको प्रतिबद्धता गरिरहँदा स्वाभाविक रूपले आर्थिक, राजनीतिक र सामाजिक आकांक्षालाई दलहरूले आफ्ना कार्यक्रमका रूपमा प्रस्तुत गर्छन् । जसको कार्यक्रम मन पर्छ, त्यही राजनीतिक दललाई मतदान गरेर शासनको अधिकार दिइन्छ । यसरी हेर्दा हरेक वर्षको बजेटमा जनताले दिएको म्यान्डेटअनुसारकै आर्थिक नीतिलाई नै समावेश गरेर प्रस्तुत गर्ने हो । बजेट राजनीतिक दस्तावेज भएको हुनाले यसै पनि राजनीति हुने भयो तर राजनीति यस अर्थमा कि राजनीति देशको हितभन्दा बाहिर हुनु हुँदैन । राजनीति जनताको म्यान्डेटभन्दा बाहिर हुनु हुँदैन । जसले म्यान्डेट पाएको छ, उसले जनताको हित हुने गरी आर्थिक कार्यक्रम समावेश गरेर बजेट प्रस्तुत गर्छ । त्यसकारण बजेटमा राजनीति नगरी जनताको हित हुने गरी कार्यक्रम ल्याउनुपर्छ ।

दोस्रो पक्ष के छ भने प्रतिपक्षी दलले पनि कार्यक्रम लिएर जनतामा गएको हुन्छ । उसले बहुमत प्राप्त नगरे पनि जनतासामु प्रतिबद्धता त जनाएको हुन्छ । अल्पमत भए पनि ऊसँग जनताको म्यान्डेट हुन्छ । त्यसकारण राष्ट्रहितभन्दा बाहिर गएर, जनताको हितभन्दा बाहिर गएर तथा राष्ट्रिय अर्थतन्त्रभन्दा बाहिर गएर कुनै सरकार, प्रधानमन्त्री वा अर्थमन्त्रीले आफ्नो स्वार्थमात्रै हेरेर कार्यक्रम वा बजेट ल्याउन खोजे भने त्यहाँ राजनीति हुन्छ ।

प्रतिपक्षी दलले खबरदारी त गर्छ तर खबरदारीको अर्थ यो होइन कि बजेटलाई नै रोक्नु र राष्ट्रिय अर्थतन्त्रको गति नै बन्द गराउनु । यस्तो किसिमको राजनीति भएको छ । विगतमा कतिपय समयमा राजनीति पनि भएका छन् । बजेट नै अवरोध गर्ने, नीति कार्यक्रम नै अवरोध गर्ने तथा राष्ट्रिय अर्थतन्त्र नै अवरोधमा पार्ने गरी राजनीति भयो ।

हाम्रो शासन प्रणाली कसैलाई पनि छिट्टै बहुमत दिने खालको छैन । समावेशी र सहभागितामूलक लोकतन्त्र तथा मिश्रित निर्वाचन प्रणालीको विकास गरेका छौं । एउटै दलले समानुपातिकसहितको बहुमत ल्याउन निकै कठिन छ । विगतको प्रणालीले विभिन्न भावना समेटेको छैन भन्ने निष्कर्षका साथ हामी यो प्रणालीमा गएका छौं । अहिलेको शासन प्रणाली परिमार्जित संसदीय प्रणाली हो । निर्वाचन प्रणाली समानुपातिकसहितको मिश्रित अपनाएका छौं । यो भनेको सहमतीय शासन प्रणालीजस्तै बनेको छ । जसले स्वभाविक रूपमा बजेटमा पनि सहमतिको माग गर्छ । आर्थिक नीतिमा सहमतिमा यसले माग गर्छ ।

बजेटमा राजनीति हुने अर्को सम्भावना भनेको मिलिजुली सरकार बन्ने तर बजेट र कार्यक्रम एउटा पार्टीको मात्रै आउने गर्छ । कहिलेकाहीँ सस्तो लोकप्रियताका लागि कार्यक्रम घोषणा हुने गर्छन् । राष्ट्रिय अर्थतन्त्र जहाँसुकै जाओस् आफ्ना कुरा ल्याउँछौं भन्ने हिसाबले कार्यक्रम ल्याइन्छ । जसका कारण पनि राजनीति बढिरहेको छ । बजेटमा राजनीति भनेको बजेटलाई राष्ट्रिय सहमति, नीतिगत स्पष्टता र राजनीतिको आवधिक कार्यक्रमलाई लिएर भइरहेका छन् ।

विगतको नमिठो अनुभव

म आफैं १८ महिना अर्थमन्त्री भएँ । त्यतिबेला दुईपटक आशिंक बजेट ल्याएर काम गर्नुपर्‍यो । पूर्णबजेट ल्याउन सकिएन तर पनि सौभाग्य मान्नुपर्छ, अर्थतन्त्र राम्रोसँग अगाडि बढेको थियो । राजस्व संकलन तथा विकास खर्च राम्रो भएको थियो । त्यतिबेला विपक्षी पार्टी तथा राष्ट्राध्यक्षबाट पनि अवरोध भएको थियो । सहमतिबिना बजेट आएको हुँदा हामीले पनि एक पटक रोक्यौं । त्यसैगरी कांग्रेसको सरकार थियो, त्यतिबेला पनि आशिंक बजेटमा जानुपर्ने अवस्था आयो । अहिलेका ठूला तीन दलले सरकारको नेतृत्व गर्दा चार पटक त्यसरी अवरोध भयो । मेरो पालामा दुई पटक, कांग्रेसले एक पटक र एमालेले एक पटक आशिंक बजेटको भरमा देश चलाउनुपर्‍यो । १० वर्षमा तीनैवटा पार्टी यो अवस्थाको शिकार भएपछि संविधानमै जेठ १५ गते बजेट ल्याउने भनेर व्यवस्था गरियो । जस्तोसुकै सरकार भए पनि निश्चित मितिमा नै बजेट ल्याउने व्यवस्था संविधानमै गरेका छौं ।

यहाँ पनि अर्को राजनीति छ । मानौं, संक्रमणकालीन सरकार वा चुनावी सरकारले बजेट ल्यायो । बजेट आउनेबित्तिकै नयाँ सरकार बन्यो भने के गर्छ ? बजेट ल्यायो तर सरकार ढल्यो भने के गर्छ ? यस्ता प्रश्न छन् । संविधानले नीतिगत निरन्तरताको कुरा गरेको हो । राजनीतिक प्रणाली नै कसैले सजिलै बहुमत ल्याउन नसक्ने भएकाले सरकार त परिवर्तन भइरहन सक्छ । हाम्रो मिश्रित निर्वाचन प्रणालीका कारण सरकार फेरिरहन सक्छ भन्ने मान्यता संविधानमा उल्लेख छ । यदि सरकार परिवर्तन भयो वा कामचलाउ सरकारले बजेट ल्यायो भने नयाँ बन्ने सरकारले पूरक बजेट ल्याउन सक्ने सरल व्यवस्था गर्नुपर्छ । त्यसो गर्न सकियो भने समयमा बजेट पनि अउँछ र राजनीति पनि हुँदैन । मेरो आफ्नै अनुभवले पनि के बताउँछ भने बजेटमा राजनीति गर्नु हुँदैन ।

समयमा बजेट नआउँदाका परिणाम

बजेट समयमा नआउँदा नीतिगत अन्यौलता हुन्छ। जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई अन्यौलमा राख्छ। कतिपय नयाँ क्षेत्र हुन्छन् जसलाई बजेटले समेट्नुपर्छ। केही आयोजना अगाडि बढाउनुपर्ने दायित्व सरकारसामु हुन्छ भने जनजीविकासँग सम्वन्धित विषयमा पनि काम गर्नुपर्छ। बजेटले नीतिग सुधारका कुरा पनि अगाडि सारेको हुन्छ। अर्को कुरा, अर्थतन्त्रलाई गतिशील बनाउन र चलायमान बनाउन बजेट समयमै ल्याउनुपर्छ। नीतिगत सुधार गर्न सकिँदैन। राजस्वको दायरा फराकिलो बनाउने भनेको बजेटबाट हो। बजेट समयमा आएन भने त्यो काम हुँदैन। राजस्वका दर पुनरावलोकन गर्नुपर्ने हुन्छ। बजेट ल्याउन सकिएन भने त्यो काम पनि हुँदैन। जसले लगानीकर्ताको मनोबल बलियो बनाउन सक्दैन। विश्वव्यापी रूपमा हेर्ने हो भने देशको प्रतिष्ठा राम्रो हुँदैन। बजेट नै नभएको सरकार, बजेट नभएको देशका रूपमा चित्रण हुन्छ। त्यसले विदेशी सहयोगमा पनि हानी गरेको हुन्छ। दातृ निकायको सहयोग प्रभावित हुँदा सुरु गरेका कतिपय आयोजना अगाडि बढाउन सकिँदैन। अन्ततः सरकार, जनता र देशकै मनोबल कमजोर हुन्छ। यो आफैंमा नराम्रो चिज हो।

> बजेट राष्ट्रको हो । बजेटका नीति तथा कार्यक्रम भने कुनै सरकारको मात्रै हुँदैन । देशको नै हुन्छ । सबैले स्वामित्व लिने बित्तिकै आर्थिक क्रियाकलापले गति लिन्छ ।

कार्यान्वयन चुनौति

बजेट ल्याउन नपाए पनि मेरो कार्यकालमा आर्थिक वृद्धि दर ४.५ प्रतिशत भएको थियो। त्यसको पछिल्लो वर्ष समयमै बजेट आएको भए पनि साढे तीन प्रतिशतमात्रै आर्थिक वृद्धि हासिल भयो। पछिल्ला केही वर्ष समयमा बजेट आएको छ तर कार्यान्वयनमा हामी कमजोर भयौं। आशिंक बजेटकै भरमा काम गरेको वर्ष पनि ९० प्रतिशत पुँजीगत खर्च भएको थियो तर गत वर्ष ५६ प्रतिशतमा सीमित हुन पुग्यो। बजेट समयमा आउनुमात्रै पनि सबै कुरा होइन। अब बजेट कार्यान्वयनका लागि संरचनागत परिवर्तन ल्याउन आवश्यक छ। बजेट कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता र राष्ट्रिय संकल्पको जरुरी छ। आफ्नो सरकारले ल्याएको बजेट भए पनि अन्य सरकारले ल्याएको बजेट भए पनि कार्यान्वयनमा राजनीतिक प्रतिबद्धता चाहिएको छ। १८ महिना अर्थमन्त्रीका रूपमा रहँदा मैले पूर्ववर्ती अर्थमन्त्रीले ल्याएको बजेटकै आधारमा काम गर्नुपर्‍यो। त्यसमा राजनीतिक दलले उच्च राजनीतिक चरित्र प्रदर्शन गर्नुपर्ने देखिन्छ। त्यसो हुन सक्यो भने बजेट कार्यान्वयन प्रभावकारी बन्न सक्छ।

अबको बाटो

अहिलेको चरणको राजनीतिक क्रान्ति पूरा भएको छ। अर्को समयमा फेरि अर्को क्रान्ति हुनसक्छ। अब आर्थिक समृद्धिको बाटोमा मुलुक अघि बढ्नुपर्छ। दोस्रो कुरा, हाम्रो शासकीय स्वरूपले एकल पार्टी सरकार असम्भव जस्तै छ। त्यसो भएकाले राजनीतिक दलहरूको स्वरूपमा तत्काल आकाश-पाताल परिवर्तन हुँदैन। त्यसैले वैदेशिक लगानी, नीति, विकासका प्राथमिकता, राजस्वका नीति तथा आवधिक विकासका योजना र नीतिमा न्यूनतम सहमति बनाउन सक्नुपर्छ।आधारभूत धारणा बनाएर दलहरू अघि बढ्नुपर्छ। त्यसो गर्न सकियो भने बजेट पनि त्यही सहमतिबाट निर्देशित हुन्छ। सरकार र मन्त्रीका केही योजना हुन्छन् तर बाँकी कुरा त्यही मूल नीतिबाट अघि बढ्न सक्छ। त्यस्तो भयो भने सस्तो लोकप्रियताका लागिमात्रै कुनै मन्त्रीले केही गर्न सक्दैन। राष्ट्रिय अर्थतन्त्रको मुद्दा भनेको कुनै पार्टी वा मन्त्रीको मात्रै होइन। संविधानमा नै बजेट आउने दिन तोकिएपछि सरकार जुन अवस्थामा भए पनि बजेट त आउँछ र बजेट कार्यान्वयनमा जान सजिलो हुन्छ। बजेट कार्यान्वयनमा जाँदा अब सहभागितामूलक प्रणालीमा जानुपर्छ। त्यसो गर्न सकियो भने कसैले पनि आफूलाई बजेट प्रणालीबाट बाहिर रहेको महसुश गर्न पाउँदैन। बजेट राष्ट्रको हो। बजेटका नीति तथा कार्यक्रम भनेको कुनै सरकारको मात्रै हुँदैन। देशको नै हुन्छ। सबैले स्वामित्व लिने बित्तिकै आर्थिक क्रियाकलापले गति लिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी पनि आकर्षित गर्न सकिन्छ। सरकारको निरन्तरता नहुन सक्छ, अर्थमन्त्रीको पनि निरन्तरता नहुन सक्छ तर नीतिगत निरन्तरता सबैभन्दा महत्वपूर्ण विषय हो। नीतिले निरन्तरता भयो भने आर्थिक विकास सम्भव छ। बेरोजगारी अन्त्य गर्न सकिन्छ। राष्ट्रिय रूपमा उद्यमशीलता बढाउन सकिन्छ। देशभित्र लगानी बढाउन नसक्दा र उद्यमशीलता बढाउन नसक्दा अन्तर्राष्ट्रिय लगानी ल्याउन थप कठिनाई हुनसक्छ। नेपालीले केही गरेर देखाए भनेमात्रै विदेशी लगानी बढ्छ। त्यसैले अब बजेटमा कसैले राजनीति गर्नु हुँदैन। राजनीति त हुन्छ तर त्यो केवल राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउनका लागिमात्रै हुन्छ। रोजगारीको ग्यारेन्टी गर्नका लागिमात्रै राजनीति हुन्छ।

(पुन पूर्वअर्थमन्त्री हुन्।)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

मलसामान तथा सेवा खरिद विक्री गर्दा बिल विजक लिने दिने सम्वन्धी अत्यन्त जरूरी सूचना

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा विक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्य रुपमा विजंक दिनुपर्ने र क्रेताले पनि विजक लिनुपर्ने व्यवस्था रहेको छ। विजक जारी गरे नगरेको अनुगमन गर्ने आन्तरिक राजस्व विभाग तथा मातहत कार्यलयवाट वजारमा कर अधिकृत सहितको टोली खटाइएको छ। विक्रताले तोकिए बमोजिम विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५००० (पाच हजार) तत्कालै जरिवाना गर्न सक्ने छ। त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्य रुपमा विजक जारी गर्नहुन र वस्तु तथा सेवा खरिद गर्दा क्रेताले आफुले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिनहुन अनुरोध छ।

NGM

CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033 Ncell: 9801571023
customercare@ngmhero.com

www.facebook.com/ngmheromotocorp

साथै, हरेक खरिदमा पाउनुहोस् थप ५ फाइदा

30% छुट इन्जिन आयलमा

७% छुट स्पेयर पार्ट्समा

फ्री हेल्मेट

*शर्तहरू लाग्न सक्छन् ।

Kathmandu Valley Balaju 4361786 • Balkumari 5006184 • Bhaktapur 5092301 • Buddhabari 4104540, 4104541• Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 4225377, 4266517 • Kumaripati 5008781, 9843500395 • Maharajgunj 4373514 • Putalisadak 4435155 • Ravibhavan 2290970 • Swoyambhu 4289737

Outside of Valley Attaria 551244 • Baglung 520174 • Bharatpur 526697 • Bardibas 550552 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 536896 • Birgunj 526894 • Birgunj 529667 • Birtamode 543248 • Butwal 542725 • Chandranigahapur 540739 • Damak 581463 • Damauli 560477 • Dang 560262 • Dhangadi 417115 • Dharan 526522 • Gaidakot 502399 • Gaighat 420032 • Gaur 521109 • Golbazar 540327 • Gorkha 420560 • Guleria 420099 • Hetauda 525386 • Inaruwa 561498 • Itahari 587580 • Jaleshwor 521095 Janakpur 523644 • Kalaiya 551526 • Kapilbastu 550160 Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Mahendranagar 520745 • Malangawa 521711 • Mirchaya 550803 • Narayanghat 532255 • Nawalparasi 521002 • Nepalgunj 551598 Parsa 583199 • Pokhara 535444 • Pokhara 539389 • Pyuthan 460464 • Rajbiraj 523542 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Tikapur 560426 • Tulsipur 520808 • Urlabari 540074 • Waling 440610

विकासमैत्री राजनीतिलाई द्वन्द्व व्यवस्थापन

● डा. देवेन्द्रराज पाण्डे

समाजमा स्वार्थ हुन्छन्, स्वार्थले द्वन्द्व निम्त्याउँछ । तिनको व्यवस्थापननै विकासमैत्री राजनीति हो । स्वार्थको सम्मिलन गरी शक्तिको समुचित बाँडफाँट गरेपछि मात्र विकासमैत्री राजनीतिको सुरूवात हुन्छ । द्वन्द्व एकातिर छ, अनि विकासमैत्री राजनीति गर्छु भनेर विकास हुन्नँ ।

एउटा प्रसंग- अर्थराज्यमन्त्री थिए डा. भेषबहादुर थापा, म अर्थको सहसचिव । उनको र मेरो सहकार्य जमेको थियो । एक दिन थापाले राजा वीरेन्द्रसमक्ष चुनाव लडेर राजनीति गर्ने इच्छा जाहेर गर्नुभएछ । राजाले 'अब तिमी पनि विकास गर्न छाडेर राजनीति गर्ने ?' भनेछन् । राजाले यति भनेपछि उहाँले चुनावी राजनीतिमा हाम्फाल्ने योजना स्थगन गर्नुभयो, त्योबेला दरबारले चाहेमात्र चुनावमा जित्ने अवस्था थियो । राजनीति र विकास फरक कुरै होइन, अन्योन्याश्रित छ, राजालाई बुझाउन सकिएन भनेर हामीले कुरा पनि गऱ्यौं ।

त्योभन्दा धेरै वर्षअघि (२०२२/२०२३ सालतिर) मसहित १२ जना योजना मन्त्रालयमा शाखा अधिकृत थियौं । हामीलाई के लाग्थ्यो भने विकास गर्ने त हामीले हो । नेताको काम भनेको राजनीति गर्ने हो । विकास गर्न एउटा सोच चाहिन्छ, प्राथमिकता बुझ्नुपर्छ, त्यसलाई कार्यान्वयन गरेपछि विकास त भैहाल्छ भन्ने ठान्थ्यौं । भुलभुलैयामा रहेछौं । सहसचिव भएर राजा वीरेन्द्रसँग काम गर्ने क्रममा म त्यस्तो भ्रमबाट मुक्त भइसकेको थिएँ । विकासमैत्री राजनीति सुन्दा प्रिय लाग्छ । जनताले खोज्ने नारा यस्तै हो, तर यो त्यति सरल छैन । राजनीति यति सरल रेखामा हिँड्दैन । राजनीति भाँडिएपछि जतिसुकै विकास, विकास भनेर चिच्याए पनि विकास हुँदैन ।

भारतबाट छुट्टिएपछि पाकिस्तानमा प्रजातान्त्रिक अभ्यास सुरू भयो तर विकासका लागि भन्दै सैनिक तानाशाहले सत्ता हत्याए । अफ्रिकी देशहरूमा पनि लोकतन्त्रले विकास ल्याउँदैन भन्दै तानाशाह जन्मिए । इन्डोनेसियामा त्यही भयो । लोकतन्त्रका विधिविधानले विकास पछि पऱ्यो भनियो तर असफल भयो, विकास भएन । नेपालमा पनि राजा महेन्द्रले विकासका निम्ति भनेरै संसदीय प्रजातन्त्र मासे । यिनीहरू (पार्टीका नेताहरू) ले विकास गर्न नसक्ने भए, अब मै गर्छु भनेरै पञ्चायती व्यवस्थामार्फत् सक्रिय राजनीतिमा हाम्फालेका थिए, महेन्द्र । 'विकासका निम्ति राजनीति' नारा थियो । केही आयोजना अघि बढे तर अपेक्षित विकास त भएन । नारा आकर्षक भयो तर विकास सम्भव नहुने रहेछ ।

खतरनाक चाहिँ विकासका पेसेवर, विश्व बैंकजस्ता संस्थामा पनि यस्तो सोच छ । राजा ज्ञानेन्द्रले असोजतन्त्रमार्फत् 'सफ्ट कु' गरेपछि विश्व बैंकलगायतका कतिपय विकासे एजेन्सी खुशी थिए- टेक्नोक्रचाट मन्त्री भएपछि तिनको बुद्धि/विवेकले विकास हुन्छ भन्ने तिनको निष्कर्ष थियो । यस्तोमा खुशी हुने सर्वसाधारणलाई क्षमा दिन सकिन्छ, तिनले दुःख पाएका छन्, केही भइहाल्ला कि भनेर आशावादी भइदिन्छन् तर यत्रो संस्था, जसको यत्रो संयन्त्र छ, अनेकथरि विज्ञ छन्- क्षमालायक हुन्नन् ।

राजनीति ठिक नभई विकास हुन्न भन्ने मेरो निष्कर्ष आफ्नै भोगाइबाट निकालेको हुँ । महेन्द्रको पालामा जागिर खाएँ, कच्चै थिएँ । त्यसैले विकास आफू र केही सहकर्मीबाटै सम्भव छ भन्ठानें । बीचमा पढ्न गएँ, त्यसैले महेन्द्रको पालाको गहिरो ज्ञान छैन । वीरेन्द्रको पालामा त उनीसँग नजिक भएर काम गरियो । उनकै टिमको सदस्य थिएँ । राजालाई कतिले विष्णु भगवान मानेका थिए । अरू पनि राजा छ, केही हुन्छ भनेर विश्वास गरिरहेका थिए । काठमाडौंका एलिट सर्लक्कै राजाको बफादार । सेनाआदि बलिया संस्था सबै उनको पक्षमा छन् । सबैतिर राजाको नियन्त्रण बलियो छ, एक इशारामा जे पनि हुने अवस्था छ । राजा विकास गर्छु भन्छन्, तै पनि हुन्न । समयक्रममा राजा आफैं उत्सवमा रमाउन थाले । विदेशी पाहुना आएपछि भोजभतेरमा बडा रमाउने । अनि सोच्न थालियो विकास किन हुन्न ?

उनको सत्ताको खम्बा रहेका एलिट, सेना, हिन्दू मठाधीश छन्, तिनको स्वार्थ व्यवस्थापनमै समय जाने रहेछ । सबैको पालो पुऱ्याउन सरकार परिवर्तन गरिरहन परेको छ । बफादारीको पुरस्कार स्वरूप सार्वजनिक जमिन, जंगल बक्सिसमा दिएको छ । अनि राजाको खम्बाको रूपमा रहेका एलिट, सेना, गुरू/पण्डित आदि र सर्वसाधारणको इन्ट्रेस्ट फरक छ । गरिबलाई केही छैन, सम्पन्नले बक्सिसमा जग्गा पाएको छ । अनि जनताले कसरी राहत पाउनु ? फेरि बजेटको साइज बढ्दै गएपछि राजामा पनि लोभ पलाउने भयो । सम्पत्ति जोड्ने लालसा पैदा भयो । विदेशी पाहुना आएपछि पार्टी गऱ्यो, रमाइलो गऱ्यो आदि । एक दिन अब विकास हुन्नँ भन्ने लागेपछि कीर्तिबाबु (प्रधानमन्त्री कीर्तिनिधि विष्ट) लाई भनें- सक्रिय राजतन्त्रबाट विकास हुन्नँ, अब संवैधानिक राजतन्त्रमा जानुपर्छ भनेर भन्नुस् भनेर । राणाशासनमा त विकास भन्ने कुरै थिएन । तिनले त आफ्नै दाजुभाइ-खलक र काठमाडौंका भारदार खलक मिलाए पुग्ने भयो । दोस्रो विश्वयुद्धले अभावको सिर्जना

गऱ्यो, बजार देखिएपछि जुद्धसमशेरको पालामा उद्योगहरू खुलेका हुन् ।

समाजमा स्वार्थ हुन्छन्, स्वार्थले द्वन्द्व निम्त्याउँछ । तिनको व्यवस्थापननै विकासमैत्री राजनीति हो । स्वार्थको सम्मिलन गरी शक्तिको समुचित बाँडफाँट गरेपछि मात्र विकासमैत्री राजनीतिको सुरुवात हुन्छ । द्वन्द्व एकातिर छ, अनि विकासमैत्री राजनीति गर्छु भनेर विकास हुन्नँ । कृषिलाई व्यावसायीकरण गर्ने, पूर्वाधार विकास गर्ने भनेर अघि योजना बुन्दैमा विकास हुँदैन । एउटा योजना बनाउने कुरामा त अनेक झमेला हुन्छन्, देशै विकास गर्छु भन्ने कुरा राजनीतिबाट कसरी अलग हुनसक्छ ? मैले विकासका योजना र तिनको कार्यान्वयनलाई चित्र कोर्ने ब्रस भन्ने गरेको छु, क्यानभास चाहिँ राजनीति हो । विकासको कुरा गर्नेलाई क्यानभास बनेको छैन, कसरी चित्र कोर्ने भन्ने गर्छु । राजनीतिक फ्रेमवर्क त चाहियो । गणेशमान सिंह राजनीतिक क्रान्ति सकियो, अब आर्थिक क्रान्ति गर्नुपर्छ भन्नुहुन्थ्यो । उहाँलाई पनि भनेको छु- आर्थिक क्रान्ति भन्दैमा हुन्छ ? राजनीति ठिक हुनपर्छ । उहाँले कांग्रेस दुई-दुईपटक क्रान्ति गरेको पार्टीभन्दा त दुईचोटि पनि क्रान्ति गर्नुपर्छ त, सक्नेले एकचोटि क्रान्ति गरेर सबै काम सिध्याउँछ भनेको पनि छु । ठूलो समुदाय मूलधारबाट अलग्गिएको महसुस गर्छ, उसले आफ्ना भाषा/संस्कृति त्याग्दा अवसर पाउने अवस्था छ, अनि विकास/विकास कराएर हुन्छ ?

विकास संस्कृति हो । सामान्य कामदारमा पनि मैले गरेको काम राम्रो हुनपर्छ भन्ने भाव जाग्नुपर्छ, काम राम्रो गरेर आएको आर्जनले परिवार पाल्ने कुरा उसको मनदेखि आउनु पर्छ ।

हामी १३ वटा पञ्चवर्षीय योजना कार्यान्वयन हुँदा पनि किन यति पछाडि त ? यसको कारण हामीले क्यानभास तयार नगरी चित्र कोर्ने काम गरिरहेका छौं । मैले यस्तो भन्दा कतिपय लिक्वान यु (सिंगापुर), पार्कचुङ ही (दक्षिण कोरिया) ले गऱ्यो त भन्छन् । लिक्वान आफैंमा एकदम भिजनरी, सुशिक्षित नेता थिए, देश सानो थियो । फेरि उनले त्यहाँका चिनियाँ, मले, तामिल आदिको चित्त नबुझाइ विकास सम्भव भयो होला र ? दक्षिण कोरियाले राजनीतिलाई पन्छाएर विकास गरिएको हो तर त्यसमा अमेरिकाको लगानी आदि कुरालाई बिर्सन भएन ।

शेयर खाता

DMAT खाता access गर्ने सुविधाका साथ !

प्रस्तुत छ नेपालकै पहिलो शेयर खाता, जसले तपाईंको नबिल बैंकको सहायक कम्पनी नबिल इन्भेस्टमेन्ट बैंकिङ्ग लिमिटेडमा रहेको DMAT खाता हेर्न, शेयरहरु बारे जानकारी लिन तथा शेयर कारोबार सहज बनाउन मद्दत गर्दछ ।

SERVING THE NATION SINCE 1984
NABIL BANK®
YOUR BANK AT YOUR SERVICE
www.nabilbank.com

जागिर छाडेर हिँडेदेखि विकासमैत्री राजनीति भन्दै आएको छु तर क्यानभास पहिला बनाऔं भन्छु । क्यानभास भनेको संविधान हो । यसमा कतिपयले असहमति जनाए, क्यानभास पूर्ण भएन । अब क्यानभासलाई पूर्णता दिऔं । क्यानभासलाई पूर्णता दिएपछि यी नेतालाई चित्र कोर्नेमा जोतौं ।

अब संविधान संशोधन भएपछि द्वन्द्व नहुने भन्ने होइन, द्वन्द्व नभएको समाज जीवन्त हुन्नँ तर बहस/विमर्शबाट सुल्झाउँदै जानुपर्छ । बहसले नयाँ सोच जन्माउँछ । समाज जीवन्त बन्छ । जनतामा विभेद छ भन्ने कुरा रहेन भने जात आदिका राजनीति पनि कमजोर हुँदै जान्छन् । शिक्षित/सचेत हुँदैछन्, यही समाजबाट अहिलेभन्दा उम्दा नेतृत्व आउन थाल्छ ।

दोस्रो विश्व युद्धपछि विदेशी सहायताको लहर आयो । हामीले पनि विदेशी सहायता लिन थाल्यौं । त्यसले पनि विकास ल्याएन । राजनीति मिले न विदेशी सहायताको सदुपयोग हुने हो । विदेशी सहायता दाताको आफ्नै स्वार्थमा आएको हुन्छ, तिनको आफ्नै रणनीति हुन्छ ।

त्यसलाई आफ्नो अधिकतम हित हुने गरी प्रयोग गर्नुपर्ने हुन्छ, जुन हामीले सकेनौं । फेरि लामो समय अर्थ मन्त्रालयको विदेशी सहायता डिभिजनमा बुझ्दा र बाहिर रहेर विश्लेषण गर्दा विदेशी सहायताले लिने मुलुकको राजनीति, समाजिक, सांस्कृतिक आदि पक्षको सबल र दुर्बल पक्षलाई सशक्त बनाइदिन्छ । हामीकहाँ दुर्बल पक्ष धेरै थिए अथवा सबल पक्ष हामीले देखाउन सकेनौं- दुर्बल पक्षलाई झन् घनिभूत बनाइदियो । मैले चार दशक पहिले विदेशी सहायता प्रत्युत्पादक भयो भन्न थालें । चार दशकमा त्यो झन् प्रत्युपादक र कतिपय ठाउँमा विकृत देखिँदै छ । विदेशी आफै यहाँ आएर खत्तम हुन थाले । तिनका बडेबडे अधिकारी तलबको थुप्रो खाने, सुविधा भोग्ने, नेपाली अधिकारी रहलपहलमा मख्ख परेर बसेको अवस्था छ । उत्पादक क्षेत्रमा लगानी छैन । लगानी गरे पनि लिकेज धेरै छन्, प्रतिफल कम । अहिले त विकासको साझेदार भनियो, झन् समस्या थपियो । दाता र थाप्ने हुँदा थाप्ने (नेपाल) ले यो त भएन नि भन्न सक्थ्यो, साझेदार भनिएपछि थाप्ने जति पनि भन्न नसकिने अवस्था बन्यो । हामीले राजनीति मिलाए तिनले दुर्बल पक्षलाई सशक्त बनाउन सक्दैनन्, सहायताको सदुपयोग गर्न सकिन्छ । विकास संस्कृति हो । सामान्य कामदारमा पनि मैले गरेको काम राम्रो हुनपर्छ भन्ने भाव जाग्नुपर्छ, काम राम्रो गरेर आएको आर्जनले परिवार पाल्ने कुरा उसको मनदेखि आउनु पर्छ । सडक बनायो भत्कियो, खोइ संस्कार ? इन्जिनियर/ठेकेदारमा कारबाहीमा परिने डरभन्दा पहिला मैले बनाएको सडक कसरी यति चाँडो भत्कियो भन्ने चिन्ता हुनपर्छ । यस्तो भाव आउन पहिला राजनीति मिल्न पर्‍यो, अधिकारको बाँडफाँट चित्तबुझ्दो हुनुपर्‍यो । अनि, नेतृत्वले त्यस्तै सन्देश जनतामा फैलाउनुपर्‍यो ।

अन्त्यमा, एकचोटि विकासको कुरामा किशुनजीले भन्नुभयो- किसानदेखि नेतासम्म सबैमा मध्यमवर्गीय जीवनशैली (पक्की घर, गाडी आदि) को आकांक्षा छ, सबै त्यही प्राप्त गर्ने एजेन्डामा कुदेका छन, देश विकासको चिन्ता छैन, कसरी हुन्छ विकास ? अब, यो सोचमा 'यु टर्न' ल्याउन राजनीति मिलाऔं । त्यही हुनेछ, विकासमैत्री राजनीति ।

(पाण्डे पुर्व अर्थमन्त्री हुन् ।)



Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक

प्रधान कार्यालय:
रंगशाला मार्ग, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन: ०१-४४८६१००
Email: info@janatabank.com.np,
Website: www.janatabank.com.np

पुँजी वृद्धि र पूर्वाधारमा वित्तीय क्षेत्रको लगानी

● डा चिरञ्जीवी नेपाल

पूर्वाधार विकासमा लगानी गर्नको लागि धेरै पैसा चाहिन्छ । विदेशी दातृ निकायले अहिलेसम्म नेपालको पूर्वाधार विकासमा सहयोग गरिरहेका छन् । नेपालको राजस्वले अहिले सरकारको साधारण खर्च समेत धान्नको लागि मुस्किल पर्ने अवस्था रहेको छ । स्रोतको अभावको कारण विदेशी दातृ निकायको मात्र भर पर्नुपर्ने अवस्था भएको कारण अहिले ल्याउन लागिएको बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून (बाफियामा) पूर्वाधार विकास बैंक ल्याउने कुरा गरिएको छ ।

नेपालको विकासको कुरा गर्दा जुन रुपमा हुनुपर्ने थियो त्यो रुपमा भएको छैन । विकासको लागि राजनीतिक स्थाईत्वसँगै लगानीको वातावरण महत्वपूर्ण हो । लगानीगर्दा त्यो देशको राजनीतिक अवस्था परिवर्तन हुन्छ कि केही समयसम्म रहन्छ भन्ने कुराले लगानीकर्तालाई आत्मविश्वास दिन्छ । उदाहरणको लागि चीनमा कम्मुनिष्ट शासन भएपनि लगानी सबैभन्दा बढी जाने कारण त्यहाँको राजनीतिक व्यवस्था स्थिर रहेको छ । लामो समयसम्म सरकार स्थिर छ भन्ने आधारले उदार लोकतन्त्र भएको भारतको तुलनामा कम्युनिष्ट शासन भएको चीनमा बढी विदेशी लगानी छ । लगानीकर्ताले कुन बाद र विचार हेर्ने गर्दैन । लगानीकर्ताले आफुले लगाएको पैसा सुरक्षित भएको छ या छैन त्यसलाई बढी ध्यान दिन्छ ।

नेपालको कुरा गर्दा राजनीतिक अस्थिरता रहेको छ । जसको कारण सरकार छिटो परिवर्तन भएको हुन्छ । यसले छिटो छिटो नीतिहरु समेत परिवर्तन हुने हुँदा लगानीकर्तालाई अन्यौलको वातावरण सिर्जना गर्छ । पछिल्लो समय लगानीको हिसाबले जटिल देखिएको छ । पूर्वाधार विकासमा लगानी गर्नको लागि धेरै पैसा चाहिन्छ । विदेशी दातृ निकायले अहिलेसम्म

नेपालको पूर्वाधार विकासमा सहयोग गरिरहेका छन् । नेपालको राजस्वले अहिले सरकारको साधारण खर्च समेत धान्नको लागि मुस्किल पर्ने अवस्था रहेको छ । स्रोतको अभावको कारण विदेशी दातृ निकायको मात्र भर पर्नुपर्ने अवस्था भएको कारण अहिले ल्याउन लागिएको बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून(बाफियामा) पूर्वाधार विकास बैंक ल्याउने कुरा गरिएको छ । नेपालको पूर्वाधार विकास बैंक ल्याउने भनेर कुरा हुन थालेको भने १० वर्षभन्दा बढी समय वितिसकेको छ । हरेक वर्षमा बजेटमा तथा मौद्रिक नीतिमा पनि पूर्वाधार विकास बैंकको विषय उल्लेख भएपनि यो ल्याउनको लागि ढिलाई भएको छ । २० अर्ब चुक्ता पुँजी हुनेगरी पूर्वाधार विकास बैंक ल्याएपछि आन्तरिक रुपमा ठूला आयोजनाहरुलाई केहीहदसम्म सरल र सहज गराउछ । जसको कारण सबै पूर्वाधारका आयोजनामा दातृ निकायको भर पर्नुपर्ने बाध्यताको पनि अन्त्य हुन्छ । पूर्वाधार विकास बैंकमा निजी लगानीलाई पनि आकर्षित गर्ने ठाउँ रहेको छ ।

नेपालमा पूर्वाधार विकास गर्नको लागि स्रोतको अभाव छैन भन्ने कुरा विभिन्न कम्पनीहरुले गर्ने आइपिओ भर्न लागेको लाइनले देखाएका छ । राष्ट्रबैंकले बैंकको पुँजी २ अर्बबाट ८ अर्ब पुऱ्याउँदा यो सम्भव छैन भन्नेहरु धेरै थिए ।

नेपालमा पूर्वाधारका आयोजनाहरु समयमा सम्पन्न नहुँने ठूलो समस्या छ । कुनैपनि आयोजना समयसिमा भित्र नसक्दा यसको लागत बढ्दै जान्छ । उदाहरणको लागि मेलम्ची खानेपानी आयोजनालाई लिन सकिन्छ । कति वर्षदेखि काम शुरु भएपनि अहिलेसम्म मेलम्ची आयोजना सकिएको छैन । यसको लागतपनि समय सिमाभित्र नसक्दा हरेक वर्ष बढ्दै गएको छ । आयोजना समयमा सक्नको लागि कानूनी आधारपनि बलियो बनाउनुपर्छ । आयोजनाहरु समयमा सकिएमा लागतपनि कम लाग्छ । हाम्रोमा आयोजनाको समय जति धेरै लम्बायो त्यसको लागतपनि बढी लाग्ने र जनताको नाममा आएको पैसा त्यसै खर्च हुने हुन्छ । यसमा न्यायलयपनि विशेष ध्यान दिनुपर्ने आवश्यक छ। पूर्वाधार क्षेत्रमा धेरैवटा मुद्दा परेका हुन्छन् जसको कारणपनि निर्माण गर्न ढिलाई भएको छ । ढिलो काम गर्नेलाई कारवाही गर्नुपर्छ ।

नेपालको पूर्वाधार क्षेत्रमा वित्तीय क्षेत्रको अहिलेसम्म लगानी त्यती धेरै ठूलो रहेको छैन । विस्तारै जलविद्युत् लगायतका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले कर्जा लगानी बढाउदै छन् । मेलम्ची खानेपानी आयोजना एशियाली विकास बैंकको सहयोगमा सन्चालित छ । यो समयमा सम्पन्न भएको छैन । तर,यो आयोजना नेपाली बैंकहरुले कर्जा दिएको भए र समयमा आयोजना सम्पन्न नभएको भए वित्तीय प्रणालीमा अर्को असर देखिने थियो । समयमा आयोजना सम्पन्न हुने ग्यारेन्टी नहुँदा पनि बैंक तथा वित्तीय संस्थाबाट पूर्वाधार क्षेत्रमा कर्जा दिनको लागि समस्या भने देखिएको छ । बैंकले ऋण दिएको रकम समय सिमा भित्र चुक्ता नभए यस्तो क्षेत्रमा कर्जा दिने गर्दैन । नेपालमा पूर्वाधार क्षेत्रमा समयमा आयोजनाहरु निर्माण पुरा हुँदैन । नियमित किस्ता र ब्याज नआउनासाथ सो रकम प्रोभिजन गर्नुपर्छ । यद्यपी पूर्वाधार क्षेत्रमा कर्जा जान नसक्नुमा अरुपनि कारण छन् । आयोजना समयमा सम्पन्न नहुँदा एउटै आयोजनामा पुँजी केन्द्रीत हुन्छ । जुन अर्थतन्त्रको लागि राम्रो छैन ।

पूर्वाधार विकासमा पहिलो सुधार सडकको पहुँच हो । सडक सम्पर्क जोडिएपछि धेरै क्षेत्रमा प्रगती हुन्छ । हामीले हरेक वर्ष सडक निर्माणको लागि धेरै ठूलो बजेट खर्च गर्ने गरेका छौ । सुरक्षित सडक भने बनेका छैनन् । सडक खासमा कति ठूलो आकारको चाहिने हो र सुरक्षित सडक कसरी बनाउने र यसमा भएको खर्चको विषयमा केही बहस भएको छैन । ठूलो सडक निर्माण गरेर मात्र विकास हुँदैन । हामीले ठूलो सडक बनाउने भिजन ल्याएपनि त्यसलाई केबल प्रचार गर्ने आधारले मात्र हेर्ने गरेका छौ । अल्पकालिन रुपमा मात्र चर्चामा आउन गरिएका कदमहरु लामो समयसम्म कार्यान्वयन गर्न सकेका छैनौ । नेपालको राजनीतिमा बारम्बार स्वीजरल्याण्डको कुरा आउने गर्छ । स्वीजरल्याण्डमा अन्यन्त कम चार लेनको बाटो छ बाँकी सबै दुई लेनको बाटो छ । त्यहाँ ७० देखि ७५ लाख गाडी छ । मैले उनीहरुलाई सोधेपनि किन ठूलो बाटो नबनाएको भनेर सोधेपनि । उनीहरुले मलाई बाटो ठूलो बनाउने भन्दा पनि सिस्टमको आधारमा चल्ने बताएका थिए । आवश्यक परेको ठाउँमा बाटो ठूलो बनाउने हो तर,ठूलो बनाइसकेपछि यसलाई हरेक वर्ष गर्नुपर्ने मर्मत सम्भारको लागि चाहिने स्रोतको बारेमा हामीले छलफल गरेका छैनौ । हामीले अहिले चकप्रथ विस्तार गर्दै छौ । यो विस्तार गरेपछि यसको मर्मतलाई चाहिने स्रोतको बारेमा अहिलेसम्म ध्यान दिएका छैनौ । बाटो ठूलो बनाउने तर,भएको बाटोलाई मर्मत नगर्दापनि समस्या भएको छ । हामीले अहिले बनाउने र छाड्ने मात्र काम गरेका छौ । भएका बाटोहरुको मर्मत भएको छैन हामी ८ लेनको सडक भनेर कुदिरहेका छौ । निर्माण भएको बाटोमा पनि गुणस्तरको सामान प्रयोग भएको छैन । उदाहरणको लागि भैरहवा र बुटवलको सडक हेर्नुहोस । अहिलेसम्म सडक विस्तार पुरा भएको छैन तर,बनेका सडकहरु भत्कन्न थालेका छन् । हाम्रा भिजनहरु पपुलर हुनमात्र थालेका छन् ।

पूर्वाधार विकासमा आन्तरिक लगानी बढाउनको लागि वित्तीय क्षेत्रको लगानीसँगै आयोजनाको लागि निर्माण खर्च जुटाउन ऋणपत्रपनि जारी गर्न सकिन्छ । भारतले अहिले धेरैवटा सडक आयोजनाहरु यसरी ऋणपत्र जारी गरेर जनताको पैसाबाट बनाएको छ । नेपालमा अहिले ऋणपत्रको बजार(बन्ड मार्केट) धेरै नै कमजोर अवस्थामा रहेको छ । पुँजी बजारमा बन्ड मार्केटको हिस्सा २ प्रतिशत हाराहारीमा छ । बन्ड मार्केट बलियो बनाउनासाथ पूर्वाधार विकासमा स्वदेशी लगानीपनि आकर्षित गर्न सकिन्छ । बन्ड मार्केट बलियो विभिन्न खालका जोखिमहरुपनि कम हुन्छन् । जापान र कोरियामा पुँजी बजारमा विदेशी लगानीकर्ता फर्केपछि आएको जोखिमले समस्या निम्तेको थियो । जुन संकटको कारण जापान र कोरियाले आन्तरिक बजारलाई प्रोत्साहन गर्नको लागि बन्ड मार्केटको विकास गरे । बन्ड मार्केटमा भने हामी धेरैनै

पछाडी रहेका छौ । जनताले बन्डमा लगानी गर्न नचाहने भने सरकारी निकायले यसको महत्व बुझाएर प्रचार प्रसार समेत गर्न सकेका छैनौ । उदाहरणको लागि भूकम्प पीडित ऋणपत्र निकाल्ने भनेका थियौ । संसारभर वितरण गर्ने भनेपनि हामीले गर्न सकेनौ । यसको साक्षरता कमी भयो सरकारले पनि यसमा विशेष ध्यान दिनुपर्ने छ ।

नेपालमा पूर्वाधार विकास गर्नको लागि स्रोतको अभाव छैन भन्ने कुरा विभिन्न कम्पनीहरुले गर्ने आइपियो भर्न लागेको लाइनले देखाएका छ । राष्ट्रबैंकले बैंकको पुँजी २ अर्बबाट ८ अर्ब पुऱ्याउदा यो सम्भव छैन भन्नेहरु धेरै थिए । तर, अहिले यहीबाट भएको लगानीको कारण ८ अर्ब पुँजी सजिलोसँग पुग्ने स्थिती रहेको छ । अर्थात जनतासँग भएको पुँजीबाट बैंकहरुले आफ्नो पुँजी पुऱ्याउन सक्ने देखिएको छ ।

बैंकहरु पुँजीको आधारले धेरै नै कमजोर थिए । २ अर्बको चुक्ता पुँजी वाणिज्य बैंकको थियो । जसको कारण साना आयोजनामा ऋण दिन तथा ठूलो खालका उपकरण आयात गर्नको लागि पनि चारपाँचवटा बैंकहरु मिलेर गर्नुपर्ने थियो । बैंकहरुको व्यवसाय विस्तार गर्न तथा ठूला आयोजनामा लगानी गर्नको लागि २ अर्बबाट पुँजी ८ अर्ब पुऱ्याउनुपर्ने नीति राष्ट्र बैंकले ल्याएको हो । अहिले बैंक तथा वित्तीय संस्थाले पूर्वाधार क्षेत्रमा कर्जा प्रवाह पनि गर्न थालेका छन् । हामीले उत्पादन मुलक तथा कृषि र जलविद्युत् क्षेत्रमा अनिवार्य कर्जा प्रवाह गर्नुपर्ने नीति लिएका छौ । जसको कारण बैंकहरु आफै बजारको सम्भवना खोज्दै जलविद्युत् क्षेत्रमा प्रवेश गरेका छन् । पुँजी आधारले बैंकहरु सक्षम हुँदा अरु विकास निर्माणका आयोजनामा पनि ऋण दिन बैंकहरुलाई कुनै समस्या नहुँने देखिन्छ ।

वित्तीय क्षेत्रलाई पनि राजनीतिक स्थायित्वले असर पर्छ । सरकारको वित्त नीतिले केन्द्रीय बैंकको मौद्रिक नीतिलाई असर गरेको हुन्छ । भूकम्प गयो र नाकाबन्दी गयो । त्यो अवस्थामा बैंक तथा वित्तीय संस्थाहरु असजह स्थितीमा रहेका थिए । पछिल्लो समय हामीहरुले कृषि र उत्पादनको क्षेत्रमा लगानीको अनुपात बढाउनेदेखि अघिल्ला वर्ष भूकम्प र नाकाबन्दीको कारण समस्या परेकालाई उकास्नको लागि विभिन्न नीतिहरु लिएका थियौ ।

केन्द्रीय बैंकले बैंकको पुँजी ८ अर्ब पुँजी पुऱ्याउने घोषणापनि भोलीको दिनमा बैंक तथा वित्तीय संस्थामा कुनै खालको समस्या नआउने वातावरण सिर्जना होस भन्नको लागि गरिएको हो । अघिल्लो वर्षसम्म १३ वटा वित्तीय संस्था समस्या रहेकोमा अहिले त्यो संख्या घट्दो क्रममा रहेको छ भने यसमा पनि नयाँ लगानीकर्ता आएर खरिद गर्न खोजेको अवस्था छ । पछिल्लो समय वित्तीय प्रणालीमा सूचना प्रविधिमा देखिएको जोखिमले समस्या आएको छ । सूचना र प्रविधि क्षेत्रको पूर्वाधारको पनि विकास गर्न छ भने यो क्षेत्रबाट समस्या आएको छ । अहिलेपनि ६० प्रतिशत जनता वित्तीय पहुँचबाट टाढा रहेका छन् । उनीहरुलाई वित्तीय प्रणालीमा ल्याउन सकियो भने थप पुँजी संकलन हुन्छ भने त्यसले लगानी गर्नको लागि स्रोत जुटाउने काम गर्छ । केन्द्रीय बैंकले अहिले समावेशी वित्तीय पहुँचमा जोड दिएको छ । जसले तल्लो तहसम्म वित्तीय पहुँचपनि पुग्छ र विकासपनि पुग्छ ।

(नेपाल, राष्ट्र बैंकका गभर्नर हुन् ।)

www.acplnepal.com

अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट

अर्घाखाँची सिमेन्टको बारेमा सबैलाई थाहा छ मैले त केही बोल्नै पर्दैन

(सुनिल थापा)



आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक जर्मनी प्रविधिबाट उत्पादन गरि
अटो रोटो प्याकेजिङ सिस्टमद्वारा सही तौल मापन गरिएको सम्भवतः नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग ।

पहुवावाडी, जैनसीमा उ.वि.स.-९, रुपन्देही, नेपाल । फोन नं. ९८४६०१४०४० । कुरुच कार्यालय: बाबाघरी, काठमाडौं । फोन नं. +९७७-१-४१०२१८८/४१०२१८३

अपारदर्शी चन्दाले राज्यसंयन्त्र बेचिइसक्यो

● सूर्यनाथ उपाध्याय

सार्वजनिक भएका तथ्य र अनौपचारिक गफगाफबाट हामी के बुझ्न सक्छौं भने दलको आर्थिक स्रोत भनेको मुख्यतः चन्दा नै हो । त्यो कहिले आपसी समझदारीमा हुन्छ त कहिले जर्बजस्ती पनि भएका छन् । जसरी उठाए पनि उनीहरूले यसलाई आर्थिक सहयोग भन्ने गर्छन् । आम्दानीको दोस्रो मूल भनेको आफ्ना सदस्यबाट उठाइने लेबी रकम हो । यस्तो लेबी सबै पार्टीले अनिवार्य गराएर दलीय ढुकुटी भरेको पाइँदैन ।

नेपालमा राजनीतिक दलहरूको आर्थिक स्रोतको पारदर्शिताको कुरा गर्दा बडो विचित्रको तस्बिर देखिन्छ । उनीहरूको आम्दानीको देखिने गतिलो स्रोत केही छैन तर मज्जैले पार्टी चलिरहेका छन् । पार्टीका कार्यक्रम हेर्दा सामान्य देखिँदैन । त्यसमा गरिने खर्च मज्जैले हुने गरेको सहजै देखिन्छ । कुनै कर्पोरेट संस्थाको कार्यक्रम भन्दा कम हुँदैनन् पार्टीका कार्यक्रम आजकाल । तामझामका साथ गरिने कार्यक्रमको खर्चको स्रोतबारे कुराकानी गर्दा उनीहरूले सहजै 'चन्दा' सहयोग भन्ने गरेका छन् ।

यस्तो चन्दा सहयोग कसले कति दियो, कहाँबाट कति रकम जुट्यो भन्ने अभिलेख भने दुरूस्त राख्ने प्रचलन नेपालका कुनै पनि राजनीतिक दलमा छैन । के किसिमले चन्दा उठाइयो भनेर जवाफदेही कोहीप्रति हुनुपर्दैन । निर्वाचन आयोगमा दलले बुझाएका आर्थिक विवरणमा पुँजीको मोटो हिसाबखाता त हुन्छ तर यसको स्रोतको पुष्टि गर्नुपर्दैन । यसबाट बुझ्न सकिन्छ कि हामीमाथि शासन गर्ने दलको हिसाबकिताब कति पारदर्शी छ भनेर । दलमाथि कसरी कसले किन लगानी गरिरहेको हुन्छ भन्ने कुरा गोप्य नै छ ।

जनताद्वारा जनताकै लागि शासन गर्ने पद्धतिमा दलहरूको आर्थिक पद्धति पारदर्शी हुनुपर्ने हो । उनीहरूको आम्दानी, खर्चको बहिखाता सार्वजनिक लेखा परीक्षणमार्फत् सबै सर्वसाधारणले बुझ्ने गरी प्रकाशित हुनुपर्ने हो तर यहाँ स्थिति ठिक उल्टो छ । परापूर्वकालदेखि नै हाम्रा राजनीतिक दल अपारदर्शी चन्दाको कारोबारदेखि नै विकसित भएको इतिहास छ ।

सार्वजनिक भएका तथ्य र अनौपचारिक गफगाफबाट हामी के बुझ्न सक्छौं भने दलको आर्थिक स्रोत भनेको मुख्यतः चन्दा नै हो । त्यो कहिले आपसी समझदारीमा हुन्छ त कहिले जर्बजस्ती पनि भएका छन् । जसरी उठाए पनि उनीहरूले यसलाई आर्थिक सहयोग भन्ने गर्छन् । आम्दानीको दोस्रो मूल भनेको आफ्ना सदस्यबाट उठाइने लेबी रकम हो । यस्तो लेबी सबै पार्टीले अनिवार्य गराएर दलीय ढुकुटी भरेको पाइँदैन ।

निर्वाचन, महाधिवेशनका बखत दलले घोषित रूपमै चन्दा उठाउने गरेका छन् । चन्दा उठाउने घोषणा, आह्वान त गरेका हुन्छन् तर उनीहरूले कसले कति दियो भन्ने सार्वजनिक गर्दैनन् । दलहरूमाथि गरिने यस्तो अपारदर्शी चन्दा-लगानीले हाम्रा राज्यका संयन्त्रमा भने क्रमशः खिया लाग्न थालेका छन् ।

२०६३ सालपछि राजनीतिक पार्टीमाथि गरिने लगानीको नयाँ स्वरूप देखिएको छ । यसलाई राजनीतिक पार्टीले राज्यलाई कुनै एउटा 'कर्पोरेट संस्था' जस्तो बनाएको बुझिन्छ । खासगरी गणतन्त्र कालमा संविधानसभामा सबै जात, क्षेत्र, लिंग, पिछडिएका समुदायको आवाज बलियो बनाउन समानुपातिक सहभागिता गराउने नीति लिइयो । त्यसका लागि संविधानसभामा निश्चित सिट संरक्षित गरियो तर यो कोटा उनीहरूले आफ्नो आर्थिक ढुकुटी भर्ने गतिलो माध्यम बनाएको सुनिन्छ । जसलाई मनोनयन गर्ने हो ऊसबाट आपसी सहमतिमा रकम लिएर सफारिस गरियो । अझ कतिपय दलले त जसले मोटो थैलो बुझाउँछ उसैले माननीय हुने सौभाग्य दिने गर्छन् । लिलाम बढाबढमा राखिए जसरी सजाइयो संविधानसभाका मनोनित सिटहरू । यो ओपन सेक्रेट कुरा हो ।

अपारदर्शी आर्थिक लगानीका कारण जन्मिएको सबैभन्दा खतरनाक पछिल्लो घटनाक्रम हो यो । भलै यसका प्रमाण खोज्ने काम कसैले गरेन । अदृश्य रूपमा गरिने आर्थिक लेनदेनका यस्ता परिणति सतहमा आउन थालिसकेका छन् । सुनिएका र अनौपचारिक कुराकानीमा व्यक्त हुने यस्ता खेल सत्यको धेरै नजिक लाग्छन् । अझ पहिलो र दोस्रो संविधानसभाको निर्वाचनमा मनोनित कोटामा आएका अनुहार हेर्दा प्रस्टै यस्तो छनक पाइन्छ । दुवै संविधानसभामा व्यापारिक घरानाका अनुहारको बाहुल्य देखिन्छ । यसले दालमा कुछ होइन कि धेरै कालो पसेछ भन्ने प्रस्ट संकेत गर्छ ।

अदृश्य लेनदेनको एउटा घटना त सार्वजिनक नै भयो । व्यापारिक घराना गोल्छाबाट नेकपा एमालेमा मनोनित सभासद राज्यलक्ष्मी गोल्छाले एमालेलाई रकम दिएर सभासद बनेको सार्वजनिक नै भयो । उनले कुनकुन नेतालाई कतिकति रकम बुझाएको भनेर फेहरिस्त प्रस्तुत गरिन् कात्तिक २०७२ मा । उनले ७ करोड रूपैयाँ बुझाएको दावी गरेकी थिइन् । भलै यसको गहिराइमा पुगेर न एमालेले अनुसन्धान गऱ्यो न राज्यको कुनै निकायले । मनोनित कोटाको राजनीतिक र व्यापारिक नेक्ससबारे खुलाउन यो घटना नै पर्याप्त छ । हाम्रो राजनीतिक दलहरूको आर्थिक स्रोत कतातिर छ भनेर यसले नै घामजत्तिकै प्रस्ट्याउँछ । मुख्य दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र मधेसवादी दलका मनोनित कोटाका सभासदको अनुहार हेर्दामात्रै पनि दल-व्यापारिक घराना सम्बन्ध मात्रै पुष्टि हुँदैन, उनीहरू कहाँबाट सञ्चालित छन् भन्ने छरपस्ट हुन्छ ।

सतहमा देखिएको यो घटनाले राजनीतिक दलहरूमा अपारदर्शी किसिमले लगानी भइरहेको छ र त्यसको फाइदा निश्चित पक्षलाई मात्रै पुगिरहेको छ भन्ने देखाउँछ । अपारदर्शीताभित्रका खेलको मैदान उच्च तहसम्म फैलिएको हुन्छ । कहिले राजनीतिमा नदेखिएको र राजनीति भन्नासाथै नाक खुम्चाउनेहरू पछिल्लो कालमा राज्य सञ्चालनको तहमा आसिन छन् । त्यो भनेको दल वा दलका नेतालाई लगानी गर्दाको प्रतिफल नै हो । यसरी किनबेच भएका सिटबाट साँच्चै पार्टीले लाभ लिएको हुन्छ वा पार्टीका केही नेताले मात्रै ? अपारदर्शी चन्दा

वा आर्थिक सहयोगको खेलका कारण प्रष्ट हुने कुरा भएन । दिनेले कति दियो, लिनेले कति लियो ? दिएजत्ति लिनेले पार्टीलाई बुझायो कि बुझाएन ? आधा आफैं राखेर आधामात्रै बुझायो कि ? चन्दा सहयोग लिने परिपाटी जबसम्म गोप्य भइरहन्छ तबसम्म यी अनुमानकै विषयमात्रै रहिरहने छ ।अपारदर्शी किसिमले चल्दा पार्टीभित्रै आशंकाको स्थिति हुन्छ । सहकर्मीहरूसँग मारामार हुन्छ । पार्टी सञ्चालनमा अप्ठेरो हुन्छ । नेपालमा राजनीतिक पार्टीहरूमाझ फुट भइरहन्छ । यसमा समेत अपारदर्शी आर्थिक लेनदेनको कुरा जोडिएको हुन्छ । एउटा कारण त पैसा पनि हो पार्टी विभाजनको ।

नेपालमा राजनीतिक पार्टीहरूमाझ फुट भइरहन्छ । यसमा समेत अपारदर्शी आर्थिक लेनदेनको कुरा जोडिएको हुन्छ । एउटा कारण त पैसा पनि हो पार्टी विभाजनको ।

राज्यका नीतिमा प्रभाव

जोसँग दलहरूले सहयोग थापिरहेका छन्, के उसले आफ्नो रकम बढी भएर दिएको होला ? कहाँ खर्च गरौं भनेर लगानी गर्ने स्थान नभेटेर दलहरूलाई दिएको हो त ? फेरि संसारमा पैसा धेरै भयो भनेर चिन्तित भएको एकैजना मानिस पनि भेटिएको छैन । त्यस्ता व्यक्तिबारे सुनिएको पनि छैन । त्यसो भए राजनीतिक दलहरूले माग्नासाथै व्यापारीले किन खुरूक्क पैसा दिन्छन् बिना हिसाबकिताब ? त्यो सहयोगमात्र हो त ? पक्कै होइन । राजनीतिक दललाई दिइएको रकम व्यापारीका लागि भविष्यको लगानी हो । यो वास्तवमा चन्दा होइन । चन्दामा स्वार्थ हुँदैन । प्रतिफलको आशा र वाचा हुँदैन । दलहरूमाथि गरेको लगानी हो यो । आफ्नो लगानी भइसकेपछि लगानीकर्ताले जहिले पनि 'रिटर्न' खोज्छ । यो लगानीकर्ताको आधारभूत चरित्र नै हो ।

अब यहींदेखि राज्यका कामयाबी संयन्त्रमाथि व्यापारीको सोझो प्रभाव परिहाल्छ । राजनीतिक दलका मानिस राज्यसंयन्त्रको उपल्लो तहमा पुगिसकेपछि उसले हिजो आफूमाथि चन्दा-लगानी गर्नेलाई कहीं न कहींबाट 'रिटर्न' दिने बाटो खोजिरहेको हुन्छ । दलीय नेताहरूले आफू वा आफ्नो पार्टीमाथि लगानी गर्नेलाई 'रिटर्न' दिने भनेको राज्यसंयन्त्र भित्रैबाट हो । न कि आफ्नो निजी सम्पत्ति वा जायजेथाबाट । यसरी राज्यलाई सञ्चालन गर्ने निकायमा पुगिसकेपछि नेताले आफूमाथि लगानी गर्नेलाई लाभ पुग्ने गरी काम गर्न थाल्छन् । त्यो विभिन्न स्वरूपमा देखा पर्छ । जस्तो, ठेक्कापट्टा मिलाइदिने, नीतिगत परिवर्तन उसका पक्षमा हुनेगरी मिलाउने, कुनै लाभदायी पदमा मनोनित गरेर वा अन्य यनकेन प्रकारले उसले लाभ दिन्छ नै । आफ्ना लगानीकर्तालाई शुभलाभ हुने गरी जसरी पनि काम गरिदिन्छ । यसरी दल र व्यापारी, व्यावसायीबीच दोहोरो आपसी स्वार्थको सम्बन्ध विकास हुन्छ । यो सम्बन्ध चक्रीय प्रणालीमा फनफनी घुमिरहन्छ । जसले राज्यलाई एउटा भ्रष्ट प्रणालीको दुष्चक्रमा हुँडलिदिन्छ ।

यो दुष्चक्र भनेको राज्यका मेसिनरीलाई किनेको हो खासमा । राज्य सञ्चालन गर्ने कामयबी उपकरण नै व्यापारीको हातमा पुग्नु हो । राजनीतिक पार्टीमाथि हुने अपारदर्शी, गोप्य, अदृश्य लगानीका कारण हाम्रो राज्य सञ्चालनका सिंगो संयन्त्र नै बेचिएको छ । राज्यका संयन्त्र

खरिदबिक्री भइरहेका छन् । राज्यका संयन्त्र बेचिनु भनेको राज्यको अधिकार, सिस्टम, काम बेचिनु हो । राज्यका संयन्त्र नै बेचिएपछिको परिणाम के होला ? यो ज्यादै भयानक पक्ष हो । यसले अन्ततः प्रजातन्त्र होइन धनी मानिसले गर्ने शासन प्रणाली 'प्लुटोक्रेसी' लाई जन्म दिनसक्ने खतरा ज्यादा रहन्छ किनभने प्रजातन्त्रमा त सबै कुरा पारदर्शी ढंगले हुन्छ । जहाँ गोप्य आर्थिक साँठगाँठ भएर राज्यले काम गर्नुपर्ने उपकरण नै किनबेच हुन्छ भने यसको परिणाम प्लुटोक्रेसी नै हो, अन्ततः । व्यापारीहरूको हातमा राज्यका संयन्त्रहरू पुग्छन् । पैसा लिएर सांसद पद बाँड्ने कुराले पनि राज्यका नीतिमा सोझै असर गर्छ । पैसा दिएर सांसद बनेपछि उसले आफ्नो व्यवसाय, व्यापारलाई फाइदा पुग्ने गरी नीति, नियम बनाउँछ । उसको केन्द्रमा राष्ट्र रहँदैन । उसको बन्दव्यापार रहन्छ । जस्तो, अहिले शिक्षा क्षेत्रका थुप्रै व्यापारी सांसद बनेका छन् । उनीहरूले बनाउने शिक्षाका नीति, नियम, कानुन पक्कै पनि आफूअनुकूल हुन्छन् । स्वार्थ बाझिने गरी काम गर्न थाल्छ राज्यले । बैंक तथा वित्तीय क्षेत्रको हालतसमेत यही हो । यसरी राज्यका नीतिमाथि उनीहरूको सोझो असर देखिन्छ । यसले राष्ट्रिय साझा स्वार्थमाथि धक्का लाग्छ । यो सबै अपारदर्शी लेनदेनका उपज हुन् ।

राजनीतिक दलका नेताहरू पनि नीति नियम बनाउँदा केन्द्रमा सर्वसाधारण हुँदैनन्, लगानीकर्ता हुन्छन् । त्यहीअनुसार उसलाई जसरी हुन्छ फाइदा दिलाइदिनुपर्ने अवस्थामा पुग्छन् । जस्तो, कुनै मालसामान खरिद गर्न पहिल्यै लगायो । अनि भाउ बढाइदियो । किनेको मूल्यभन्दा बढी मूल्यमा बेच्न पाएपछि व्यापारीको स्वार्थ पूरा हुने भइहाल्यो । पहिले नै सामान किन्न लगाउने अनि राजस्वको दर बढाइदिने । यसरी व्यापारीका पक्षमा राज्यका यन्त्र दुरूपयोग हुनसक्छन् । नीतिगत भ्रष्टचार यसरी हुन्छ अदृश्य लेनदेनका कारण । सरकारी संस्थान बिक्री भइरहेका छन् । यो पनि नीतिगत भ्रष्टचार नै हो । चिकित्सक उत्पादन गर्ने मेडिकल कलेजका एमबिबिएसका सिट अनावश्यक रूपमा बढाइदिएको घटना राजनीति, व्यापारी र कर्मचारीतन्त्रबीच जोडिएको अर्को बेथितिको उदाहरण हो । पूर्वाधारबिनाकै मेडिकल कलेजलाई आफूखुशी सिट बढाइदिनु भनेको मेडिकल कलेजको व्यापार गर्नेका लागि कति ठूलो लाभ भयो । यस्ता निर्णय भनेका राज्यका मेसिनरी बेचबिखन भएपछिका परिणति हुन् । जसले भ्रष्टचार रोक्ने जिम्मेवारी पाएको छ, ऊ नै प्रभावित हुने भएपछि यस्ता बेथिति समाजमा बढ्नेछन् । दलहरूले त राम्रो शासन गर्ने जिम्मेवारी पाएको हो । सांसदको पद किनबेचको घटना संसदीय कालको इतिहासमै सबैभन्दा कलंकित विषय हो । पजेरो काण्ड, विदेश उडाइदिएको घटना नेपालको राजनीतिक इतिहासमा सबैभन्दा बढी बद्नाम भएका घटना हुन्, जसको तार दल-व्यापारी अदृश्य लेनदेनसँगै जोडिएको थियो । अपारदर्शी राजनीतिक लगानीका बाइप्रडक्ट यस्ता प्रकरण अथाह छन् ।

समाधान यो हुनसक्छ

राजनीतिक दल र राजनीतिक नेता स्वच्छ हुनुपर्छ भनेर चर्चा चलेको आज होइन । यो विषय २०४६ सालको आन्दोलनपछि गठन भएको अन्तरिम सरकारदेखि नै उठेको हो । अन्तरिम सरकारले २०४७ जेठमा आफ्नो नीतिगत मार्गनिर्देशनमा हरतरहका भ्रष्टचारी र बदमासलाई दण्डित गरिने बताएको थियो तर व्यवस्था परिवर्तन भए पनि दलहरूको खर्च, आम्दानीको स्रोतको वैधताबारे आज पनि खोजी भइरहनु विडम्बना हो । राजनीतिक दलका लागि चुनाव लड्न लाग्ने खर्च वैध स्रोतबाटै जुटाउने प्रयास डा. प्रकाशचन्द्र लोहनी अर्थमन्त्री छँदा गरेका थिए । २०६०/६१ मा अर्थमन्त्री छँदा लोहनीले बजेटमै भनेका थिए- निर्वाचन आयोगमा दर्ता रहेका राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दललाई लगत्तै अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रतिमत रू. २० का दरले अनुदान दिने व्यवस्था मिलाएको छु ।'

यो एउटा राम्रो उपाय थियो दलहरूको खर्च-आम्दानी पारदर्शी बनाउने । यो कार्यान्वयनमा नै आएन । त्यसपछिका सरकारले यो उपायलाई बिर्सिए वा आफ्नो आम्दानीको स्रोत सुक्ने भएपछि अगाडि

बढाउन चाहेनन् । यो उपायले मात्रै पूर्णसमाधान चाहिँ दिँदैन तर राम्रो विकल्प थियो । योसहित केही अन्य प्रावधान राखिनुपर्थ्यो किनभने यो लेनदेनको सम्बन्ध यति सजिलै बिराम लाग्दैन । पैसाका अगाडि महादेवका त्रिनेत्र त बल्छन् भन्छन् । राज्यले दलमाथि लगानी गर्नु राम्रो हो । यसले उनीहरूलाई पारदर्शी बन्न प्रेरित गर्छ । यसका साथै कडा दण्ड, सजायको व्यवस्था समेत गर्न सक्नुपर्छ । दल एवं नेताहरूमाथि हुने अपारदर्शी लेनदेनलाई अपराधको रूपमा परिभाषित गरेर त्यहीअनुसारको कानुन निर्माण गर्नुपर्छ । राज्यले दिने रकम बाहेक गुप्त रूपमा अन्तैबाट रकम लिएमा त्यसलाई आपराधिक क्रियाकलाप ऐनअर्न्तगत दण्डको व्यवस्था गर्न सकियो भने मात्रै गुप्त लेनदेनका घटना नियन्त्रण गर्न सकिन्छ ।

राज्यले निश्चित रकम दलहरूलाई दिने र त्यसबाहेक अघोषित साँठगाँठ देखिए कारबाहीको दायरामा ल्याएको उदाहरण समेत छन् संसारमा । जर्मनीमा एकपटक यस्तै भएको थियो । सन् ९० को दशकमा हेल्मट कोहलले अनधिकृत रूपमा चन्दा लिएपछि उनले क्रिश्चियन डेमोक्रेटिक पार्टीको प्रमुख पद नै छोड्नु परेको थियो । सन् १९९९ मा यो घटना सार्वजनिक भएको थियो । जर्मनीको राजनीतिक इतिहासमा यसलाई कालो धन काण्ड मानिएको थियो । यस्तो लेनदेनलाई अनधिकृत मानेर नेपालमा समेत सजायको व्यवस्था गरिनुपर्छ ।

पारदर्शी लेनदेनलाई भने स्वागत गरिनुपर्छ । कसैले घोषित रूपमा फलानोबाट यति रकम सहयोग लिएको भन्छ भने यस्ता क्रियाकलापलाई हामीले पूरै निषेध गर्नुहुँदैन । यति हो, उनीहरूको कारोबार छर्लंग हुनुपर्‍यो । कहाँबाट रकम आउँदैछ भन्ने जनताको थाहा पाउने अधिकार मर्नु भएन । यसका केही फाइदा पनि छन् । घोषित आर्थिक सहयोग लिन पाउने परिपाटीले राजनीतिक दललाई सिर्जनशील काम गर्ने वातावरण बन्न सक्छ किनभने पारदर्शी प्रणाली बसिसकेपछि व्यापारीले दललाई आर्थिक सहयोग गर्नु भनेका व्यापारीलाई दलको कार्यक्रम, भिजन मन पर्नु हो । जसले राम्रो योजना बनाउँछ, नीति लिन्छ उसैलाई व्यापारीले सहयोग गर्न सक्छन् । यसले विकासको प्रगतिको ढोका खुल्न सक्ने सम्भावना प्रवल रहन्छ ।

अब यहाँ प्रश्न आउन सक्छ आफूलाई लाभ नहुने भएपछि व्यापारीले दलहरूलाई किन पैसा दिने ? दलहरूको कार्यक्रम, नीति, योजना भनेको राज्यसंयन्त्रमा पुगेपछि कार्यान्वयन हुने हो । उनीहरूले लिने नीति, उद्देश्यले व्यापारीलाई प्रत्यक्ष प्रभाव परिनै हाल्छ । त्यसैले जुन दलले राम्रो कार्यक्रम ल्याउँछ उसलाई व्यापारीले लगानी गर्नसक्ने सम्भाव्यता उच्च रहन्छ । आफूलाई मन पर्ने वा आस्था बस्ने भएपछि मानिसले सहजै आर्थिक सहयोग गर्छन् भन्ने उदाहरण हो, पुराण एवं यस्तै अन्य धार्मिक अनुष्ठानमा स्वतःस्फूर्त उठ्ने सहयोग । महायज्ञ, पुराणमा मानिसहरू किन करोडौँ रूपैयाँ दान गर्न राजी भएका होलान् ? किनभने त्यो कार्यक्रम मन पराएर उनीहरू सहयोग गर्न हौसिएका हुन् । विद्यालय, अस्पताल बनाउन, बाटोघाटो निर्माण गर्न त मानिसहरूले चन्दा दिइरहेकै छन् नि । सत्कर्मका लागि उनीहरूले कहिल्यै सानो चित्त पारेका छैनन् । भनेपछि दलहरूका कार्यक्रम मन पर्‍यो भने त जनताले पैसाको खोलो बगाइदिने रहेछन् भन्ने यसबाट पुष्टि हुन्छ । यो परिपाटीले दलहरूलाई जनताप्रति उत्तरदायी बनाउन उक्साउने रहेछ ।

घोषित रूपमा चन्दा उठाउने अभ्यास संसारका सबै प्रजातान्त्रिक मुलुकमा छ । हामीले कस्तो बाटो अपनाउने त्यो मोडालिटीबारे छलफल गर्नुपर्छ । अपारदर्शी आर्थिक सम्बन्धका कारण कसैले राम्रै नियतले ल्याएका कार्यक्रममाथि पनि आशंका जन्माउँछन् । त्यसैले पारदर्शी आर्थिक व्यवहार जरूरी छ । सुरूमै राज्यले दललाई पैसा दिने क्षमता राख्छ कि राख्दैन ? त्यसबारेमा स्पष्ट हुनुपर्छ । अहिल्यै यसो गर्दा राज्यलाइ अचाक्ली आर्थिक भार पर्छ भने पहिलो चरणमा चन्दा पारदर्शी हुनुपर्छ भन्ने अनिवार्य व्यवस्था गर्नुपर्छ । यतिमात्रै भयो भने पनि राजनीतिक भ्रष्टचार आधा घट्छ । हाम्रा लागि यो निकै ठूलो उपलब्धि हुनेछ ।

(उपाध्याय अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त हुन् ।)

सिभिल बैंक नयाँ खाता योजना

नयाँ खाताको साथमा

नयाँ पत्रिका सित्तैमा*

* शर्तहरू लागू हुनेछ

सिभिल बैंकमा नयाँ खाता खोल्नुहोस् र
नयाँ पत्रिकाको त्रैमासिक ग्राहक सदस्यता
सित्तैमा पाउनुहोस् ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank
www.civilbank.com.np, SWIFT: CIVLNPKA

प्रधान कार्यालय/मुख्य शाखा : क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी, काठमाण्डौं-३१,पोष्ट बक्स: ९७९९,फोन नं : ४१६९०३०/४१६९०३३/४१६९०४०, फ्याक्स नं : ४१६९०३८,
उपत्यका भित्रका शाखाहरू: ■ न्युरोड: ०१-४२३२९९१/९२ ■ वानेश्वर: ०१-४१०४२६९/७० ■ पाटन: ०१-५५४७९३२/५५४८६८२ ■ अनामनगर: ०१-४२४०२१५/०१९ ■ बौद्ध: ०१-४९१७४१०/११
■ गोंगबु: ०१-४०२०११२/१३ ■ किर्तिपुर: ०१-४३३४४५८/६७ ■ कुलेश्वर: ०१-४२८९५२४/४६७१९१६ ■ स्वयंभू: ०१-४६७०४४८/४९ ■ कपन: ०१-४८२३८२५/२६ ■ जावलाखेल: ०१-५००९१४७/५००९१९३
उपत्यका बाहिरका शाखाहरू: ■ वीरगंज: ०५१-५२९९४३/५९ ■ विराटनगर: ०२१-५२१९८१/८४ ■ पोखरा: ०६१-५३९७६७ ■ लेखनाथ: ०६१-५६०२५१/५२ ■ भैरहवा: ०७१-५२११६१/६२
■ नेपालगंज: ०८१-५२५५७८/७९ ■ नारायणगढ: ०५६-५७००२९/३९ ■ हेटौंडा: ०५७-५२६९०१ ■ बुटवल: ०७१-५५०५६४/६५ ■ वितामोड: ०२३-५४५४०५/०६ ■ बनेपा: ०११-६६०३८३/८४/८५
■ बाहबीसे: ०११-४८९१८३ ■ धादिङ्गबेशी: ०१०-५२१०६८ ■ मेलम्ची: ०११-४०१०५५ ■ आरुघाट: ०६१-६२२६८८,०६४-४१०१०२ ■ इटहरी: ०२५-५८७४२५ ■ टाँडी: ०५६-५६०३८० ■ खुरखुरे: ०५६-५८३७९१
■ पार्वतीपूर: ०५६-५९१५१५ ■ सिन्धुलि: ०४७-५२१०८१ ■ फिदिम: ०२४-५२०७८८ ■ विजुवार: ०८६-४६०५०६/०७ ■ गाईघाट: ०३५-४२१३८४ ■ सल्यान: ०८८-४००१७८ ■ रुकुम: ०८८-५३०३०५
■ ओखलढुङ्गा: ०३७-५२०६१५/१६ ■ जनकपुर: ०४१-५३०३२०/२१ ■ धनगढी: ०९१-४१७६९९/४१६७९९ ■ धुलिखेल: ०११-४९०८४७/४९०८४९ ■ तुलसीपुर: ०८२-५२३१९७

SAMSUNG

Galaxy J7 Prime | J5 Prime

Stay in charge. Stay secure.

Ultra Power Saving
For worry free performance over a longer period

Enhanced Performance
3GB RAM (J7 Prime), 2GB RAM (J5 Prime)

Enhanced Security
Fingerprint Sensor

ELEGANT METAL DESIGN
4.0' metal body with 2.5D Gorilla Glass

S BIKE MODE
Ride tension free on the road

ULTRA DATA SAVING[1]
Saves upto 50% data

Authorized Distributors of Samsung Mobile for Nepal
IMS | NIM ELECTRONICS

Samsung service center toll free number:
18000910113

Product images, features, specifications shown here are for representational purposes only, the actual product may vary. For more details on S bike mode, visit www.samsung.com. [1]UDS results based on Samsung internal lab test conditions. Individual results may vary.

facebook.com/SamsungMobileNP twitter.com/samsungmobilenp

NEEK®

Celebrating 25 YEARS

Powering Nepal since 1992

ठेल-ठेलका DEMAND, NEEK TRANSFORMERS

More than 18,000 transformers used to empower the nation till Date.

Quality | Capacity | Consistency

NEEK®

Nepal Ekarat Engineering Co. Pvt. Ltd.

OFFICE:
Jaycees Marg, Thapathali, Kathmandu, Nepal, P. O. Box 1939,
Tel: 4243436, 4244857, 4252169, Fax: +977-1-4253612, E-mail: info@neek-transformer.com

FACTORY:
Thana Bharyang, Nawalpur, Hetauda,
Tel: 057-520994, 520935, Fax: +977-57-520689, E-mail: works@neek-transformer.com

NS NO. 166

ISO 9001 CERTIFICATE NO. 47194
ISO 9001:2008

समकालीन परिस्थिति र केन्द्रीय बैंकको स्वायत्तता

● दीपेन्द्रबहादुर क्षेत्री

कानुनको दह्रो टेको प्रयोग गरी अव्यावहारिक र कानुनविपरीत निर्देशन हुन्छन् भने त्यस्ता निर्देशन विधिसम्मत चुनौतियोग्य हुन्छन् । बैंकिङ पद्धतिलाई मुलुकले अनुभूत गरेको परिवर्तन अनुकूल विकास निर्माण र प्रगतिका लागि अनुकूल स्थिति सिर्जना गर्ने दायित्व केन्द्रीय बैंकको हो ।

केन्द्रीय बैंक पूर्ण सरकारी स्वामित्व भएको नियामक निकाय हो । सरकारको बैंक पनि भएकाले केन्द्रीय बैंकको स्वायत्तताको प्रसँग चाखलाग्दो विषय लाग्न सक्छ । सरकारका नीति र कार्यक्रम तथा केन्द्रीय बैंकका परम्परागत एवं आधुनिक जिम्मेवारी निर्वाह गर्न निश्चित विषयमा स्वायत्तता नभए अर्थतन्त्रमा विकृति मौलाउन सक्छन् । त्यसैले सरकारको काम र केन्द्रीय बैंकका विशेष काममा स्पष्ट खाका कोरी जिम्मेवारी तोक्ने कार्य संसारभरि प्रचलनमा छ । यस अर्थमा बजेट तर्जुमा र कार्यान्वयनमा सरकारको दायित्व र मौद्रिक व्यवस्थापनमा केन्द्रीय बैंकको अधिकारका रूपमा ग्रहण गरिन्छ । सरकार प्रशस्त पैसा खर्च गरी जनताबीच लोकप्रिय बन्न चाहला जसको राजनैतिक लाभ त मिल्ला तर, मौद्रिक व्यवस्थापन डामाडोल हुन सक्दछ । मूल्य वृद्धि र मुद्राको मूल्य नियन्त्रण गुमेको अवस्थामा अर्थतन्त्र धराशयी हुन पुग्दछ । यहिँनेर केन्द्रीय बैंकलाई मौद्रिक व्यवस्थापन गर्ने, बैंक-वित्तीय संस्थालाई नियमन गर्ने विशेष हक प्राप्त हुन्छ र सरकारको नीतिसँग बेमेलको अवस्था पनि सिर्जना हुन्छ । सम्वन्धित ऐनले तोकेको कार्य गर्न केन्द्रीय बैंकलाई दिइएको अधिकार स्वतन्त्र रूपले प्रयोग गर्न पाउनु नै स्वायत्तता हो ।

केन्द्रीय बैंकको मुख्य काम मूल्य नियन्त्रणका साथै मुद्राको मूल्यमा स्थिरता कायम गर्ने हो । बैंकिङ गतिविधिमा अर्थतन्त्रलाई गतिशील बनाउन अनुकूल नियमन गर्ने दायित्व पनि केन्द्रीय बैंकको हो । खासगरी अर्थतन्त्रमा कति रकम प्रवाह गर्दा जनताको आर्थिक कारोबार सञ्चालन हुन्छ र विकास निर्माणका निम्ति पर्याप्त रकमको आवश्यकता ठम्याई सोहीअनुरूप व्यवस्था गर्ने दायित्व केन्द्रीय बैंकको हो । अधिक मुद्रा प्रदायले मूल्य नियन्त्रणमा प्रतिकूल स्थिति आउन सक्ने सम्भावनालाई ख्याल गरी केन्द्रीय बैंकले उपयुक्त नीति अवलम्बन गर्दछ । मुद्रा प्रदायमा विस्तार वा संकुचन जे गर्नुपर्ने हो आवश्यकताअनुसारको कदम चाल्न केन्द्रीय बैंकले मुद्रा बजारमा हस्तक्षेप गर्दछ । सरकार विस्तारकारी अभियानमा अग्रसर हुन उद्दत हुने र केन्द्रीय बैंकले नियन्त्रणात्मक कदम उठाउँदा आपसमा विरोधाभाषयुक्त परिस्थिति सिर्जना हुन सक्दछ । सरकार सर्वेसर्वा भए पनि मौद्रिक विषयमा केन्द्रीय बैंकका कदम नै सर्वमान्य हुने भएकाले स्वायत्तताको प्रत्याभूति भएको ठानिन्छ । त्यसो नभएमा मुद्राको अनियन्त्रित प्रवाहले केन्द्रीय बैंकको आधारभूत लक्ष्य मूल्य वृद्धि रोक्ने काममा प्रतिकूलता उत्पन्न हुन्छ ।

मूल्य घटबढ हुने कारकमा वस्तु-सेवाको आपूर्ति स्थिति, क्रेता-बिक्रेता र सेवाग्राहीको मनस्थिति, बजार अनुगमनजस्ता गैरमौद्रिक पक्ष पनि महत्वका छन् । यी पक्ष केन्द्रीय बैंकको दायराभन्दा फरक छन् । त्यसैले मूल्यमा नियन्त्रण भएका बेला केन्द्रीय बैंकले आफूले लिएका नीतिका कारण देखाउँछ भन्ने मूल्य वृद्धिको गुनासो बढ्दा आफ्नो काबुभन्दा बाहिरको परिस्थिति जनाउन सजिलो भएको छ । प्राकृतिक प्रकोप, कृत्रिम रूपमा बजार सञ्चालनमा आउने प्रवृत्ति सामान आपूर्तिमा अवरोध, नाफा कमाउने गलत प्रवृत्ति स्वरूप चाडपर्वमा मूल्य बढाइदिने र ग्राहकले गुनासोसहित स्वीकार्नेजस्ता कारण केन्द्रीय बैंकको बसमा पर्दैनन् । केहि महिनाअघि मूल्य दुई अंकको दरले बढ्यो । खासगरी खाद्यान्नमा दाल र घ्यु-तेल आदिमा उरालिएको मूल्यले समग्र सूचकांकलाई प्रभावित पाऱ्यो । अर्थशास्त्रका ज्ञाता केन्द्रीय बैंकलाई औंला ठड्याइरहँदा सरोकार पक्ष आपूर्ति व्यवस्थालाई औंल्याउने गरेको थियो । जनताको हातमा पैसा वालछ्याल रहुन्जेल र खर्च गर्न मनफुकाइन्जेल मौद्रिक उपकरणले तत्कालै काम गरिहाल्छ भन्ने होइन ।

नेपाल विप्रेषण ल्याउने देशमध्ये विश्वमा विशेष ठाँउ ओगटेका मध्ये एक हो । चालीस लाखको हाराहारीमा युवा जनशक्ति देश बाहिरिएको अनुमान गरिन्छ । वार्षिक ६ खर्बभन्दा बढी नै विप्रेषण संस्थागत रूपमा भित्रिने गरेको छ । यो रकम विदेशमा गएका कामदारले आफ्नो जहान-परिवारको पालनपोषण, शिक्षा, स्वास्थ्य र ऋण तिर्ने उद्देश्यका साथ घर-परिवारका नाउँमा प्राप्त हुन्छ । मूलतः उपभोगमा खर्च हुने विगतका अध्ययनले देखाए पनि केन्द्रीय बैंकको पछिल्लो सुक्ष्म अध्ययनअनुसार एक चौथाइमात्र उपभोगमा र त्यतिकै अनुपात लगानी, घरजग्गा, पशुपक्षी खरिद, बैंकमा निक्षेप आदिमा उपयोग भएको देखाएको छ । विशेषतः मासिक रूपमा प्राप्त हुने विप्रेषणको रकमले बिलासी सामान खरिद र बेपर्वाह उपभोग गर्ने संस्कृतिलाई मौलाउने अवसर दिएको छ । आयात बढ्दा व्यापार घाटा चुलिएको छ । श्रमिकको आपूर्तिमा न्यूनता देखिँदा कृषि र सेवा क्षेत्रमा उत्पादनको परिमाणमा प्रतिकूल असर परेको छ ।

उत्पादन र सेवा क्षेत्रमा श्रमिक अभाव आन्तरिक रूपमा अनुभूत हुनु र दैनिक १ हजार ५ सयको संख्यामा वैदेशिक रोजगारमा युवा जत्था बाहिरिनु नेपाली अर्थतन्त्रको पहेली बनेको छ । श्रमिक अभावमा ज्याला प्रभावित हुँदा लागत बढ्ने र आपूर्ति व्यवस्था नितान्त आयातित वस्तुमा भर पर्नुपर्दा मूल्य आकासिने प्रवृत्ति पनि हावी छ । थोक बिक्रेता, विनिमय दरमा आउने तलमाथिको प्रमाण देखाइ मूल्य उकास्ने र खुद्रा बिक्रेताले सोही आधार देखाइ मूल्य तोक्दा खल्तिमा पैसा भएका विप्रेषण तथा ज्याला वृद्धिजस्तो कारण बजारमा

देखिएको मूल्य वृद्धिलाई सरकारलाई दोष थुपार्दै हल्का गुनासोसहित यथार्थ स्वीकार्ने प्रवृत्ति बढेको छ ।

विचारणीय पक्ष के हो भने उक्त दुवै स्रोतबाट प्राप्त गरिने रकमका हकदार सिमान्त उपभोग क्षमता तीव्र भएका उपभोक्ताको वर्गमा पर्दछन् । उनीहरूको आम्दानी अधिकरूपमा उपभोगमा खर्चिने प्रवृत्ति रहन्छ । यी पक्षमा परिवर्तन ल्याउन केन्द्रीय बैंकले विप्रेषण उत्पादनमा खर्च गरियोस्, सो नभए पनि उपभोगमा न्यूनता आओस् भनी वैदेशिक रोजगारको आय अर्थात् विप्रेषण लगानी योजनाअन्तर्गत अर्बौं रुपैयाँ संकलन गर्ने प्रयत्न सफल हुन सकेको छैन । सरकारद्वारा सञ्चालित जलविद्युत उत्पादनमा विप्रेषण प्रयोग गर्ने योजना पनि उत्साहपूर्ण रूपले अघि बढेको छैन ।

बैंकिङ क्षेत्रमा आपसी स्वार्थ बाझिने पक्षमा पनि कदम चालिएका छन् । बैंकहरुबीच सेयर खरिद/बिक्रि वा स्वामित्व ग्रहण गर्न नपाइने व्यवस्थाअन्तर्गत विगतमा स्वामित्वमा रहेका सेयर बजारमा आएका छन् ।

मुद्राको क्रयशक्तिको स्थिरता अर्को महत्वपूर्ण पाटो केन्द्रीय बैंकको हो । नेपाली मुद्रा भारतीय मुद्रासँग आबद्ध (पेगिङ) गरिएका कारण उतारचढावको कारक वाह्य तत्वमा भरपर्ने गरेको छ । भारतीय अर्थतन्त्र दह्रो बन्दा त्यसको प्रभाव नेपाली मुद्रामा पनि सोझै पर्ने गरेको छ । भारतीय अर्थतन्त्र बजार व्यवस्थाअन्तर्गत अग्रसर रहेको र अन्तर्राष्ट्रिय मुद्रा बजारमा पनि अस्तित्व देखिन थालेकाले सो बजारमा पर्ने प्रभावबाट नेपाली मुद्राको क्रयशक्ति पनि प्रभावित हुने गरेको छ । भारतमा वाह्य लगानीलाई प्रोत्साहित गरिएको सन्दर्भमा वाह्य लगानी बढ्दा भारतीय रुपैयाँ बलियो हुने र त्यसैको आडमा नेपाली मुद्रा पनि बलियो हुने गर्दछ । जब भारतमा वाह्य लगानी घट्न थाल्दछ र अल्पकालीन वाह्य लगानी फिर्ता हुन थाल्दछ त्यस बखत मुद्राको विनिमय दरमा गिरावट आउँदछ । कमजोर मुद्राबाट निर्यात क्षमता राम्रो भएका अवस्थामा मुलुकलाई फाइदा नै हुन्छ तर आयात अधिक्य भएको हाम्रोजस्तो मुलुकका लागि भने लागत बढ्न गई वस्तु र सेवा महँगो पर्न जान्छ । त्यसमा पनि निर्यात गर्ने वस्तुको संख्या र परिमाण दुवै अल्पतामा रहेको अवस्थामा मुद्राको विनिमय दरलाई स्थिर राख्न कठिन पर्दछ । अतः नेपाली मुद्राको विनिमय दर हालकै नीतिका आधारमा भन्नुपर्दा वाह्य कारण बलवान छ, आन्तरिक रूपले कमैमात्र असर गर्दछ ।

वैदेशिक सञ्चितिको आकारलाई हेरी नाफामूलक क्षेत्रमा वाह्य लगानी बढ्ने सम्भावना रहन्छ । आन्तरिक नीतिमा स्थिरता र लगानी सुरक्षित छ, परियोजना सञ्चालनमा कठिनाइ छैनन् भन्ने हो भने वाह्य लगानी प्रोत्साहित हुन्छ । विदेशी मुद्राको सञ्चिति बढ्छ र सानातिना प्रतिकूल आर्थिक प्रभावलाई छेक्न सक्ने क्षमता वृद्धि हुन्छ जुन मुद्रालाई सबल बनाउने कारक बन्न जान्छ । बैंकिङ पद्धतिको सघनता र सुदृढीकरणले पनि केन्द्रीय बैंकका जिम्मेवारी निर्वाह गर्ने विषयलाई मद्दत पुऱ्याउँछ । नगद कारोबारको परिसीमालाई बैंकिङ पद्धतिमार्फत् सञ्चालन गर्ने प्रवृत्ति बसाल्न सकिएमा मौद्रिक गतिविधि नियन्त्रित हुन सक्दछ । बैंकिङ साक्षरता, पहुँच र विश्वसनियताजस्ता आधार भूत कुराले बैंकिङ आदतको सीमा निर्धारित गर्दछ । थोरैमात्र जनसंख्यासमक्ष बैंकिङ आदत रहेको परिस्थितिमा नगद कारोबारको परिसीमा व्यावहारिक नबन्न सक्दछ । त्यसैले ग्रामीण क्षेत्रको बाहुल्य रहेको, यातायातको सुविधा भरपर्दो नभएको मुलुकको अवस्था विचार गर्दा बैंकिङ सेवा विस्तार गर्ने योजनामा थप जोड दिनुपर्ने अवस्था छ । बैंक-वित्तीय क्षेत्रको नियमन र अनुगमन गर्ने जिम्मेवारी पाएको

केन्द्रीय बैंकलाई देशमा बैकिङ पद्धतिको विकास खासगरी पहुँच बढाउने र विश्वसनियता वृद्धि गराउने श्रेय मिलेको छ। यदाकदा भन्ने गरिन्छ, अर्थ-आर्थिक सम्वन्धित विषयमा केन्द्रीय बैंकको भूमिका सुदृढ भएकै कारण अन्य क्षेत्रको तुलनाका बैंकिङ क्षेत्र सुरक्षित र विश्वसनीय बन्न सकेको छ। यसो हुँदाहुँदै पनि केन्द्रीय बैंकको क्षमता अभिवृद्धिका लागि कानुनी आधार बलियो नभएको अनुभूति गरिएको थियो।

नेपाल राष्ट्र बैंक ऐनको पछिल्लो संशोधनले थप अधिकार प्रदान गरेको छ। खासगरी बैंकको नीति-निर्देशन पालना नगर्ने, बैंकिङ क्षेत्रमा विकृति जन्माइ यस क्षेत्रमा विकृति फैलाउन मद्दत गर्ने, बैंक-वित्तीय संस्थाको खारेजीमा अन्तिम अधिकार पुनरावेदन तहको अदालतलाई दिइएको थियो। बैंकिङ नीति-नियमको पालना र सोको उल्लंघन भएमा अर्थतन्त्रमा पर्ने प्रभावबारे केन्द्रीय बैंक र न्यायिक निकायबीच यदाकदा मतभेद रहँदा छोटो समयमा विकृति झांगिएका अनुभव विगतमा थिए। केन्द्रीय बैंक पूर्वाग्रही भएमा वा मनोगत निर्णय भएमा सरोकारवालालाई मर्का पर्नसक्ने देखेर विधायिकाबाट त्यस्तो निर्णयउपर अदालतबाट अन्तिम निर्णय हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा हाल भएको संशोधनमा परिवर्तन भएको छ। कानुन र निर्देशनअनुसार नचल्ने बैंक-वित्तीय संस्थालाई खारेजीसम्मको अन्तिम निर्णय गर्ने हक केन्द्रीय बैंकलाई दिइएको छ। यो प्रावधानले केन्द्रीय बैंकको अधिकार सशक्त बनाइएको मात्र होइन स्वायत्ततालाई पनि थप बल पुऱ्याएको छ। बैंकिङ क्षेत्रमा आपसी स्वार्थ बाझिने पक्षमा पनि कदम चालिएका छन्। बैंकहरूबीच सेयर खरिद/बिक्रि वा स्वामित्व ग्रहण गर्न नपाइने व्यवस्थाअन्तर्गत विगतमा स्वामित्वमा रहेका सेयर बजारमा आएका छन्। निक्षेप संकलनमा बजारलाई सशक्त बनाउन संस्थागत बचतको निक्षेपको सीमा तोकिएको छ। स्वयं केन्द्रीय बैंकको संलग्नता रहेका बैंक-वित्तीय क्षेत्रको सेयर पनि अरूलाई बिक्री गरी विशुद्ध नियामक निकायका रूपमा रहने व्यवस्था मिलाइएको छ। केन्द्रीय बैंकबाट उठाइने कदम समन्यायिक, पूर्वाग्रहरहित र व्यावहारिक हुन सकोस् भन्ने दृष्टिले कानुनी रूपमै सशक्तीकरण गरिएको हो। गलत मनसायबाट त्यस्ता निर्णय भएको पाइएमा आचारसंहितामार्फत् सम्वन्धित अधिकारीलाई कारबाही गर्ने छुट्टै प्रावधान छँदैछन्। आत्मबलका साथ निर्णय गर्न बल मिलोस् भनी कानुनमा उल्लेख भएका केही कारण बाहेकका आधारमा केन्द्रीय बैंकको गभर्नरलाई निष्कासन गर्न नपाउने प्रत्याभूति दिइएको छ। सो हकलाई दुरुपयोग गरेमा अन्य प्रचलित कानुनअनुसार पनि सरोकारवाला भागिदार बन्ने आधार छन्। स्वायत्त केन्द्रीय बैंक र सरकारको सम्बन्ध कसरी परिभाषित गर्ने भन्ने भ्रम रहन सक्दछ। पदाधिकारीको नियुक्ति कानुनमा उल्लेख भएअनुसार अर्थ मन्त्रालयले गर्दछ। सरकारका नीति-निर्देशन अर्थ मन्त्रालयमार्फत् केन्द्रीय बैंकमा हुने सम्प्रेषण गर्दछन् तर विगतमा आतंककारीको वित्तीय पहुँच नियन्त्रण गर्ने नाउँमा नेपालस्थित कुटनैतिक नियोगले केन्द्रीय बैंकलाई सोझै अनुरोध गर्ने गरेका अनुभव छन्। खासगरी अमेरिकामा सेप्टेम्बर ११ मा जुम्ल्याहा टावरमा आक्रमण भएपछि मुस्लिम नाउँ भएका व्यक्तिको खाता रोक्का गर्न, नयाँ सञ्चालन गर्न प्रतिबन्ध लगाउन यस्ता निर्देशन

सिधै केन्द्रीय बैंकमा आउने र बैंक-वित्तीय संस्थालाई केन्द्रीय बैंकले निर्देशित गर्ने चलन थियो । त्यसो त सरकारलाई रकम आवश्यक परेका बेला अधिविकर्ष दिने दायित्व केन्द्रीय बैंकको हो । यसको परिसीमा सरकार र केन्द्रीय बैंकको समझदारीमा तोकिएको हुन्छ । सो सीमा नाघी अधिविकर्ष प्रयोग गर्ने मनसायलाई केन्द्रीय बैंकले ठुकऱ्याइ दिएको विगतको अनुभव पनि छ । सरकारको उद्देश्यलाई अन्यथा लिई अस्विकार गर्ने केन्द्रीय बैंकको यो हक स्वायत्तताको राम्रो उदाहरण हो तर सरकारका विकास नीतिलाई सघाउ पुऱ्याउने, परियोजना स्रोत अभावमा अभर नहुन् भन्ने दृष्टि राख्नु केन्द्रीय बैंकको कर्तव्य पनि हो । सो कर्तव्यपालन गर्दा मौद्रिक नीतिले अघि सारेका पद्धति प्रतिकूल हुन्छन् कि भन्ने हेक्का राख्नु केन्द्रीय बैंकको दायित्व पनि हो ।

समग्रमा विवेचना गर्दा धन-पैसोका लागि अहोरात्र खटिइरहेको मानव जगतका सामु नोट छाप्ने हक पाएको केन्द्रीय बैंक वास्तवमा 'कुबेर' को थलो हो । बैंकहरूको बैंक, सरकारी पद्धतिबाटै चयन गरिने पदाधिकारी भए पनि सीमित निश्चित आधारबाहेकका कारण हटाउन नसकिने कानुनी प्रावधानले आँट भएकालाई काम गर्नसक्ने आधार केन्द्रीय बैंकलाई प्रदान गरिएको छ । आर्थिक क्षेत्रमा बैंकिङ क्षेत्र जत्तिको सुदृढ, भरपर्दो अर्को क्षेत्र नेपालमा तुलनायोग्य छैन भनिरहँदा अर्थतन्त्र खस्किँदो छ, बैंक-वित्तीय क्षेत्रमा नाफा बढ्दो छ भन्ने विरोधाभाषी यथार्थ मनन योग्य बन्न पुगेको छ । केन्द्रीय बैंकका नीति-निर्देशनलाई खुला चुनौति दिने अवस्थामा बैंकिङ क्षेत्रबाट अभिव्यक्ति आउने गर्दछन् । यस्ता चुनौति केन्द्रीय बैंकले कानुन प्रदत्त र अन्तर राष्ट्रिय बैंकिङ अभ्याससँग ताल नमिल्ने यथार्थमा आधारित हुन् भन्ने जायज होलान् अन्यथा मुलुकको भद्रगोले राजनीतिको सस्तो अधिकारमुखी अस्त्र प्रयोग गरी अर्णभिव्यक्ति स्वतन्त्रताको उपयोग मात्र हो भने विचारणीय हुन आउँछ । कानुनको दह्रो टेको प्रयोग गरी अव्यावहारिक र कानुनविपरीत निर्देशन हुन्छन् भने त्यस्ता निर्देशन विधिसम्मत चुनौतियोग्य हुन्छन् । बैंकिङ पद्धतिलाई मुलुकले अनुभूत गरेको परिवर्तन अनुकूल विकास निर्माण र प्रगतिका लागि अनुकूल स्थिति सिर्जना गर्ने दायित्व केन्द्रीय बैंकको हो । त्यसका लागि आँटिलो निर्णय गर्न, नीति निर्माण गर्न कानुनी आधार रहेकाले वस्तुनिष्ठ र समन्यायिक भावले निर्देशित कामका लागि केन्द्रीय बैंकको स्वायत्तता अन्यथा होइन, आवश्यक तत्व हो भन्ने आत्मसात गर्नुपर्दछ । स्वायत्तताको अवलम्बनका लागि तदनुकूल आचरणका विकास पनि हुन सक्नुपर्दछ । अधिकारको प्रयोगमा कर्तव्यको झल्को पनि समावेश भएमात्र सार्थक स्वायत्ततामार्फत् बैंक-वित्तीय क्षेत्र र समग्र आर्थिक जगतको प्रगतिको अपेक्षा गर्न सकिन्छ ।

(क्षेत्री नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर हुन् ।)

सबल अनि विश्वसनीय बैंक

www.sanimabank.com

SanimaBank

निजी क्षेत्रप्रति उदासीन राजनीति

● पशुपति मुरारका

राजनीतिक नेतृत्वले सधै हामीलाई 'पहिले राजनीतिक निकास अनि आर्थिक विकास' भन्दै आश्वसन दिईरह्यो । तर, उनीहरूले आश्वसन दिएजस्तो न त राजनीतिक निकास मिल्न सकेको छ न त आर्थिक विकास नै । श्रीलंका, थाईल्याण्डलगायत कतिपय मुलुकले राजनीतिक अस्थिरताका बावजुद पनि आर्थिक संमृद्धि हासिल गरेका छन् ।

संविधान निर्माणपछि मुलुक आर्थिक संमृद्धितर्फ अघि बढ्ने निजी क्षेत्रको अपेक्षा थियो । राजनीतिक दलहरुले संविधान निर्माणका बेला गरेको प्रतिवद्धताअनुसार नै मुलुकले नयाँ बाटो पहिल्याउने आम नागरिकको आशा थियो । तर, दूर्भाग्य भन्नुपर्छ अपेक्षाअनुसार काम हुन सकेन । अझै पनि मुलुक राजनीतिक संक्रमण र सत्ताको खिचातानीमै रुपमलीएको छ । मुलुकलाई आर्थिक संमृद्धितर्फ अघि बढाउन राजनीतिक दलहरु सफल हुन सकेनन् । यसमा मुख्य दोस नेतृत्वकै छ ।

राजनीतिक नेतृत्वले सधै हामीलाई 'पहिले राजनीतिक निकास अनि आर्थिक विकास' भन्दै आश्वसन दिईरह्यो । तर, उनीहरुले आश्वसन दिएजस्तो न त राजनीतिक निकास मिल्न सकेको छ न त आर्थिक विकास नै । श्रीलंका, थाईल्याण्डलगायत कतिपय मुलुकले राजनीतिक अस्थिरताका बावजुत पनि आर्थिक संमृद्धि हासिल गरेका छन् । यसबाट पनि हाम्रो राजनीतिक नेतृत्वले कुनै पाठ सिक्न सकेको छैन । लाग्छ, हाम्रो राजनीतिक नेतृत्वमा कुनै आर्थिक भिजन नै छैन ।

बोलि एउटा व्यवहार अर्कै

हाम्रो मुलुकमा राजनीतिक दलको संख्या धेरै छ । उनीहरुका आ-आफ्ना सिद्दान्त छन् । तर, उनीहरुको सिद्दान्त र व्यवहारमा विल्कुल तादम्यता मिल्दैन । खुला बजार अर्थतन्त्र अंगिकार गर्ने भन्छन्, अनि नियन्त्रित व्यवहार गर्छन् । निजी क्षेत्रमैत्री भाषणदिन्छन् अनि निजी क्षेत्रलाई अंकुश लगाउँछन् । राजनीतिक दल र तीनका नेताहरुको बोलि एउटा हुन्छ अनि व्यवहार अर्कै ।

खुला बजार अर्थतन्त्र नै बुझेनन्

साच्चै भन्ने हो हाम्रो मुलुकका धेरै नेतलाई खुला बजार अर्थतन्त्रको परिभाषा नै थाहा छैन । खुला बजार अर्थतन्त्रलाई किन अंगिकार गर्ने ? यसको अभ्यास कसरी हुन्छ ? बजारमा यसको प्रभाव कसरी पर्छ ? यस्ता विषयमा उहाँ (नेताहरु) साच्चै कमजोर देखिन्छन् । जिम्मेवार नेताहरुकै बारम्बारको अभिव्यक्ति आश्चर्यजनक र अव्यवहारिक हुन्छन् । व्यापारीले भाउ बढाए, कालोबजारी गरे, सामान लुकाए भन्नेजस्ता आरोप लगाउनु हुन्छ । हो, यस्ता अरोप लगाउनुले के देखाउँछ भने हाम्रो नेतृत्वले खुला बजार अर्थतन्त्र बुझेको छैन । संविधानले खुला बजार अर्थतन्त्रलाई अंगालेको छ । भाषणमा पनि नेताहरु यसलाई स्वीकार्छन्, तर व्यवहार त्यस्तो गर्दैनन् । मलाई लाग्छ उनीहरुले खुला बजारलाई बुझेका छैनन् । नबुझि भाषण गर्छन् ।

लाईसेन्सराजको अन्त्य मात्रै पर्याप्त छ ?

आज भन्दा २५-३० वर्ष लाईसेन्स राजको अवस्था थियो । त्यति बेला कुनै उद्योग खोल्न लाईसेन्स लिनुपर्थ्यो, कुनै सामान आयात गर्ने लाईसेन्स लिनु पर्थ्यो । तर, अहिले त्यस्तो राज छैन । अहिले हातहतियारलगायत केहि संवेदनशिल वस्तु बाहेक कानुनअनुसार सबै सामान आयात निर्यातका लाईसेन्स लिनुपर्दैन । कुनै पनि व्यवसायीले कुनै पनि उद्योग व्यवसाय कहि पनि खोल्न सक्छ । तर, लाईसेन्स राजको अन्त्य मात्रै खुला बजार होइन । सरकारले खुला प्रतिस्पर्धा गर्न दिएको छ । र, खुला प्रतिस्पर्धा भनेकै खुला बजार अर्थतन्त्रको सुन्दर अभ्यास हो । यो कुरालाई उहाँ (नेता)हरुले बुझ्न जरुरी छ । राजनीतिले बजारलाई हस्तक्षेप गर्नु हुन्न । वस्तु तथा सेवाको मूल्य र गुणस्तर बजारले नै निर्धाण गर्छ, यसमा कुनै राजनीतिक हस्तक्षेप हुन हुँदैन ।

निजी क्षेत्रप्रति विश्वास कम, शंका बढी

मुलुकका अधिकांश नेतामा एउटा समानाता छ त्यो के भने उनीहरु राजनीति बढी बुझ्छन् अर्थतन्त्र कम । यो मुलुकको लागि विडम्वना पनि हो । हामी बेला बेला विभिन्न मुद्दा लिएर सरकार र राजनीतिक दलका नेतालाई भेट्न जान्छौं । हाम्रो कुरा सुन्नु हुन्छ र तत्काल सकारात्मक प्रतिक्रिय पनि दिनुहुन्छ । तर, सुझावहरु कार्यन्वयमा आउँदैनन् । कुनै पनि नेताले समस्या समाधानका लागि तत्कालै एक्सन लिन सकेको देखिएको छैन । हामीले राष्ट्रिय मुद्दा लिएर जादा पनि व्यापारीले आफ्नो स्वार्थको मुद्दा ल्याए भन्ने ठान्छन् । हामीले कुनै माग राख्यौ भने त्यो एक व्यक्तिको लागि मागेको जस्तो व्यवहार गर्छन् ।

बजारमा हस्तक्षेप र राजनीति

मुलुकमा एउटा असाध्यै खराब प्रवृत्तिको विकास भएको छ । त्यो के भने बजारमा राजनीति गर्ने । सस्तो लोकप्रियता कमाउन व्यवसायीलाई धरपकड गर्ने । करीब एक वर्षअघि सरकारले एक जना वरिष्ठ उद्योगीको गोदाममा छापा हान्यो, अनि वस्तुको बढी मूल्य तोकेको र बढी स्टक राखेको भन्दै भन्दै कालोबाजरीको आरोप लगायो । तर, अचम्मको कुरा के छ भने जुन वस्तुमा मूल्य बढी तोक्यो भन्ने आरोप लगाइयो त्यो वस्तुको अधिकतम वा न्यूनतम मूल्य कहि कतै तोकिएको थिएन । सरकारसँग पनि त्यसो जवाफ छैन । उसले आफ्नो लागतअनुसार मूल्य निर्धारण गरेर उत्पादन विक्री गऱ्यो भने उसलाई मुद्दा लगाउनुपर्ने कारण के ? कतिसम्म सामान स्टक राख्न पाईन्छ भनेर कहि कतै ऐन नियममा उल्लेख

छैन । तै पनि स्टक बढी भयो भनेर मुद्दा किन चलाईयो ? राज्यसँग अधिकार छ भन्दैमा विना सूचना उत्पादक वा आयातकर्तालाई सामान बढी राखेको वा मूल्य बढी तोकेको भनेर हचुवाको भरमा मुद्दा मामिलामा फसाउन पाईदैन । सस्तो लोकिप्रियताको लागि गरिने यस्ता हर्कत केवल 'बजारमाथिको हस्तक्षेप वा राजनीति' मात्रै हो ।

व्यवसायीलाई भएको समस्याप्रति अधिकांश राजनीतिक दलहरु गम्भिर हुँदैनन् । कहिले काहिँ यस्तो लाग्छ कि हामी व्यवसायी देशको नागरिक नै होइनौं ।

साझेदार हुन् तर बुझ्दैनन्

व्यवसायीलाई भएको समस्याप्रति अधिकांश राजनीतिक दलहरु गम्भिर हुँदैनन् । कहिले काहिँ यस्तो लाग्छ कि हामी व्यवसायी देशको नागरिक नै होइनौं । व्यापारीलाई दुःख पर्दा एउटा नागरिकले दुःख पायो भन्ने होइन कि 'व्यापारीको त हो नि' भन्ने चलन छ । व्यापरीको आम्दानी, नाफा वा नोक्सान जे भएपनि त्यो मुलुककै हो । मेरो नोक्सान देशको नोक्सान हो, मेरो नाफा देशको नाफा हो । सरकार त लगानी नगरिकनै उद्योग व्यापारको साझेदार हुन्छ । हाम्रो उद्योग व्यापारको २५ प्रतिशत हिस्सा त राज्यकै हो । किनकी हामी व्यवसायीले आफ्नो आम्दानीको २५ प्रतिशत त राज्यलाई कर तिर्छौं । यसर्थ, राज्य हाम्रो २५ प्रतिशत हिस्सा भएको सझोदार हो । तर, उसले आफ्नो जिम्मेवारी निभाउँदैन । २५ प्रतिशतको साझेदारीले उद्योग व्यवसायको चिन्ता नै लिदैन ।

राजस्वको चिन्तन अस्वभाविक

हाम्रो अर्थतन्त्र राजस्वमुखी छ । राजनीतिक दलहरुले राजस्वमुखी अर्थतन्त्रलाई नै प्रसय दिइरहेका छन् । हाम्रो सरकारले उद्योग व्यवसाय प्रवर्द्धन भन्दा पनि राजस्व असुल्न बढी ध्यान दिन्छ । यहाँ हरेक कुरा राजस्वसँग जोडिन्छ । करको विषयमा अर्थमन्त्रालय जिम्मेवार हुन्छ । तर, यहाँ त उद्योग र वाणिज्य मन्त्रालय समेत कर उठाउने ध्याउन्नममै हुन्छन् । उनीहरुको काम त उद्योग व्यवसायलाई प्रवर्द्धन गर्दै लेखत राख्ने हो । तर, रजिष्ट्रेशन, नविकरण, अनुमतिलगायत विभिन्न नाममा कर उठाउनै उद्दत हुन्छन् । यो कुरा पनि राजनीतिज्ञले बुझ्दैनन्, बुझ्ने प्रयास गदैनन् । हामीले उद्योग व्यवसाय प्रवर्द्धनका लागि कुनै वस्तुको आयातमा भन्सार घटाउन वा कुनै उद्योगलाई कर छुटदिन आग्रह गर्छौं । तर, कोहि एउटा व्यक्तिलाई फाईदा होला भनेर सुझाव सुन्दैनन् । हामीले निकासी वृद्धिका लागि अनुदान बढाउनुपर्छ भनेर बारम्बार भनेका छौं तर राजनीतिक नेतृत्वले त्यसलाई कहिल्यै सुनेन । हाम्रो नेतृत्वलाई राजस्व घट्ला भन्ने मात्रै चिन्ता छ । राजस्व घट्नासाथ खुट्टा कमाई हाल्ने प्रवृत्ति छ । यो स्वभाविक होइन ।

राजतीतिक नेतृत्वमा कर्मचारी हाबी

कर्मचारी भनेको मुलुकका स्थाई सरकार हुन् । तर, कर्मचारीका कतिपय व्यवहार पनि मुलुकलाई संमृद्धिको बाधक भइरहेको छ । कतिपय अवस्थामा राजनीतिक नेतृत्वले उद्योग व्यवसाय प्रवर्द्धनको लागि बोल्ड निर्णय लिने प्रयत्न गर्छन् । तर, त्यसलाई कर्मचारी तन्त्रले रोक्छ । हाम्रा धेरै मुद्दाहरु कर्मचारीकै कारण रोकिएका छन् । हामी लान्छौ, राजनीतिज्ञहरुले हुन्छ गर्छौं भन्छन् तर कर्मचारीले मान्दैनन् । राजनीतिज्ञलाई समेत बहकाउँछन् । घुमाईदिन्छन् । सबै त्यस्ता पनि छैनन् । तर, नजिर धेरै छ । एउटा प्रसंग कोटचाउन चाहन्छु : भुकम्प गयो, व्यवसायीले प्रधानमन्त्री राहत कोषमा पैसा हाले । राहत कोषमा राखिएको रकममा कर छुट दिने सरकारले मौखिक आश्वसन दिएको थियो । बजेट आयो, अनि राहत कोषमा दिएको सहयोगलाई खर्चमा लेख्न पाउने र त्यसमा कर छुट दिने व्यवस्था पनि गरियो । त्यो सहि राजनीतिक निर्णय थियो । विडम्वना कर्मचारीले त्यसको अपव्याख्य गरे । उनीहरुले भने, 'अब जल्ले सहयोग गर्छ त्यसलाई खर्चमा राख्न मिल्ने, पहिलेनै सहयोग गरिसकेकाको खर्चमा गणना नहुने' । यहाँ राजनीतिक निर्णलाई समेत कर्मचारीले गलत व्याख्या गरे ।

उद्योग व्यवसायमा अनावश्यक राजनीति

उद्योग धन्दामा पनि राजनीतिकदलले नै राजनीति गर्छन् । प्राकृतिक दोहन गऱ्यो, प्रदुषण गरायो भन्ने लगायत आरोप लगाएर उद्योग धन्दा बन्द गराउन खोज्ने नि राजनीतिक दलकै नेता हुन्छन् । उनीहरुकै कार्यकर्ता हुन्छन् । नाफामा चलिरहेको भोटोकोसिमा स्थानीयले शेयर मागे । यो कुनै पनि अर्थ सिद्दान्तअनुकुल थिएन । उद्योग चलेर नाफामा गइसकेपछि शेयर दिन्छन् ? । तर, हरेक राजनीतिक दलका स्थानीय नेताले त्यसलाई समर्थन गरे । केन्द्रबाट त्यसलाई रोक्ने कुनै प्रयास भएको देखिएन । यसबाट के बुझिन्छ भने 'कि त राजनीतिमा केन्द्रको कन्ट्रोल चल्दैन, कि त माथिकै आदेश चालु उद्योगको शेयर मागियो' । नेतृत्वले अर्थतन्त्र नबुझेकै कारण यस्तो अपाच्य घटना भएको हाम्रो बुझाई छ ।

निजी क्षेत्रभित्र राजनीति

नेपाल उद्योग वाणिज्य महासंघ जस्ता संस्थामा प्रत्यक्ष राजनीति छैन । तर, विस्तार विस्तार अदृश्यरुपमा राजनीति घुसेको छ । अहिलेसम्म राजनीतिज्ञहरु आएर यासो गर्नुस उसो गर्नुस भन्दैनन् । यहाँभित्रको आन्तरिक राजनीति हुनु स्वभाविक हो । तर, हामी हरेक राजनीतिक दलबाट टाढा हुनुपर्छ । महासंघमा पनि आजभोलि तल्लो तहबाट राजनीति घुसकेको छ । महासंघको ५० प्रतिशत भोटिङ पावर जिल्ला तथा नगर उवासंघमा रहेको छ । जिल्लामा जिल्ला तथा नगर उवासंघले स्थानीय सरकारको जस्तै काम गरिरहेको छ । त्यो ठाउमा राजनीतिक दलको हस्तक्षेप धेरै बढेको छ । १

सय ५ ओटामध्ये ९० ओटा जति संघमा कुनै न कनै पार्टीको अफिलियसन छ । पार्टीकै टिकट लिएर चुनावमा आउँछन् । त्यसको प्रभाव केन्द्रसम्म आउँछ । यसरी निजी क्षेत्रको संगठनमा समेत केहि हद राजनीति छिरेको छ ।

जवाफदेहिता छैन

बजेटबाट प्लाष्टिक उद्योग बन्द गर्ने निर्णय भयो । राज्यको अधिकार हो बन्द गर्दा हुन्छ । तर, उनीहरुले अब त्यसको क्षतिपूर्ती पाउने कि नपाउने । विक्रम टचाम्पु हटाउँदा कर छुटमा माईक्रोबस ल्याउनलाई दिने तर प्लाष्टिक उद्योग बन्द हुँदा उनीहरुलाई भन्सार तथा कर छुटमा अर्को उद्योग चलाउन दिने कि नदिने ? राज्यले यसको जवाफ दिनुपर्छ । मेडिकल कलेजको लाईसेन्स दिने अनि सिट घटाउने किन ? यदि मापदण्ड पुगेको छैन भने बन्द नै गरिदिदा हुन्छ तर सिट किन घटाउने ? राज्यले तथा राजनीतिक नेतृत्वले यसको जवाफ दिनुपर्छ ।

व्यापारी-नेता साठगाँठ

नेपालमा व्यापार गर्नुछ भने राजनीतिक दल वा नेतासँग सामिप्यता चाहिन्छ चाहिन्छ । यो तीतो यथार्थ हो । तर, अर्को कुरा के छ भने कोहि पनि व्यवसायी एउटै दलको भएर वस्न सक्दैन । हरेक दलसँग सम्बन्ध हुन्छ । कोहि व्यवसायी कुनै दलसँग नजिक भएकै कारण मुलुकको अर्थतन्त्र वा अर्थनीतिलाई प्रभाव पार्न सक्दैनन् । तर, उनीहरुका उद्योग व्यवसायको हित हुने काम भने अवश्यक गर्न सक्छन् । व्यक्तिगत सम्बन्धका कारण कहि न कहि धेर थोर नीतिमा प्रभाव पार्न सक्छन् । यस्तो प्रवृत्ति भारतमा धेरै छ । रिलायन्स समूहले यस्तो प्रभाव पार्न सक्थ्यो भन्ने कुरा सुनेको थिए मैले । तर, नेपालमा नीतिमै प्रभाव पार्न सक्न गरी व्यापारी र नेताको सागाँठ भएको जस्तो लाग्दैन ।

सल्लाहाकारकै कुरा सुन्दैनन्

हाम्रो राजनीतिक नेतृत्वको सल्लाहाकारहरुमा पनि समस्या हुन सक्छ । तर, सबैभन्दा उदेकलाग्दो कुरा के भने हाम्रो नेतृत्वले सल्लाहकारकै कुरा सुन्दैन । हामी निजी क्षेत्र पनि नियुक्त नभएको सल्लाहकार हौं । तर, हामीले दिएको धेरै सुझाव सुनिदैन । व्यक्तिगत लाभको लागि सझाव दिएजस्तो ठान्छन् । यहाँ अर्थशास्त्रीहरुले समेत सल्लाह सुझाव लिईदैन । विश्वविद्यालयका ज्ञाताहरुको समेत सल्लाहा सुझाव लिईदैन । एक त अर्थतन्त्र बुझ्ने नेता नै कम भए अर्को चाहि बुझन् चाहने पनि भएनन् ।

भिजन र लिडरको अभाव

भारतका प्रधानमन्त्री नरेन्द्र मोदिले 'मेक इन इण्डिया'को शुरुवात गरे । यो उनको आफ्नो भिजन थियो । मेक ईन इण्डियाका लागि के के गर्नुपर्छ ? के के सुविधा दिनुपर्छ ? के के नियम कानुन परिवर्तन गर्नुपर्छ भन्ने विषयमा छलफल गरे त्यसलाई कार्यन्वयन समेत गरे । तर, हाम्रो नेतृत्वसँग भिजन नै देखिएन । छिमेकी मुलुककै तुलनामा पनि हाम्रो राजनीतिमा भिजनसहितको लिडरशिपको खाचो देखियो । अन्य देशका राजनीतिक तथा चुनावी एजेण्डा अर्थतन्त्र नै हुन्छ । तर, हामी मन्दिर र कुलोमा सीमित भएका छौं । बोल्ड निर्णय दिन सक्ने नेतृत्व अझै देखिएको छैन ।

(मुरारका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन् ।)

एभरेष्ट बैंक

दिगो, दरिलो र विश्वासिलो

- ७.५ लाख भन्दा बढी सन्तुष्ट ग्राहकहरु
- पञ्जाब नेशनल बैंकसँगको मजबुत र अन्तर्राष्ट्रिय साझेदारी
- बृहत आन्तरिक तथा बाह्य सञ्जाल
- विश्वको कुना-कुनाबाट रेमिटेन्स सुविधा

सगरमाथा

एभरेष्ट बैंक लिमिटेड

EVEREST BANK LIMITED

(A joint-Venture with **punjab national bank**, India)

पत्रकारिता: कति राजनीतिक, कति व्यावसायिक ?

● प्रतीक प्रधान

नेपालको विकास नहुनु, राजनीतिक व्यक्तिले जस्तोसुकै गलत काम गरे पनि उन्मुक्ति पाउनु, पत्रकारितामा जनताको विश्वास नहुनु आदिको प्रमुख कारण अधिकांश नेपाली पत्रकार कुनै न कुनै राजनीतिक दलसँग लाजै नमानी आबद्ध हुनु हो । हामी यस्ता पत्रकार भएका छौं जोसँग कुनै आस्था छैन, कुनै विश्वास छैन र कुनै अठोट छैन ।

हालै मेरो फेसबुक वालमा केही पोस्ट गरेको थिएँ । त्यसमा एकजना सज्जनले कमेन्ट गरे, 'कास यो हाम्रो पत्रकारिता जगत बिनाराजनीतिक आस्थाको भइदिएको भए ।'

एकछिन गम खाएँ । के हुन्थ्यो यदि राजनीतिक आस्थाबिनाको पत्रकारिता भइदिएको भए ? के साँच्चै राजनीतिक आस्थाबिनाको पत्रकारिता सम्भव छ ? मैले फेसबुक पोस्टमा उत्तर लेखेँ, 'राजनीतिक आस्थाबिनाको पत्रकारिता त अक्सिजनबिनाको वातावरण जस्तै हो तर आस्थाको नाममा नेताको पाउ पर्नु गलत हो । आस्था त गलत र सही छुट्याउन मद्दत गर्ने हतियार हो ।'

मैले उत्तर त दिएँ तर ती सज्जनले लगाएको आरोप पत्रकारितामा आस्थाको विषयमा मात्र होइन भन्ने लागेको छ । उनले पत्रकार राजनीतिक नेताको चाटुकार भएको विषय उठाउन खोजेका हुनसक्छन् । राजनीतिक आस्थाको कुरा उठाएर उनको प्रश्नको वजन कम भएको मात्र हो तर उनको प्रश्न वा भनाईको दिक्दारी पछाडि नेपाली पत्रकारितामा देखिएको पत्रुकारिता र झल्लुकारिताको छाया देखिन्छ ।

वास्तवमा आस्थाले कसैको केही बिगार्दैन । एउटा सुनार नेपाली कांग्रेसको कार्यकर्ता वा मतदाता हो भने के उसले एमाले कार्यकर्ता वा नेताले बनाउन ल्याएको गहना बिगारेर कुरूप बनाइदिन्छ ? एउटा बसको खलाँसी माओवादी हो भने के उसले सबै माओवादीलाई सिँतैमा र अरू दलका समर्थकलाई दोब्बर भाडा असुल्छ ? एउटा राप्रपा समर्थक टचाक्सी चालकले अन्य दलका समर्थक उसको टचाक्सीमा चढेका रहेछन् भन्ने थाहा पायो भने लगनखेल लैजाउ भन्दा भुरुङखेल पुऱ्याउँछ ? अर्थात्, राजनीतिक रूपमा जुन आस्था लिए पनि व्यावसायिकतामा त्यसको प्रभाव पर्नु हुँदैन । धेरै व्यवसायमा राजनीतिक आस्थाको प्रभाव पर्दैन तर पत्रकारिताको कुरा गर्दा भने सहजै यसै हो भन्न सक्ने अवस्था छैन । हामीमा साँच्चै समस्या छ । जबसम्म पत्रकारितामा राजनीतिले फैलाएको मैलोलाई चिन्न र त्यसलाई सफा गर्न सक्दैनौं तबसम्म हामीले पाठकबाट अविश्वास र घृणा भरिएको प्रतिक्रिया बारम्बार भोग्नै पर्दछ ।

पत्रकारिता र राजनीतिको विषयमा कलम चलाउनु कम जोखिमयुक्त छैन । यो कुरालाई मैले मनन गरेको छु, त्यसैले पहिले मेरो आफ्नै विगत पनि पाठक समक्ष खोलेर राखिदिनुपर्ने आवश्यकता देखेको छु । कमसेकम यो लेखक कुन धरातलमा उभिएर यस्तो कुरा गर्दैछ भन्ने पाठकले अनुमान लगाउन सकुन् । चित्त नबुझेको अवस्थामा यस्तो व्यक्तिले लेखेको विचार यतिमात्र ग्रहण गर्नुपर्दछ भनेर मन बुझाउन पनि सकुन् ।

नेपाली कांग्रेसका तत्कालीन प्रभावशाली नेता जयप्रकाश आनन्दले नेपाल प्रेस युनियन गठन गर्दा करिब २०५३ सालतिर म पनि एक-दुई बैठकमा गएको थिएँ तर म गर्वले भन्नसक्छु म प्रेस युनियन, प्रेस चौतारी, क्रान्तिकारी पत्रकार संघजस्ता राजनीतिक पत्रकार समूह कसैको पनि सदस्य होइन । तथापि, राजनीतिक आस्थाका कारणले म नेपाली कांग्रेससँग नजिक छु, त्यस विषयबाट म विमुख पनि हुन्नँ । अझ नेपाली कांग्रेसका श्रद्धेय सभापति स्वर्गीय सुशील कोइराला प्रधानमन्त्री हुँदा त मलाई प्रेस सल्लाहकारसमेत नियुक्त गरेका हुन् । तर, म नेपाली कांग्रेसको कुनै पनि तहको वा निकायको सदस्य होइन र नेपाली कांग्रेसले अनुशरण गरेको राजनीतिक कदम गैरलोकतान्त्रिक र देश हितविपरीत गयो भने कुनै पनि बेला मेरो कलम नेपाली कांग्रेसविरुद्ध चल्न सक्छ र चलाएको पनि छु । तर, कुनै विषयमा नेपाली कांग्रेसविरुद्ध लेख्नुको मतलब मेरो राजनीतिक आस्था परिवर्तन भएको हुँदैन । कांग्रेसले कुनै पद दियो वा दिएन अथवा नेपाली कांग्रेसले लोकतान्त्रिक मूल्य र मान्यता छाड्यो भने पनि मैले मेरो आदर्श र मान्यता छाड्ने होइन । पत्रकारको राजनीतिक आस्थाले गर्ने मुख्य काम नै आस्था छाडेकालाई बाटोमा ल्याउनु हो, नकि राजनीतिक पार्टी जुन-जुन गल्ली छिर्छ, त्यही-त्यही गल्लीमा दलको झन्डा बोकेर सम्मान गीत गाउनु ।

नेपालको विकास नहुनु, राजनीतिक व्यक्तिले जस्तोसुकै गलत काम गरे पनि उन्मुक्ति पाउनु, पत्रकारितामा जनताको विश्वास नहुनु आदिको प्रमुख कारण अधिकांश नेपाली पत्रकार कुनै न कुनै राजनीतिक दलसँग लाजै नमानी आबद्ध हुनु हो । हामी यस्ता पत्रकार भएका छौं जोसँग कुनै आस्था छैन, कुनै विश्वास छैन र कुनै अठोट छैन । राजनीतिक दलमा अरू साथी माथि पुगेपछि त्यसलाई बाँकटे हानेर जित्न र दलको राजनीतिमा माथि पुग्ने उद्देश्यले धेरैले पत्रकारिता गरेका हुन्, अझै पनि त्यही क्रम चलिरहेको छ ।

यहाँका पत्रकारलाई म युनियनको, म चौतारीको र म क्रान्तिकारीको भन्दा गर्व महसुस हुन्छ । हामीलाई अलिकति पनि हीन भावना हुँदैन हामी राजनीतिक दलका सदस्य समान भएका कारण लगनखेल भनेर टचाक्सी चढेका ग्राहकलाई भुरुङखेलमा पुऱ्याइरहेका छौं । सुन भनेर गहना किन्ने जनतालाई पित्तल बेचिरहेका छौं । अनि अझै गर्व गरिहेका छौं कि हामी व्यावसायिक पत्रकारिता गरिहेका छौं । कति हास्यास्पद, कति गैरजिम्मेवारी, कति ठूलो विडम्बना ।

हो, राजनीतिक आस्था चाहिन्छ तर कस्तो समयमा यो आस्थाले काम गर्नुपर्दछ र कस्तो अवस्थामा व्यावसायिकता जरुरी पर्दछ त्यसमा

पत्रकारले चनाखो हुनुपर्छ। तर, यस विषयमा चनाखो तबमात्र हुन सकिन्छ जब हामीले कुनै राजनीतिक दलको भातृ संगठनसरह बनेको पत्रकारको संस्थामा आबद्ध हुनबाट आफूलाई रोक्न सक्छौं। तर, अहिले नेपालमा जे भएको छ त्यो राजनीतिक आस्थाको कारण भएको होइन, पत्रकारले पत्रकारिताको व्यवसायिकतामाथि कूठाराघात गरेका कारण भएको हो।

अब यो विषयलाई अलि सहज ढंगले हेर्ने कोशिश गरौं।

पत्रकारलाई आफ्नो पेसा कार्यान्वयन गर्दा कुन बेला राजनीतिक आस्थाको जरुरत पर्दैन त्यस विषयमा सोचौं। कुनै दुर्घटना भयो भने त्यो समाचारले कति महत्व पाउँछ भन्ने विषयमा राजनीतिले केही प्रभाव पार्दैन। दुर्घटनाको प्रकृति, कति ज्यान गयो र कतिजना स्थानीय व्यक्ति त्यस घटनामा परे, त्यस्ता तथ्यले घटनाको महत्वलाई बढाउने वा घटाउने काम गर्छन्। यसमा कुनै राजनीतिक दलको नेता परे भने उक्त व्यक्तिको सामाजिक प्रतिष्ठाअनुसार पत्रकारले कम वा बेसी महत्व दिन सक्छन्। त्यस्तै चोरी, ठगी, भ्रष्टाचार आदिको समाचारमा पनि राजनीतिक रंग लगाउन हुँदैन र धेरैजसो पत्रकारले यस्तो विषयमा खासै राजनीति मिसाएको पनि देखिँदैन। विकास निर्माणको कुरामा, वातावरणको कुरा आदिमा पनि राजनीतिले खासै महत्व राख्नु हुँदैन। पत्रकारितामा बढीभन्दा बढी जनताको हित जुन विषयमा हुन्छ त्यही विषयमा बढी महत्व दिइनु पर्दछ भनेर पढाइन्छ र सिकाइन्छ।

तर, त्यस्ता विषय पनि हुन्छन् जुनबेला राजनीतिक आस्था, देशप्रेम, विषयको ज्ञान आदि सबै कुरा चाहिन्छ। पत्रकारिता कुनै टेप रेकर्डर खोलिनेजस्तो वा सानो स्वरले बोलेको कुरालाई माइकमा बजाउनेमात्रै पेसा होइन। एउटा पत्रकारले हरदम कुन विषयमा समाचार बनाउँदा मैले बढीभन्दा बढी जनताको हितमा काम गरेको छु, देशहितको सम्बर्द्धन गरेको छु र मेरो व्यावसायिकतामा योगदान गरेको छु भन्ने चेतना हुनुपर्दछ र काम गरेपछि पूर्ण आत्मविश्वास हुनुपर्दछ। के प्रेस युनियनको सदस्य हो भन्दैमा राष्ट्रिय ढुकुटीबाट सुजाता कोइरालाले ५० लाख र पूर्वराष्ट्रपति रामवरण यादवले एक करोड उपचार खर्च पाउने कुरालाई समर्थन गर्न मिल्छ ? के एक लोकतान्त्रिक पत्रकारले खीलराज रेग्मीजस्तो सर्वोच्च अदालतको प्रधानन्यायाधीशलाई कार्यकारी प्रमुख बनाउने निर्णय समर्थन गर्न मिल्छ ? अहिले नेपाली कांग्रेससँग नजिक देखिएका महामण्डले चरित्रका निलम्बित अख्तियार प्रमुख लोकमानसिंह कार्कीको समर्थनमा बोल्न मिल्छ ? जब कुनै पत्रकार यस्तो बेलामा पनि आफ्नो राजनीतिक दल वा त्यस दलमा पनि आफ्नो सर्मथक नेताले के बोल्छ भनेर मुख ताक्छ र गलत बोले पनि तिनको पछि लाग्छ, त्यसबेला तिनले पत्रकार हुनुको गरिमामा कूठाराघात गरेको ठहरिन्छ।

कोही पत्रकार चौतारी तथा युनियनका भए भन्दैमा अहिले माओवादी प्रधानमन्त्री प्रचण्ड, माओवादी मन्त्री जनार्दन शर्मा र प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले देशलाई लोडसेडिङ मुक्त बनाएको घटनालाई समर्थन नगर्न मिल्छ ? यदि त्यसो पनि गर्न कोही तम्सिएका छन् भने तिनले पत्रकारिता गर्छु भने पनि पत्रकारको समाजबाट तिनलाई निष्काशन गर्नुपर्दछ।

अहिले नेपालमा जे भएको छ त्यो राजनीतिक आस्थाको कारण भएको होइन, पत्रकारले पत्रकारिताको व्यवसायिकतामाथि कूठाराघात गरेका कारण भएको हो।

तर, केही विषय हुन्छन् जसमा राजनीतिक आस्था नभई पत्रकारिताको धर्म निभाउन सकिँदैन। नेपालजस्तो राजनीतिक संक्रमणमा रहेको मुलुकमा देशको दिशा कता जान्छ भन्ने विषयमा सबैथरिका राजनीतिक दलहरूको फरक-फरक विचार हुनसक्छ। माओवादीलाई यो देशमा अझै पनि एक दलीय कम्युनिस्ट प्रणाली लागू गर्न पाए देशको विकास हुन सक्थ्यो भन्ने होला। एमालेलाई सकभर ठूलो र अलि कठोर सरकार बनाएर अघि बढ्न पाए देशको विकास हुन्थ्यो भन्ने होला। त्यस्तै नेपाली कांग्रेसलाई उदार आर्थिक र सामाजिक व्यवस्थालाई बलियो बनाएर लग्न सके देशको विकास हुनसक्थ्यो भन्ने होला।

मधेसवादी दललाई मधेसी क्षेत्रका जनतालाई सशक्तीकरण गर्नसके आफूलाई फाइदा हुन्थ्यो भन्ने मनसाय होला वा जनजातिलाई पनि सोहीअनुरूपको सोच होला भने राप्रपालाई हिन्दु राज्य वा संवैधानिक राजतन्त्र स्थापित गर्ने सोच होला। यी सबै राजनीतिक दलका सोच जसरी फरक-फरक छन्, पत्रकारका सोच पनि त्यति नै फरक हुनसक्छन्। यिनका वृहत्तर सोचमा पत्रकार पनि सँगै बहन सक्छन्, बहन पाउँछन्। तर, यत्ति हो पत्रकारले आफ्नो छनौट को हो र किन हो भन्ने पाठकलाई प्रष्ट चाहिँ गरिदिनुपर्छ। यस्तो विषयमा पनि सोच भएन भने चाहिँ पत्रकारिता फेरि टेप रेकर्डरबाहेक केही हुँदैन।

अहिले संविधान संशोधनका विषयमा कुनै पनि राजनीतिक दलसँग वैचारिक दृष्टिले नजिक भएको पत्रकारको धारणा उक्त दलको धारणासँग मिल्न सक्दछ। अझ राजनीतिक धार मिल्नु भनेको आर्थिक नीति, राजनीतिक व्यवस्था, कार्यकारीको स्वरूप आदिमा वा कुनै ठोस विचारमा समभाव राख्नु हो तर कुनै पनि दलको राजनीतिक नेताले दलको आस्थाको मर्म र भावनाअनुरूप काम नगर्दा पनि त्यसविरुद्ध आवाज उठाउन नसक्नु, मानव अधिकार र अभिव्यक्ति स्वतन्त्रता निमोठ्ने काम हुँदासमेत कुनै अमूक दलको समर्थनमा रहनु भनेको राजनीतिक सौदाबाजी हो। आर्थिक, राजनीतिक आस्थाअनुरूपको सोचाइ हुनुलाई गलत मान्नु हुँदैन तर आफूले समर्थन गरेको नेताले चिलाउनेको रुखलाई सालको रुखभन्दा पनि हो-हो भनेर स्याल हुइयाँ गर्नु भने व्यावसायिक पत्रकारिता होइन।

अहिले धेरै पत्रकार पत्रकारिता गरिरहेका छैनौं, एउटा प्लेटफार्ममा बसिरहेका छौं, जब हाम्रो गन्तव्यको रेल आउँछ हामी त्यसमा चढेर पत्रकारितालाई बाइबाई गर्न अधैर्य छौं। हामी जनतालाई कुन-कुन विषयमा समस्या छ, कस्तो ऐन-कानुन नभएर अप्ठेरो परेको छ, कुन निकायले कस्तो दुःख दिएको छ भन्ने विषयमा त्यति जोड दिँदैनौं जति कुन राजनीतिक नेतालाई कहाँ लगेर भाषण गराउने, कुन दलको विरुद्ध के समाचार लेख्ने, कुन दलले आफूलाई के पद दिनसक्छ भन्ने विषयमा हाम्रो सोच अलमलिएको छ। हो, त्यसैलाई मेरा फेसबुके एक साथीले राजनीतिक आस्था भएको पत्रकार भनेर संकेत गर्न खोजेका हुन्। त्यसबाट जबसम्म हामीले मुक्ति पाउँदैनौं तबसम्म आफूलाई स्वतन्त्र र व्यावसायिक पत्रकार भन्नु र राजनीतिक नेताले घुस खाँदैनौं जनताको सेवा गर्छौं भन्नु उस्तै-उस्तै हुन्छ।

(प्रधान सेजनका संस्थापक अध्यक्ष हुन्।)

For present and future

Today for you,
Tomorrow for your children...

NEPALLIFE

Jeevan
SAHARA
Insurance Policy

Highest Bonus Rate

Highest Life Fund

Highest Paid Up Capital

NEPALLIFE
INSURANCE CO. LTD.

किनकि जीवन अमूल्य छ...

Heritage Plaza-1, 2nd Floor, Kamaladi, Kathmandu | Phone: 4169082 | Fax: 4169079 | P. O. Box:11030
Email: info@nepallife.com.np | Website: www.nepallife.com.np | www.facebook.com/Nepallife.Insurance

कर्मचारीतन्त्रमा राजनीति

● हरिबहादुर थापा

एउटा चोर औंला 'नेता-मन्त्री' तिर देखाउँदा तीन औंला सोझै र बुढी औंला पनि बांगिदै आफैंतिर फर्किरहेको हुन्छ भन्ने सामान्य तथ्य हाम्रा प्रशासकहरू बिर्सिरहेका हुन्छन् । तिनीहरू 'शासन बिग्रनुमा राजनीतिक नेतृत्व जिम्मेवार रहेको' निस्कर्षसहित आफूहरूलाई 'आदर्शवादी' का रूपमा प्रस्तुत गर्न कुनै कसर बाँकी राख्दैनन् । अर्थात्, कर्मचारीतन्त्र कार्यमूलक आवश्यक सामान्य प्रयत्न नगर्ने, तर दोष जति अरूका टाउकोमा थोपर्न व्यस्त छ ।

सुशासन र कर्मचारीतन्त्रबारे बोल्नु या लेख्नुपर्दा मलाई जहिले पनि पूर्वप्रशासक डा. भोलानाथ चालिसेका तीन वाक्यको याद आउँछ । शासकीय संयन्त्रमा देखेको-भोगेको सन्दर्भ खरो रूपमा बोल्न र लेख्न सक्ने प्रशासक चालिसे अहिले हामीबीच छैनन् । तर, उनका तीन वाक्य अहिले पनि उत्तिकै सान्दर्भिक छन् । ती वाक्य हुन्, 'राजनीतिकर्मी स्वभावैले फटाहा हुन्छन्, कर्मचारीतन्त्र अवसरवादी । यी दुईको गठबन्धनले शासन संयन्त्र खल्बलिएको हो । विकृति-विसंगति नियमित बन्न पुगेको हो ।' यी तीन वाक्य-कर्मचारीतन्त्रबाट अवकाश लिएपछिको चालिसेको निस्कर्ष थियो ।

यही वाक्यभित्र हाम्रो शासन र कर्मचारीतन्त्र जेलिएको छ । यो वाक्यको गहिरिएर अध्ययन गर्ने हो भने हाम्रो शासकीय संयन्त्र धराशयी बन्दै जानुको 'मूल-कारण' बुझ्न गाह्रो पर्दैन । धेरैजसो प्रशासक देश बिग्रिनुमा नेता-मन्त्रीलाई मात्र दोष दिन्थे, अझै दिइरहेका छन् । एउटा चोर औंला 'नेता-मन्त्री' तिर देखाउँदा तीन औंला सोझै र बुढी औंला पनि बांगिदै आफैंतिर फर्किरहेको हुन्छ भन्ने सामान्य तथ्य हाम्रा प्रशासकहरू बिर्सिरहेका हुन्छन् । तिनीहरू 'शासन बिग्रनुमा राजनीतिक नेतृत्व जिम्मेवार रहेको' निस्कर्षसहित आफूहरूलाई 'आदर्शवादी' का रूपमा प्रस्तुत गर्न कुनै कसर बाँकी राख्दैनन् । अर्थात्, कर्मचारीतन्त्र कार्यमूलक आवश्यक सामान्य प्रयत्न नगर्ने, तर दोष जति अरूका टाउकोमा थोपर्न व्यस्त छ । चालिसेले भने जसरी शासन-संयन्त्र बिग्रनुको दोष कर्मचारीतन्त्रले कति प्रतिशत लिनुपर्छ भन्ने सामान्य बहससमेत भएको छैन ।

विश्वव्यापी रूपमा कर्मचारीतन्त्रलाई स्थायी सरकार भनिन्छ । कर्मचारीको स्थायित्व र निरन्तरताका कारण यसलाई स्थायी सरकार भनिएको हो । तर, हाम्रोमा भने स्थायी सरकार भनिने कर्मचारीतन्त्र अस्थायी चरित्रले विरूप हुँदै गएको छ । निर्णयकर्तामा हावी तजबिजी कार्यशैली, भ्रष्टीकरण, कर्मचारीतन्त्रमा मौलाउँदो दलीयकरणका कारण अस्थिरता र तदर्थवादको भूमरीमा परेको हो हाम्रो शासन पद्धति । कर्मचारीतन्त्र अतिदलीयकरण हुँदै जाँदा यसका अवयव छिन्नभिन्न हुँदैछ र विश्वसनियता नै धरापमा परेको छ ।

बजेटमै विनियोजित रकम खर्च गर्न नसक्ने प्रशासकको जमात बढ्दै गएको छ । एकातिर राज्यसँग विकास बजेट सीमित हुँदै जानु र अर्कातिर त्यही रकम खर्च गर्नसक्ने 'क्षमताहीन' कर्मचारीको भीड देखापर्दैछ । अर्थ मन्त्रालयकै तथ्यांकअनुसार गएको वर्ष पुँजीगत खर्चका निम्ति २ खर्ब ८ अर्ब विनियोजित भएको थियो । तर, त्यसमा जम्माजम्मी १ खर्ब २२ अर्बमात्रै खर्च भयो अर्थात् ५८.५० प्रतिशत मात्रै खर्च भयो । विकास बजेट खर्च गर्न नसक्ने शासकीय संयन्त्र बनेपछि नागरिकका जीवनमा तात्विक भिन्नता आउने कल्पना गर्नु मूर्खता ठहरिन्छ । बजेट र खर्चमा संगति कायम गर्न नसक्ने प्रशासकलाई 'तह' लगाएको उदाहरण पनि स्थापित हुन सकेको छैन । अझ दुर्भाग्य, तिनैखाले क्षमताहीन प्रशासक आकर्षक ठाउँमा सरूवा हुन्छन्, बढुवामा पर्छन् ।

एकातिर 'नयाँ नेपाल' को मिठो धुन बजाइन्छ, अर्कातिर लोकतन्त्र-गणतन्त्रवादी राजनीतिक वृत्तमा कर्मचारीतन्त्र प्रयोग गर्ने शैली-मानसिकता भने राणाकालीन छ । शासकीय संयन्त्रमा संगतिपूर्ण तादाम्यता नदेखिनुको 'कारण' मानसिकता नफेरिनु हो । अनि, तिनै 'अवसरवादी चरित्र' का कर्मचारी मन्त्रीलाई प्रशासक ठिक नभएको, तपाईं र तपाईको पार्टीप्रति बफादार नभएको भन्दै फेहरिस्त प्रस्तुत गर्छन् । त्यसले मन्त्रीलाई 'हो' भन्ने निस्कर्षमा पुऱ्याउँछ र कर्मचारीतन्त्रमा हस्तक्षेप गर्नैपर्ने बाध्यता सिर्जना भइरहेको छ ।

हाम्रो कर्मचारीतन्त्र 'ट्र्याक'मा छैन । यो तथ्यबाट कर्मचारीतन्त्र भलिभाँती जानकार छ र मन्त्रीहरू पनि । राणाशासन फालेपछि कर्मचारीतन्त्र संस्थागत र व्यावसायिक तुल्याउने उपाय खोज्न पटक-पटक आयोग-कार्यदल बने । त्यस्ता अनेकन आयोग/कार्यदलले बग्रेल्ती निष्कर्ष-सुझाव दिएका छन् । २००९ मा प्रशासकीय पुनर्गठन समिति, जुन 'बुच कमिसन' का रूपमा चिनिन्छ, बन्यो । एनएम बुचसहित भारतबाट झिकाइएका तीनजनाको समितिबाट कर्मचारीतन्त्र संस्थागत गर्ने प्रयास सुरू भएको हो । त्यसपछि २०१३, २०२०, २०२५, २०२७ सालमा कर्मचारीतन्त्रमा काम गर्ने मनोभावना वृद्धि गर्ने उपाय खोज्न आयोग बने । अझ २०३२ मा डा. भेखबहादुर थापाको अध्यक्षतामा निर्मित आयोगले 'प्रशासनलाई बढी विकासमूलक कार्यमा संलग्न गराउने' योजना र उपाय ल्यायो । मुलुकमा बहुदल पुनर्स्थापनासँगै २०४८ मा प्रशासन सुधार आयोग बन्यो, जसले दिएका सुझाव अक्षरश: पालना भएको भए कर्मचारीतन्त्र राजनीति र दलीयकरणको फन्दामा पर्ने थिएन । त्यसपछि सार्वजनिक खर्च सुधार र कर्मचारीतन्त्र सुधार गर्न थुप्रै आयोग र कार्यदल बने । तर, अध्ययन प्रतिवेदन दराजमा थन्काइनेमा सीमित भयो ।

प्रशासन पुनर्संरचना आयोग २०६५ ले पनि 'सुधारका प्रयासहरू

राजनीतिक अस्थिरता र राजनीतिक प्रतिबद्धताको अभावमा असफल भएको' निष्कर्ष निकालेको छ । आयोगको निष्कर्ष थियो, 'जबसम्म सुधारका लागि राजनीतिक प्रतिबद्धता हुँदैन तबसम्म सुधारका प्रयास कागजी खेस्रामा मात्र सीमित रहन्छन् । राजनीतिक प्रतिबद्धताको अलावा प्रशासनिक कटिबद्धताको अभाव, आर्थिक, मानवीय स्रोतको कमी, कार्यान्वयनका लागि संस्थागत संयन्त्र नहुनु पनि कारण हुन् । प्रशासनमा नागरिक समाजको दबाबको अभाव र सुधारमुखी सोचको कमीले पनि हाम्रो प्रयास कछुवाको चालमा अगाडि बढिरहेको देखिन्छ । यसमा आमूल परिवर्तन गर्न सकेमा मात्र नयाँ नेपालको सपना साकार पार्न सकारात्मक बल मिल्न सक्छ ।'

यतिखेर सरकारसामु काशीराज दाहालको अध्यक्षतामा बनेको आयोगले हरेक विषयमा अध्ययन गरी प्रतिवेदन चाङ बनाएको छ । त्यो प्रतिवेदन कार्यान्वयनको सामान्य गुन्जायस समेत देखिँदैन । संसदीय र लोकतान्त्रिक कालखण्डमा निर्मित आयोग-कार्यदलले कर्मचारीतन्त्र दलीयकरणको शिकार भएको, राजनीतिक वृत्तबाट कार्यक्षेत्रभन्दा बाहिर दैनिक काम-कारबाहीमा हस्तक्षेप भएको तथ्य प्रस्तुत भइरहेका छन् । यतिखेर कर्मचारीको नियुक्ति, पदस्थापना, सरूवाजस्ता नितान्त प्रशासनिक काममा राजनीतिक हस्तक्षेप र दबाबको मार बढ्दो छ ।

हाम्रो मुलुक सबैभन्दा धेरैपटक निजामती ऐन/नियम संशोधित हुनेमा पर्छ । पहुँचवालाले "आफू" र "आफ्ना" मान्छेको उन्नतिका निम्ति निजामती ऐन/नियम संशोधनगर्नेश्रृंखलालाई पञ्चालयकालदेखि नै संस्थागत रुप दिए ।

राजनीति र प्रशासन सीमारेखा

खासमा हाम्रो शासकीय संयन्त्र बिग्रनुमा राजनीतिकर्मी र प्रशासक आफ्नो सीमारेखाभित्र बस्न नचाहनु हो । दुवैमा आफ्नो कार्यक्षेत्रभन्दा बाहिरका क्रियाकलाप गर्न पाउँदा रमाउने प्रवृत्ति हुर्किएको छ अर्थात् राजनीतिक नेतृत्व कर्मचारीतन्त्रको काम गर्न खोज्ने र प्रशासकले राजनीति गर्न रूचाएपछिको मारमा शासकीय संयन्त्र परेको छ ।

राजनीतिकर्मी र प्रशासकबीच 'व्यावसायिक सम्बन्ध' मात्र हुनुपर्छ भनी प्रशासन सुधार आयोग २०४८ ले किटान गरेको छ । आयोगले मन्त्री र कर्मचारीका सम्बन्धका सीमारेखा कोर्नुका साथै कर्मचारीतन्त्रमा राजनीतिक रंग देखिन नहुने सुझाव दिएको थियो । तर, त्यो सुझाव अर्थहीन हुन पुग्यो । राजनीतिकर्मी कर्मचारीलाई प्रयोगको औजार बनाउँदै आफ्नो अभीष्ट पूरा गर्न चाहन्छन् भने कर्मचारीतन्त्र जागीरलाई कमाउने र उँभो लाग्ने स्वार्थ पूर्तिका माध्यम राजनीतिकर्मीलाई प्रयोग गर्ने ध्येय संस्थागत हुँदै गएको छ ।

आयोगका सुझावमा मात्र होइन कि लोकतन्त्र बहालीपछि त कानुनी रूपमा दुवैलाई सीमाभित्र राख्न खोजियो, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मार्फत् । त्यो कानुनमा कार्यक्षेत्र स्पष्ट कोरिएपछि कर्मचारीतन्त्रमा मन्त्रीको अनावश्यक हस्तक्षेप रोकिने विश्वास थियो किनभने त्यो कानुनमा मन्त्री, सचिवमात्र होइन, तल्ला तहका अधिकारीको कार्यक्षेत्र र जिम्मेवारी तोकिएको छ । सुशासन ऐनको उद्देश्य असल शासनको आधारभूत मान्यता आत्मसात गराउने र जवाफदेही, पारदर्शी, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन दिनु हो । कानुनअनुसार मन्त्रीले मन्त्रालयबाट सम्पादित हुने कामसम्बन्धी नीतिगत विषयमा काम गर्ने/गराउने हो । त्यसअतिरिक्त सर्वसामान्यतयामा प्रतिकूल नहुने गरी कर्मचारीलाई आवश्यक निर्देशन दिने हो । मन्त्रीले गलत भएमा सच्च्याउन निर्देशन दिन सक्छ, तर उनीहरू अनेक तवरमा प्रलोभित आफैं निर्णयमा सामेल हुन्छन् ।

लोकतान्त्रिक कालखण्डमा निर्मित बहुचर्चित सुशासन कानुन पनि देखाउने दाँतमात्रै बनेको छ । यतिखेर मन्त्रीहरूको अधिकांश समय कर्मचारी सरूवा र ठेक्कापट्टामा केन्द्रित हुने गरेको छ । मन्त्रीले नीति र योजना बनाउने खाकामा बहस गराउने विषयलाई प्राथमिकतामा पार्न सकेका छैनन् भने पद्धति सुधारका निम्ति निर्देशन दिएको पनि सुनिँदैन । मन्त्रीको मुखमा 'सरुवा' शब्द झुन्डिएको छ । सरुवामा सहमति दिनुपर्ने दबाबका कारण सामान्य प्रशासन मन्त्रालय सधैंभरि विवादले रन्थनिएको हुन्छ ।

पुराना प्रशासकहरू पञ्चायत र शाही शासनका बेला कर्मचारीतन्त्रका निम्ति राम्रो माहौल भएको स्मृति सुनाउँछन् । तर, पञ्चायतकालीन दृश्य बिर्सिए पनि शाही शासनका बखतमा सक्षम र अनुभवीलाई पन्छाएर समर्थकमात्रै खोजिएको दृश्य ताजै हुनुपर्छ । सात सचिवलाई चौध महिनासम्म जगेडामा थन्काएर सहसचिवलाई कायममुकायम दिइयो, छ महिनाभन्दा बढी कामु राख्न नपाइने नियम उल्लंघन गर्दै । कानुनतः एक महिनाभन्दा बढी समय कुनै पनि कर्मचारीलाई जिम्मेवारी नदिई बिनाकारण अतिरिक्त समूहमा राख्न पाइँदैन । ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा योग्य र इमानदार भनी चिनिएका सचिव, सहसचिवलाई जिम्मेवारी दिइएन । २०५९ असोज १८ प्रकरणपछि राजाबाट मनोनित मन्त्रीहरूले पर्चा खडा गरेर कर्मचारी हटाउने प्रावधानसमेत ल्याउन खोजियो । पञ्चायतकालमा व्यवस्थाप्रति आस्था नराख्ने कर्मचारीलाई सरकारी सेवाबाट हटाउने 'पर्चा खडा' को व्यवस्था थियो । कर्मचारीतन्त्र हरसमय त्रासमा राखेर अनुकूल निर्णय गराउने मामलामा शाही शासनका बेला अझ अचाक्ली रूपमा देखापऱ्यो ।

मुलुकमा सबैभन्दा धेरैपटक निजामती ऐन/नियम संशोधित हुनेमा पर्छ, निजामती सेवा ऐन तथा नियमवाली । पहुँचवालाले 'आफू' र 'आफ्ना मान्छे' उन्नतिका निम्ति निजामती ऐन/नियम संशोधन गर्ने श्रृंखला पञ्चालयकालदेखि संस्थागत रूप दिए । जुनसुकै तन्त्र आए पनि आफ्नालाई 'मौका' र 'अवसर' दिनुपर्छ भन्ने मानसिकता यथावत छ । आफू र आफ्ना मान्छेलाई बढुवा र राम्रो स्थान दिने उद्देश्यले संशोधनको शिकार बनाइयो, निजामती ऐन र नियमावलीलाई । कर्मचारीतन्त्रको 'अवसरवादी' चरित्र चिन्ने र तिनलाई नियन्त्रण गर्न राजनीतिक नेतृत्वले रुचाएन । बरू तिनको 'अवसरवादी चरित्र' असुल गर्ने नीति राजनीतिक नेतृत्वले लियो ।

अर्कातिर नेपालमा शासकीय मामिला गडबडीमा सञ्चालित भइरहनुमा कर्मचारीतन्त्र पनि उत्तिकै जिम्मेवार छ । कुनै मन्त्रीले गलत गर्न चाह्यो, तर कर्मचारीतन्त्रले कानुनबमोजिम 'हुन्नँ' भन्ने अडान राख्न सक्यो भने खराब निर्णय हुन सक्दैन । सचिव-सहसचिवहरूले एकस्वरमा 'हुँदैन' भन्ने हो भने जतिसुकै प्रभावशाली मन्त्री भए पनि अनुचित निर्णय लिन सक्दैनन् । तर, जब कर्मचारीतन्त्र नै कानुनको छिद्र देखाउँदै निर्णयका निम्ति मतियार बन्न उद्यत हुन्छन्, तब

खराब निर्णय हुनसक्छ । त्यसकारण शासन-संयन्त्र छिन्नभिन्न पार्न दुवै दोषी छन् ।

'सुख' को दुःखमा प्रशासनतन्त्र

सामूहिक सौदाबाजी गर्ने उद्देश्यअनुरूप खोलिएको 'ट्रेड युनियन' दलीय भातृ संस्थाको रूपमा विकसित भएका छन् । यतिखेर राजनीतिक दलपिच्छे ट्रेड युनियन खुलेका छन् । दलीय भातृ संस्थाका कारण मन्त्रालय हो कि पार्टी कार्यालय छुट्ट्याउन कठिन हुन्छ । उनीहरूको भाषा-शैली पनि राजनीतिकर्मीका भन्दा कम छैन । ट्रेड युनियनमा आवद्ध कर्मचारी मन्त्रीहरूलाई सिधै 'दाइ, जयनेपाल' भनिरहँदा उनीहरूमा कुनै अप्ठेरो भएको देखिँदैन भने ' अभिवादन-कमरेड' शब्द पनि सरकारी निकायमा सामान्य हुँदैछ ।

तल्ला तहका कर्मचारीको 'जयनेपाल' र 'अभिवादन' सँगै सरकारी संयन्त्रमा राजनीति सहज हुँदै गएको छ । ट्रेड युनियनमा सुब्बा-खरदार हरूको बोलवाला छ । राजनीतिका कारण सुब्बा-खरदारको सम्बन्ध सिधै मन्त्रीसँग जोडिएको हुन्छ । तिनीहरू मन्त्रीलाई 'कुरा' लगाउँछन्, 'यो-यो उपसचिव, सहसचिव, सचिव हाम्रो पार्टीका होइनन्, यिनले हाम्रो पार्टीलाई सहयोग गर्दैनन् । हाम्रो पार्टीसँग यी-यी हाकिम नजिक छन्, तिनलाई राम्रो ठाउँमा सरूवा गर्नुपर्छ ।'

उता मन्त्रीहरू पनि तिनैका प्रस्ताव कार्यान्वयन गर्न उद्यत हुन्छन् । त्यहीकारण उपल्ला प्रशासकहरूको मुखबाट सुन्न पाइन्छ, 'हेर्नोस्, सरकारी संयन्त्रलाई सुख (सुब्बा-खरदार) ले भद्रगोल पारिसके । हामीले तिनलाई काम लगाउने होइन कि तिनकै शरणमा जानुपर्ने अवस्था सिर्जना भएको छ, सरूवा र बढुवाका निम्ति । सुखले दुःख दिएपछि भद्रगोल नभएर के हुन्छ ?' सरूवा-बढुवाका बेला सचिव-सहसचिव तिनै ट्रेड-युनियनका नेताहरूको फेर समात्दै राजनीतिक नेतृत्वसम्म पुग्छन् । अर्थात्, तिनले पनि ट्रेड युनियनवालाहरूलाई प्रयोग गर्न कुनै कसर बाँकी राख्दैनन् ।

सरकारी कर्मचारीको आचरणसम्बन्धी महलमा 'निजामती कर्मचारीले राजनीतिमा भाग लिनुहुँदैन' भन्ने स्पष्ट व्यवस्था छ । ट्रेड युनियनमा आबद्ध कर्मचारीको घोषित उद्देश्य पेशागत हकहित र सामूहिक सौदाबाजी उल्लेख छ । तर, कानुन र विधानविपरीत बाटामा उनीहरू हिँडिरहेका छन् ।

कर्मचारीलाई 'ट्रेड युनियन' खोल्न दिने या नदिने र कतिवटासम्म दिने विषय २०४७ नियमित विवादित बन्दै आएको छ । २०४७ मा सामान्य प्रशासन मन्त्रालयका तत्कालीन सचिव विमलराज बस्नेतको संयोजकत्वमा गठित कार्यदलले 'पेशागत संगठन एउटा मात्र हुन सक्ने' सुझाव दिएपछि मन्त्रिपरिषद्को निर्णयमा नेपाल निजामती कर्मचारी संगठनको दर्ता भयो, २०४७ कात्तिक १९ मा । त्यो संगठनलाई एमालेले कांग्रेसविरूद्ध प्रयोग गरेपछि विकल्पका रूपमा २०४७ फागुन १२ मा 'संघ' दर्ता गर्न दिने निर्णय गऱ्यो । त्यसपछि एमाले र कांग्रेसका रूपमा कर्मचारीहरूले छुट्टाछुट्टै रूपमा उभिन पुगे ।

प्रारम्भबाटै कर्मचारी ट्रेड युनियनमार्फत् राजनीतिकरण भएपछि बन्द गर्नुपर्छ भन्ने बहस पनि नभएको होइन । ट्रेड युनियन खोल्न नदिई 'व्यावसायिक र विषयगत' समूहमात्र हुनुपर्ने धारणा पनि नआएका होइन । २०५६ मा गठित भ्रष्टाचार नियन्त्रण सुझाव समितिले त निजामती र सरकारी स्वामित्वका निकायमा कर्मचारी ट्रेड युनियन रहन नपाउने कानुनी व्यवस्था हुनुपर्ने सुझाएको थियो । यतिखेर राजपत्रांकित तृतीय श्रेणीसम्म गरी झन्डै ८० प्रतिशत कर्मचारी युनियनमा आबद्ध छन् । ठूलो संख्या आफूमातहत रहेपछि ट्रेड युनियनवाला राजनीतिक नेता बन्ने संस्कृतिको स्थापित हुँदैछ ।

दलीय ट्रेड युनियन विकृति सिर्जना भएको निस्कर्षसहित २०७३ मा निर्वाचनमार्फत् 'आधिकारिक ट्रेड' युनियन गठन भयो । आधिकारिक युनियनसँगै कर्मचारी सरूवा दबाब र हस्तक्षेपजन्य विकृति अन्त्य हुने अपेक्षा गरिएको थियो । तर, आधिकारिक ट्रेड युनियनपछि दलीय युनियन खारेज भएनन् । यतिबेला राजनीतिक निकटता जोड्दै राष्ट्रिय स्तरका छवटा कर्मचारी संगठन क्रियाशील छन् । तिनीहरूले २०७३ भदौमा कर्मचारी सरूवाका बेला सिँहदरबारभित्रै नाराबाजी गरे, आकर्षक ठाउँमा आफ्नो मानिस सरुवा गर्नुपर्ने माग लिएर । ठूला दल कांग्रेस, एमाले, माओवादीआबद्ध कर्मचारी युनियनका पदाधिकारी 'सरूवा-सूची' बोकेर सामान्य प्रशासन मन्त्रालयलाई चर्को दबाब दिन उद्यत भए । जहाँ 'हाम्रो पार्टी' का कर्मचारीलाई सरुवामा 'अन्याय' भएको स्वर सुनियो ।

कर्मचारी नेताहरूको आक्रोश सुन्दा र हेर्दा सामान्य प्रशासन मन्त्रालय हो कि पार्टी कार्यालय हो छुट्ट्याउन कठिन थियो । अर्कातिर सेवाग्राही कार्यालय सरुवा माग हुनुले स्पष्ट हुन्थ्यो, 'घुस खान ठाउँ चाहिन्छ ।' तिनीहरूको माग 'आफ्ना मानिस' लाई वैदेशिक रोजगार विभाग, यातायात कार्यालय, मालपोत, भन्सार विभागमा सरुवा हुनुपर्छ भन्ने थियो । अर्थात्, त्यहाँ सरुवा भएर चाँडै कमाउने दाउ कर्मचारीले खोजेका हुन् । अर्कातिर अवसरवादी लेखा अधिकृतको ध्याउन्न विकासे आयोजना बन्यो । तजबिजी अधिकार प्रयोग गर्न पाइने र प्रशस्त आर्थिक कारोबार हुने ठाउँ आकर्षणको केन्द्र बनेको हो । तिनको चाहना पूरा गर्न ट्रेड युनियनकै पदाधिकारी मुढेबल प्रदर्शन गर्न उद्यत हुनुले तिनीहरू सामूहिक हितका निम्तिभन्दा पनि सीमित सदस्यको अनुचित स्वार्थ पूरा गर्न चाहेका देखिन्छ । कर्मचारी

युनियनहरूको काम भनेको सामूहिक हक-हित संरक्षण गर्ने सवालमा केन्द्रित हुनुपर्ने हो न कि सरूवामा अनुचित दबाब दिनु हो । अनुचित कर्ममा संलग्न ट्रेड युनियनका पदाधिकारीलाई कारबाहीको तहसम्म पुऱ्याउन सरकार निरीह बन्न पुग्यो ।

कर्मचारीतन्त्र भनेको सरकारी कानून लागू गराउने र कानुनविपरीत काम गर्नेलाई कारबाही गर्ने संयन्त्र हो । उनीहरू आफैं यसरी अराजकता सिर्जना गर्न उत्रिएपछि कर्मचारीतन्त्र नराम्ररी गिजोलिन पुगेको छ । अर्कातिर कर्मचारी युनियनले कहिल्यै सेवाग्राहीलाई कसरी सरल र सहज तवरले सुविधा प्रदान गर्ने भन्ने बहस चलाएको सुनिएको छैन, उनीहरू गलत कामलाई प्रोत्साहित गर्नेमा केन्द्रित भएपछि कर्मचारी संघ-संगठनमात्र होइन, कर्मचारीतन्त्र नै बदनाम बनेको छ । विकृत छवि सुधार्न राजनीतिक-प्रशासनिक नेतृत्वकर्ताले दायित्व जति बहन गर्नुपर्छ, त्यति नै युनियनले पनि । कर्मचारीतन्त्र अति दलीयकरण हुँदै जाँदा यसले राज्य संयन्त्र छिन्नभिन्न तुल्याउन सक्छ । त्यसकारण राजनीतिक गन्ध आउने ट्रेड युनियन खारेज हुनुपर्छ ।

योग्य मानिसको अयोग्य थलो

प्रशासनतन्त्रलाई योग्य मानिसको अयोग्य थलो भन्ने गरिन्छ किनभने कर्मचारीतन्त्रमा योग्य मानिस प्रशस्त छन् । यही कर्मचारीतन्त्रका धेरै मानिसलाई विदेशी नियोगले महँगो पारिश्रमिकमा काम लगाइरहेका हुन्छन्- स्वदेशदेखि विदेशसम्म । कतिपयले विदेशमा लामो समय अध्ययन र तालिम लिएका छन् । तर, शासकीय संयन्त्रमा 'आफ्ना मानिस' खोज्ने प्रवृत्ति कारण क्षमता भएका पलायन हुन बाध्य छन् । योग्यता र क्षमता भएकाहरू चाकडी गर्दैनन्, चुक्ली लगाउन हिँड्दैनन् । तर, जो थोरैमात्र क्षमता छ तिनीहरू चाकडी गर्न माहिर हुन्छन् र तिनीहरू पद ओगट्न पुग्छन् ।

मन्त्रिपरिषद गठन-पुनर्गठनसँगै कर्मचारीतन्त्रमा सरूवाको भुइँचालो आउने गर्छ । यो नियमित आकस्मिकता हो । विधिसम्मत ढंगले अघि बढ्न खोजेमा अनुचित लाभ लिने मन्त्रीहरूका चाहना पूरा हुँदैनन् । मन्त्रालय बुझेको सचिव र सहसचिवहरू मन्त्रीको गलत क्रियाकलापमा संलग्न हुन चाहँदैनन् । तिनको अनुचित क्रियाकलाप रोक्ने प्रयास गर्छन् । शासकीय संयन्त्र बिग्रनुको कारण हो, 'राम्रो मान्छे' होइन 'हाम्रो पार्टीका मान्छे' प्रचलन स्थापित छ । मन्त्रीहरू पनि 'योग्य कर्मचारी' खोज्दैनन्- 'एस म्यान' खोज्छन् । सचिवहरू पनि आफूमुनि त्यस्तै कर्मचारी खोज्छन् ।

मन्त्रालयको भेउ नपाएका सचिव र सहसचिव भएपछि मन्त्रीलाई जथाभावी काम गर्न सजिलो हुने गर्छ । त्यहीकारण मन्त्रालय र कार्यालयमा आफ्नो अनुकूल कर्मचारीहरूको 'टिम' निर्माण गर्ने प्रवृत्ति मन्त्रीहरूले ल्याएका छन्- सचिव र सहसचिवहरूको सरुवाले विश्लेषण गर्ने हो भने यही निष्कर्षमा पुगिन्छ । मन्त्रीहरूले 'राम्रो मानिस' खोजेको बिरलै सुन्न पाइन्छ, उनीहरूले 'आफ्नो हित गर्ने मानिस' खोजिरहेका हुन्छन् ।

बेलाबखत प्रशासनिक सुधार अभियानका बखत मन्त्री तथा उच्च प्रशासकका मुखबाट 'सही मान्छे, सही ठाउँमा' शब्द उच्चारण हुन्छ । तर, यो व्यवहारमा होइन, नारामा मात्र सीमित छ । विषय नबुझेकालाई राम्रो ठाउँ दिएपछि कमजोर निर्णय हुन्छन् र विषय बुझेका त्यसलाई हेरेर बस्नुपर्ने बाध्यता छ ।

शासकीय र प्रशासनिक नेतृत्व अस्थिर भएपछि विकास प्रक्रियामा चपेटामा परेको छ । विकास आयोजना अनिश्चित बन्ने, लागत बढ्नुका अतिरिक्त अनुचित खर्चका निम्ति ढोका खोलेको छ । सरकारको संयन्त्र भनेको कर्मचारीतन्त्र हुन्, राजस्व संकलन गर्नेदेखि खर्चसम्म । तर, विकास निम्ति बजेटमा विनियोजित भएको रकम एघार महिनासम्म ३०-३२ प्रतिशतमात्र खर्च गर्ने र असारको वर्षेझरीसँगै ह्वात्तै खर्च गर्ने प्रवृत्तिमा कुनै सुधार आएको छैन ।

लामो समय प्रशासनतन्त्रमा बिताएका लोकसेवा आयोगका अध्यक्ष उमेश मैनालीले शासनतन्त्रलाई 'ऐना' सँग दाँजेका थिए । शासकहरूकै रूप कुरूप छ भने 'ऐना' लाई मात्र दोष दिएर हुन्छ र ? राजनीतिकर्मीको जस्तो रूप हुन्छ, कर्मचारीतन्त्रको रूप पनि त्यस्तै हुन्छ । मैनालीका शब्दमा, 'शासन, प्रशासन र सुशासनका लागि नीति दिने, स्रोत साधन दिने, नयाँ दृष्टिकोण दिने र कर्मचारीतन्त्रको 'स्टेरिङ' मा राजनीतिक नेतृत्व हुन्छन् । कर्मचारीतन्त्र भनेको करौंतीजस्तै हो, चलाउनेले जता चलाउँछ उतै काटिदिन्छ । चलाउनेहरू अनाडी भए भने राम्रो चिज पनि नराम्ररी काटिदिन्छ । शासनकला नजान्ने, राज्यका संयन्त्र पनि परिचालन र उत्प्रेरित गर्न नजान्ने र आक्षेप जति कर्मचारीतन्त्रलाई लगाउनु जिम्मेवारीबाट पन्छिने चालमात्र हो ।'

अब राजनीतिकर्मीको दायित्व र काम 'राज्यका निम्ति नीतिनिर्माण तर्जुमा गर्नुमा सीमित हुनुपर्छ । शासन-संयन्त्र सिद्धान्त, आदर्श र व्यवहार फरक/फरक बाटामा हिँडेपछि संगतिपूर्ण ढंगले राज्य सञ्चालन हुन सक्दैन । कानुनी मर्यादामा रहेर स्वच्छ शैलीमा निर्णय गर्नसक्ने प्रशासनिक संरचना नबन्ने हो भने जुनसुकै दल या शक्तिशाली नेताको नेतृत्व सरकारमा गठन भए पनि कुनै अर्थ हुँदैन । विकास खर्च गर्ने काम तिनै प्रशासकको हो, जब तिनीहरू निर्णय लिन सक्दैन भने मुलुकले कसरी काँचुली फेर्न सक्छ ? उत्तरदायित्व पन्छाउने र आफूले नगरेको कामको दोष अरूको टाउकामा थुपार्नेको भीडबाट निकास पाइँदैन । आफ्नो निष्क्रियताको औचित्य पुष्टि गर्न मनगढन्ते कथाहरू बुन्ने प्रवृत्ति मन्त्री-प्रशासकबाट त्याग्नुपर्छ । कर्मचारीतन्त्र दुर्वल हविगतमा पुग्नुको कारण र कारक खोज्दै 'ट्रचाक' मा हिँडाउन ढिलो गर्नुहुन्न ।

(थापा कान्तिपुर दैनिकका समाचार सम्पादक हुन् ।)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

मदिराजन्य र सुर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्त: शुल्क ऐन, २०५८ बमोजिम होटल तथा रेष्टुरेष्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूर्तीजन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नुपर्ने,
४. बिहान १०:०० बजे देखि राति १०:०० बजेसम्म मात्र मदिरा विक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाउने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने,
७. अन्त: शुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने, अन्त: शुल्क टिकट टांस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानुन बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्त: शुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु सगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,०००(दश हजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,०००(वीस हजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुढृढ कर प्रणली पूर्वाधार"

उद्योग, ट्रेड युनियन र उत्पादन

● शेखर गोल्छा

हाम्रो जस्तो सानो र गरिब देशमा रोजगारी सिर्जना गर्नु सबैभन्दा ठूलो चुनौति हो । रोजगारी नपाएका कारण दिनमा हजारौं युवा बाहिरिरहेका छन् । देशबाट ५० लाखका हाराहारीमा जनता रोजगारी खोज्दै तेस्रो देश गइसकेका छन् । यतिकै संख्यामा भारतमा रहेका छन् । देशका लागि पसिना बगाउनुपर्ने जनता विदेश पलायन भएपछि यसको प्रत्यक्ष असर यहाँको अर्थतन्त्रमा पर्छ ।

ट्रेड युनियन गठन नेपालको संविधानले नै दिएको अधिकार हो । संविधानले मौलिक हकअर्न्तगत धारा ३४ को उपधारा ३ मा 'प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ' भन्ने उल्लेख छ ।

संविधानको यही विषयलाई श्रम ऐनले पनि बोलेको छ । संविधान, ऐनले नै दिएको अधिकारलाई च्यानलाइज गर्नलाई ट्रेड युनियन बन्छन् । मजदुरको हकहितको विषय विश्वमा कैयन वर्षदेखि उठ्दै आएको विषय हो ।

यहाँ स्पष्ट हुनुपर्ने कुरा के छ भने संविधानले ट्रेड युनियन खोल्न पाउने अधिकार दिएको मजदुर हक हितका लागि हो । मजदुरलाई संगठित गर्नका लागि नै ट्रेड युनियन बनाउने हो नकि राजनीति गर्न, राजनीतिक दलको सहयोगी बन्न ।

दुर्भाग्य हाम्रो देशमा ठिक उल्टो हुन गयो । ट्रेड युनियनले मजदुर हकहितका पक्षमा भन्दा राजनीति गर्ने थलोका रूपमा प्रयोग गरे । राजनीतिक दलको भातृ संगठन भएर काम गर्न थाले । उद्योग, व्यवसायलाई सहयोगभन्दा बन्द, हड्तालको शैली अपनाए ।

यसो हुनुमा केही अंश रोजगारदाताको गलत नियतले पनि हुनसक्छ । पहिला जुन श्रम ऐन थियो, त्यसको कार्यान्वयन फितलो थियो । केही रोजगारदाताले त्यसको फाइदा पनि लिएका हुन सक्छन् । राम्रोसँग रेकर्ड नराख्ने, प्रोभिडेन्ड फन्ड नबनाउने, विभिन्न

सुविधा पनि कम दिने, तलबभत्ता राम्रो नहुने भएको हुनसक्छ। तर, अन्य ९० प्रतिशत असल व्यक्तिलाई हेर्ने दृष्टिकोण पनि त्यस्तै हुन भएन। सबैलाई यसैगरी ट्रेड युनियनले व्यवहार गरेको पनि देखियो। यसले गर्दा वातावरण बिग्रिएको हो।

देशमा चलेको १० वर्षे जनयुद्धपछि ट्रेड युनियन अझ धेरै सक्रिय भएको पाइन्छ। त्योभन्दा पहिला पनि ट्रेड युनिय थिए तर जनयुद्धपछिको लोकतन्त्रमा भने ट्रेड युनियन बेग्लै ढंगबाट प्रस्तुत भए। लगभग सबै पार्टीहरूका ट्रेड युनियन गठन भए।

त्यो बेला राजनीतिक परिवर्तन अलि बढी 'लेफ्टिस्ट' पनि भएको थियो। सोच पनि त्यस्तै थियो। धेरैजसो उद्योगमा त्यसैअनुसार ट्रेड युनियन बनाइए। 'फल्स्ली इम्पावर' पनि भए। गलत सपना पनि देखाए। मजुरलाई गुमराहमा राखियो। एउटै उद्योगमा तीन-चार ट्रेड युनियन भएर सामूहिक सौदाबाजी भए। त्यो पनि राजनीतिक दबाबमा। धम्कीका भाषा प्रयोग हुन थाले र कहिलेकाहीँ हातहतियार प्रयोग भयो। रोजगार दाता र ट्रेड युनियनका बीचमा जुन 'लेबर रिलेसन' थियो, त्यो खराब भयो। केही उद्योगहरू बन्द पनि भए।

सबै ट्रेड युनियन कुनै न कुनै राजनीतिक दलसँग आबद्ध हुन्छन्। कुनै पनि बेला बन्द-हड्ताल हुँदा, राजनीतिक आन्दोलन हुँदा या चुनाव हुँदा राजनीतिक दलले आफ्नो मातहतमा रहेका ट्रेड युनियनमा आबद्ध मजदुरलाई प्रयोग गरे र अहिले पनि त्यो संस्कार हटेको छैन। त्यसबाट उद्योगलाई पुग्ने असर, उत्पादनमा ह्रास, घाटाको विषयमा नजरअन्दाज गरिदिन्छन्। यो परम्परा पहिला अझ बढी थियो।

रोजगारदाताले राम्रो तलब सुविधा नदिएर ट्रेड युनियनमा राजनीति र बन्द हडताल भएको हो भन्ने पनि सुनिन्छ। मेरो विचारमा यो सत्य होइन। विभिन्न उद्योगमा ट्रेड युनियनले गरेका गतिविधिले नै यसलाई पुष्टि गर्छ। जस्तै, उच्च तलबभत्ता, सुविधा दिने कम्पनीमा पनि बन्द, हड्ताल, ट्रेड युनियन राजनीति भएका छन्। उदाहरणका रूपमा हेर्दा सूर्य नेपाल, नेपाल लिभर बन्द-हडतालमा भए। मलाई लाग्छ यी कम्पनीमा न्यूनतम पारिश्रमिकभन्दा उच्च सुविधा दिन्छन्। यसले के देखाउँछ भने पारिश्रमिक कमभन्दा पनि राजनीतिक प्रभावले यस्तो भइरहेको छ। त्यसैले, मैले मजदुर 'फल्स्ली इम्पावर' भएका छन् भनेको हुँ। ट्रेड युनियन र राजनीतिक गतिविधि न्यूनतम तलब वा खानलाउनको मात्र विषय होइन, तलबलाई पाँच गुणा बढी गराउँदा पनि बन्द, हडताल रहिरहन्छ जबसम्म नेपालमा रोजगारी सिर्जना गर्नु जरुरी छ भन्ने चेतना आउँदैन। रोजगारदातालाई सम्मान पाउनुपर्छ, त्यस्तो वातावरण सिर्जना गर्नुपर्‍यो जहाँ रोजगारी सिर्जना भइर हुन्।

हाम्रो जस्तो सानो र गरिब देशमा रोजगारी सिर्जना गर्नु सबैभन्दा ठूलो चुनौति हो। रोजगारी नपाएका कारण दिनमा हजारौं युवा बाहिरिरहेका छन्। देशबाट ५० लाखका हाराहारीमा जनता रोजगारी खोज्दै तेस्रो देश गइसकेका छन्। यतिकै संख्यामा भारतमा रहेका छन्। देशका लागि पसिना बगाउनुपर्ने जनता विदेश पलायन भएपछि यसको प्रत्यक्ष असर देश, यहाँको अर्थतन्त्रमा पर्छ।

अहिलेको परिस्थितिमा रोजगारी सिर्जना गर्नु ठूलो कुरा हो किनभने देशको पहिलो प्राथमिकता देशका उत्पादनशील युवालाई रोक्ने हुनुपर्छ।

त्यसैले यहाँ एक प्रश्न उब्जन्छ, भएका मजदुरको हकहित सुरक्षा गर्ने ठूलो कुरा हो कि नयाँ रोजगारी सिर्जना गर्नु ठूलो कुरा हो ?

मलाई लाग्छ अहिलेको परिस्थितिमा रोजगारी सिर्जना गर्नु ठूलो कुरा हो किनभने देशको पहिलो प्राथमिकता देशका उत्पादनशील युवालाई रोक्ने हुनुपर्छ। यसो भनिरहँदा, मजदुरको हकहितलाई बिर्सन खोजेको होइन। मजदुरको हकहितलाई कुल्चनु भनेको उत्पादन प्रतिफलमा पर्ने असर हो। र, मलाई लाग्छ अहिलेको प्राथमिकता नयाँ रोजगारी सिर्जना गर्नु हो।

अर्धजनशक्तिलाई नेपालमै रोक्ने हो भने तलब सुविधा आफैं उच्च हुन्छ। दक्ष जनशक्ति राम्रो अवसरको खोजीमा हुन्छ, यहाँ त्यो अवसर नभएर बाहिर गइहाल्छ। उनीहरूलाई रोक्न रोजगारदाताले नै स्वतः सुविधा बढाउनुपर्ने हुन्छ। बाहिर धेरै कमाइ हुने हुँदा यहाँ पुरानै तलबमा नयाँ रोजगारी सिर्जना गर्नु पनि गाह्रो कुरा हो। आउने समयमा यसलाई सन्तुलन गर्न पनि आवश्यक छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजकारदाताले पारिश्रमिक समेतको रमक भुक्तनी गर्दा, लगानी प्रतिफल र सेवा शुल्काके भुक्तानी गर्दा आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यलय तथा कर दाता सेवा कार्यलयमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नु पर्ने व्यवस्था रहेको विदितै छ। साथै भुक्तानी कर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकीएको मितिसम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपर्युक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकीएको समयमा अनिवार्य रुपमा भुक्तानीमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारकं गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

अर्को बुझ्नुपर्ने कुरा के छ भने यस्तै विभिन्न समस्या हुने हो भने नेपालमा उद्योग ल्याएर कसले राख्छ ? यहाँ राजनीतिक समस्या मात्र होइन, भौतिक संरचना कमजोर छन् । नीति नियम बन्न सकेका छैनन् । भएका लागू हुन सक्दैनन् । यस्तो ठाउँमा केही फाइदा हुँदैन भने नेपालमा उद्योग किन आउँछन् ? लगानी गर्ने भनेको फाइदा लिनका लागि हो ।

यसले गर्दा पछिल्लो समयमा व्यवसायी औद्योगिक क्षेत्रमा लगानीभन्दा पनि व्यापारमा गइरहेका छन् । ठूलो लगानी गरेर उद्योग राख्यो, रोजगारी दियो तर प्रतिफल आउने बेलामा बन्द, हडताल हुन्छ । लगानी नै धरापमा पर्छ भनेर सजिलो व्यापारमा लाग्न थालेका छन् ।

कुनै समय उत्पादन क्षेत्रले कूल गार्हस्थ उत्पादन (जिडिपी) मा १६ प्रतिशतसम्म योगदान दिएको थियो । यो घट्दै गएर अहिले ४/५ प्रतिशतमा झरेको छ । यसको प्रमुख कारण उत्पादन क्षेत्र, उद्योग व्यवसायमा हुने यस्तै राजनीतिक बन्द, हडताल हुन् । यसले के देखाउँछ भने देशमै उद्योग स्थापना गर्ने, देशमा रोजगारी सिर्जना गर्ने भन्ने कुनै आकर्षण नै छैन । आकर्षण गर्नका लागि सरकार, राजनीतिक दलले पनि सोच्नुपर्छ । देशको आर्थिक, रोजगारीमा यति धेरै समस्या आउनुमा प्रमुख कारण राजनीतिक दलले ट्रेड युनियनमा काम गरिरहेका मजदुरलाई प्रयोग गर्नु नै हो ।

विदेशको कुरा गर्ने हो भने देशअनुसार श्रमिक र रोजगारदाताको सम्बन्ध फरक- फरक छ । विकसित देशमा पनि धेरै लचकता रहेको छ । जस्तो, जर्मनीलगायत युरोपमा केही क्षतिपूर्ति दिएर मजदुर निकाल्न सकिने व्यवस्था छ । अमेरिकामा त अझ बढी लचकता छ जहाँ कुनै समयमा मजदुर निकाल्न सकिन्छ । भारतमा पनि कार्यसम्पादनको आधारमा फायर गर्न सकिने छ । अन्तर्राष्ट्रिय प्राक्टिस यही हो तर यो विषय राजनीतिक रूपमा पचाउन गाह्रो छ ।

यति हुँदाहुँदै, खुसी र आशाको कुरा के छ भने पछिल्लो समय 'लेबर रिलेसन' मा सुधार हुँदै गएको छ । पछिल्लो पाँच/छ वर्षमा प्रभावकारी रूपमम सम्बन्ध सुधार भएको देखिन्छ । शायद, मजदुर र रोजगारदाताले एक अर्कोलाई बुझ्ने मौका पनि पाए । त्यसले सकारात्मक नतिजा पनि ल्याएको छ ।

जसरी राजनीतिक परिवर्तन आयो, बन्द-हडतालको खेल भयो यसले रोजगारदातालाई बढी जिम्मेवारी बनाएको छ । श्रम ऐनलाई पालना गर्नुपर्छ भन्ने चेत आएको छ । अर्कोतिर, युनियनले पनि बुझ्न थालेका छन् कि रोजागरी सिर्जना गर्न श्रम सम्बन्ध राम्रो हुन जरुरी छ । रोजगारदाताको समस्या बुझेनौं भने उद्योग बन्द हुने र रोजगारी गुम्नेसम्म हुनसक्छ भन्ने चेत श्रमिकमा पनि आएको छ । पछिल्लो समय युनियनहरूले त्यो म्याचुरिटी पनि देखाएका छन् ।

श्रम सम्बन्ध सुधार हुँदै गएको हो भन्ने उदाहरण भर्खर संसदबाट पारित भएको औद्योगिक व्यवसाय ऐन र मस्यौदा तयार भइसकेको श्रम ऐनमा भएको सहमतिले पनि देखाउँछ । औद्योगिक व्यवसाय ऐनमा बन्द-हडताल गर्न नपाउने भन्ने व्यवस्था गर्न

श्रमिक तयार भएका छन् ।

यसलाई प्रतिस्थापन गर्ने श्रम ऐनको मस्यौदा पनि इतिहासमा पहिलो पटक श्रमिक र रोजागारदातासँगै बसेर बनाइएको छ । त्यो मस्यौदामा रोजगार दाताले चाहेको एउटै कुरा हो 'श्रम लचकता' । श्रम लचकता भनेको के हो भने 'नो वर्क नो पे' अर्थात् हडताल भएमा त्यसको पैसा दिन नपर्ने । अर्को, 'हायर एन्ड फायर' को व्यवस्था । यो भनेको कार्य सम्पादनको आधारमा रोजगारदाताले छटनी गर्न पाउने, मान्छे निकाल्न पाउने, कुनै उद्योग बन्द गर्न परे मजदुरको सहमति लिन नपर्ने वा नयाँ प्रविधिबाट उद्योगलाई 'डाउन साइज' गर्नु परे कुनै पनि सहमति नलिइकन हटाउन पाउने भन्ने हो । यसबाहेक मजदुरको अनुशासनका कुराहरू पनि मस्यौदामा आएका छन् ।

त्यस्तै, श्रमिकले चाहेको सामाजिक सुरक्षा हो । हामीले सामाजिक सुरक्षामा सहमती गऱ्यौं । उहाँहरूले श्रम लचकतामा सहमती गर्नु भयो । यसले नयाँ मस्यौदा बन्यो । त्यो मस्यौदा अहिले संसदमा छ । मलाई लाग्छ यो श्रम मस्यौदा कानुन बनिसकेपछि अझ बढी श्रम सम्बन्ध सुधार हुन्छ ।

श्रमिकले चाहेको सामाजिक सुरक्षा हो । हामीले सामाजिक सुरक्षामा सहमती गऱ्यौं । उहाँहरूले श्रम लचकतामा सहमती गर्नु भयो । यसले नयाँ मस्यौदा बन्यो । त्यो मस्यौदा अहिले संसदमा छ ।

श्रम सम्बन्ध सुधार हुँदै गए पनि अझ पनि देशमा रोजगारी सिर्जना गर्नुपर्ने चुनौति छ । यसलाई समाधान गरेनौं भने भविष्यमा देशको अर्थ व्यवस्थामा ठूलो दुर्घटना आउनसक्छ भन्ने जिम्मेवारी अझै पनि राजनीतिक दलमा आएको छैन । अहिलेसम्म कुनै पनि राजनीतिक दलका नेताले भाषण गर्दा देशमा यतिवटा रोजगारी सिर्जना गर्छु भनेको सुनिँदैन । योभन्दा ठूलो एजेन्डा देशको के हुन सक्छ ? हामी आर्थिक समानताको कुरा गर्छौं, अन्य जातिवादको कुरा गर्छौं, क्षेत्रीय कुरा गर्छौं तर नेपालमा रोजगारी सिर्जना गर्ने विषयमा कहिल्यै कुरा गर्दैनौं ।

उद्योगधन्दा खत्तम नै भइसकेको छ । ऊर्जा विकराल समस्या बन्दै गएको छ । जेनेरेटर चलाएर सामान बेच्न सकिँदैन । अन्तर र्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सकिँदैन । औद्योगिक विकासका लागि चाहिने भौतिक संरचना नाजुक छन् बन्दरगाह, बोर्डर अपुग छन् । यातायात एकदमै महँगो छ । सडक खत्तम छन् ।

त्यसैगरी नीतिनियम, कानुनको प्रभावकारी कार्यान्वयन छैन । धेरै कानुन बनेका पनि छैनन् । वर्षौंदेखि थन्किएर रहेका ऐनकानुनका मस्यौदालाई पारित गर्ने जाँगर सरकारलाई छैन । श्रम ऐनको प्रभावकारी कार्यान्वयन छैन । लामो समयदेखि नयाँ श्रम ऐन बन्न सकेको छैन ।

यति हुँदाहुँदै हरेक नेपालीमा धैर्यधारण, आशा गर्ने सकारात्मक बानी छ । चुनौतिलाई सामना गर्दै नयाँ काम गर्न आवश्यक छ । नयाँ रोजगारी सिर्जना गर्नु आवश्यक छ । रोजगारी सिर्जना गर्ने मुख्य चुनौति हो, यसलाई केन्द्र विन्दुमा राखेर काम गर्नुपर्छ । यसमा नेपाल उद्योग वाणिज्य महासंघले पनि सल्लाह दिएको छ ।

अधिकांश जनता आश्रित रहेको कृषि क्षेत्रलाई विकास गर्न जरुरी छ । अहिले कृषि उत्पादन ओरालो लागेको अवस्था छ । कृषि, औद्योगिक क्षेत्रलाई सुधार गर्नुपर्छ । पर्यटन क्षेत्रलाई आम्दानीको मुख्य स्रोत बनाउन सक्नुपर्छ । नेपालमा वार्षिक झन्डै साढे ७ लाख पर्यटक आउँछन् । यसले हाम्रो देशको जिडिपीमा ४.५ प्रतिशत योगदान दिएको छ । उदाहरण हेर्न सकिन्छ, भियतनाम जस्तो देशमा ७० लाख पर्यटक आउँछन् भने हामीले किन बढाउन सकेका छैनौं ? यसले धेरै रोजगारी सिर्जना गर्छ ।

सरकारले पनि आर्थिक क्षेत्रसँग सम्वन्धित ऐनलाई प्राथमिकतामा राख्नुपर्छ । यी ऐनलाई फास्ट ट्र्याकबाट छलफल गर्दै पारित गर्नुपर्छ । विदेशी लगानी ल्याउन विश्वासको वातावरण बनाउनु आवश्यक छ ।

सबैजना विदेश पलायन हुने हो भने हाम्रो परनिर्भता बढ्छ । हामी अहिले झन्डै ५० प्रतिशत निर्भरता रेमिटेन्समा हुन थालेको छ । रेमिटेन्स कम हुने हो भने हामी आर्थिक दुर्घटनामा पर्छौं । अहिले पनि देखिएको छ साउदी अरब, मिडिल इस्ट (खाडी मुलुक) मा रोजगारी कम हुँदै गएको छ । विदेशमा रोजगारी घट्न थाल्यो भने हाम्रो सोधनान्तर पनि एकदमै ठूलो समस्यामा पर्छ । यस विषयलाई ध्यान दिँदै देशमा रोजगारी सिर्जना गर्ने र रेमिटेन्सलाई उत्पादन क्षेत्रमा लगानी गर्न सक्नुपर्छ । अहिले हामी पेट्रोलियम पदार्थ, खाना, औषधीलगायत सबै आयात गर्छौं । यो आयात गर्न सकेनौं भने के होला ? हामीसँग ती ठूला समस्या हुँदाहुँदै पनि बाँचिरहेका छौं भने त्यो कारण हो रेमिटेन्स । रेमिटेन्समा सरकारले केही गरेको छैन । त्यो त व्यक्तिगत रूपमा पठाएको पैसा हो । यसले गर्दा देशमा रोजगारी सिर्जना गर्न जरुरी छ । देशमा 'भ्यालु एडिसन' गर्न जरुरी छ ।

अन्त्यमा, रोजगारदाताले कठोर समयमा पनि रोजगारी सिर्जना गरेको छ भने त्यसलाई मजदुरले सकारात्मक रूपमा हेर्नुपर्छ । कुनै पनि रोजगारदाताले ठूलो 'रिस्क' लिएर लगानी गरेको हुन्छ । त्यही रिस्कवापत् फाइदा कमाउँछ । त्यसमा देशलाई कर तिर्छन् । रोजगारी दिएको हुन्छ । यो सबै हेर्ने दृष्टकोण सकारात्मक हुनु आवश्यक छ । व्यवसायीलाई हेर्ने दृष्टिकोण अहिले पनि राम्रो नभएकाले सकारात्मक बन्न जरुरी छ । केही सानो संख्याले केही गडबड गरेका होलान्, त्यसका कारणले सबैलाई एकै दृष्टिकोणले हेर्नु गलत प्रवृत्ति हो ।

सकारात्मक सोचले सही बाटो डोहोऱ्याउँछ । आशा गरौं, सरकारले रोजगारी सिर्जना गर्ने चुनौतिलाई सामना गर्दै अवसरका नयाँ ढोका खोल्ने छ ।

(गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हुन् ।)

विकासे राजनीतिको बहस

● झलक सुवेदी

हामीले नेता या व्यवस्था या दललाई दोष दिने हो भने तिनले देशको अर्थतन्त्रलाई पराश्रित हुनवाट रोक्ने नीति लिएनन्, त्यस्तो अवधारणा वनाएर जनतालाई विश्वासमा लिने, जनताको स्वतन्त्र पहलकदमी स्थापित हुने वाटो लिएनन् । संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्वको प्रश्न यसैवाट उठेको हो ।

गत साता म कास्की जिल्लाको नामार्जुङ र सिकलिस पुगेको थिएँ । झन्डै सत्र वर्षपछि त्यहाँ जाँदा गाउँको रूपरंग मज्जाले फेरिएको पाइयो । ताङतिङ गाउँको मुखसम्म सडक पुगेको रहेछ ।

गाउँमा प्रवेश गर्ने वेला तगारोमा केही महिला र केटाकेटी हातमा माला र फूल लिएर पाहुनाको स्वागतमा वसेका थिए । होमस्टेको अभ्यास भरखर सुरु भएको रहेछ । नामार्जुङको वेसीमा अपर मादी प्रोजेक्टको डचाम निर्माण सकिएर विद्युत निकाल्ने अन्तिम तयारी चल्दै थियो । त्यो वाँधस्थलको सय मिटरमाथि १२ मेगावाटको अर्को प्रोजेक्टको काम धमाधम भइरहेको थियो । ताङतिङ र सिकलिसको वीचमा पर्ने गरी मादीमा ४४ मेगावाटको जलविद्युत परियोजना वनाउने टोली हाम्रो टोली पुगेकै दिन त्यहाँ पुगेको थियो ।

गाउँको परम्परागत अर्थतन्त्रका आधार धमाधम भत्किँदै गएका छन् । न पहिलेका भेडीगोठ न ऊनवाट तयार गरिने राडीपाखी । गाई-भैंसीका गोठ पनि रित्तिँदै गएका । आलुखेत मासिएको । गाउँको वरपरका ७० प्रतिशतभन्दा वढी खेतवारी वाँझिएको वर्षौं भइसकेको । मानिसको ८० प्रतिशत आयस्ता र खर्चको स्रोत रेमिटेन्सले धानेको छ । जवकि ३० वर्ष पहिलेसम्म यो गाउँ नुन र सुनमा वाहेक आत्मनिर्भर थियो भनेर स्थानीय माविका प्रधानाध्यापक प्रकाश मलाई सुनाउँदै थिए । केही वर्ष पहिले जाँदा पुरुष वख्खु र भाङ्ग्रा लगाएका देखिन्थे, अहिले हराइसकेछ । अर्थात् स्थानीय अर्थतन्त्रका परम्परागत आधार भत्केका तर नयाँ आधार भने नवनेको । आर्थिक परनिर्भरताले गाउँलाई छपक्कै गाँजेको । त्यसका प्रभाव संस्कृति र सामाजिक सम्वन्धमा पनि मज्जाले देखिन्थ्यो । आधाजसो जनसंख्या वसाइ सरेको छ यो तीस वर्षमा । गाउँमा जो छन् तिनमा विपन्न परिवार वढी छन् । तिनका पनि केही सदस्य वैदेशिक रोजगारीमा गएका छन् जसले गाउँको अर्थतन्त्र धानेको छ ।

अर्कोतिर यो त्यही गाउँ हो जहाँ २५ वर्षभन्दा पहिले नै माइक्रो हाइड्रोको माध्यमवाट गाउँलाई विद्युतीकरण गरिएको थियो । केटाकेटीमा पढ्ने दर वढेको छ । तीस वर्षको तुलनामा अहिले गाउँको जनसंख्या आधा भएको छ । घरघरमा सागपात हरियोपरियो बनाएर खाने चलन छ । इन्टरनेट सुविधा छ । मोबाइल र टिभी पुगेको छ । सामुदायिक भवन बनेको छ ।

सिकलिसमा सातवटा जति आधुनिक सुविधा दिने होटल खुलेछन् । होमस्टे यता पनि छ । परम्परागत भेडीगोठ २० बाट घटेर चारवटा भए पनि गाउँमै भेटिए । एउटा साँढेको ३० हजार जति पर्छ । गाउँ महिला समूहकी अध्यक्ष नौसुवा गुरुङको घरमा पुग्दा उनकी सासु ऊनीको धागो कात्दै थिइन्, नौ सुब्बा तान बुन्दै थिइन् र उनकी बुहारी तानमा कम्बल बुन्दै । तीनै पुस्ता संलग्न । छोरा वैदेशिक रोजगारीमा । गाउँमा युवा प्रशस्त भेटिए । परम्परागत खेतीप्रणाली निकै कष्टसाध्य श्रममा आधारित भएकाले मानिस त्यसबाट भाग्दैछन् । वैकल्पिक रोजगारी यहाँको मुख्य समस्या रहेको छ ।

जहाँ उद्योग, व्यापार र जागीरका सम्भावना छन् त्यतै मान्छेको ओइरो लाग्नु असमान विकासको पुँजीवादी नियम नै हो । नेपालको हकमा के भिन्नता छ भने औद्योगिक पुँजीवादको विकास नभएकाले सयौं वर्षदेखि यहाँका गाउँ या निर्वाह पनि हुन नसक्ने परम्परागत कृषिबाट लाखौंको संख्यामा युवा कामको खोजीमा विश्व पुँजीवादले सिर्जना गरेका अवसर खोज्दै भारत र खाडी मुलुक तथा गोरखा भर्तीमा जाने गरेका छन् । हाम्रो पराश्रित पुँजीवादको चरित्रका कारण ।

यहि हो अहिलेको हाम्रो समाजको अन्तरविरोध । विकासका पश्चिमबाट आयातित परिभाषाले हामीलाई पनि त्यही बाटो पच्छ्याउन बाध्य पार्दै छन् जुन बाटो पहिले युरोप हिँडेको थियो । अहिले एसिया र अफ्रिका, ल्याटिन अमेरिका हिँड्दै छ ।

विकास आफैंमा सोलोडोलो एउटै परिभाषा र बाटोको नाम होइन । यसमा अनेक विकल्प र छनौटका सम्भावना छन् । हामीकहाँ विकासको अवधारणा र बहस दोस्रो विश्व युद्धपछि युरोप र अमेरिकामा चलेको बहसबाट भित्रिएको हो । राणाकालका अन्तिम वर्षमा यसले यता प्रवेश पाएको थियो । बिपीले आफ्नो प्रधानमन्त्रीत्वकालमा आर्थिक सामाजिक अन्तरविरोध हल गर्ने राजनीतिक पहल थालेका थिए । अर्थराजनीतिक संकट हल गर्ने उनको प्रयास सकारात्मक थियो । खासगरी बिर्ता उन्मूलन लगायतका सन्दर्भ यसमा आउँछन् । विकासलाई राजनीतिको मुख्य हतियार बनाएको राजा महेन्द्रले हो जसले अरूले सय दुई सय वर्षमा गर्न नसकेको विकास हामीले दस-बीस वर्षमा गर्नुपरेको छ भनेर आफ्नो राजनीतिक मिसनलाई परिभाषित गर्न खोजेका थिए । उनको समयमा केही भौतिक पूर्वाधारका काम आरम्भ पनि भए । सार्वजनिक क्षेत्रमार्फत् औद्योगिक विकासको सकारात्मक प्रयास

पनि उनको समयमा भएको थियो । तर, नेपालको अर्थतन्त्रका परम्परागत आधार भत्कने र नयाँ आधार तयार नहुने क्रम तीव्र गतिले बढ्दै गयो ।

आर्थिक विकास केवल पूर्वाधार बनाउन राज्यले चाल्ने कदममात्र होइन । यो राजनीतिक रूपमा हरेक नागरिकलाई आफ्नो उन्नतिका लागि सक्रिय रहन पाउने स्वतन्त्रता निश्चित गरेर मात्र सम्भव हुने कुरा थियो । यी दुई अवस्था– शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युतीकरणजस्ता विषयमा राज्यको लगानीले उद्योग र सेवा क्षेत्रको विस्तारका लागि आधार खडा गर्छ । स्वतन्त्र नागरिकले आफ्ना लागि उपलब्ध विकल्पको छनौट गरेर पारिवारिक आर्थिक उन्नतिका लागि अवसर पहिल्याउँछ । यही बाटोबाट हिँडेरमात्र समग्र देश आर्थिक विकासतिर लाग्न सक्छ । महेन्द्रले भौतिक पूर्वाधारमा जोड दिए पनि नागरिकको स्वतन्त्रता कुण्ठित गर्ने र विकासलाई एकजनाको प्रयासमा सीमित गर्न खोजे । भूमिसम्बन्धमा रहेको समस्या हल गर्न गरिएको अधकल्चो प्रयासले त्यसमा आश्रित जनसंख्यामा रहेको सम्भावनालाई कुण्ठित गरिरह्यो । उनको समयदेखि ओरालो लागेको नेपालको आर्थिक समृद्धितर्फको यात्राले वीरेन्द्रको पालासम्म अर्थात् पञ्चायतकाल भरी नेपाललाई लखेटिरह्यो । सामाजिक विकासका परिसूचकमा केही सकारात्मक पक्ष देखिए पनि गरिबी बढ्यो, वैदेशिक व्यापारमा नेपालको घाटा बढ्दै गयो, वैदेशिक ऋण थपिँदै गयो, नेपालले तुलनात्मक लाभका दीर्घकालीन क्षेत्र पहिल्याउन सकेन । यसले समग्र देश थला पर्ने र आर्थिक पराधिनता बढ्ने प्रक्रियालाई गति दियो । पञ्चायतकाल नेपाललाई दुनियाँको गरिब देशतिर धकेलिरहन जिम्मेवार रह्यो ।

पञ्चायतका आखिरी वर्षमा विश्व बैंकको दबाबमा संरचनागत समायोजन कार्यक्रम ल्याइएको थियो । त्यसले निजी क्षेत्रलाई केही सक्रिय पार्न थालेको थियो । २०४७ मा संसदीय व्यवस्था आरम्भ भएर २०४८ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकारले त्यही आर्थिक सुधार कार्यक्रमलाई निरन्तरता दियो, गतिदियो । सार्वजनिक उद्योग र सेवाको क्षेत्रमा निजीकरण र उदारीकरणमार्फत् निजी लगानी आकर्षित गर्ने यो प्रयासले सेवा क्षेत्र बैंकिङ, शिक्षा, स्वास्थ्य, दुरसञ्चार, हवाई यातायात र व्यापारमा केही सकारात्मक योगदान गरेको छ । तर, अर्थराजनीतिक संरचना यस्तो थियो जसले उक्त परिवर्तनको लाभ अत्यन्त सीमित वर्गले हात पाऱ्यो, उद्योग थला परे, रोजगारीमा वृद्धि ल्याएन । परम्परागत क्षेत्रबाट आधुनिक क्षेत्रतिर जाने क्रम अत्यन्त धिमा बन्यो, भएका उद्योग पनि धराशयी बने, परम्परागत क्षेत्र र औद्योगिक क्षेत्रबीच सम्बन्ध स्थापित हुने गरी औद्योगीकरणको बाटो हिँड्न नदिने उदारीकरणका प्रभावले अर्थतन्त्रलाई थला पार्दै लग्यो । विश्व पुँजीवादी बजारका लागि दास श्रमिक निर्यात गरेर आउने आम्दानीमा टिक्ने गरी देश पराश्रयतिर धकेलियो ।

आर्थिक परनिर्भरतामा वृद्धि यस समयको ठूलो चुनौति बनेर आयो । आन्तरिक रूपमा उत्पादक शक्तिलाई पूर्णस्वतन्त्र बनाउन नसक्दा असमानता चुलियो । अहिले पनि वार्षिक असी प्रतिशतभन्दा बढी व्यापार घाटा, आयात आधारित करमा आश्रित सरकारी आम्दानी, आयातित उपभोग्य सामानले भरिभराउ बजार, बेरोजगारी, सुदूरवर्ती इलाकामा पूर्वाधार अभाव हाम्रो नियति बनेको छ ।

नेपालको पुँजीवादी विकासको ढाँचा पराश्रित छ । अझ भन्नुपर्दा भारतीय पुँजीवादको सेपमा परेर ठिम्रिएको हाम्रो अर्थतन्त्र स्वतन्त्र छैन ।

किन भएन विकास ?

विकास आफैंमा एउटा अर्थराजनीतिक प्रक्रिया हो । यो मान्छेको स्वतन्त्र इच्छाबाट मात्र भरपर्ने कुरा पनि होइन । नेता राम्रा नभएर विकास नभएको या दलहरूले नचाहेरमात्र विकास नभएको निष्कर्ष पनि पूरै ठिक होइन ।

मार्क्सेली अवधारणाका आधारमा भन्दा दुईवटा पाटा छन् अविकासका । पहिलो हो नेपालको राजनीतिक व्यवस्थाले (क) देशका सम्पूर्ण जनतालाई राजनीतिक निर्णय प्रक्रिया र विकासका काममा स्वतन्त्र पहलकदमी लिन सक्ने गरी समावेशी चरित्र बोकेको छैन । (ख) स्रोतसाधन र अवसरको असमान वितरण छ जसले गर्दा जनसंख्याको निर्णायक हिस्सा आर्थिक अवसरबाट वञ्चित छ ।

दोस्रो पक्ष हो नेपालको पुँजीवादी विकासको ढाँचा पराश्रित छ । अझ भन्नुपर्दा भारतीय पुँजीवादको सेपमा परेर ठिम्रिएको हाम्रो अर्थतन्त्र स्वतन्त्र छैन । यहाँको उद्योग विकास नहुनुको सिधा कारण भारतीय पुँजी र विश्व पुँजीवादले थोपरेका सर्तमा आधारित आर्थिक नियमको दमनले यहाँको पुँजीले स्वतन्त्र विकास गर्न नपाउनु हो । मार्क्सेली यसलाई नव-उपनिवशवाद भन्छन् । अर्काथरि नवमार्क्सेली यसलाई केन्द्र र वृत्तका बीचको असमान विकास मान्छन् जसलाई डिपेन्डेन्सी थ्योरीका रूपमा व्याख्या गरिएको छ । यस्तो पुँजीवादलाई दलाल पुँजीवाद भनिन्छ जसले देशभित्रको राष्ट्रिय पुँजीको स्वतन्त्र विकासमा अवरोध गरिरहन्छ । नेपाललाई माल बेच्ने बजार, सस्तो श्रम खरिद गर्न सकिने बजार, कच्चा पदार्थ सस्तोमा किन्न पाइने बजारका रूपमा राखिरहने बहुराष्ट्रिय पुँजीको सेपबाट ननिस्किनुन्जेल नेपालले विकास गर्न सक्दैन ।

हामीले नेता या व्यवस्था या दललाई दोष दिने हो भने तिनले देशको अर्थतन्त्रलाई पराश्रित हुनबाट रोक्ने नीति लिएनन्, त्यस्तो अवधारणा बनाएर जनतालाई विश्वासमा लिने, जनताको स्वतन्त्र पहलकदमी स्थापित हुने बाटो लिएनन् । संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्वको प्रश्न यसैबाट उठेको हो । नेता ठिक भएरमात्र नेपाली समाजलाई गतिशील बनाउन सम्भव छैन भनेर नै यी समाधानको प्रयास भएका हुन् । नेपालको राजनीतिक परिवर्तनपछि नेतृत्वले समाजको यो आधारभूत अन्तरविरोध हल गर्ने प्रयास नगरेकाले पनि असमान विकासको शिकार भइएको हो ।

के गर्ने ?

यो प्रश्नका सयौं उत्तर हुन सक्छन् । म यहाँ केही सूचकलाई आधार बनाउने छु । क) नेपालको साक्षरता दर अब आर्थिक विकासका लागि आवश्यक जनशक्ति दृष्टिले राम्रो छ । पूर्वाधार विकासका लागि आवश्यक दक्ष जनशक्ति इन्जिनियर, कृषि र वन विशेषज्ञ, चिकित्सक, व्यवस्थापक, अर्धदक्ष र तालिमप्राप्त जनशक्ति हामीकहाँ अब आवश्यकताअनुसार छ, केही समय यता विदेशमा

काम गरेर फर्कनेमा विकास भएको उद्यमशीलता प्रभावकारी देखिन थालेको छ । ख) नेपालको पूर्वाधार विकासले एउटा चरण पार गरेर अब हामी फाट्ट ट्रचाक, द्रुत रेल, मेट्रो रेल, ठूला अन्तर्राष्ट्रिय विमानस्थलका कुरा गर्न थालेका छौं । लगभग सबै जिल्लालाई सडक यातायात सञ्जालमा जोडिएको छ । ग) सञ्चार सुविधा सबैजसो गाउँमा पुगेको छ । घ) हाम्रो प्राथमिक स्वास्थ्य, मातृ शिशु स्वास्थ्य सेवा प्रभावकारी छ, विस्तारै सबै प्रदेशमा मेडिकल कलेज सञ्चालनमा आउँदै छन् । ङ) अब केही वर्षमा नेपालमा औद्योगिक विकास लगायत सबै क्षेत्रलाई आवश्यक पर्ने विद्युत पर्याप्त उत्पादन हुँदै छ च) नेपालमा पछिल्लो अवधिमा बचत र पुँजी निर्माण प्रक्रियाले गति लिएको छ । बैंकहरूमा उपलब्ध बचत र तरलता त्यसको प्रमाण हो । यो पूर्वाधार विकास र औद्योगिक विकासका लागि लगानीका लागि उत्साहजनक देखिँदै छ । ज) ढिलो चाँडो उत्तरी छिमेकी चीनसँगको हाम्रो कनेक्टिभिटीले हामीलाई भारत-वेष्ठित देशबाट खुला गर्ने छ, भारतीय पुँजीको थिचोमिचोलाई चुनौति दिने अवसर तयार हुनेछन् ।

यी यस्ता सूचक हुन् जसले हामीलाई अब आर्थिक विकासलाई गति दिन सकिने आधार दिन्छन् । यी आधारमा टेकेर अब विकासलाई गति दिन ।

क) राजनीतिक क्षेत्रका द्वन्द्वको समाधान गरी समावेशी चरित्रको राज्य, अधिकार सम्पन्न स्वतन्त्र नागरिक, नीतिगत स्थिरता, राजनीतिक स्थायित्व पहिलो आवश्यकता हो ।

ख) पूर्वाधार विकासका क्षेत्रमा राज्यको लगानीलाई अब थप योजनाबद्ध बनाउँदै तीव्रता दिनुपर्छ ता कि देशभित्र एउटा क्षेत्र र अर्को क्षेत्रका बीचको आर्थिक अन्तर्क्रिया सघन बनोस् । ताप्लेजुङको सामान एकै दिनमा कञ्चनपुर लगेर बेच्न सकियोस्, साधनको स्थानान्तरण छिटो सहज र सरल बनोस् ।

ग) वस्तु उत्पादन गर्ने उद्योग र सेवा उद्योगमा सार्वजनिक क्षेत्र र निजी क्षेत्रले सहज रूपमा लगानी गर्ने वातावरण तयार होस्, केही क्षेत्रमा सार्वजनिक क्षेत्रको प्रभावकारी उपस्थिति होस् । सिन्डिकेट, कार्टेलिङलाई कानुनतः कडाइका साथ नियन्त्रण गरियोस् ।

घ) कृषिमा अनुदानको वृद्धि र साना तथा मझौला किसानलाई बिचौलियाबाट मुक्त बजारसम्मको पहुँचको निश्चितता गर्ने जिम्मेवारी राज्यले बहन गरोस्

ङ) विधिको शासन चल्ने वातावरण बनोस् । पैसाले न्याय खरिद गर्ने प्रक्रिया अन्त होस ।

च) दलितहरुलाई अरू नागरिक सरह बन्द व्यापार उद्योग पेसा बसाइसराई गर्न भइ आएको विभेद अन्त गरियोस् ।

ज) राज्यले शिक्षा र स्वास्थ्यमा लगानी बढाओस्

झ) स्थानीय सरकार अधिकार सम्पन्न र उत्तरदायी बनुन् ।

ञ) वैदेशिक लगानीका लागि सहज वातावरण बनोस्, यस्तो लगानी नेपालले तोकेको क्षेत्रमा निश्चित मुनाफाको पुनर्लगानी हुने गरी आउने व्यवस्था मिलाइयोस् ।

यी व्यवस्था गर्न सकियो भने अर्थतन्त्रले गति लिने र नेपालले अतिकम विकसित देशबाट विकासोन्मुख देशतिर फड्को मार्ने अवस्था आउन धेरै वर्ष कुर्नुपर्ने छैन ।

(सुवेदी राजनीतिक विश्लेषक हुन्)

लगानीका लागि शान्ति र स्थायित्व

● वीरेन्द्रबहादुर बस्नेत

विमानस्थलको सबैभन्दा ठूलो फाइदा भनेको पर्यटक आगमनमा एकैपटक ठूलो फड्को मार्नु हो किनकि विमान रोकिने समयसम्म रहँदा यात्रु बचेको समयमा घुमघाममा निस्कन्छन् । यसका लागि कुनै योजना बनाउनु परेन । बाटो पर्दा कुनै स्थान चर्चित रहेछ भने सडक यात्राका क्रममा पनि पर्यटकले हेरेर आउँछन् । अर्कोतर्फ विश्वका धेरै मान्छेका लागि अहिले पनि नेपाल चासोपूर्वक हेरिने देश हो ।

नेपालमा लगानी गर्न सकिने आशालाग्लो सम्भावना भएका केही क्षेत्रमध्ये पर्यटन र हवाई भएका कारण नै होला यी क्षेत्रमा लगानीकर्ताहरू बढ्दै गएका छन् । पछिल्लो समयको कुरा गर्दा स्वदेशीमात्र नभई विदेशी लगानीकर्तासमेत हवाई र पर्यटन क्षेत्रमा लगानी गर्न आइरहेका छन । हाम्रो पर्यटन क्षेत्रको विकास गर्नका लागि विमानस्थल, हवाई उद्योग र होटल क्षेत्रमा लगानी मुख्य हुने गर्छ । त्यसैले हवाई उद्योग र होटल क्षेत्रमा लगानी बढिरहेको छ ।

हवाई उद्योगमा गरिएका लगानी सफल र असफल दुवै भएका उदारण हामीसँग छन् । हवाई र पर्यटन एकअर्कासँग जोडिएका विषय हुन् । हवाई उद्योग अहिले खासगरी आन्तरिक यात्रुले धानिँदै आएता पनि कालान्तरमा विदेशी पर्यटककै भर पर्नुपर्ने हुन्छ । जसका लागि राज्य र निजी क्षेत्र दुवैले पूर्वाधारमा पर्याप्त लगानी गर्न तयार हुनुको विकल्प छैन । हवाई उद्योगमा तीन सेक्टर रहेका छन् । पहिलो हेलिकप्टर हो जसलाई जहाँ पनि उडान भर्न सकिन्छ । अर्को दुर्गम क्षेत्रमा उडान भर्नका लागि र अर्को भनेको सुगम क्षेत्रमा उडान भर्ने गरी लगानी भइरहेका छन् । निजी क्षेत्रले पनि अहिले अन्तर्राष्ट्रिय एयरलाइन्समा लगानीको सुरुवता गरेका छन् । पहिले पनि नगरेका भने होइनन् । तर, सफल नभएका उदाहरण धेरै छन् । एयरलाइन्स भनेको यस्तो विजनेस हो जुन संसारभरका देशले सञ्चालन गरेका छन् र धेरै एयरलाइन्स टाट पल्टिएका गएका उदाहरण छन् । सानो लगानी गरेर खोलिएका एयरलाइन्स कम्पनीले ठूलो मार्केट बनाएका सफल उदाहरण पनि छन् ।

भारतमा भिपी गोपिनाथ भन्ने पाइलटले सञ्चालनमा ल्याएको एयर डेकनले यसरी बजार विस्तार गऱ्यो कि त्यसलाई पछि जेट एयरवेजले लिन बाध्य भयो । बेलायतमा रिचार्ड ब्रान्सनले दुईवटा जहाजमार्फत सञ्चालनमा ल्याएको भर्जिन एयरलाइन्स आज युरोपको उत्कृष्ट एयरलाइन्स भएको छ । त्यसकारण एयरलाइन्सका सफल र असफल दुवैका धेरै उदाहरण छन् । नेपालमा आन्तरिक र बाह्यमा आएकामध्ये कति बन्द भए र कतिले राम्रो गरिरहेका छन् । एयरलाइन्समा सबैभन्दा महत्वपूर्ण कुरा भनेको लगानी हो । लगानी भनेको एयरलाइन्स सञ्चालनमा आएपछि विजनेस गरेर केही फाइदा जाने बेलासम्म भन्ने बुझिन्छ । त्यो हुन सकेन भने एयरलाइन्स टिक्दैन । बन्द हुनुको कारण पनि यही हो । अर्को कुरा, असाध्यै दक्ष जनशक्ति महत्वपूर्ण कुरा हो । स्पेयर्स पार्टस्देखि व्यवस्थापनमा पनि दक्ष जनशक्ति आवश्यक पर्दछ । विगतमा आएका केही एयरलाइन्स कम्पनी सञ्चालनको दिनसम्म मात्र टिक्ने हिसाबले आए जुन एकदमै नकारात्मक थियो तर ती पहिले नै पूर्णतयारीका साथ आउनुपर्थ्यो । उडान सुरु गरेपछि दक्ष जनशक्ति खोजेर हुँदैन र लगानीको जोहो गरेरमात्र एयरलाइन्स सेक्टरमा आउनु उपयुक्त हुन्छ । बुद्ध एयरको कुरा गर्दा लगानी गरेको पहिलो सुरुको पाँच वर्षबाहेक अहिलेसम्म घाटामा सञ्चालन भएको छैन र राम्रो भइरहेको छ । हवाई उद्योगमा दीर्घकाललाई सोचेर गरिएका लगानी नै स्थायित्वको रूप लिएका छन् ।

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलसँग पर्यटनको भविष्य

नेपालको पर्यटनमा विमानस्थलको प्रसंग बाराको निजगढमा निर्माण हुने अन्तर्राष्ट्रिय विमानस्थलसँग जोडिन्छ । यो विमानस्थललाई अर्थतन्त्रको वृद्धि र पर्यटन आगमनमा कायापलट ल्याउने परियोजनाका रूपमा विकास गर्नुपर्छ किनकि तोकिएको समयमै काम पूरा हुने हो भने सन् २०१९ सम्म नेपालमा तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसक्छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाहेक भैरहवा र पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका हुनेछन् । नेपालमा पर्यटक आगमन र आन्तरिक हवाई सेवाको मागको अवस्था हेर्दा यी तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल पर्याप्त हुनेछन् । त्यसकारण निजगढ विमानस्थल नेपालको अर्थतन्त्रमा आमूल परिवर्तन ल्याउने अवधारणासहित विकास गरिनुपर्छ ।

निजगढ विमानस्थललाई ट्रान्जिट विमानस्थलका रूपमा विकास गर्न सकिन्छ या सकिँदैन भन्ने विषय पूर्णतः प्राविधिक पक्ष हो । यसका लागि प्राविधिक अध्ययनहरू गरिनुपर्छ र निजगढ विमानस्थललाई त्यसरूपमा विकास गर्न सकिने ग्यारेन्टी गरिनुपर्छ । त्यसपछि 'ट्रान्स हिमालयन रुट' हरू खुला गरेर नेपालमा ट्रान्जिट एयरपोर्टको अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । त्यसपछि विशेषगरी मध्यपूर्वी एसियासँगै युरोप, अमेरिका र अफ्रिकाका गन्तव्यबाट छुटेका विमानहरूले यसलाई ट्रान्जिट बनाउन सक्ने सम्भाव्यता अध्ययन हुनुपर्छ । यदि यो सम्भव भयो भने नेपाल विश्वका धेरै गन्तव्यसँग प्रत्यक्ष रूपमा जोडिने छ ।

विमानस्थलको सबैभन्दा ठूलो फाइदा भनेको पर्यटक आगमनमा एकैपटक ठूलो फड्को मार्नु हो किनकि विमान रोकिने समयसम्म रहँदा यात्रु बचेको समयमा घुमघाममा निस्कन्छन् । यसका लागि कुनै योजना बनाउनु परेन । बाटो पर्दा कुनै स्थान चर्चित रहेछ भने सडक यात्राका क्रममा पनि पर्यटकले हेरेर आउँछन् । अर्कोतर्फ विश्वका धेरै मान्छेका लागि अहिले पनि नेपाल चासोपूर्वक हेरिने देश हो । उनीहरू ट्रान्जिटका लागि नेपालमा रहँदा हुने घुमघामले मात्र पनि नेपालको पर्यटनमा ठूलो फड्को मार्न सक्छ । पर्यटक आगमन संख्या ७ लाखबाट बढाएर ८ लाख पुऱ्याउन हम्मेहम्मे पर्ने अवस्था छ । ट्रान्जिट एयरपोर्ट निर्माण भइसकेपछि त्यस्तो अवस्था रहँदैन । उदाहरणका लागि सिंगापुर

'ट्रान्जिट टुरिज्म' मार्फत् प्रगति गरेको मुलुक हो। त्यति सानो मुलुकमा हाल वर्षमा १ करोडभन्दा बढी पर्यटक पुग्छन्। दुबई, सांघाईजस्ता सहरमा भएको ट्रान्जिट टुरिज्मको विकासपछि युनाइटेड अरब इमिरेट्स (युएई) र चीनको अर्थतन्त्रमा कायापलट भएको छ। हाम्रोमा पनि बढीमा १ घन्टाको उडानमा पूर्वबाट पश्चिमसम्म पुग्न सकिन्छ। उत्तर-दक्षिण यात्रा अझ छोटो छ। त्यति छोटो दूरीभित्र सगरमाथादेखि भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीसम्म अवस्थित छन्। यात्राका क्रममा बिनायोजना नै यस्ता ऐतिहासिक र विश्वचर्चित गन्तव्यमा घुम्न पाउनु विश्वका कुनै पनि यात्रुका लागि सपना हुनेछ। यसको फाइदा नेपालले उठाउन सक्छ।

दुर्गम क्षेत्रमा ठूला होटलको सट्टा होमस्टे अवधारणालाई विकास गर्न सकियो भने यसले स्थानीय बासिन्दाको जीवनस्तर उकास्न समेत मद्दत गर्छ ।

आवश्यकता हवाई सुरक्षाको

नेपालमा नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले विगतमा ट्याक्सीको लाइसेन्स दिएझैं एयरलाइन्सलाई अनुमति दिने काम गरेको थियो। जुन एयरलाइन्स सञ्चालन नभएरै बन्द भए। पछि नेपालको हवाई सेवालाई युरोपेली युनियनले 'सेफ्टी लिस्ट' (कालोसूची) मा राखेपछि भने केही सुधारका काम भएका छन्। यसको मतलब हवाईसेवासँग सम्बन्धित मापदण्ड बनाउने नै उनीहरूले हो। हाम्रा वायुसेवा कम्पनी बाहिर हल्ला गरेजस्ता कमजोर छैनन् किनकि हामीले नेपालमा उडाउने जहाज उनीहरूले नै बनाएका हुन्। नेपालका सरोकारवाला निकायले यस्ता अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र सहयोगको हात अगाडि बढाउन जरुरी छ। नेपालजस्ता कमजोर आय भएका मुलुकमा युरोप र अमेरिकाले बनाएका सबै मापदण्ड पूरा गर्न समस्या हुन्छ। त्यस अवस्थामा मलाई यो कुराको आवश्यकता छ, त्यो तिमीले उपलब्ध गराऊ भन्न सक्ने क्षमता नेपालसँग हुनुपर्छ। उनीहरूले नेपालको हवाई सुरक्षाका विषयमा चासो देखाउने कामलाई सकारात्मक रूपमा लिनुपर्छ। त्यसको सुधारमा अन्तर्राष्ट्रिय निकायको साथ अनिवार्य छ।

हवाई उद्योगमा दक्ष प्राविधिकको अभाव छ। नेपाल नागरिक उड्डयन प्राधिकरणमा यस्ता कर्मचारी हुनुपर्छ। नियामक निकायले दैनिक कामकाज त राम्रोसँग गरिरहेको छ। कानुनी दायित्व पनि पूरा गरेको छ, तर अति संवेदनशील र प्राविधिक पक्ष भएकाले नियामक निकायमा उच्च दक्ष कर्मचारीको खाँचो छ। राज्यले जनशक्ति उत्पादनमा लगानी गर्ने, उनीहरूलाई मुलुकमा टिकाउने वातावरण पनि बनाउनुपर्छ।

पर्यटनमा लगानी र बजारीकरण

नेपालको जुनसुकै कुनामा पुगे पनि त्यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ। तर, आजको दिनमा सबै

नेपालीलाई थाहा भएको पर्यटकीय गन्तव्य पोखरा, चितवनजस्ता सीमित क्षेत्रमात्र छन् । अब यस घेरालाई थप गन्तव्यको खोजीमा लाग्नुपर्छ । तेञ्जिङ नोर्गे र एडमन्ड हिलारीले सगरमाथा चढ्दा अपनाएको बाटोलाई ट्रेकिङ रुटका रूपमा किन विकास नगर्ने ? त्यो बाटाका सम्बन्धमा विदेशीमात्र होइन, स्वदेशी पनि जान्न इच्छुक हुन्छन् ।

सुदूर र मध्यपश्चिमाञ्चल क्षेत्र अहिले पनि पर्यटकको पर्खाइमा छ । हामी ती क्षेत्रमा किन नपुग्ने ? बबई नदीमा माछा मार्दै खाँदै घुम्दा होस् वा बर्दियाको घोडाघोडी तालमा पुगेर प्रकृतिसँग रमाउँदा, पर्यटकलाई लोभलाग्दो वातावरण बनाइरहन सकिन्छ । अझै पर पुगेपछि शुक्लाफाँटा, खप्तड, राराजस्ता क्षेत्र अबको पर्यटन बजारका गन्तव्य हुनुपर्छ । यी 'भर्जिन' क्षेत्र हुन, जहाँ पर्यटकीय प्रडक्ट जे पुऱ्याउँदा पनि सहजै विकास हुनसक्छ । कुनै पनि पर्यटकीय क्षेत्रको विकासका लागि पूर्वाधार पहिलो सर्त हो । विशेषगरी आजसम्म पर्यटक पुग्न नसकेका तर पर्याप्त सम्भावना भएका क्षेत्रमा ठूला व्यापारीले लगानी गरेरमात्र सुविधा पुऱ्याउनु हुँदैन । त्यसका लागि स्थानीयबासिन्दालाई आकर्षित गर्नुपर्छ । दुर्गम क्षेत्रमा ठूला होटलको सट्टा होमस्टे अवधारणालाई विकास गर्न सकियो भने यसले स्थानीयबासिन्दाको जीवनस्तर उकास्न समेत मद्दत गर्छ । स्थानीयलाई संगठित गरेर ती क्षेत्रको विकासका लागि परिचालित गर्न सकिन्छ । यसबाट स्थानीय संस्कृतिको रक्षा गर्दै नयाँनयाँ गन्तव्यको विकास गर्न सकिन्छ । नेपालमा पर्यटक कसरी बढाउने भन्ने विषय नै खराब छ । खासमा नेपालमा ठूलो संख्यामा पर्यटक आगमन बढाउने हो भने अहिलेको सोचमा परिवर्तन ल्याउन आवश्यक छ । अहिलेको र विगतमा हेर्ने हो भने खालि ट्रेकिङ गर्न आउने पर्यटकले धानिएको पर्यटन नेपालको हो । जसबाट कति आम्दानी भयो, राज्यले कति फाइदा गरेको छ भन्नेमा कहिँकसैले आजसम्म सोचेको छैन । अब यस्तो सोच राखेर पर्यटक आगमन दर बढ्दैन । नेपालमा अहिले पनि काठमाडौं, पोखरा र चितवनमा मात्र पर्यटन क्षेत्रको विकास भएको छ । नयाँ गन्तव्यको विकास हुनै सकेको छैन । नयाँ गन्तव्यको विकास नगर्ने हो भने आगमन दर झनै घट्दै जाने छ । विश्वमा पर्यटकको लिड गरिरहेको चीनबाट नेपालमा पर्यटक आगमदर घट्दै गएको छ । भारतबाट आउने पनि बढ्न सकेको छैन । यस विषयमा कसैले सोच्न किन सकेका छैन । सोहीअनुसारको पूर्वाधार निर्माणमा ध्यान नदिने हो भने नेपालको पर्यटनको भविष्य सकिन्छ । अहिले अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य सुरु भएका छन् । योसँगै वरपरका पर्यटकीय गन्तव्य नबन्ने हो भने विमास्थल पनि सञ्चालन हुँदैनन् । अहिलेको पर्यटन खालि आन्तरिक पर्यटकमा निर्भर भएर सञ्चालन भएका छन् ।

लगानी भनेको दीर्घकालीन सोच राखेर गर्ने हो । लगानी बढ्नु र पर्यटक आगमन दर दुई छुट्टै विषय हुन् । नेपालमा शान्ति स्थापना भएपछि होटलमा मात्र होइन जलविद्युतमा पनि लगानी आइरहेका छन् । अन्य उत्पादनमूलक क्षेत्रमा पनि लगानी आइरहेका छन् । यतिबेला सबैलाई के अनुभव भइरहेको छ भने सबैतिर आर्थिक कुरामात्र भइरहेका छन्, यो नै लगानीको उपयुक्त अवसर बनेर आइरहेको छ । होटलमा आएको लगानी मुलुकमा शान्तिबहाली र संविधान जारी भएपछि मुलुक अगाडी बढ्छ भन्ने आशामा हो । अहिले पर्यटक घ्टनुमा तीन-चार कारण छन् । जुन हिसाबले विश्वमा पर्यटकको संख्या बढेको छ, तर हामी त्यसका लागि तयार भएनौं भने राज्यले पनि खासै चासो दिएर यस विषमा लागेको पाइएन । नेपालमा पर्यटन क्षेत्रबाट प्रवर्द्धनका कार्यक्रम जुन हिसाबले गर्नुपर्ने हो त्यो पनि हुन सकेको छैन । केही आशा भने पक्कै थपिएको छ । विमानस्थल निर्माणसँगै सडक विस्तारमा चासो दिनुपर्छ ।

(बस्नेत बुद्ध एयरका प्रबन्ध निर्देशक हुन् ।)

आर्थिक पत्रकार सञ्जय न्यौपानेको स्मरणमा

अलबिदा सञ्जय !

● विजय घिमिरे

तिमिसँग एउटै ब्युरोमा एक दशकभन्दा बढी सँगै काम गरेँ, कान्तिपुरमा मात्र होइन आर्थिक पत्रकार समाज (सेजन) मा समेत तिम्रो सहयोग लिएँ, अझ पनि काम गर्ने इच्छा थियो ।

सहधर्मी सञ्जय न्यौपानेले हजारौं समाचार र थुप्रै सम्झना हामीलाई छाडेर गए । यति चाँडै उनले छाडेर गएको समाचार लेख्नु वा पढ्नुपर्ला भन्ने हामीले कल्पनासम्म पनि गरेका थिएनौं । मृत्यु कसैको वशमा हुने रहेनछ भन्ने यर्थाथ स्वीकार्न बाध्य पार्दै सञ्जयलाई अलबिदा भन्नुपर्‍यो । रंगमञ्चमा देखिने सञ्जयले आफ्नै जिल्ला ललितपुरबाट पत्रकारिता सुरु गरेका थिए तर उनको महत्वाकांक्षा एउटा जिल्लामा सीमित हुने थिएन । त्यही महत्वाकांक्षाले उनलाई आर्थिक ब्युरोमा ल्याइपुर्‍याएको थियो । त्यसपछि सञ्जयले अविचलित रूपमा झन्डै डेढ दशक आर्थिक पत्रकारितामा नै सक्रिय रहे ।

एक दशक अघिसम्म पनि आर्थिक पत्रकारिता सुरु गर्दा यो चुनौतिपूर्ण थियो । बुझिने गरेर नै लेख्दैनन् भन्नेदेखि इमानदारितामाथि बिनाआधार औंला उठाउनेसम्म भेटिन्थे । कान्तिपुर दैनिकको आर्थिक ब्युरो यस्ता समस्या झेल्दै मजबुत भइरहेको थियो । आर्थिक पत्रकारितालाई सशक्त बनाउनुपर्छ भन्नेमा हामी लागि परेका थियौं । चुनौति थुप्रै भए पनि आर्थिक ब्युरोभित्र निकै रमाइलो र उत्साहका साथ हामी काम गर्थ्यौं । सञ्जयले सहयोग नगरेको भए यो सम्भव थिएन ।

आर्थिक पत्रकारिता यस्तो पेसा हो- करोडौं, अर्बौं अंक राखेर समाचार लेखिन्छ तर आफ्नो मोटरसाइकलमा १ सय रुपैयाँको मात्र तेल हाल्नुपर्ने बाध्यता हुन्छ । अन्तराष्ट्रिय परिस्थितिअनुसार पेट्रोलियम पदार्थको मूल्य बढाउनुपर्छ भनेर यथार्थ लेखिन्छ, यसबाट लगत्तै आफैं पीडित बन्नुपर्छ । धनीको समाचार संकलन गर्न मोटरसाइकलमा झरीमा रुझ्दै जानुपर्छ । अन्य आर्थिक पत्रकारले जस्तै सञ्जयले पनि यस्ता समस्या भोग्दै आएका थिए । थप सिक्ने, तालिम लिने लगायत विषयमा सधैं जागरुक हुने, प्रतिकूल अवस्थामा पनि सम्झौता गर्न सक्ने, देशका लागि केही गर्छु भन्ने चाहना भएमा मात्र पत्रकारितामा रमाउन सकिन्छ ।

सञ्जयको यस्तै स्वभाव थियो, त्यसैले उनी थुप्रै चुनौतिका बाबजुद पत्रकारितमा रमाइरहेका थिए । यही कारण उनी आफूलाई अझै दक्ष बनाउने चाहनाले अंग्रेजी सिक्न भारतमा तालिम गर्न जानेदेखि डिजिटल पत्रकारितामा अमेरिकाको चर्चित विश्वविद्यालयसम्म पढ्ने अवसर पाए । यो सञ्जयको आफ्नै प्रयासले पाएका अवसर थिए । रंगमञ्चमा काम गरेको अनुभव र आफ्नो गाउँ-टोलको राजनीतिमा चासो राख्ने स्वभावले सञ्जयलाई पत्रकारितामा सजिलो भएको थियो ।

कान्तिपुरको कार्यालय तीनकुनेबाट सञ्जयको घर ललितपुर बडिखेलसम्म पुग्न झन्डै एक घन्टा लाग्थ्यो । टाढा भएका हुँदा समाचार हतारमा सकाएर छिटो घर जानुपर्ने बाध्यता थियो तर सञ्जयलाई छिटो घर जाने हुटहुटी कहिल्यै भएन । कसरी आफ्नो बाइलाइनमा पहिलो पृष्ठमा जाने समाचार लेख्ने भन्नेमा उनले कहिल्यै सम्झौता गरेनन् । प्रायः समाचार तयार पार्दा राति भइसक्थ्यो । मध्यरातमा बडिखेल (घर) जाँदा बाटोमा चितुवा भेटिएको पनि उनले सुनाएका थिए । सञ्जय वामपन्थी विचारधारा राख्ने पृष्ठभूमिबाट आएका थिए । कान्तिपुर आर्थिक ब्युरोको झुकाव उदार अर्थतन्त्रप्रति थियो । उदारीकरण, निजीकरण, वित्तीय क्षेत्र सुधारलगायतमा हाम्रो समान धारणा थियो । यसमा सञ्जयसँग कहिल्यै पनि विरोधाभाष रहेन । उनले आफूलाई ठिक लागेको लेख्न र स्वीकार्न कहिल्यै अप्ठेरो मानेनन् । यी क्षेत्रमा उनले लेखेको कयौं समाचार यसका प्रमाण हुन् । आर्थिक ब्युरोबाहेक अन्य विषयमा लेख्ने सहकर्मीसँग उनी सधैं सम्पर्कमा भइरहन्थे । यसले गर्दा हामीलाई हाम्रा कमजोरी थाहा पाउन सजिलो भएको थियो ।

पत्रकारितामा कान्तिपुरलाई पटक-पटक आरोप लाग्ने रसेन्द्र भट्टराईको समाचार आर्थिक ब्युरोबाट तयार भएको हो र सञ्जयको बाइलाइनमा छापिएको थियो । एउटा नेपाली दैनिक ७ सय अमेरिकी डलरभन्दा बढी तिरेर कोठामा बसिरहेको छ, यो आफैंमा अनौठो थियो । किन यसरी बसिरहेको छ सोधेर लेखौं भन्ने थियो । सञ्जयको समाचार यहीअनुसार थियो । अलि रोचक समाचार हुने भएकाले पहिलो पृष्ठको सबैभन्दा तल 'एंकर' का रूपमा यसलाई राख्ने सल्लाहअनुसार समाचार बनाइएको थियो । त्यो समाचार प्रकाशित हुँदा कान्तिपुरभित्र पनि आन्तरिक समस्या देखिएका थिए । सम्पादक युवराज घिमिरे राजीनामा दिने टुंगोमा पुगिसकेका थिए । सञ्जयले समाचार लेखेर दिएपछि त्यसलाई प्रमुख समाचार बनाउने क्रममा सम्पादन हुँदा गल्ति हुन पुग्यो । भोलिपल्ट रसेन्द्रका बारेमा अनेक तथ्य आए । हामीले उनलाई भेटेर सच्च्याउने प्रयास गर्‍यौं । सोल्टी होटलमा गएर रसेन्द्रका सहकर्मीलाई भेट मिलाइदिन आग्रह गर्‍यौं । पहिले हुन्छ भनेर केही समय कुराएपछि उनको 'आँखा फुलेको छ' भनेर भेट्न दिएनन् । अरू प्रयास गर्‍यौं तर रसेन्द्र सम्पर्कमा आएनन् । त्यो समाचार हामीले सच्च्याउन पाएनौं । कान्तिपुरमा सजिलो काम छाडेर सञ्जय थप चुनौति लिने आँटका साथ आर्थिक दैनिक कारोबारमा गएका थिए तर त्यहाँ उनले छोटो समयमात्र पाए । स्वास्थ्यमा समस्या देखिँदा उनलाई कडा मिहिनेत गर्न कठिन भइरहेको थियो । केहीपछि टाउकोमा गम्भीर रोग लागेको पत्ता लागेपछि तत्काल उपचारका लागि भारत गएका थिए । त्यहाँबाट उपचार गरेर फर्किएपछि विस्तारै काममा फर्किन प्रयासरत थिए तर रोग पत्ता लागेको एक वर्ष पनि नहुँदै हामीलाई उनले स्तब्ध बनाए ।

तिमीसँग एउटै ब्युरोमा एक दशकभन्दा बढी सँगै काम गरेँ, कान्तिपुरमा मात्र होइन आर्थिक पत्रकार समाज (सेजन) मा समेत तिम्रो सहयोग लिएँ, अझ पनि काम गर्ने इच्छा थियो । तिम्रो बारेमा यसरी लेख्नुपर्ला भन्ने कहिल्यै सोचेको थिइँन । अलबिदा सञ्जय !

(घिमिरे सेजनका पूर्वअध्यक्ष हुन् ।)

नेपाल आर्थिक पत्रकार समाज (सेजन) सदस्यहरूको नाम, संस्था, फोन नम्बर र इमेल

अच्युत पौडल	विजनेश प्लस टिभी	९८५१०७४९७४	achyootp@gmail.com
अनिता बिन्दु पोखरेल	नेपाल टि.भी	९८५१०५५६१७	anupa_bin@yahoo.com
अमित ढकाल	सेतोपाटी डटकम		ameetdhakal@gmail.com
आशिष ज्ञवाली	कारोबार दैनिक	९८४१९४६७०२	gyawali.nba@gmail.com
उद्धव सिलवाल	कमाण्डर पोष्ट	९८४१२७८३००	uddabsilwal@gmail.com
उत्तम सिलवाल	रासस	९८४१२१२५८४	silwal_utam@yahoo.com
ओजस्वी गौतम	द भास्कर	९८५१०८२२६५	gautam_ojasbi@yahoo.com
ओम थापा	गोरखापत्र दैनिक	९८५१०८२८५३	omthapa@gmail.com
ओमप्रकाश घिमिरे	वाचडग मिडिया	९८५१०९८५११	Omprakashbansal615@gmail.com
किरण अधिकारी	कान्तिपुर एफ एम	९८५११२१५७२	voicekfm@gmail.com
किरण नेपाल	हिमाल खबर पत्रिका/पूर्वअध्यक्ष	९८५१०३४३४९	kirannepal@gmail.com
कृष्ण विष्ट	नेपाली हलचल डटकम	९८४१२९७००६	economicpost@gmail.com
कुवेर चालिसे	नागरिक दैनिक	९८५१०७६३०४	kchalise@yahoo.com
केदार भट्टराई	गोरखापत्र दैनिक	९८४१२९५५२९	Kaushaltar@gmail.com
केशव लामिछाने	नागरिक दैनिक	९८४१९४०११०	sharan26150@gmail.com
गजेन्द्र विष्ट	पूर्वअध्यक्ष	९८५१०७०४९१	gajendrabista@gmail.com
गोकर्ण अवस्थी	कान्तिपुर दैनिक	९८४१३५०८००	gokarna.awasthi@gmail.com
गोविन्द आचार्य	नागरिकन्युज डटकम	९८५१०९३९९६	acharya.9@hotmail.com
गजेन्द्र बुढाथोकी	कारोबार दैनिक	९८५१०५७९६६	gbudhathoki@gmail.com
गोविन्दप्रसाद चिमोरिया	रेडियो नेपाल	९८४१३२२७५१	chimouriag@yahoo.com
गोपाल तिवारी	पूर्वअध्यक्ष	९८५१११३६९८	gopal.tiwari@gmail.com
गोपालचन्द्र सुवेदी	कारोबार दैनिक	९८५११८७९६८	gopalsubedi@gmail.com
जनार्दन बराल	नयाँ पत्रिका दैनिक	९८५१०३८९९८	janardanbaral@gmail.com
जीवन विष्ट	मिडिया होम	९८५१०३२४२६	jeebvanbista@gmail.com,
डण्डपानी उपाध्याय	-	९८४१३१६२९०	
डम्बरजंग डाँगी	गोरखापत्र दैनिक	९८४१२९५५२६	djdangi@yahoo.com
दिनेश आचार्य	सेयर वजार	९८५१०९१०३८	dineshac@gmail.com
दिपेन्द्र वान्तवा	कान्तिपुर टिभी	९८५१००६६०३	bantawadipendra@gmail.com
दिवाकर पन्त	कान्तिपुर टिभी	९८४१५२७५१०	diwakarpanta@gmail.com
दीक्षा रेग्मी	अर्थको अर्थ	९८४११८४६२२	dikshayaregmi@yahoo.com
धनवहादुर राउत	बजार पत्रिका	९८४१६३१८०४	roshan_bazar@yahoo.com
नन्दलाल अम्गाई	साप्ताहिक	९८४१३९२६८८	nandu.amgai@yahoo.com
नवराज अधिकारी	नागरिक दैनिक	९८४१३१९९३५	journalist.n@gmail.com
नवराज चालिसे	न्यूज २४ टिभी	९८५१०८८०६६	navastar@gmail.com
नवराज ढकाल	नेपाली पैसा डट कम	९८४१३४२२८७	nabaraj_789@yahoo.com

नारायण सापकोटा	पूर्वअध्यक्ष	९८४१२५६६७०	nayanarayan@gmail.com
नितु पण्डित	कान्तिपुर टिभी	९८४१२८१८६५	panditnitu@hotmail.com
निरु अर्याल	कारोबार दैनिक	९८५१०३१४८७	anjanniru@gmail.com
पदम न्यौपाने	नेपाली रेडियो नेटवर्क	९८५१०६०७७०	pdmneupane@gmail.com
प्रकाश अधिकारी		९८५१११११२५३	
प्रतिक प्रधान	संस्थापक अध्यक्ष	९८५१०३२४७५	prateekp@gmail.com
प्रतिक्षा खनाल	कान्तिपुर एफएम	९८४१३५५६९९	khanalpratiksha@gmail.com
प्रदीप चापागाईं	नेपाल टिभी/पूर्वअध्यक्ष	९८५१०४०१०१	chchapagainpradeep@gmail.com
प्रभात भट्टराई	बिजमाण्डु डट कम	९८५१११८७७८	bhattarais007@hotmail.com
प्रमोद गिरी	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३८२१०८	pramodkumar60@hotmail.com
प्रविण अधिकारी	बाह्रखरी डट कम	९८५१०७५६३०	praveen@kantipur.com.n
प्रशान्त अर्याल	नेपाल साप्ताहिक	९८५१०३५८९७	prashanta@kantipur.com.np
पुष्प दुलाल	क्लिकमाण्डु डट कम	९८४९३६५१३५	dulalpuspa@gmail.com
पुष्पराज आचार्य	दि हिमालय टाइम्स	९८५१०३८४७२	pracharyap@gmail.com
पूर्णभक्त दुवाल	आर्थिक अभियान दैनिक	९८४१३५८५५६	purnaduwal@gmail.com
प्रेम खनाल		९८५२०२३३६०	premkhanal@gmail.com
पृथ्वीमान श्रेष्ठ	काठमाडौं पोस्ट	९८४१३६२९१३	shrestha.prithiv6@gmail.com
बद्रीकुमार गौतम	नेपाल टिभी	९८४१२२४५२५	gautambadri@yahoo.com
बलराम पाण्डे	बाह्र खरि डट कम	९८४१७३१०२२	pandey.balaram@gmail.com
बाबुकृष्ण महर्जन	अर्थको अर्थ	९८४१३६६८७९	bk.maharjan@gmail.com
बाबुराम खड्का	बाह्र खरि डट कम	९८५१०९३९११	khadka.baburam@gmail.com
बाबुराम ढकाल	हिपात मासिक	९८५१०८१२८१	dhakalbaburam@yahoo.com
बालकृष्ण ज्ञवाली	नागरिक दैनिक	९८५११९२९२८	bkg@yahoo.com
बिनोदराज खनाल	वाचडग मिडिया	९८५१०४५७८२	mediahome2000@gmail.com
भुपेन्द्र खड्का	विजनेस प्लस	९८५१०५४७६३	businessplus20@gmail.com>
भुवन प्रसाद आचार्य	रेडियो नेपाल	९८४१९३६९४८	bhuban_acharya@yahoo.com
भुवन पौडेल	कारोबार दैनिक	९८४१९५८२३६	uniquepoudel@gmail.com
भेषराज पोखरेल	कान्तिपुर दैनिक		
मणी लोहनी	न्यूज २४ टिभी	९८४१९५३६८४	manilohani@hotmail.com
मदन लम्साल	अभियान दैनिक	९८५१०४१६५२	editor@newbusinessage.com
मधुकर दाहाल	प्रोपर्टी मासिक	९८५११४०९७६	propertymasik@gmail.com
मधुजंग पाण्डे	राजधानी दैनिक	९८४१७२६२७२	Madhujung.pandey@gmail.com
मातृका दाहाल	कारोबार दैनिक	९८४१६६९७००	matrikadahal@gmail.com
माधव ढुंगेल	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३४२१५७	mpdhungel@gmail.com
मिलन खड्का	बजार पत्रिका	९८४१९४८७१०	onlineworld_mb@yahoo.com
मुकुल हुमागाई	काठमाडौं पोस्ट	९८०१०३१३१४	mukul.humagain@gmail.com

मुराहरि पराजुली	नागरिक दैनिक	९८४१२८६५१६	mhparajuli@yahoo.com
मोदनाथ ढकाल	द राईजिङ नेपाल	९८५११५५७००	dhakalutsav@gmail.com
मोहन गुरुङ	कारोबार दैनिक	९८४९५१५१२८	mahangurung09@gamil.com
मोहन बास्तोला	दैनिक नेपाल डटकम	९८४१८८५६७५	mbastola9@gmail.com
यज्ञ वन्जाडे	कान्तिपूर दैनिक	९८५११६९६४९	banjade.yagya@gmail.com
यादव हुमागाईं	कारोबार दैनिक	९८५११६०४९८	j.yadav2006@gmail.com
रमेश केसी		९८४१२०२११८	rameshkc32@yahoo.com
रमेश ढकाल	इमेज च्यानल	९८४१३७३५५२	rameshdhakal29@yahoo.com
रमेश लम्साल	राइजिङ नेपाल	९८५१०१०४६२	rameshlamsal@gmail.com
राजकुमार केसी	गोरखापत्र दैनिक	९८४१४११२९९	rajkhatri@hotmail.com
रामकृष्ण पौडेल	देशविकास साप्ताहिक	९८५१०३०४५४	rkpbikas@gmail.com
रामराजा श्रेष्ठ	विजखवर डटकम	९८५१००८७९१	rrshrestha365@gmail.com
रामेश्वर बोहोरा	हिमाल खबर पत्रिका	९८५१०३६५५५	rambohora@gmail.com
राधिका ढकाल	कारोबार दैनिक	९८५१०७०७०४	happydhakal@gmail.com
रुपक डी शर्मा	दि काठमाडौं पोष्ट	९८४१२८९८४०	rupak.dee@gmail.com
रुविना श्रेष्ठ	उज्यालो एफ एम	९८४९२२२७६६	rubina.stha@gmail.com
रोशन कार्की (कुल)	तिब्र खबर डट कम	९८४१४७५९८२	karkirimn@gmail.com
लवेश प्याकुरेल	माउन्टेन बिजनेश टिभी	९८४१९३५६३४	lavesh11@gmail.com
लक्ष्मण वियोगी	नागरिक दैनिक	९८५१०१०६१४	biyogi2@gmail.com
लक्ष्मण हुमागाई	नेपाल टिभी	९८५१०४०२०८	laxmanhumagain@gmail.com
लक्ष्मीप्रसाद उपाध्याय	गोरखापत्र दैनिक	९८४१५००९५९	Upa_laxmi07@gmail.
लक्ष्मी सापकोटा	राजधानी दैनिक	९८४१८५०११४	sapkotalaxmi10@gmail.com
लोकबहादुर चापागाईं	कारोबार दैनिक	९८४१३८३३८६	chapagailb@gmail.com
विजय घिमिरे	पूर्वअध्यक्ष		BijayaGhamire@gmail.com
विदुर खतिवडा	कान्तिपुर साप्ताहिक		bidurkhatiuwoda@gmail.com
विद्या बज्राचार्य		९८४१२०९१०२	bidhaya.shakya@gmail.com
विपेन्द्र कार्की	कारोबार दैनिक	९८५१०९०९१४	karkibipendra@gmail.com
विष्णु पोखरेल	कान्तिपुर दैनिक	९८४११५८३७८	cbidya@gmail.com
विष्णुप्रसाद सापकोटा	कारोबार दैनिक	९८५१०१६३६९	bishnu.data@gmail.com
विज्ञान अधिकारी	बिजमाण्डु डट कम / पूर्वअध्यक्ष	९८४१४९०७०६	bibhuadhikari@yahoo.com
शरद भण्डारी	रासस	९८४९३२५७१४	sharachchandra@gmail.com
शिव दुवाडी	राजधानी दैनिक	९८५१०२२८११	shiva397@gmail.com
शिवप्रसाद सत्याल	राजधानी दैनिक	९८५११३६८५४	satyalshiva@gmail.com
सञ्जय पन्थी	कारोवार दैनिक	९८४१४३४९४३	kanchu42@yahoo.com
सञ्जिव गिरी	काठमाडौं पोस्ट	९८४१७७०१६२	Sanjeev1974ad@gmail.com
सन्तगाहा मगर	हिमाल खबर पत्रिका	९८५१०३५५३०	santagaha@gmail.com

सन्तोष अधिकारी	सेयर वजार		
सन्तोष पोखरेल	टुरिजम टाइम्स	९८५१०४१८९८	
सरस्वती ढकाल	कारोबार दैनिक	९८५१०६७५०९	sarudhakal.2009@gmail.com
सरोज अधिकारी	गोरखापत्र दैनिक	९८४१२२४२००	adhikr26@gmail.com
सरोज काफ्ले	बिजमाण्डु डटकम	९८५१०७७१५३	saroj76560@yahoo.com
सरोज खनाल	कर पत्रिका	९८४१३१११६६	khanal.saroj@gmail.com
सुजित महत	अन्नपूर्ण पोष्ट	९८५१०९२२७६	sujit.mahat@gmail.com
सुदर्शन सापकोटा	बिजमाण्डु डटकम	९८४१८३६९२३	Darshanme08@gmail.com
सुदिप श्रेष्ठ	सेतोपाटी डटकम	९८५१००९७१९	sudeep@rediffmail.com
सुधा सापकोटा	अर्थको अर्थ	९८४१४०९५४६	knowme14@gmail.com
सुनिता कार्की	अर्थको अर्थ	९८४३७०८०४९	peacesunita@gamil.com
सुरेश निरौला			skn.brt13@gmail.com
सुवास न्यौपाने	नयाँ पत्रिका दैनिक	९८४१५४९२३१	Subash.neupane@gmail.com
सुशील भट्टराई	नागरिक दैनिक	९८४१३४३४४५	bhattarais007@hotmail.com
संगम प्रसाई	काठमाडौ पोस्ट	९८४१४६६९००	prasaisangam@hotmail.com
श्रीकृष्ण न्यौपाने	बिएफबिएस रेडियो	९८५१०५०२८४	shanketz76@gmail.com
हरिशरण न्यौपाने	अर्थतन्त्र डट कम	९८४१८६९८६६	harisharan99@yahoo.com
हिमाल न्यौपाने	कान्तिपुर टिभी	९८४१३२९८९१	himaltv@gmail.com
होमनाथ गैरे	अभियान दैनिक	९७४११०२१७२	gaire_mukunda@hotmail.com
हृदय गौतम	अर्थको अर्थ	९८५१०४३४३२	hridaygautam@gmail.com
विष्णु भट्टराई	रिपब्लिका दैनिक	९८५१२३०७९२	jollybishnu@gmail.com
समिक्षा कोइराला		९८५११२२८४८	sameexa@gmail.com
रविचन्द्र पराजुली	नेपाल टेलिभिजन	९८४१४६४९७१	rcparajuli@yahoo.com
अनुजराज ढुंगेल	चाणक्य मासिक	९८४१६८८७३६	Anujraj.mail@gmail.com
तुला तिमिल्सिना	कान्तिपुर दैनिक	९८४१३०७६३४	tulatimilsina@gmail.com
अजयबाबु सिवाकोटी	इमेज च्यानल	९८५१०९३६९३	ajayashiwakoti@gmail.com
लिलानाथ घिमिरे		९८४१२८२१००	lnghimire@gmail.com
माधव दुलाल	थाहा संञ्चार नेटर्वक	९८५१०७८७९६	Madhav009@gmail.com
पेशल आचार्य	देश साप्ताहिक	९८५१०२५३२०	pesal.acharya@gmail.com
एकराज पाठक	रासस	९८५१०३८७०७	pathakyekraj@gmail.com
विजय देवकोटा	कारोबार दैनिक	९८४९५६४३२५	devkotavijaya@gmail.com
नविन अर्याल	अन्नपूर्ण पोष्ट	९८५१०५२७५२	nabinarjyal@gmail.com
लोकमणि राई		९८५१०८४६८४	lokmanirai@kantipur,com.np
राजेश खनाल	काठमाडौं पोस्ट	९८४१३२९५२९	Khanalrajesh1@gmail.com
किरण आचार्य	कारोबार दैनिक	९८५१०८२१०२	Journallive.comistkiran@
रोशन शर्मा नेपाल	कान्तिपुर दैनिक	९८५११३८४४०	

सुरज कुँवर	कान्तिपुर दैनिक	९८५११६४०००	firstnepali@gmail.com
होमबहादुर कार्की	कान्तिपुर दैनिक	९८४११७९४२६	hom@kantipur.com.np
मनिषा घिमिरे	नेपाल टेलिभिजन	९८५११५४५६७	manishaghimire@hotmail.com
अशोक थापा	बिजनेस ३६०	९८४१८६४८२१	dynamictha@yahoo.com
कञ्चन अधिकारी	इ कान्तिपुर डट कम	९८५१०९५१७७	Kancha42@yahoo.com
जुनारबाबु बस्नेत	गोरखापत्र दैनिक	९८४१२९५५९७	Junarb92@gmail.com
सिताराम विलासी	कर्पोरेट नेपाल	९८४१३२०८८०	sitarambilashi@gmail.com
योगेश पोखरेल	द राइजिङ नेपाल	९८५१०४८३३९	Yogesh.pokharel@gmail.com
किरण ढकाल	रातोपाटी डट कम	९८४९५१३२४५	Rayciran2010@gmail.com
भेषराज बेल्वासे	गोरखापत्र दैनिक	९८४१४२१९००	Belbase_bheshraj@yahoo.com
लक्ष्मीप्रसाद खतिवडा	कारोबार दैनिक	९८४१३०६८०७	khatiwadalp@gmail.com
गोविन्द लुईटेल	शिक्षक मासिक	९८४९८७३६२५	Govinda121@gmail.com
शर्मिला ठकुरी		९७४१०६७३९४	payareesharmi@gmai.com
सुदीपकुमार ढुंगाना	नयाँ पत्रिका दैनिक	९७४१००७७७७	aabrity@gmail.com
डिल्लीप्रसाद सापकोटा	विजनेश प्लस	९८४९१५९५४१	newsdilli@gmail.com
कल्पना खनाल	ग्लोबल मिडिया	९८४९४९५९४३	kalpanakhanal15@gmail.com
शालिकराम गजुरेल	चाणक्य मासिक	९८४१०७२६४३	sharagajurel@gmail.com
रमेश घिमिरे		९८४१५३६१८०	Rameshghimire21@gmail.com
तुलसीराम सुवेदी	अन्नपूर्ण पोष्ट दैनिक	९८४९७५४३४७	Tulsi953@gmail.com
सचेन गौतम	नयाँ पत्रिका दैनिक	९८५१०५२४४०	Sgautam81@gmail.com
रामकृष्ण गजुरेल	चाणक्य मासिक	९८५१०३६५४२	Sagar.gajurel@gmail.com
लेखनाथ पोखरेल	हिमालय टाइम्स	९८४१२१६७९२	lekhnathp@Yahoo.com
विजयराज खनाल	आर्थिक न्यूज डट कम	९८४१८९९९१९	vjkhanal05@gmail.com
राजु बास्कोटा	अन्नपूर्ण पोस्ट	९८४१५०१००७	News4raju@gmail.com
मेनुका कार्की	अन्नपूर्ण पोस्ट	९८४१४४७९८५	Ta33menukakarki@yahoo.com
सुरेन्द्रबहादुर थापा	मेरो लगानि डट कम	९८०३६५७३७८	Surean_thapa@yahoo.com
हिमाल पौडेल	इमेज च्यानल	९८४१८६२७२२	Poudel_441@yahoo.com
लक्ष्मण काफ्ले	द राइजिङ नेपाल	९८४१५५७७६७	Laxman.kafle@yahoo.com
सेन्छेलुङ पलङ्वा (लिम्बू)	हिमाल खबर पत्रिका	९८४१६८१२३४	senchhelung@gmail.com
अनिल परियार	कान्तिपुर एफएम	९८४१५६४३५१	Anilpariyar5@gmail.com
शिरोमणि ढुंगाना		९८४१४३५३७४	Meshiromani@gmail.com
दीक्षा सिंह		९८४१२७४४२४	diykskya@gmail.com
अनुरागसिंह बर्मा	दि हिमालयन टाइम्स	९८४१२६३७१०	Anurasverma20@yahoo.com
कमल अर्याल	राजधानी दैनिक	९८४१२६३५६२	Jmcl_nepal@hotmail.com
मनबहादुर बस्नेत	नेपाल साप्ताहिक	९८५११०११०६	Mb.basnet@gmail.com
भीमप्रसाद गौतम	कारोबार दैनिक	९८४१३०२६२७	journalistbhim@gmail.com

प्राञ्जली बस्नेत	सत्यखबर डट कम	९८५१२०००४१	pranzalibasnet@yahoo.com
आनन्द अधिकारी	हिमालयन टिभी	९८४१५१७०६८	anandadh@gmail.com
अखिल सिटौला	आईसीटी नेपाल	९८५११३५५१९	akhilsitoula@ictnepal.com.np
भागवत भट्टराई	थाहा खबर डट कम	९८४९३८९६०४	Bhagwat.2068@gmail.com
अर्जुन बिष्ट	मिडिया होम	९८५१०३६११६	Bistaaarjun2008@yahoo.com
सविन मिश्र	नयाँ पत्रिका दैनिक	९८५१००६९०३	Mishrasabin45@gmail.com
सुजन ओली		९८५११९८६४७	Journalist.sujan@gmail.com
काजी श्रेष्ठ	सहकारी खबर डटकम	९८५११८२३१३	kaji@sahakarikhabar.com
राजु चौधरी	कान्तिपुर दैनिक	९८४१७३३२१२	Rajp20097@gmail.com
नवराज पोखरेल	नेपाल टेलिभिजन	९८४१३४३३१२	P.navraj@gmail.com
शालिकराम सुवेदी	नेपाल टेलिभिजन	९८५१०६६७११	Subedi.salik@yahoo.com
उद्धव थापा	नेपालीपत्र डट कम	९८५१०६२५१७	utmediapoint@gmail.com
पुष्पराज कोइराला	नागरिक दैनिक	९८५११९६६४५	pushpkoirala@gmail.com
रामप्रसाद पुडासैनी	आर्थिक दैनिक	९८५१०२३६१५	pudasainipr@gmail.com
रोशन रेग्मी	अन्नपूर्ण एफएम	९८५१०१७१२५	rcregmi2006@gmail.com
कृष्ण रिजाल	नयाँ पत्रिका दैनिक	९८५१००८८६९	mekrijal@gmail.com
विश्वास रेग्मी	गोरखापत्र दैनिक	९८४१६१२४९१	Bishwasregmi51@gmail.com
हरि लामिछाने	राष्ट्रिय समाचार समिति	९८४१८४०४११	hlamichhane@gmail.com
वीरेन्द्र ओली	नयाँ पत्रिक दैनिक	९८४९२४४१६१	Olibirendra19@gmail.com
सागर घिमिरे	रिपब्लिका दैनिक	९८५१००६६१३	Sagar.use@gmail.com
परमेश्वर अधिकारी	मेरो लगानी डट कम	९८४१४२४२७१	pmhrad@gmail.com
सुजन ढुंगाना	दि हिमालयन टाईम्स	९८४९१६२९०६	Mesujan888@gmail.com
सुमन पन्थ	कान्तिपुर टेलिभिजन	९८४९०९७९००	Sumanpantha6@gmail.com
सन्तोष न्यौपाने	नागरिक दैनिक	९८५११२७३५४	santyneupane@gmail.com
रुद्र पंगेनी	रिपब्लिका दैनिक	९८५११९१३६३	Rudra.pangeni@gmail.com
दिनेश रेग्मी	कान्तिपुर दैनिक	९८५११४८०८२	dinesh.regmi@gmail.com
बलराम बानियाँ	कान्तिपुर दैनिक	९८५१०८२६१३	baniyabalaram@hotmail.com
कृष्ण आचार्य	कान्तिपुर दैनिक	९८५११४१७१७	kpahara@gmail.com
प्रकटकुमार शिशिर	नयाँ पत्रिका दैनिक	९८४७६२०१०६	Prakat.kumar@gmail.com
रमेशकुमार न्यौपाने	हिमाल खबरपत्रिका	९८४१८३१६५२	Aswikrit46@gmail.com
विष्णु पोखरेल	न्यूज सेवा डट कम	९८४९४८५३८०	Pokhrel_24@yahoo.com
अनिता शिवाकोटी		९८४१६३६७९४	Shiwakoti66@gmail.com
एलिजा उप्रेती	न्यूज सेवा डट कम	९८४९६५४९७६	eliuprety@yahoo.com
डुन्डुराज आचार्य	कान्तिपुर टेलिभिजन	९८५११५०८३२	Dracharya22@gmail.com
सुदीप रेग्मी	न्यूजसेवा डट कम	९८५११८४०५५	Regmi.sushant@gmail.com
रञ्जित तामाङ	स्थानिय खबर डट कम	९७४१०३२०५६	ranjittamang1@gmail.com

शिव बोहोरा	कारोबार दैनिक	९८४९३५३३७५	Brother.bohara@gmail.com
केदार दाहाल	कारोबार दैनिक	९८४१६४५८४६	Kedar.apuro@gmail.com
विष्णु वेल्वासे	नागरिक दैनिक	९८५१००९७३१	bb.belbase@gmail.com
जीवनकुमार बस्नेत	नयाँ पत्रिका दैनिक	९८४१२९०४३९	jbasnetji@gmail.com
रमेश लम्साल	राष्ट्रिय समाचार समिति	९८४१५०४०९८	lamsalrames@gmail.com
आनन्द श्रेष्ठ	नयाँ पत्रिका दैनिक	९८५१०७०६६८	charikotkoananda@gmail.com
विवेक सुवेदी	द काठमाण्डु पोष्ट दैनिक	९८४१४९३६८९	bibeksubedi007@gmail.com
शकुन्तला जोशी	अन्नपूर्ण टुडे	९८४१९८१०८७	rakun.joshi@gmail.com
रुद्र खड्का	नागरिक दैनिक	९८५८०२०७२२	rudrakhadka1@gmail.com
सुश्मिता लाल	विजनेश प्लस पाक्षिक	९८०३३७३३०४	Sushmita2047@gmail.com
दिलिप पौडेल	नागरिक दैनिक	९८५७६२२०८२	dilippaudel45@gmail.com
कमला अर्याल	नेपाल समाचारपत्र दैनिक	९८४९९०३६०४	aryal.kamala@gmail.com
कृष्ण अधिकारी	राष्ट्रिय समाचार समिति	९८५११९७४००	Krishnarss72@gmail.com
के पी लुईटेल	आर्थिक अभियान दैनिक	९८४५२९९९९९	kpluitel99@gmail.com
प्रसन्ना चित्रकार	द हिमालय टाइम्स	९८५१०००६७२	prashannaa@tht.com.np
गोकुल अर्याल	नयाँ पत्रिका दैनिक	९८४१३२९९५१	aryalgokul@gmail.com
विष्णु प्रसाद जमकट्टेल	शेयर बजार साप्ताहिक	९८५१०९९८००	taruke.journalist@gmail.com
विष्णु प्रसाद आचार्य		९८५१०६५५७९	ntvnewsacharya@gmail.com
पवित्रा ढकाल	आर्थिक अभियान दैनिक	९८४३७९७७६४	pjdhakal009@gmail.com
विनय बञ्जरा	नयाँ पत्रिका दैनिक	९८५११४९४९६	Binay.sabisagar@gmail.com
विष्णु प्रसाद पोखरेल	एबिसी टिभी	९८४१९६४७७५	bppokhrel24@gmail.com
भूमिश्वर पौडेल	आर्थिक अभियान दैनिक	९८४९१०४२४३	sirishbhumi@gmail.com
रक्षा रेग्मी	विजखवर डट कम	९८५११५६६७०	ojesbi@gmail.com
यादव घिमिरे (तुफान)		९८४१९४६७३९	tufanghimire4@gmail.com
मुना कुँवर	कारोबार दैनिक	९८५११०१८५४	memunakunwar@gmail.com
हिमा विक	आर्थिक दैनिक	९८४१३४१७०४	himashruti117@gmail.com
सञ्जीव कुमार पौडेल	न्यू विजनेश एज मासिक	९८४१२३३५५५	sanjeev_doom@hotmail.com
राधा चालिसे	गोरखापत्र दैनिक	९८४१२२१६२४	radha.chalise79@gmail.com
अच्यूत पुरी	नयाँ पत्रिका दैनिक	९८४९२१६३२३	achutmalika@gmail.com
किरण भट्टराई	राष्ट्रिय समाचार समिति	९८४१८७९५८३	kiranbtarai@gmail.com
अजित अधिकारी	नयाँ पत्रिका दैनिक	९८४९७१९९३७	news.ajitkumar@gmail.com
शिक्षा रिसाल	नागरिक दैनिक	९८४११९३०७८	risal.shiksha@gmail.com
गोपाल साउद	आर्थिक अभियान दैनिक	९८५१२१३३१४	gsaud@abhiyan.com.np
रविन्द्र कुमार शाही	सेतोपाटी डट कम	९८६०५६८१०४	shahisamir9@gmail.com
मदन लामिछाने	आर्थिक अभियान दैनिक	९८४१८९७२८१	lamichhanemadanus@gmail.com
चेत ब. अधिकारी	राष्ट्रिय समाचार समिति	९८५१०८४९८३	adhikarirss@gmail.com

पूर्व अध्यक्षहरु

प्रतीक प्रधान

राजेन्द्र विष्ट

गोपाल तिवारी

विजय घिमिरे

किरण नेपाल

नारायण सापकोटा

प्रदीप चापागाईं

विज्ञानविभु अधिकारी

कार्यसमिति

गोकर्ण अवस्थी, अध्यक्ष

पुष्पराज आचार्य, उपाध्यक्ष

मोदनाथ ढकाल, महासचिव

रामराजा श्रेष्ठ, सचिव

भीमप्रसाद गौतम, कोषाध्यक्ष

सदस्यहरु

सरस्वती ढकाल

अनील परियार

भागवत भट्टराई

सविन मिश्र

सुजन ओली

भूपेन्द्र खड्का

कल्पना खनाल

Now in Nepal

In the year 1745

A large amount of gold was sent from Spain and France to fund the Scottish rebellion. The treasure was mysteriously lost mid-way and is believed to still be hidden in Scotland. Till date, nobody has ever found the royal treasure...

Royal Treasure Premium Whisky is
a smooth, complex blend of golden Scottish malts
and handpicked grain spirits from Nepal.
From the delicious smoky bouquet to the rich creamy body,
this blended malt gives a taste of royalty from start to finish.

Your friends from Jawalakhel reminds you to celebrate responsibly.

WITH BEST COMPLIMENTS

SURYA NEPAL

PRIVATE LIMITED

ENDURING VALUE FOR ALL STAKEHOLDERS

asianpaints

ALWAYS - A HAPPY FRIEND FOR YOU

Happiness is - having a best friend

SMS US AND GET YOUR FREE COPY!

We at Asian Paints feel the same way when you are happy. For a happy painting experience, SMS: HPY<space>district to 36677 and get a free painting guide & avail other amazing offers!

www.facebook.com/AsianPaints.NP | www.asianpaintsnepal.com

HYUNDAI | NEW THINKING. NEW POSSIBILITIES.

GRAND i10

Experience Life in GRAND style

Reverse Parking Sensors

Rear AC Vent

Smart Key with Push Button Start/Stop

Dual Airbags & ABS

Steering Mounted Audio & Bluetooth Control

2 Tone Diamond Cut Alloy Wheels

2 Din Audio System with 1GB Memory

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2008 Certified Company), an entity of Laxmi Group Nepal

Showrooms:
Bhatbhateni: 01-4413942, 4413934
Thapathali: 01-4101553, 4101554, 4101556, 4101557, 4101558
Tinkune: 01-4111776, 2238826

Dealers
Banepa: 011-661405, **Bhairahawa:** 071-522261, **Biratnagar:** 021-462109, **Birtamod:** 023-541495, **Butwal:** 071-415278, 415279, 9857039279, **Damak:** 023-580215, **Dang:** 082-563634, 9802930134, **Dhangadhi:** 091-524492, 9868444492, **Hetauda:** 057-524276, 520276, **Itahari:** 025-587502, **Narayanghat:** 056-522781, 530431, 526276, 522776, **Nepalgunj:** 081-527909, **Pokhara:** 061-537426, 537526

facebook.com/hyundainepal

HYUNDAI | Laxmi
SOLE DISTRIBUTOR OF HYUNDAI FOR NEPAL
www.laxmihyundai.com